CC-0. In Public Domain. Digitization by eGangotri

स्नातक स्तरको लागि

पञ्चायत

(प्रश्नोत्तर रुपमा)

प्रा. गोविन्द मल्ल

८
प

प्रकाशक :
बिजय बूक स्टल, भोटाहिटी ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri

बी. ए. बी. एस्सी, बी. कम, बी. एड् र शास्त्रीका लागि

पञ्चायत

(प्रश्नोत्तर रूपमा)

गोविन्द मल्ल एम. ए. बी. एड्,

प्राध्यापक,
शिक्षा शास्त्र इन्स्टीच्यूट, कीर्तिपुर।
भूतपूर्व प्राध्यापक,
पाटन कलेज।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक:
विजय दूत मानन्धर,
विजय बुक स्टल,
भोटाहिटी, काठमाडौ ।

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

बैशाख, (२०२८) प्रथम संस्करण १,०००. प्रति
पौष, (२०२८) द्वितीय संस्करण १,००० प्रति
भाद्र, (२०२९) तृतीय संस्करण १,०००. प्रति
मूल्य रू. ६।—

★ मुद्रक:— प्रोग्रेसिभ प्रिन्टिङ्ग प्रेस, ठहिटी—११६५।

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य

प्राध्यापक श्री गोविन्द मल्लद्वारा लिखित 'पञ्चायत' नामक पुस्तक पढने र त्यसमाथि आफ्नो मन्तव्य समेत लेख्ने अवसर पाएकोमा म ज्यादै खुशी छु। अवश्यै पञ्चायत विषय अहिले नौलो छ। त्यसमाथि गतिलो र सन्तोषप्रद पाठ्य पुस्तक पनि नभई ठूलो असुविधामा परिरहेका स्नातक स्तरका विद्यार्थीहरूलाई निश्चय नै यस पुस्तकले ठूलो सहत पुऱ्याउने छ। स्नातक स्तरको लागि अहिलेसम्म बजारमा निकलेका पञ्चायत विषयका पुस्तकहरूमा यो सर्वोत्तम छ भन्नमा म कुनै अत्युक्ति देख्दिन। यहाँले ज्यादै सरल, सुबोध र सरस तरीकाबाट पञ्चायतका प्रायः सम्पूर्ण पक्षलाई नै विश्लेषणात्मक र विवेचनात्मक ढङ्गले प्रश्नोत्तर रूपमा हाम्रो अगाडि राख्नु भएको छ। यही कारणले हो यो प्रश्नोत्तर रूपमा रहे तापनि यसले पञ्चायत विषयको गतिलो पाठ्य पुस्तकको अभावलाई धेरै हदसम्म पूरा गरेको छ। साँच्चै भन्ने हो भने पञ्चायत विषय पढाई अनुभवी भइसकेका मल्लजीले पञ्चायत विषयलाई नै एक रोचक, तर्कपूर्ण र सारगर्भित विषय बनाइदिनु भएको छ। यसैले स्नातक स्तरका विद्यार्थीहरूले पञ्चायत विषयको समुचित ज्ञान हासिल गर्न र परीक्षामा राम्रो अङ्क प्राप्त गर्न एक चोटि अवश्य नै यो पुस्तक पढ्न मेरो सल्लाह छ।

मल्लजीले भविष्यमा पनि यस्तै गहकिलो देन नेपालको शिक्षा जगतमा दिन सक्नुहोस्; यही नै मेरो आन्तरिक शुभेच्छा छ।

उपेन्द्र नारायण सिन्हा, एम. ए. पिएच. डी;
विभागीय प्रमुख,
राजनीति विभाग,
११ वैशाख, २०२८। त्रि-चन्द्र कलेज।

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो संस्करणको भूमिका

प्राध्यापक साथीहरू र विद्यार्थी वर्गबाट पाएको प्रोत्साहनको फलस्वरूप यो तेस्रो संस्करण तपाईको हातमा सुम्पदै छु। अनेकन व्यस्तताको कारणवश दोस्रो संस्करण सिद्धेको धेरै समय पछि मात्र यो संस्करण पेश गर्न सकेकोमा क्षमा प्रार्थी छु।

पञ्चायत प्रजातन्त्रको आजसम्मका विकासलाई समावेश गर्ने क्रममा धेरै ठाउँमा संशोधन र परिवर्तन गरिएको छ। यसैले अघिल्लो दुइ संस्करणहरू भन्दा यो संस्करण बढी उपयोगी हुने कुरामा विश्वास दिलाउन चाहन्छु। सधन्यवाद।

गोविन्द मल्ल

१ भाद्र २०२६.

दोस्रो संस्करणको भूमिका

६ महीना भित्रमा नै दोस्रो संस्करण लिएर विद्यार्थी वर्गको सेवागर्ने सुअवसर पाएकोमा म ज्यादै खुशी छु।

यो संस्करणमा पञ्चायत प्रजातन्त्रको आजसम्मको विकासलाई समावेश गरेको छु। मुद्रण सम्बन्धी केही त्रुटिहरूलाई सच्याइएको छ।

पहिलो संस्करण भन्दा यो संस्करण बढी उपयोगी हुनेछ भन्ने कुरामा विश्वास दिलाउन चाहन्छु। धन्यवाद!

१७ पौष २०२८. गोविन्द मल्ल

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो संस्करणको भूमिका

गतः दुई वर्ष देखि महाविद्यालयहरूमा 'पञ्चायत' विषयको प्राध्यापन भइरहेको सबैमा विदित छ । एक त विषय नै नौलो त्यसमाथि उपयुक्त र सन्तोषप्रद पाठ्य पुस्तकको अभावले गर्दा विद्यार्थीहरूलाई असुविधा पर्नु स्वाभाविक छ । यसैलाई दृष्टिगत गरी स्नातक स्तरका परीक्षार्थीहरूलाई खास केही मद्दत गर्ने उद्देश्यले मेरो यो सानो प्रयास तपाईको हातमा सुम्पदै छु । यो प्रश्नोत्तरमा मुख्यतः त्रिभुवन विश्वविद्यालयबाट स्नातक स्तरका लागि निर्धारित प्रश्नहरू र अरु केही सम्भाव्य प्रश्नहरूका उत्तरहरु समावेश गरेको छु । कति हदसम्म मेरो यो प्रयास सफल छ सो विद्यार्थी वर्गलाई नै मूल्यांकन गर्ने जिम्मा दिन चाहन्छु ।

यो किताव आद्योपान्त हेर्नु भई आफ्नो प्रतिक्रिया समेत सन्तव्यमा व्यक्त गरीदिनु भएकोमा डा. श्री उपेन्द्र नारायण सिन्हाज्यू प्रति म आभारी छु । आफूले सक्दो सहयोग गर्नु भएका साथीहरू प्राध्यापक श्री केशव राज अर्याल र श्री कमल जोशीमा मेरो हार्दिक धन्यवाद छ । तपाईसम्म पुग्याउने प्रकाशक श्री विजय दूत मानन्धरलाई पनि धन्यवाद नदिई रहन सक्दिन ।

अर्को प्रकाशन अझ बढी उपयोगी बनाउन प्राध्यापक र विद्यार्थी वर्गहरूबाट सुझावको लागि विनम्रतापूर्वक अनुरोध गर्दछु । सधन्यवाद !

११ वैशाख २०२८.

गोविन्द मल्ल,
१२।६८१ ठहिटी टोल,
काठमाडौं ।

Shobha Regmi

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

प्रश्ननं.	विषय	पृष्ठ
	(राजनैतिक पक्ष)	
१.	पञ्चायत प्रजातन्त्रको ऐतिहासिक पृष्ठभूमि — —	१
२.	संसदीय प्रजातन्त्रको असफलताका कारणहरू — —	१४
३.	पञ्चायत प्रजातन्त्रका आधारभूत लक्षणहरू — —	१६
४.	राष्ट्रियताको परिभाषा र यसलाई मजबूत गर्नमा पञ्चायत प्रजातन्त्रको योगदान — —	२६
५.	मौलिक कर्तव्य र हकहरू — —	३४
६.	राजमुकुटका स्थान र अधिकारहरू — —	४७
७.	राजा महेन्द्र पञ्चायत प्रजातन्त्रको निर्माता — —	५८
८.	राष्ट्रिय एकता मजबूत गर्नमा निर्दलीयताको स्थान —	६४
९.	पञ्चायत प्रजातन्त्रमा वर्गीय संगठनहरूको महत्व —	७१
१०.	शोषणरहित समाज सिर्जना गर्नमा वर्ग समन्वयको स्थान— —	८३
११.	शक्ति विकेन्द्रीकरणको परिभाषा र विकेन्द्रीकरण योजना— — —	९०
१२.	विकेन्द्रीकरणका उद्देश्यहरू र तिनलाई प्राप्त गर्न चालिएका कदमहरू — —	९८
१३.	प्रमुख जिल्ला अधिकारीका स्थान र अधिकारहरू —	१०३
१४.	असंलग्न परराष्ट्र नीतिमाथि एउटा निबन्ध — —	१०६
१५.	असंलग्न परराष्ट्र नीतिको विकासमा सहायक तत्वहरू— — —	११५

CC-0. In Public Domain. Digitization by eGangotri

१६. नेपालको राजनैतिक र आर्थिक विकासमा
असंलग्न परराष्ट्र नीतिको योगदान — — १२४
१७. गाउँ सभा, गाउँ पञ्चायतका गठन र कार्यहरू
तथा केही सुझावहरू — — १२६
१८. नगर पञ्चायतका गठन र कार्यहरू — — १४०
१९. जिल्ला पञ्चायतका गठन र कार्यहरू — — १४८
२०. अञ्चल सभा र समितिका गठन र कार्यहरू — — १५६
२१. राष्ट्रिय पञ्चायतका गठन, कार्यहरू र स्थान — — १६१
२२. राष्ट्रिय पञ्चायतका विशेषता र विशेषाधिकारहरू — १७०
२३. राष्ट्रिय पञ्चायतका अध्यक्षका नियुक्ति,
अधिकारहरू र स्थान — — १७८
२४. राष्ट्रिय पञ्चायतको समिति व्यवस्था — — १८३
२५. राष्ट्रिय पञ्चायतको कानून निर्माण प्रक्रिया — — १८६
२६. राष्ट्रिय पञ्चायतको आर्थिक कार्य प्रणाली — — १९७

(आर्थिक पक्ष)

२७. पञ्चायत प्रजातन्त्रका आर्थिक लक्ष्यहरू र
तिनलाई प्राप्त गर्न चालिएका कदमहरू — — २०२
२८. शोषणरहित समाजको अर्थ र त्यसलाई
प्राप्त गर्न चालिएका कदमहरू — — २१२
२९. पञ्चायत प्रजातन्त्रमा सरकारी र गैर
सरकारी क्षेत्रहरूको स्थान — — २१६
३०. तेस्रो योजना (२०२२–२७) — — २२६
३१. चौथो योजना (२०२७–३२) — — २३४

CC-0. In Public Domain. Digitization by eGangotri

३२. साझा (सहकारिता) को महत्व र विकास — — २४२
३३. भूमि सुधार कार्यक्रम — — २५१

(सामाजिक पक्ष)

३४. नेपाली समाजको स्वभाव र रचना — — २६३
३५. मुलुकी ऐन — — २७०
३६ पञ्चायत प्रजातन्त्रका सामाजिक लक्ष्यहरू र तिनलाई प्राप्त गर्न अपनाइएका उपायहरू — — २७८
३७. नेपाली सामाजिक जीवनमा धर्मको स्थान — — २८४
३८. नेपाली समाजमा रहेका शोषणहरू र तिनलाई हटाउन अपनाइएका उपायहरू — — २९०
३९. 'गाउँ फर्क' राष्ट्रिय अभियान — — २९७

४० संक्षिप्त टिप्पणीहरू

क. पञ्चशील — — ३०३
ख. राष्ट्रिय पञ्चायतका अध्यक्ष — — १७८
ग. अञ्चलाधीश — — ३०६
घ. प्रमुख जिल्ला अधिकारी — — १०१
ङ. राष्ट्रिय पञ्चायतको समिति व्यवस्था — — १८३
च. अञ्चल सभा — — १५६
छ. साझा (सहकारिता) — — २४२
ज. 'गाउँ फर्क' राष्ट्रिय अभियान — — २९७
झ. नेपालमा विवाह प्रथा — — ३०८
ञ. नेपाली समाजमा नारीको स्थान — — ८२

(Note: संक्षिप्त टिप्पणी लेख्दा बढीमा ३ पृष्ठ सम्ममा मुख्य बुँदाहरू मात्र छोटकरीमा उल्लेख गर्नु होला।)

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत

राजनैतिक पक्ष

Q. No. 1

A. Sketch briefly the Historical Background of Panchayat Democracy.

पञ्चायत प्रजातन्त्रको ऐतिहासिक पृष्ठभूमि संक्षिप्त रूपमा चित्रण गर्नु होस् ।

B. Write a brief Historical Background of Panchayat Democracy.

पञ्चायत प्रजातन्त्रको संक्षिप्त ऐतिहासिक पृष्ठभूमि लेख्नु होस् ।

उत्तरः–"पञ्चायत" नेपाली समाजमा ज्यादै चिरपरिचित प्राचीन हिन्दू संस्कृति र परम्पराको द्योतक मानिन्छ । जन-जीवनमा भिजेको यो पञ्चायत शब्दले सामान्यतः गाउँ घरमा हुने ससाना झै झगडा र आपसी मनमुटाव सुल्झाउने बुढापाका अनुभवी पञ्च भलाद्मीहरूको मेल मिलापपूर्ण निस्पक्ष न्याय निसाफ दिने संस्थाको संस्मरण गराउँछ । वैदिक कालमा गाउँका

CC-0. In Public Domain. Digitization by eGangotri

प्रायः सबै समस्याहरूको समाधानका लागि 'ग्राम' अर्थात गाउँ सभा जस्तो संगठन थियो जसको नेतालाई 'ग्रामीणी' भनिन्थ्यो। प्राचीन ग्रन्थहरू महाभारत, मनुस्मृति आदिमा पनि गाउँ पञ्चायत जस्तो संस्थाको उल्लेख पाइन्छ । सातौं शताब्दीमा शुक्राचार्यले लेखेको नीति शास्त्रमा पनि 'गण' र 'पग' दुइ शब्दको उल्लेख भएको पाइन्छ । 'गण' को अर्थ ग्राम पञ्चायत र 'पग' को अर्थ नगर पञ्चायत हो ।

हिन्दू संस्कृति र सभ्यताको उद्गम स्थल देवभूमि र तपोभूमि कहलिएको नेपालमा कहिले देखि 'पञ्चायत' प्रचलनमा आयो सो एकिनसाथ भन्न सकिन्न । तर किराँतकालीन नेपाल देखि पंचायत प्रचलनमा रहेको ऐतिहासिक रुपले बताउन सकिन्छ । त्यस समयमा सामाजिक, आर्थिक र धार्मिक गतिविधिहरूमा पंचायतले महत्वपूर्ण भूमिका निभाउँदथ्यो । त्यस्तै लिच्छवीकालीन नेपालमा पनि गाउँको प्रायः सबै व्यवस्था पंच भलाद्मीहरूले गर्दथे । लिच्छवी राजाहरूले पंचायतलाई गाउँको सर्वतोमुखी विकासमा बढी सक्रिय बनाएर देशको शासन व्यवस्था राम्ररी चलाएको कारणले पनि नेपालको इतिहासमा लिच्छवीकाल 'स्वर्ण युग' मानिन्छ । मल्लकालीन नेपालमा पनि पंचायतले स्थानीय जनताको सर्वतोमूखी विकासमा ठूलो सहायक भई जनताको कल्याण गरेको पाइन्छ । शाहकालमा पनि नेपालमा पंचायतको माध्यमद्वारा जनताका ज्ञानाविना मैं

CC-0. In Public Domain. Digitization by eGangotri

झगडा निपटारा र स्थानीय विकास गराउने व्यवस्था थियो जसले गर्दा पंचायत संस्था ज्यादै लोकप्रिय भएको पाइन्छ। राणा कालमा त कानूनी रुपमा १९८३ साल वैशाख २७ गतेको सनद (कानून) द्वारा सर्व प्रथम दाङ देवखुरीमा 'मान्यजन कचहरी' भन्ने नामले पंचायतको शुरुआत भयो। नगरमा पनि १९७६ साल पौष महीनादेखि नगरपालिकाको व्यवस्था भएको थिय। नेपाल भर बिभिन्न रुपमा छरिएका पंचायतहरूलाई एक-रुपता प्रदान गर्न मान्यजन कचहरी पनि खारेज गरी २००६ सालमा गाउँ पंचायत ऐन र पंचायती अदालत ऐन लागू भयो। २००४ सालमा श्री ३ पद्म शम्शेर ज. ब. रा. ले दिएको नेपाल सरकारको वैधानिक कानूनमा त पंचायतलाई राजनैतिक रुप दिई त्यसै आधारमा संसदको तल्लो सदन-राष्ट्र सभाको गठन हुने व्यवस्था समेत गरेको थियो। तर त्यो व्यवहारमा लागू गरिएन। कानूनी रुपमा यस्तो व्यवस्था कायम गरे तापनि निरंकुश एकतन्त्रि जहानीया राणा शासनले गर्दा यो राम्ररी चल्न सकेन। २००७ सालको क्रान्तिले राणा शासनलाई अन्त गरी प्रजातन्त्र कायम गरे पछि प्रजातन्त्रको वास्तविक आधार वा प्राथमिक पाठशालाको रुपमा नेपालमा पंचायतको व्यापक विकास भयो। यसरी पंचायत संस्था नेपाली जन-जीवनमा भिजी अटुट परं-परा र संस्कृतिको रुपमा रहेकोले नै २०१७ साल अघिका-कुनै पनि सरकारले यसलाई उपेक्षा गर्न सकेन; कुनै न कुनै रुपमा मान्यता दिएकै थियो। यसैले पंचायतलाई नेपाली जीवन

CC-0. In Public Domain. Digitization by eGangotri

पद्धतिको एक अभिन्न अङ्ग कै रुपमा लिइन्छ ।

यसरी वैदिक काल देखि आधुनिक कालसम्म ऐतिहासिक क्रममा रही आएको पंचायत वस्तुतः सामाजिक संस्थाको रुपमा रहेको पाइन्छ । त्यस बेलाको पंचायतलाई राजनैतिक व्यवस्था वा संस्थाको रूपमा लिन सकिन्न । कारण पंचायत कै आधारमा राजनैतिक व्यवस्था कायम गरी राज्यको शासन संचालन भएको थिएन । आपसी सानातिना सामाजिक उल्झन र समस्याहरूको निपटारा र स्थानीय विकास कार्यहरूको संचालन स्थानीय योग्य र अनुभवी व्यक्तिहरूको बुद्धि विवेकबाटै सुगम तरीकाले होस् भन्ने उद्देश्यले मात्र पंचायत रहेको पाइन्छ । यस्तो परम्परागत प्रभावकारी सामाजिक संस्था पंचायतले लिएको निर्णय प्रायः मान्य भए तापनि यसको निर्णय सदैव मान्नै पर्छ भन्ने केही थिएन । विभिन्न राजनैतिक व्यवस्थाहरूमा सामाजिक संस्थाको रुपमा रहेको पंचायतलाई मुख्य आधार मानी पंचायत प्रजातन्त्र (जुन एक राजनैतिक व्यवस्था हो) को ऐतिहासिक पृष्ठभूमि दिनु उपयुक्त देखिंदैन । उदाहरणको लागि लिउँ एकतन्त्री निरंकुश जहानीया राणा शासनमा पनि पंचायतले मान्यता पाई काम गरेकोले त्यस बेलाको शासनलाई पंचायत शासन व्यवस्था भन्न सकिंदैन । यो अवश्यै हो पंचायत नेपाली संस्कृति र परम्परामा खारिंदै जन—आस्था र सम्मान प्राप्त गर्दै जनताको आर्थिक, सामाजिक र सानतिना झगडामा न्यायिक क्षेत्रमा पनि प्रभाव पार्दै आएको सामाजिक

CC-0. In Public Domain. Digitization by eGangotri

संस्था हो । यसरी जन—जीवनमा भिजी लोकप्रिय रहेको पंचायतलाई सामाजिक संस्थाको रुपमा मात्र सीमित नराखी आधुनिक प्रजातन्त्रका अनेकन मान्यताहरूलाई पनि कदर गरी राजनैतिक व्यवस्थाको रुपमा नै पंचायत प्रजातन्त्र नेपालमा २०१७ साल पौष २२ गते स्व० श्री ५ महेन्द्रबाट स्थापना भएको हो । यसैले पहिलेको पंचायत र नेपालमा हाल लागू भइरहेको निर्दलीय पंचायती व्यवस्थाको बीच मौलिक रुपले ठूलो भिन्नता छ । पहिलेको पंचायत स्थानीय समस्याहरूको समाधानमा सुगमता र प्रभावकारिताको लागि तथा देशको शासन व्यवस्थाको सहायक भई स्थानीय स्वायत्त शासनको इकाईको रुपमा थियो जस्तो आजभोलि भारतमा 'पंचायत राज्य' कायम छ। तर नेपालको पंचायत प्रजातन्त्रमा पंचायतहरू स्थानीय स्वायत्त शासनका इकाईहरू मात्र नभई देशको शासन व्यवस्थाको अधारभूत तहहरू पनि हुन् । किनभने यिनीहरूकै आधारमा देशको शासन व्यवस्था चल्छ । जस्तै गाउँ र नगर पंचायतका लागि निर्वाचित भएका जन-प्रतिनिधिहरूले सम्बन्धित जिल्ला सभामा आफ्ना प्रतिनिधिहरू पठाउँछन् ; तो प्रतिनिधिहरूले जिल्ला पञ्चायतको गठन ११ जना सम्मेदवारहरूलाई निर्वाचन गरी गर्छन् । जिल्ला पंचायतका सबै सदस्यहरू सम्बन्धित अञ्चल सभाका स्वतः सदस्यहरू हुन्छन् । प्रत्येक अञ्चल सभाले हरेक जिल्लाको एकजना प्रतिनिधि पर्ने गरी राष्ट्रिय पंचायतमा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिनिधि छानेर पठाउँछ । राष्ट्रिय पंचायत देशको कानून बनाउने एक मात्र व्यवस्थापिका सभा हो । यसैका सदस्यहरू-मध्येबाट श्री ५ ले नियुक्त गरिबक्सेका सदस्यहरू समावेश भई श्री ५ को अध्यक्षतामा वा प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रि-परिषद् गठन हुन्छ । मन्त्रिपरिषद्ले श्री ५ को निर्देशनमा रही देशको शासन चलाउँछ । यसै कारणले नेपालको पंचायत स्थानीय स्वायत्त शासनका इकाई मात्र नभई देशको राजनैतिक व्यवस्थाको मुख्य आधार वा जग भएको छ । यसरी देशको शासन व्यवस्थाको मुख्य आधार नै विभिन्न तहका पंचायतहरू भएकोले तलदेखि माथिसम्म (अर्थात गाउँ र नगर पंचायतदेखि राष्ट्रिय पंचायतसम्म) शृङ्खलाबद्ध सम्बन्ध छ । स्वायत्त शासनका इकाई मात्र भए सर्वोच्च जनप्रतिनिधिसभा (राष्ट्रिय पंचायत) सित यिनीहरूको शृङ्खलाबद्ध सम्बन्ध हुँदैन ।

विश्वका बदलिंदो परिस्थितिहरूको सन्दर्भमा २००७ साल देखिको नेपालको राजनैतिक, आर्थिक, सामाजिक र भौगो-लिक परिस्थितिहरूले निरूपण गरेको राजनैतिक व्यवस्था नै पंचायत प्रजातन्त्र हो । यसैले यो परिस्थितिहरू नै पंचायत प्रजातन्त्रको सही ऐतिहासिक पृष्ठभूमि हो । आज संसारमा मुख्यतः दुई प्रमुख शासन व्यवस्थाहरू कायम छन् । एकातिर समाजको प्रभुत्वलाई सर्वोपरी मानी साम्यवादी शासन व्यवस्था अपनाइरहेका कम्युनिष्ट देशहरू छन् भने अर्कोतिर व्यक्तिगत

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्रतालाई प्रमुखता दिई प्रजातान्त्रिक शासन व्यवस्था अपनाईरहेका देशहरू छन् । यसरी यी दुई राजनैतिक व्यवस्थाहरू अझ अर्नौं दुई शक्ति गुटहरूमा विभाजित भई तनावपूर्ण स्थितिमा रहेको आजको भूमण्डलमा शान्तिपूर्ण सह-अस्तित्वको महत्व सर्वव्यापी र सर्वोपरी छ । यो बिना वैज्ञानिक उन्नतिको चरम सीमामा पुगेको आजको विश्व विनाशबाट बच्न सक्दैन । यसै सन्दर्भमा यी दुई शासन व्यवस्थाका अनुकरणीय सार-तत्वहरूलाई नेपालले पंचायत प्रजातन्त्र अन्तर्गत अंगालेको छ । किनभने इतिहासको अनन्त प्रवाहमा बग्दै आएको संस्कृति र परम्परा नै मात्र आधार मानी नेपालमा पंचायत प्रजातन्त्रको स्थापना भएको होइन । आजको आधुनिक युगमा कुनै पनि राजनैतिक व्यवस्था भूतकालको परम्परा र संस्कृतिलाई मानेर र बखान गरेर मात्र टिक्न र फष्टाउन सक्दैन । आधुनिक विचारधाराहरूलाई समेटन सक्नुमा नै पंचायत प्रजातन्त्र गतिशील भई फष्टाउन सक्छ । यसैले तलै देखि प्रजातन्त्रलाई मजबूत गर्न आधुनिक शक्ति विकेन्द्रीकरणको सिद्धान्त, दलीय व्यवस्थाको दुर्गुणलाई हटाउन निर्दलीयता, वर्ग समन्वयद्वारा शोषणरहित समाजको रचना आदि आधुनिक विचारधाराहरू-लाई पंचायत प्रजातन्त्रमा स्थान दिइएको छ । यसको पुष्टयाई पंचायत प्रजातन्त्रका प्रवर्तक स्वर्गीय श्री ५ महेन्द्रको यो वाक्यले गर्नेछ– "यो व्यवस्था (पञ्चायत व्यवस्था) संसारमा अहिलेसम्म

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिपादन भएका सबै राजनीतिक सिद्धान्त र आफ्नै धर्म, संस्कृति र परम्पराका समेत सबै देनहरू समावेश गर्ने प्रयास भएको छ र रहने छ ।"

भौगोलिक स्थिति:

दुई महान र विशाल एशियाली राष्ट्रहरू चीन र भारतले भौगोलिक रुपले च्यापेको एउटा सानो भू—परिवेष्ठित राष्ट्र नेपाल हो । यी दुई राष्ट्रहरुले भिन्दा भिन्दै शासन व्यवस्थाहरू अपनाईरहेका मात्र होइन यिनीहरूको बीच सीमाना सम्बन्धी कै झगडाले गर्दा आजसम्म राम्रो सम्बन्ध रहेको छैन । यस्तो भू-राजनैतिक अवस्था (Geo-Political Condition) मा नेपालले आफ्नो स्वतन्त्र अस्तित्व जोगाई सर्वोतोमुखी विकास गर्न अहिलेसम्म प्रतिपादित सबै राजनैतिक सिद्धान्तहरुको निचोड अंगाली आफ्नै परम्परा, संस्कृति र राष्ट्रिय प्रतिभासित मिल्ने एक मौलिक शासन व्यवस्थाको आवश्यकता रहन गयो । यही वस्तुगत आवश्यकताले मुख्यतः नेपालमा पंचायत प्रजातन्त्रको उदय गराएको हो ।

राजनैतिक स्थिति:

राजा र प्रजाको संयुक्त प्रयासबाट १०४ वर्षको निरंकुश राणा शासनलाई अन्तगरी २००७ साल फाल्गुण ७ गते नेपालमा प्रजातन्त्रको उदय भयो । प्रजातन्त्रले देश र देशवासी-को लागि सुनौला भविष्य ल्याउनेछ भन्ने जनताको चिर

CC-0. In Public Domain. Digitization by eGangotri

आकांक्षा र अभिलाषा थियो। तर राजनैतिक नेताहरूले प्रजातन्त्रको नाममा आफ्नो र दलको स्वार्थ सिद्धितिर लागेर शक्ति हत्याउन तँछाड मछाड गरे। फलस्वरूप देशमा राजनैतिक अस्थिरता रह्यो। देशको राजनैतिक अस्थिरताले अनेक किसिमका वर्वादीहरूलाई निम्त्यायो। देश अगाडि बढन सकेन। राणाशाहीले हुन सम्म शोषणगरी छोडेको सबै क्षेत्रमा अस्त व्यस्त रहेको नेपालको विकट र दर्दनाक स्थितिलाई सबल सामना गरी युद्धस्तरमा देशको चौतर्फी विकासको निमित्त सबै मिली शक्तिको मूल फुटाउनु पर्ने अवस्थामा आपसको संघर्ष र कलहले सो हुन सकेन। यसको उल्टो प्रजातन्त्रको नाममा आफ्नो र दलको (कुनै वर्ग विशेषको) स्वार्थ सिद्धिको लागि वर्षादमा च्याउ झैं अनेक राजनैतिक दलहरू देखा परे। एक दलले अर्को दललाई गिराई शक्ति हत्याउन दलहरूले तगडा विरोधी प्रचार गरे। राष्ट्रको शक्ति र साधन यसरी आपसको झैं झगडा, रीस, राग, द्वेषमा कुण्ठित भयो र टुक्रियो। फलस्वरूप कुनै पनि दलीय सरकार जनताको विश्वास प्राप्त गरी स्थीर र दिगो रहन सकेन। यसै बीच श्री ५ त्रिभुवनको (२०११ साल फाल्गुन ३० गते) स्वर्गारोहण भयो र श्री ५ महेन्द्र राजसिंहासनमा आसीन होहबक्स्यो। देशको चौतर्फी विकास गर्ने देशमा विद्यमान अस्थिर वातावरणलाई अन्तगरी जनप्रिय र स्थायी सरकारको गठन गर्ने उद्देश्यले स्वर्गीय श्री ५ महेन्द्रले नेपालमा

CC-0. In Public Domain. Digitization by eGangotri

संसदको लागि बालिग मताधिकार (Adult Franchise) को आधारमा आम चुनाव गराईं बक्स्यो। नेपाल अधिराज्यलाई १०६ चुनाव क्षेत्रमा बिभाजित गरी भएको देशव्यापी आम चुनावमा नेपाली काँग्रेसले ७४ सीट प्राप्त गरेकोले त्यस दलका नेता बिश्वेश्वरप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा पहिलो जनप्रिय नेपाली काग्रेसको सरकार गठन भयो। त्यस मन्त्रिमण्डलले राजनैतिक अस्थिरताको फलस्वरुप देशमा व्याप्त उदासीनताको भावनालाई अन्त गरी देशको चौतर्फी बिकास तीव्र गतिले गर्नेछ भन्ने सबैले ठूलो आशा र बिश्वास राखेका थिए। तर त्यो सरकारले पनि निर्दिष्ट लक्ष्यबाट बिचलित भई राष्ट्रिय हितलाई भन्दा दलीय हितलाई बढावा दिएकोले देशमा शान्ति सुरक्षा नै कायम गर्न सकेन। प्रजातन्त्रको नाममा देश र देशवासीलाई एकातिर पन्छाई दलगत स्वार्थ पूर्तिको लागि अधिकार प्रयोग गरी देशको एकता, राष्ट्रियता र सार्वभौमिकता समेत गुमाउन लागेको महसूस गरीबक्सी स्वर्गीय श्री ५ महेन्द्रले २०१७ साल पौष १ गते कोइराला मन्त्रिमण्डल तथा संसदको दुबै सदनलाई बिघटन गरी एक साहसिलो ऐतिहासिक कदम चालिबक्स्यो र आफ्नै बाहुलीमा देशको शासन सत्ता लिई बक्स्यो। अनि श्री ५ को सबल र सक्रिय नेतृत्वमा दलगत राजनीतिले ल्याएका अनेकन खराबीहरूलाई दूर गर्न निर्दलीय पञ्चायत प्रजातन्त्रको स्थापना

CC-0. In Public Domain. Digitization by eGangotri

भयो। यसरी देशको बलगत र अस्थीर राजनैतिक पृष्ठभूमिमा एउटा सुदृढ राजनैतिक व्यवस्था पञ्चायत प्रजातन्त्रको सूत्रपात भयो।

आर्थिक स्थिति:

१०४ वर्षसम्म राणा शासकहरूले शोषण गर्नसम्मगरी तहस, नहस, दीन, दुःखी र दरिद्र अवस्थामा छोडी दिएको नेपाली जनताको लागि खाने, लाउने र बस्ने जस्ता प्राथमिक आवश्यकताको पूर्ति गर्ने समस्या नै जल्दो बल्दो रुपमा थियो। शोक, रोग र अशिक्षाको व्यापक दवदवामा परेको देशका जनताको निम्न जीवन स्तरलाई माथि उठाई देशको आर्थिक अवस्थालाई मजबूत र आत्म निर्भर बनाउन एवं देशको आर्थिक पछौटेपनलाई हटाई उन्नत राष्ट्रहरूको दाँजोमा पुग्न राष्ट्रिय शक्ति र साधनलाई बढीसे बढी परिचालन गरी युद्ध स्तरमा प्रयत्न जारी राख्नु पर्ने पूर्ण्य तर ज्यादै कठिन कार्य थियो। यस्तो आर्थिक पुनरुत्थान गर्नु पर्ने जीवन मरणको समयमा पनि देशको वास्तविक परिस्थिति तिर ध्यान नदिई २०१७ साल अघिका विभिन्न दलीय सरकारहरूले केवल हडबडीमा फुटकर आयोजना मात्र कार्यान्वित गर्न खोजे। यद्यपि प्रथम पञ्चवर्षीय योजना यसै कालमा प्रारम्भ भएको थियो। फुटकर आयोजनाहरुले देशको चौतर्फी विकासको पुनित लक्ष्य हासिल मात्र नभएको होइन

CC-0. In Public Domain. Digitization by eGangotri

देशको सीमित साधन र पूँजीको समेत अपव्यय हुन गयो। फलस्वरुप मित्रराष्ट्रहरुबाट प्राप्त सहयोग र सहायता समेत राम्ररी काममा लगाउन सकिएन त्यसैले गर्दा जनताका विकास प्रति नै श्रद्धा र विश्वास कम हुँदै गएको थियो। कर बिना देशको विकास सम्भव छैन भन्ने तथ्य सरल तरीकाले जनतामा बोध गराई परिस्थिति सुहाउँदो र न्यायोचित करप्रथा अपनाइएन। यसले गर्दा जनतामा आर्थिक अनिश्चितताको वातावरण फैलियो। शोषण प्रधान सामन्ती व्यवस्थामा गुज्रिरहेको नेपालको अर्थ व्यवस्थामा कृषि नै एक मात्र राष्ट्रिय जीवनको आधार थियो। तर दिन रात जमिनमा पसीना बगाउने कृषकहरुको हालत दयनीय थियो; साँझ बिहान हातमुख जोर्ने धौ धौ थियो। यसरी एकातिर कृषकहरू भोका र नाङ्गा थिए भने अर्कोतिर किसानहरूको परिश्रम लुटेर मोज मज्जा र रवाफी जीवन बिताइरहेका ठुलठूला भूमिपति र जमिन्दारहरू थिए। यसरी गए गुज्रेको विकट अर्थ व्यवस्थालाई सुधार गर्न अटुट र खास प्रयास भएन। यो नहुनुमा दलगत राजनीतिको फलस्वरुप देशको राजनैतिक अस्थिरता नै एक प्रमुख कारण थियो। यस्तो विकट आर्थिक स्थितिलाई सुधार गर्न एउटा सुदृढ शासन व्यवस्थाको आवश्यकता महसूस गरायो जसले देशको बिग्रदो आर्थिक स्थितिलाई संभाली जनताको जीवनस्तर माथि उकालोस्। यही खाँचोलाई पूर्ति गर्न पञ्चायत प्रजातन्त्रको जन्म भयो।

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक स्थिति:

जातपातको संकुचित घेरामा रही अन्धविश्वास र रुढीवादमा आधारित धर्मको माया मोहमा अलमलिई सामाजिक कुरीति र कुप्रथाको जाँतोमा पिंधिई निस्प्राण भईसकेको नेपाली समाजलाई आधुनिक युगानुकूल बनाउनु आवश्यकता थियो। जातजाती, लिङ्ग, धर्म आदिको आधारमा न्याय निसाफको व्यवस्था थियो। जसले गर्दा समाजमा असह्य असमानता, शोषण, अन्याय र अत्याचार थियो। आपसी मेल—मिलाप र एकताको भावना थिएन। जनसंख्याको आधा भन्दा बढी नारी वर्गले बाल विवाह, बहुविवाह र अनमेल विवाहमा होमिई पुरुषको कठपुतली र भोगको साधन बन्नु पर्दथ्यो। यस्ता कुरीतिहरूले व्याप्त रहेको सामाजिक अवस्था रहुँजेल कुनै पनि देश अगाडि बढन सक्दैन। राजनैतिक वातावरण अस्थिर रहेसम्म सामाजिक सुधार पनि सम्भव हुँदैन। यसैले नेपाली समाजलाई युगानुकूल सुधार गरी नवजीवन सञ्चार गर्न सुदृढ शासन व्यवस्थाको आवश्यकता रह्यो जसको पूर्तिको लागि पंचायत प्रजातन्त्र स्वर्गीय श्री ५ महेन्द्रले बक्स्यो।

माथि उल्लिखित परिस्थितिहरूले नेपालमा पंचायत प्रजातन्त्रको उदय स्वर्गीय श्री ५ महेन्द्रको प्रत्यक्ष र सक्रिय नेतृत्वमा गराएको हो। यसैले यी परिस्थितिहरू नै पंचायत प्रजातन्त्रका सही ऐतिहासिक पृष्ठभूमि हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

Q. No. 2

Discuss the Causes of the Failure of Parliamentary Democracy in Nepal.

नेपालमा संसदीय प्रजातन्त्रको असफलताका कारणहरू छलफल गर्नु होस् ।

उत्तर:–२००७ सालमा नेपालमा प्रजातन्त्रको प्रादुर्भाव भए पछि पश्चिमी देशहरूमा प्रचलित तथा भारत लगायत अन्य नवोदित अफ्रो–एशियाली राष्ट्रहरूले अनुकरण गरेको एक सुलभ प्रजातान्त्रिक व्यवस्थाको रुपमा संसदीय प्रजातन्त्रको अनुकरण गरियो । कुनै पनि शासन व्यवस्था माध्यम (साधन) मात्र हो, त्यही साध्य होइन । यसैले जुन व्यवस्थाले देश र देशवासीको सर्वोत्तम हित र कल्याण गर्न सक्दछ त्यही व्यवस्था नै सर्वोत्तम र सफल मानिन्छ । नेपालमा संसदीय प्रजातन्त्रले नेपाल र नेपालीको सर्वोत्तम हित र कल्याण गर्न सकेन । त्यसैले त्यो व्यवस्था असफल र अफाप मानियो । नेपालमा संसदीय प्रजातन्त्र असफल हुनुमा धेरै कारणहरू छन् । ती कारणहरूमा निम्न प्रमुख छन्:–

१. देशको सर्वतोमुखी विकास गर्न नसकेको;
२. शिक्षित र जागृत जनताको कमी;
३. दलगत स्वार्थ;
४. नेपालीको भिन्न अनुभव र परम्परा; र
५. सबल र प्रभावशाली नेतृत्वको कमी ।

CC-0. In Public Domain. Digitization by eGangotri

(१) शताब्दी देखिको राणाको क्रूर पञ्जामा रहेको नेपाली जनताले प्रजातन्त्रको निमित्त काँचुली फेरेर त्यसको माध्यमबाट अनन्त सुख, शान्ति र समृद्धिको ठूलो आशा र भरोसा राखेका थिए। तर संसदीय प्रजातन्त्रले जनताको यो आशा र भरोसा पूरा गर्न सकेन। किनभने त्यो व्यवस्थाको सफल संचालनमा चाहिने अनुकूल राजनैतिक, आर्थिक र सामाजिक स्थितिहरू नेपालमा मौजुद थिएनन्। वेलायतका जनताले सदियौं देखि आफ्नो खास राजनैतिक, आर्थिक र सामाजिक परिस्थिति अनुरूप विशेष संरक्षण र हेरचाह गरी हुर्काएको एक कोमल बिरुवा संसदीय प्रजातन्त्र हो। यस प्रजातन्त्रले अँग्रेजहरूको अपार कल्याण र हित गर्नमा अवश्यै सफल भएको छ। तर कुनै पनि देशको शासन व्यवस्था ठीक त्यही रूपमा अर्को देशमा चल्न सक्दैन। किनभने गणित र विज्ञानको निष्कर्ष झैं राजनैतिक सिद्धान्त वा व्यवस्था सार्वभौम सत्य (Universal Truth) हुन सक्दैन। यसैले हो वेलायतमा सफल सिद्ध भएको संसदीय प्रजातन्त्र नेपालको परिस्थिति र जनजीवनसित भिजी देशको राजनैतिक, आर्थिक र सामाजिक क्षेत्र लगायत सबै क्षेत्रको विकास गर्न असमर्थ भयो। यसको अतिरिक्त संसदीय प्रजातन्त्र एक ढिलो र विकासवादी व्यवस्था मानिन्छ जसबाट काम र दामको चर्को समस्याले ग्रस्त भोका, नाङ्गा र अशिक्षित नेपाली जनताको अपार कल्याण तीव्र गतिले सम्भव भएन। यही कारणले पाकीस्तान, वर्मा, इन्डोनेशिया आदि देशहरूले

CC-0. In Public Domain. Digitization by eGangotri

पनि संसदीय प्रजातन्त्रको बाटो छोडेका छन् । संसदीय प्रजातन्त्रले देशमा शान्ति सुरक्षा कायम राख्ने जस्तो प्राथमिक कर्तव्य नै पूरा गर्नसकेन जसको फलस्वरुप नेपालमा राजनैतिक अस्थिरता रह्यो । आर्थिक विकासको दौडमा पछि परेको नेपालले आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न र विश्वका उन्नत राष्ट्रहरूको दाँचोमा पुग्न द्रुततर आर्थिक विकास आवश्यक मात्र होइन अनिवार्य पनि थियो । तर ठोस रूपमा केही आर्थिक विकास भएन । देशको आर्थिक स्रोतहरूलाई ठीक तरीकाबाट परिचालन गरी कृषि र औद्योगिक विकासद्वारा जनताको जल्दो बल्दो समस्याहरूलाई समाधान गर्न नसकेकोले नै यस प्रजातन्त्र प्रति जनतामा आस्था घटन गयो । सारांशमा जनताको बढदो माग र चाहना पूरा गरी देशको चौतर्फी विकास गर्न नसकेको कारणले नै नेपालमा संसदीय प्रजातन्त्र व्यवस्था असफल र अनुपयुक्त सिद्ध भएको हो ।

(२) कुनै पनि शासन व्यवस्थाको मेरुदण्ड नै शिक्षित र जागृत जनता हो । जनताको सक्रियता, जागरूकता र लगनशीलतामा नै कुनै पनि व्यवस्थाको सफलता निर्भर गर्दछ । त्यसमा पनि संसदीय प्रजातन्त्र व्यवस्था त खासगरी नागरिकहरूको राजनैतिक चेतना, त्याग, तपस्या र बलिदानमा मात्र चल्ने व्यवस्था हो । शिक्षित र जागृत नभएको भोला भाला नेपाली जनताले संसदीय प्रजातन्त्र व्यवस्था नै राम्ररी जान्न र बुझ्न सकेनन्; त्यस व्यवस्था अन्तर्गत जनताले दिनु पर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

योगदान त परै राखौं । देशको एक समस्यासाथि लेखा जोखा गरी राजनैतिक दलहरूको कार्यक्रम निष्पक्षरूपले अध्ययन गरी उनीहरूलाई देश र देशवासीको सर्वोत्तम हित र कल्याणमा सदैव संयमी र कर्तव्यनिष्ठ बनाइरलु पर्ने जागृत र शिक्षित जन समुदायको अभावको कारणले नेपालमा संसदीय प्रजातन्त्र असफल भयो ।

३) संसदीय प्रजातन्त्र राजनैतिक दलहरूको सक्रिय क्रिया-कलापमा चल्ने दलीय व्यवस्था हो । २००७ सालको क्रान्ति पछि संसदीय प्रजातन्त्र अनुरूप वर्षादेखि च्याउ उम्रे झैं नेपालमा धेरै संख्यामा राजनैतिक दलहरू जन्मे एकै दलभित्र पनि नेताहरूको व्यक्तिगत रीस रागमा गुटबन्दी कायम भयो; समा-नान्तर दलहरू धेरै जन्मे । राजनैतिक दल त वास्तवमा कुनै निश्चित राजनैतिक र आर्थिक सिद्धान्तमा आधारित रही देश र देशवासीको कल्याणको एक मात्र लक्ष्य राखी गठन हुनुपर्ने थियो । तर दुर्भाग्यवश शक्ति हत्याउने धूनमा जो पनि दल खोल्ने र चलाउनेमा लाग्यो । यसरी अवाञ्छनीय रूपमा दल खोल्ने र आपसमा झैं-झगडा गर्ने प्रवृत्ति नेपाल जस्तो शिक्षित जनसमुदाय ज्यादै कम भएको देशमा देश र देशवासीको कल्याण गर्नु भन्दा नोक्सान र अहित गर्‍यो । देश र देशवासी-को कल्याणको लागि स्वस्थ जनमत सिर्जना गरी जनतालाई एक गराई बन-निर्माणको पवित्र यज्ञमा संलग्न गराउनुपर्ने राजनैतिक दलले नेपाली जनतामा फुट, कलह, झैं-झगडा र

CC-0. In Public Domain. Digitization by eGangotri

अनावश्यक वादविवाद जन्मायो। विरोधको लागि विरोध गर्ने परम्परा बस्न जाँदा त कुनै पनि दलीय सरकार टिकाउ र स्थिर रहनसकेन। यसरी दलगत राजनीतिले जनतामा अनेकता र फुट पैदा गरी देशको एकता, अखण्डता र राष्ट्रियतामा नै नराम्रो आँच आउन दियो। संसदीय प्रजातन्त्र अन्तर्गत दलगत स्वार्थले यसरी नेपालको स्वतन्त्र अस्तित्व नै खतरामा पारी दिएकोले नेपालमा संसदीय प्रजातन्त्र असफल सिद्ध हुन गयो।

४) कुनै पनि शासन व्यवस्था सफलतापूर्वक चलाउन त्यस व्यवस्थानुकूलको गुणको विकास र लामो समयसम्मको अनुभव र परम्पराको आवश्यकता पर्दछ। युगौंदेखिको अटुट प्रयास र कुर्बानीले फले फुलेको बेलायतको संसदीय प्रजातन्त्र लाई सञ्चालन गर्न त्यस्तै परम्परा र अनुभवको आवश्यकता थियो। २००७ सालको क्रान्ति पछि एकै चोटी अपनाएको संसदीय प्रजातन्त्र चलाउन उपयुक्त अनुभव र परम्पराको ठूलो अभाव थियो; सो नेपाली जनतामा मात्र होइन नेता भनाउँदाहरूमा समेत नभएकोले संसदीय व्यवस्था राम्रो चल्न र टिक्न सकेन। यसरी जनतामा त्यो व्यवस्थाको पूर्ण ज्ञान नहुनुको साथै व्यवस्थानुकूल जनताको चरित्र र स्वभाव नभएकोले त्यसका मौलिक तत्वहरूलाई संरक्षण र सम्वर्धन गर्ने जनताको अभावमा नेपालमा संसदीय प्रजातन्त्र असफल—सिद्ध भयो।

५) राष्ट्रिय व्यक्तित्व भएको राजनैतिक नेताहरूको अभा-

CC-0. In Public Domain. Digitization by eGangotri

वको कारणले पनि नेपालमा संसदीय प्रजातन्त्र असफल भएको हो। कुनै पनि शासन व्यवस्थाले देश र देशवासीको हित-गर्न विभिन्न भाषा, भाषी रहन-सहन फरक भएका जनताको श्रद्धा र विश्वास प्राप्त गरेका राष्ट्रिय व्यक्तित्व भएका लोकप्रिय नेताको आवश्यकता पर्दछ। संसदीय प्रजातन्त्र अन्तर्गत दलगत राजनीतिले यस्तो प्रभावशाली, सबल र कल्याणकारी नेतृत्व प्रस्तुत गर्न सकेन जसको कारण जनतामा अनन्त प्रेरणा र उत्साह जगाई संसदीय प्रजातन्त्रलाई सफल पार्न प्रायः असम्भव भयो।

Q. No. 3.

A. Examine the Basic Characterstics of Panchayat Democracy.

पञ्चायत प्रजातन्त्रका आधारभूत लक्षणहरू मूल्याङ्कन गर्नुहोस्।

B. Discuss the Main Features of Panchayat Democracy.

पञ्चायत प्रजातन्त्रका प्रमुख विशेषताहरू छलफल गर्नुहोस्।

उत्तर:- २००७ सालदेखि २०१७ सालसम्मको देशका राजनैतिक दलहरूको प्रजातन्त्रको नाममा उच्छृङ्खल प्रवृत्तिले गर्दा देशको स्वतन्त्रता, अखण्डता र सार्वभौमिकतालाई समेत आँच पुऱ्याई राष्ट्रको बर्बादी हुन लागेकोले स्व. श्री ५ महेन्द्रले २०१७ साल पौष १ गते ऐतिहासिक कदम चालिदिनुभयो। आफ्नै सबल नेतृत्वमा

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा निर्दलीय पञ्चायत प्रजातन्त्रको शिलान्यास २०१७ साल पौष १ गते श्री ५ महेन्द्रले गरिदिनुभयो। देशका तमाम जनताले बुझेको ऐतिहासिक रूपमा रहेको सामाजिक संस्था पञ्चायतलाई आधार बनाई तलैबाट उठेको आधारभूत प्रजातन्त्रको लक्ष्य अगाडि राखेर देश र देशवासीको सर्वोत्तम हित र समुन्नतिको लागि देशका सम्पूर्ण जनताको सक्रिय योगदान पाउन पञ्चायत प्रजातन्त्रको तर्जुमा भएको हो। यसको अतिरिक्त दुइ भिन्न राजनैतिक व्यवस्था अपनाइरहेका विशाल एशियाली देशहरु चीन र भारतले भौगोलिक रूपले च्यापेको सानो देश नेपालको आफ्नै स्वतन्त्र अस्तित्व जोगाई उन्नतिको पथमा लम्कन आफ्नै किसिमको राजनैतिक व्यवस्थाको आवश्यकता थियो। यसको पूर्तिको लागि पनि आफ्नै किसिमको निर्दलीय पञ्चायत प्रजातन्त्र व्यवस्था कायम भएको हो। हुन त यो ५, ७ वर्षको निमित्त संसदीय प्रजातन्त्रको विकल्पको रूपमा पहिले प्रयोग भएको थियो। तर देशको एक मात्र व्यवस्थापिका सदन राष्ट्रिय पञ्चायतको गत: २०२४ साल आश्विन ११ गतेको सर्वसम्मत निर्णयले यो व्यवस्था नेपालको एक मात्र निर्विकल्प र स्थायी व्यवस्था साबित गरेको छ। यसैले यो नेपालीको जीवन पद्धति भइसकेको छ। आजसम्मका अनेक प्रजातान्त्रिक मान्यताहरुको बावुजूद राजाको प्रत्यक्ष र सक्रिय नेतृत्वमा आफ्नै किसिमको प्रजातन्त्र कायम गरिएको छ। यसर्थ यस प्रजातन्त्रको विशिष्ट स्थान छ। यस प्रजा-

CC-0. In Public Domain. Digitization by eGangotri

तान्त्रिक व्यवस्थाको मूल सार र उद्देश्य स्व. श्री ५ महेन्द्रले यस प्रकार उल्लेख गरिबक्सेको थियो। "देशको सार्वभौमिकता, स्वतन्त्रता, संस्कृति र परम्पराको पुर्स्तैनी गौरवलाई अक्षुण्ण कायम राखी दलविहीन, स्वस्थ, स्वच्छ, समुन्नत, सङ्घर्ष रहित तथा शोषण रहित समाजकोसिर्जना गर्नु नै पञ्चायती व्यवस्थाको मूल सार र मुख्य उद्देश्य हो।" यो पञ्चायत प्रजातन्त्र गाउँ र नगरको तहदेखि उठी जिल्ला र अञ्चल हुँदै राष्ट्रिय स्तरसम्म पुग्ने जन-प्रतिनिधि मूलक व्यवस्था हो। यसका विशेषताहरुको निम्न प्रकारले वर्णन गर्न सकिन्छः—

१. राजाको सक्रीय र प्रत्यक्ष नेतृत्वः

पञ्चायत प्रजातन्त्रको पहिलो प्रमुख विशेषता राजाको सक्रिय र प्रत्यक्ष नेतृत्व हो। पंचायत प्रजातन्त्रको प्रवर्तक मात्र होइन मुख्य केन्द्र बिन्दु नै राजा हो अरू राजा त्यो ज्योति हो जसको प्रकाशले पञ्चायत प्रजातन्त्रको रुप प्रज्वलित हुन्छ। श्री ५ राजा मात्र होइन देशको महान् कर्मठ नेताको रूपमा पनि पञ्चायत प्रजातन्त्रले मानेको छ जसप्रति देश र देशवासीको भाग्य निहित छ। पञ्चायत प्रजातन्त्रले राजालाई नै एक मात्र निर्विवाद राष्ट्रिय नेताको रूपमा मानेको छ। स्व श्री ५ महेन्द्रबाट प्रतिष्ठापित पञ्चायत प्रजातन्त्र राजा कै सबल नेतृत्वमा सुदृढ भइ रहेको छ। पंचायत प्रजातन्त्र अन्तर्गत राजाको सक्रिय र प्रत्यक्ष नेतृत्वमा देशको सबै वर्ग एक भई अगाडि बढिरहेका छ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. निर्दलीयता:

राजनैतिक दल बिनाको प्रजातन्त्र पंचायत प्रजातन्त्र हो। यस प्रजातन्त्रले कुनै राजनैतिक दलको अस्तित्वलाई मानेको छैन। दलगत राजनीतिको हुनै किसिमको स्थान र महत्व पंचायत प्रजातन्त्रमा छैन। दलगत राजनीतिले देशमा अनेक भाँडभैलो मचाई देशलाई नै टुक्याउन खोजे-कोले यसलाई तिलाञ्जली दिएको छ। दलगत राजनीतिबाट मुक्त र राष्ट्रको हित र भलाइ हुने राजनीतिलाई प्रश्रय र प्रोत्साहन प्राप्त छ। २०१७ साल अघि देशका जनता विभिन्न राज-नैतिक दलको झण्डा मुनि बसी आपसमा झैं झगडा गर्थे भने आज नेपालको चन्द्र-सूर्य अंकित झण्डामुनि बसी देश र देशवासीको सर्वोत्तम हित र कल्याण हुने काम गर्ने सबैलाई छूट छ। आजसम्मका प्रजातन्त्रका हिमायतीहरूको भनाइमा प्रजातन्त्र केवल राजनैतिक दलहरूको सक्रिय क्रियाकलाप र सहयोगमा मात्र फष्टाउन सक्छ। तर यो सोचाइको विपरीत नेपालको राजनैतिक दल बिना नै प्रजातन्त्रलाई अगाडि बढाउन सकिन्छ भन्ने धारणामा पञ्चायत प्रजातन्त्रलाई निर्दलीय रूप दिइएको छ।

३. वर्ग समन्वय:

कार्ल मार्क्सले आर्थिक आधारमा वर्ग विभाजन गर्नु भएको छ जस अनुसार शोषक र शोषित दुई वर्गमात्र छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ग स्वार्थको दृष्टिले यी दुइ वर्ग एक अर्काको घोर विरोधी र जन्मजात शत्रु हुन्। यसैले यी दुइ वर्गको बीच निरन्तर संघर्ष र युद्ध जारी रहन्छ। यसरी वर्ग संघर्ष हुँदा शोषित वर्ग बहु-संख्यक र संगठित हुने हुनाले शोषकवर्गको हार अवश्यंभावी छ भन्ने मान्दछन। तर पञ्चायत प्रजातन्त्रले कार्ल मार्क्सले वर्ग विभाजन र वर्ग संघर्षमा पूर्णतः विश्वास राख्तैन। देशका विभिन्न वर्गहरूको बीच समझदारी र सहयोगको भावना कायम गरी समन्वय र शान्तिको मार्गमा अग्रसर गराई देशको नव-निर्माण गर्न सकिन्छ भन्ने धारणामा पंचायत प्रजातन्त्र अगाडि बढेको छ। किसान, युवक, महिला, मजदूर र भूतपूर्व सैनिक गरी जम्मा ५ वटा वर्गहरूलाई प्रमुख मानेको छ। यी वर्गहरूको वर्ग स्वार्थ त रहन्छ तर देशको निम्ति ती सबै वर्गले योगदान गर्नुपर्ने भएकोले आपसमा मेलमिलाप राख्न सकिने विश्वास लिइएको छ। देशको स्वार्थ र हितलाई सर्वोपरि राखी सबै वर्गले आपसमा सहयोग र समझदारीको भावना कायम गरी मिली-जुली शान्तिमय जीवन बिताउन सक्छन् भन्ने सोचाईमा पंचा-यत प्रजातन्त्र अडिग छ।

४. शोषणरहित समाज :

हाम्रो समाजमा विद्यमान धनी, गरीब, उँच र नीच जाति र जमीन्दार कृषक आदि वर्गहरुमा एकले अर्कोलाई अनेक किसि-मबाट शोषण गरिरहको पाइन्छ। शोषण सरासर अन्याय

CC-0. In Public Domain. Digitization by eGangotri

र अत्याचार मात्र नभई देशको प्रगति र उन्नतिको घातक पनि हो। यसैले सर्वप्रथम शोषणलाई निर्मूल गर्नु अनिवार्य छ। देशका विभिन्न वर्गहरुको हितको रक्षा गर्ने पंचायत प्रजातन्त्रले शोषणरहित समाजको सृजना गर्ने आफ्नो मूल उद्देश्य घोषणा गरेको छ। भूमिसुधार र नयाँ मुलुकी ऐन यही उद्देश्य पूर्तिका लागि पहिलो कदमको रूपमा लिइएको छ।

५. शक्ति विकेन्द्रीकरण :

पंचायत प्रजातन्त्रको अर्को विशेषता शक्ति विकेन्द्रीकरण हो। शासन गर्ने शक्ति केन्द्र वा राजधानीमा केन्द्रित नगरी देश भरमा छरिएका स्थानीय स्वशासित संस्थाहरु (पंचायतहरु) लाई सुम्पिएमा शक्ति विकेन्द्रीकरण अनिन्छ। प्रजातन्त्रमा शक्ति विकेन्द्रीकरणको ठूलो महत्व रहन्छ। कारण प्रजातन्त्र सही अर्थमा त्यो सरकार हो जसमा हरेक नागरिकले शासनमा बढी से बढी हिस्सा लिन पाएको हुन्छ। देशको द्रुततर विकासको लागि यस पंचायत प्रजातन्त्रले स्थानीय पंचायत-हरूलाई बढी से बढी अधिकार र जिम्मेदारी क्रमशः दिएर प्रशासन यन्त्रलाई नै विकेन्द्रीकरण गर्ने योजना छ। विकेन्द्री-करण योजना अनुसार पहिलो, दोस्रो र तेस्रो चरणमा राखी १२ वर्षमा (२०३४ साल सम्ममा) देशका सम्पूर्ण गाउँ, नगर र जिल्ला पञ्चायतहरूमा शक्ति विकेन्द्रीकरण गर्ने भएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

६. असंलग्न परराष्ट्र नीति:

पञ्चायत प्रजातन्त्रको अन्तिम प्रमुख विशेषता असंलग्न परराष्ट्र नीति हो। आजको विश्वको साम्यवादी र पूँजीवादी दुई सैनिक शक्ति गुटमध्ये कुनै पनि गुटमा नफसी सक्रिय र गतिशील स्वतन्त्र परराष्ट्र नीति अपनाउने नेपालको दृढ सिद्धान्त हो। गुटबन्दीमा संलग्न रहनु पञ्चायत प्रजातन्त्रको उद्देश्य र क्रियाकलापको विपरीत छ। यसैले आजको परस्पर विरोधी दुई शक्ति गुटमा विभाजित विश्व राजनीतिमा शीतयुद्धको व्यापक प्रकोप फैलिरहेकोछ। त्यसमाथि आणविक सस्त्रास्त्रको अन्धाधुन्ध होडबाजीको कारण विश्वविनाशको डर र त्रासले व्याप्त भएको संसारमा पञ्चशील सिद्धान्तअनुसार शान्तिपूर्ण सह-अस्तित्वको भावना फैलाउन नेपालले ठूलो भूमिका खेलेको छ। विश्वमा चीर शान्ति र प्रगतिको लागि विश्वका सबै शान्तिप्रिय देशसित शान्तिपूर्ण सह-अस्तित्वको सिद्धान्त अनुरुप निकटतम मैत्रीपूर्ण सम्बन्ध कायम राखी सकारात्मक योगदान गर्ने गौतम बुद्धको देश नेपाल सदैव तत्पर छ। यही नीतिको सफल कार्यान्वयनले नै सुरक्षा परिषद्को सदस्यताको निर्वाचनमा नेपाल सब भन्दा बढी मत पाएर विजयी हुन सक्यो। असंलग्न परराष्ट्र नीति अपनाउने नेपालको अवस्था अनन्त इच्छा र स्थायी आकांक्षा नेपालको भू-राजनैतिक (Geo-Poltical Condition) ले निर्धारण गरेको वस्तुगत आवश्यकता र अनिवार्यता हो। अर्थात भिन्न राजनैतिक व्यवस्थाहरू अपनाउने दुई

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिशाली एशियाली देशहरू चीन र भारतले च्यापेको भू-परिवेष्ठित नेपालको लागि यो नीति वाहेक अरू विकल्प रहन सक्दैन । किनभने नेपालले आफ्नो स्वतन्त्र अस्तित्व कायम गर्न सँधै यी दुई छिमेकीहरू मध्ये कसको पनि पिछलग्गू नभई दुवै सित त्यतिकै राम्रो सम्बन्ध कायम राख्नु पर्दछ । यसैले नेपालले असंलग्न परराष्ट्र नीति अपनाउने दृढ अठोट र प्रतिज्ञा गरिसकेको छ । यस मार्गबाट नेपाल विचलित हुनु राष्ट्रको हितको विपरीत हुनेछ । यसैले गाउँ फर्क राष्ट्रिय अभियानको दश सूत्रको एक सूत्रमा समेत सबै नेपालीले असंलग्न परराष्ट्र नीति अनुकूल आचरण गर्नु पर्ने आवश्यकतामाथि जोड दिइएको छ ।

Q.No.4.

A. What do you mean by Nationalism ? How has Panchayat Democracy helped to strengthen it ?

राष्ट्रियताको अर्थ तपाईको भनाईमा के हो ? पञ्चायत प्रजातन्त्रले यसलाई मजबूत गर्न कसरी मद्दत गरेको छ ?

B. Discuss the Part played by Panchayat Democracy in arousing a sense of Nationalism amongst the Nepalese.

नेपालीहरूको बीचमा राष्ट्रियता का भावना जगाउन पञ्चायत प्रजातन्त्रले खेलेको स्थान छलफल गर्नु होस् ।

उत्तरः—राष्ट्रियताको परिभाषा:

कुनै निश्चत भू-भागमा स्थापित राष्ट्रप्रति अगाध

CC-0. In Public Domain. Digitization by eGangotri

आस्था र विश्वास राखी त्यसको प्रादेशिक अखण्डता र स्वतन्त्र अस्तित्वको सबल रखवारी गरी समयोचित विकास र उन्नतिको लागि जाति, भाषा, रहन-सहन, रीति-थिति र ऐतिहासिक परम्परा एक समान भएका जन समुदायको सदीमिटन सदैव तत्पर रहने लगनशीलताको विशुद्ध मानसिक स्थिति नै राष्ट्रियता हो। अर्को शब्दमा कुनै निश्चित भू-भागमा राष्ट्रको रूपमा कायम गरी जाति, भाषा, रहन-सहन, रीतिरिवाज र ऐतिहासिक परंपरा एक समान भएका जन समुदायको स्वतन्त्रतापूर्वक संगै बाँच्ने र उन्नति गर्ने उत्कट अभिलाषा र आकाँक्षाको फलस्वरूप विकसित भएको सामुहिक प्रवृत्ति नै राष्ट्रियता हो। यो हृदय र मस्तिष्कको संतुलित अभिव्यक्ति हो जुन मानिसको आचार र विचारद्वारा अलंकिन्छ। जुन जातिमा राष्ट्रियता हुँदैन त्यो जातिको आफ्नै स्वतन्त्र अस्तित्व रहन सक्दैन। राष्ट्रको उत्थानको लागि राष्ट्रियतावाले हर क्षेत्रमा जनतालाई एकताको सूत्रमा आबद्ध गरी साझा प्रयास जारी राख्न उद्यत गर्दछ। एकताको सूत्रमा यसरी गाँसिएको जनतालाई टुक्र्याउन ज्यादै कठिन पर्दछ। जनताको आपसी सद्भावना, सहविचार र सह जीवनको आधार राष्ट्रियतावाट अपूर्व चमत्कारिलो उपलब्धिहरु पनि मानिसले हासिल गर्दै आएको छ। राष्ट्रियताको उर्लदो भावना पहिले यूरोपमा जाग्यो यसैको प्रभाव स्वरूप एशिया र अफ्रिकामा पनि खासगरी दोश्रो विश्व युद्ध (सन् १९३९-४५) पछि जाग्यो। साम्राज्यवादी शक्तिहरूको पञ्जामा रहेका अने-

CC-0. In Public Domain. Digitization by eGangotri

कन उपनिवेशहरूले यही राष्ट्रियताको अपूर्व लहरले स्वतन्त्रता हासिल गरे । यो आज विश्व राजनीतिमा ठूलो शक्तिको रुपमा रहेको छ । हुन त अरु राष्ट्रलाई घृणा गर्ने संकुचित र कट्टर राष्ट्रियताको अन्धाधुन्ध प्रचार (Propaganda) ले गर्दा विश्वमा तनाव पैदा गरी विनाशकारी युद्ध पनि गराएको छ जसको उदाहरणस्वरुप पहिलो र दोश्रो विश्व युद्धहरू हाम्रा सामु छन् । यो निर्विवाद सत्य हो कि राष्ट्रियताको अनन्त शक्तिले अरू राष्ट्रको हानी नगरी आ—आफ्नो राष्ट्रको हित र कल्याण गर्दै गदमा विश्व मानव समाजमा नै सुख, शान्ति र समृद्धिको सर्वोच्च शिखरमा पुग्ने छ ।

राष्ट्रियताको भावना जातपातमा पञ्चायत प्रजातन्त्रको स्थान (योगदान):—

संसदीय प्रजातन्त्र अन्तरगत खतरामा परेका देशको एकता, राष्ट्रियता र सार्वभौमिकतालाई बचाई नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नतिको लागि स्थापित राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो पञ्चायत प्रजातन्त्रले नेपाली जनतामा राष्ट्रियताको भावना मजबूत गर्न ठूलो योगदान गरेको छ । राष्ट्रियताको जगमा उठेको पञ्चायत प्रजातन्त्रले राष्ट्रियताको विकासमा ठूलो महत पुऱ्याएकोले नै आज नेपाली जनतामा राष्ट्रियताको अपूर्व लहर व्यापक रुपमा फैलिरहेको छ । राष्ट्रियताको विकासमा पञ्चायत प्रजातन्त्रले दिएको योगदान (स्थान) निम्न शीषक अन्तर्गत वर्णन गरिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सबैको साझा राजसंस्था क्रियाशील:

देशको एकता र राष्ट्रियताको प्रतीक तथा शक्तिको मूल श्रोत राजाले नै नेतृत्व गरेको पंचायत प्रजातंत्रमा राष्ट्रियताको विकास अभूतपूर्व रुपले भएको छ । कुनै पनि देशको राष्ट्रियताको विकासको स्वस्थ बाटो दिन देशवासीहरुलाइ अन्तत प्रेरणा र उत्साह दिई राष्ट्रिय हितलाई अगाडि बढाउन सक्ने एक सबल र सर्वमान्य नेतृत्वको आवश्यकता पर्दछ । नेपालमा यस्तो नेतृत्व श्री ५ स्वयमले दिइ बक्सेको छ । २०१७ साल सम्म राष्ट्रिय व्यक्तित्व भएको प्रभावशाली नेताको अभावमा नेपाली राष्ट्रियताले सही बाटो पाउन सकेको थिएन । दलगत राजनीतिले गर्दा जनताको प्रायः संपूर्ण समय आपसी झैं झगडा, कलह र विरोधमा नै बितेकोले नेपाली राष्ट्रियतामा नै ठूलो आँच आएको थियो । यसरी आपसमा टुक्रिएको नेपाली जनतालाई राष्ट्रियताको बलियो गाँठोमा आबद्ध गर्न जनताको सर्वमान्य राष्ट्रिय नेता सबैको साझा राजा नै सक्रिय भइ कर्मक्षेत्रमा उत्रिबक्सेको छ । यसले गर्दा देशका विभिन्न वर्ग, जात जाति र क्षेत्रका जनताको बीच राष्ट्रिय एकता र राष्ट्रियताको भावना जागी आपसी मेलमिलाप, सहयोग र भाइचाराको सुमधुर सम्बन्ध कायम भएको छ । "म मरे पनि देश नमरोस्" भन्ने राष्ट्रियताले ओतप्रोत भएको उद्गार व्यक्त गरिबक्ने स्वर्गीय श्री ५ महेन्द्रको नेतृत्वमा नेपाली राष्ट्रियताको विकास व्यापक रुपमा भएको थियो । देशको चौतर्फी विकासको लागि सबै मिली शक्तिको मूल फुटाउन आह्वान गरिबक्सने श्री ५ बीरेन्द्रको नेतृत्वमा नेपाली राष्ट्रियताको विकास भईरहेकोछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली स्वतन्त्र अस्तित्वता जोड:

नेपाली राष्ट्रियताको मुख्य आधार वास्तवमा नेपालको स्वतन्त्र अस्तित्व हो । नेपाललाई कुनै राष्ट्रको दवावमा राखन नदिइ सार्वभौमसत्ता संपन्न, स्वतन्त्र र अक्षुण्ण राखन सकेमा नै सही अर्थमा राष्ट्राभिमानी नेपाली जातिको स्वतन्त्र अस्तित्व सम्भव हुन्छ । "नेपाल नरहे नेपाली रहने छैन" भन्ने राष्ट्राभिमानी भावना नै वास्तवमा पञ्चायत प्रजातन्त्रको मुख्य आधारशिला भएकोले नेपालको स्वतन्त्र अस्तित्वमा जोड दिइ नेपाजी जनतामा राष्ट्रियताको अपूर्व लहर पंचायत प्रजातन्त्रले फैलाएको छ । नेपालको स्वतन्त्र अस्तित्वलाई जोगाई राख्ने अभिभारा कुनै खास वर्ग र मानिसको मात्र होइन; यो नेपाली मात्रको साझा दायित्व हो भन्ने तथ्यलाई पनि पञ्चायत प्रजातन्त्र ले छर्लङ्ग्याएको छ । चन्द्र सूर्य अंकित राष्ट्रिय झण्डामुनि सम्पूर्ण नेपाली एक भइ नेपालको गौरवमय परम्परा र संस्कृतिलाई कायम राखी आफ्नै जीवन हाँचामा रही मातृभूमिको स्वतन्त्र अस्तित्व कायम राख्ने राष्ट्रियताको भावना नेपाली जनतामा पञ्चायत प्रजातन्त्रले जागृत गरेको छ । देश सबैको साझा हो भन्ने राष्ट्रियताको भावनामा देखा दिन देशका संपूर्ण जनताले समान रुपले देशको राजनैतिक व्यवस्था (शासन व्यवस्था) मा सक्रिय भई हिस्सा लिन सकुन भनेर शक्ति विकेन्द्रीकरणको योजना पञ्चायत प्रजातन्त्र अन्तर्गत लागू भईरहेकोछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस अतिरिक्त प्रत्येक नेपालीमा राष्ट्रियता र राष्ट्रिय एकताको भावना दृढ र विशाल बनाउन पंचायत प्रजातन्त्र अन्तर्गत गाउँ फर्क अभियान जस्तो राष्ट्रव्यापी अभियान नेपाली जनताले संचालन गरिरहेका छन् । यी सबै कृयाकलापहरूले आफ्नो गौरवमय इतिहास, संस्कृति, कला— कौशल आदिमा नेपाली जनतामा अगाध आस्था र विश्वास जगाएको छ ।

आपसी समझदारी र सहयोगमा जोड:

राष्ट्रियताको विकासको लागि देशका विभिन्न जात-जाति वर्ग, धर्म, वर्ण र व्यवसायका मानिसहरूमा आपसी समझदारी र सहयोगको भावना आवश्यक छ । यसको लागि देशका सबै वर्गहरूको विकासको समुचित र ठोस व्यवस्था हुनु पर्दछ । कोही काखामा र कोही पाखामा राखुँजेल र कुनै वर्ग अरु कुनै वर्ग बाट शोषित र पीडित भएसम्म नेपाली राष्ट्रियताको स्वस्थ विकास संभव छैन । सानो र ठूलो शोषक र शोषित, सुविधाप्राप्त र सुविधा नपाएका अनी जबसम्म नेपाली जनता विभक्त रहन्छ तबसम्म राष्ट्रियताको भावना उदय हुने कुनै गुञ्जायस नै रहँदैन । यही तथ्यलाइ दृष्टि राखी कृषिप्रधान नेपालका बहुसंख्यक किसानहरूमा भइरहेको शोषण अन्त गर्न भूमि-सुधार कार्यक्रम तथा जात-जाति, लिङ्ग र धर्मको आधारमा भइरहेको भेदभावपूर्ण सामाजिक खराबीलाइ दूर गरी सामाजिक न्याय कायम गर्न मुलकी ऐन पञ्चायत प्रजातन्त्र अन्तरगत लागू भइरहेका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस अतिरिक्त विभिन्न वर्गहरूको बीच मतभेदहरू रहेमा एकले दोश्रोको स्थितिलाइ राम्ररी बुझी आपसी समझदारी र सहयोगको आधारमा शान्तिमय तरीकाले सुल्झाउन वर्ग समन्वयको सिद्धान्त पञ्चायत प्रजातन्त्र अन्तरगत लागू भइरहेको छ। यसरी नेपालीहरूको बीच आपसी समझदारी र सहयोगको भावनाले नेपाली राष्ट्रियताको उत्थानमा ठूलो टेवा दिइरहेको छ।

सर्वतोमुखी बिकासमा जोड:

राष्ट्रियता सही अर्थमा मजबूत र बिकसित गर्न राष्ट्रको सर्वतोमुखी बिकास गर्न सक्नु पर्दछ। देशको सर्वाङ्गीण बिकास नभै राष्ट्रियताको पूर्ण बिकास र परिपालन हुन सक्दैन। यसैले देशको सर्वतोमुखी बिकासको सुनिश्चित लक्ष्य अगाडि राखी देशको राजनैतिक, आर्थिक, सामाजिक क्षेत्र लगायत अनेकन क्षेत्रहरूमा बिकास योजनाहरू सञ्चालन भइरहेका छन्। यसै सन्दर्भमा पञ्चायत प्रजातन्त्र अन्तर्गत नेपालले त्रिवर्षीय र पंचवर्षीय योजना एक एक पार गरी अर्को पंचवर्षीय योजना (२०२७-२०३२) लागु गर्दैछ। कृषि, यातायात विद्युतशक्ति, शिक्षा आदि बिकास योजनाहरूमा उल्लेखनीय उपलब्धिहरू हासिल पनि भइसकेका छन्। बास्तवमा बिकास भनेको कहिले पनि नसिद्धिने एक अटुट र कठिन प्रयास हो यसैले सबै कुरा आजको आजै हुन सक्दैन। राष्ट्रको सर्वतोमुखी बिकास गरी देशबासीहरूको जीवन स्तर माथि उठाउने सामूहिक उद्देश्य

CC-0. In Public Domain. Digitization by eGangotri

र प्रयासले नेपाली राष्ट्रियतालाइ मजबूत गर्न ठूलो मदत गरेको छ । यसै प्रशंगमा देशको आर्थिक विकासको लागि आर्थिक समुन्नतिको दशक नेपालले मनाउँदै छ ।

नेपालको अन्तरराष्ट्रिय व्यक्तित्वको विकास:

पंचायत प्रजातन्त्र अन्तर्गत विकास भइरहेको नेपाली राष्ट्रियता साँघुरो र संकुचित छैन । विज्ञान र प्राविधिक ज्ञान (Science and Technology) को चमत्कारिलो प्रगति द्वारा खुम्चिसकेको आजको विश्वमा आफैंमा मात्र सीमित भई कुनै देश पनि परिपूर्ण हुन सक्तैन । आजको संसारको कुनै देशमा घटेको घटनाको प्रभाव कुनै न कुनै रुपमा संसारभरमा नै नपरी छोडदैन । यस्तो आजको अन्तर्राष्ट्रियताको युगमा विश्व का अरु राष्ट्र झैं पूर्णरुपमा विकसित हुन चाहने नेपालले संसार का सबै शांतिप्रिय राष्ट्रहरूसित आफ्नो राष्ट्रिय आकांक्षा अनुरुप मैत्री सम्बन्ध जोड्दै र मजबूत गर्दै आइरहेको छ । किनभने हाम्रा राष्ट्रियताले विश्वको बढदो अन्तरराष्ट्रियतासंग तालमेल कायम नगरी हुन्न । यो मेल बिना नेपाली राष्ट्रियताको स्वस्थ र सही विकास आजको युगमा सम्भव छैन । किनभने यो युगको माग नै राष्ट्रियता र अन्तरराष्ट्रियताको बीच सामञ्जस्यता हो । यसै दृष्टिमा पञ्चायत प्रजातन्त्र अन्तरगत नेपालको पररराष्ट्रनीतिको प्रमुख आधारशिला कुनै पनि शक्ति (सैनिक) गुटमा संलग्न नभई विश्वका सबै शान्तिप्रिय राष्ट्रहरूसंग खास गरी छिमेकी राष्ट्रहरूसंगको सम्बन्ध गहिरो र मजबूत गर्ने, पारस्परिक आर्थिक र प्राविधिक सहयोग बढाउने, विश्व

CC-0. In Public Domain. Digitization by eGangotri

शान्तिको लागि योगदान दिने आदि हुन् । यही असंलग्न स्वतन्त्र र शान्तिप्रिय परराष्ट्रनीति अन्तर्गत २००७ सालदेखि नेपालले आफ्नो अन्तरराष्ट्रिय व्यक्तित्व कायम गरी अन्तरराष्ट्रिय जगतमा ठूलो विश्वास र प्रतिष्ठा कमाएको छ ।

Q. No. 5

A. Explain the Fundamental Duties and Rights as guaranteed to the Nepalese citizens in the consitution of Nepal under Panchayat Democracy.

पञ्चायत प्रजातन्त्र अन्तर्गत नेपालको संविधानले नेपाली नागरिकहरुलाई ग्यारेन्टी प्रदान गरेका मौलिक कर्तव्य र अधिकारहरु बर्णन गर्नु होस् ।

B. Discuss the the Nature and Significance of the Fundamental Duties and Rights as incoroporated in Part III the constitution of Nepal.

नेपालको संविधानको भाग तीनमा समावेश गरिएका मौलिक कर्तव्य र हकहरुको स्वभाव र महत्व छलफल गर्नु होस् ।

C. Evaluate the Fundamental Duties and Rights incorporated in the constitution of Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको संविधानमा समावेश गरिएका मौलिक कर्तव्य र हकहरुको मूल्यांकन गर्नु होस् ।

D. "Rights and Duties go together" Prove this statement With special reference to the Fundamental Duties and Rights of the constitution of Nepal.

"अधिकार र कर्तव्य संगसंगै जान्छन" भन्ने कथन नेपालको संविधानको मौलिक कर्तव्य र अधिकारहरुको विशेष दृष्टान्त दिई प्रमाणित गर्नु होस ।

उत्तरः— नेपालको संविधानले कर्तव्य र अधिकारलाई एक अर्काको पूरक र सहायक मानेको छ । आधुनिक प्रजातान्त्रिक व्यवस्थामा अधिकार र कर्तव्य सहगामी मानिन्छन् । अधिकारको दावाले कर्तव्यलाई त्याग्न र भूल्न सकिँदैन । साधारणतः अधिकारको कुरा गर्दा कर्तव्यलाई बिर्सिदिने बानी पाइन्छ । तर यस्तो कुनै व्यवस्थामा पनि हुन सक्तैन । जहाँ अधिकार हुन्छ त्यहाँ कर्तव्य स्वतः आउँछ । कसैको बाँच्ने अधिकार भए त्यस अधिकारको आदर गरिदिने अरुको कर्तव्य हो । अधिकार उपभोग गर्दा सबैले त्यस अनुकूल कर्तव्य पनि पालन गर्नु पर्ने हुन्छ । किनभने अधिकार र कर्तव्य एउटै वस्तुका दुइ पक्ष हरुजस्तै हुन् । यसैले कर्यव्यको दुनियामा नै अधिकारको राज हुन्छ । कर्तव्य विना अधिकार एक्लै रहन सक्दैन । यसैले यी दुइमा अन्योन्याश्रित सम्बन्ध छ । यही तथ्यलाई ध्यानमा राखी नेपालको संविधानले नागरिकका

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्यहरूको साथमा मौलिक हकहरूको घोषणा गरेको छ । कर्तव्यप्रति जोड दिई अधिकार दिने पश्चिमा साम्यवादी मुलुक-हरूमा विशेष गरी पाईन्छ । नेपालको संविधानमा नागरिकका दुइवटा मौलिक कर्तव्यहरूको याद गराइएको छ । ती हुन: (१) राष्ट्रप्रति आस्था र राज्यप्रति वफादारी र (२) कानूनको मर्यादा राखी आफ्नो हकको प्रयोग अरुको हकको हनन नहुने गरी गर्नु ।

उपर्युक्त मूल कर्तव्यहरूको वफादारीसाथ पालन गरी राष्ट्रको सेवा गर्ने नागरिकहरूलाई नेपालको संविधानले न्याय-पालिकाद्वारा संरक्षण प्राप्त जम्मा ७ वटा मौलिक हकहरू प्रदान गरेको छ । कर्तव्य मनुष्य-जीवनको आवश्यक व्यवहार र गुण हो भने अधिकार व्यक्तित्वको सर्वतोमुखी विकासको निम्ति अत्यावश्यक शर्त हो जसलाई समाजले मान्यता दिएको हुन्छ । अधिकार बिना मानिसको विकास मात्र होइन उसको अस्तित्व पनि प्रायः असम्भव छ । यसैले अधिकारको निम्ति अनन्त संघर्ष भई आएको इतिहासमा पाइन्छ । अधिकार भनेको कसैले दिएर दिइँदैन यो त आफै योग्य भई त्यसको निमित्त सदा सजग र सचेत भई उपभोग गर्नुपर्छ । मौलिक अधिकार न्यायपालिकाद्वारा संरक्षण प्राप्त भएमा कसैले पनि अपहरण गर्न सकौला जनता एवं सरकार दुवैले आदर र पालन गर्नु पर्ने हुन्छन् किनभने यसको सुरक्षाको लागि न्यायालयबाट सहायता लिन सकिन्छ । नेपालको संविधानले प्रदान गरेका मौलिक अधिकारहरू देशको न्यायपालिकाद्वारा संरक्षण प्राप्त

CC-0. In Public Domain. Digitization by eGangotri

छ । पंचायती प्रजातन्त्र निर्दलीय भएकोले राजनैतिक संघ संस्था खोल्ने अधिकार कसैलाई छैन । यसरी संविधानले नेपालमा दलगत राजनैतिक जोखनलाई अन्त गरी दिए तापनि यस निर्दलीय पञ्चायती प्रजातन्त्रमा चारैतिर यत्रतत्र छरिएका देशका विभिन्न वर्ग र व्यवसाय का मानिसहरू विभिन्न वर्गीय र व्यावसायिक संगठनहरूमा संगठित भई सामूहिक रूपले आ-आफ्नो वर्गहित र देशहित हुने कार्य गर्न पूर्ण स्वतन्त्र छन । संविधान द्वारा प्रदत्त मौलिक हकहरू निम्न प्रकारका छन् :—

१. समानताको हक (Right to Equality) धारा १०
२. स्वतन्त्रताको हक (Right to Freedom) ,, ११
३. देश निकाला विरुद्धको हक (Right against Exile) ,, १२
४. शोषण विरुद्धको हक (Right against Exploitation) ,, १३
५. धर्म सम्बन्धी हक (Right to Religion) ,, १४
६. सम्पत्तिको हक (Right to Property) ,, १५
७. संवैधानिक उपचारको हक (Right to Constitutional Remedies) ,, १६

१. समानताको हक (धारा १०)

आधुनिक मनोविज्ञानले मानिस मानिसमा बुद्धि, व्यवसाय, कार्यक्षमता, चाहना आदिमा वैयक्तिक भिन्नता हुन्छ भन्ने सिद्ध गरे तापनि राजनीति शास्त्रले अधिकारको उपभोगमा समान नै सम्झन्छ । किनकि समान नागरिकहरूको राज्यप्रति समान आस्था र विश्वास हुन्छ । यसैले संयुक्त राष्ट्र

CC-0. In Public Domain. Digitization by eGangotri

संघद्वारा घोषित मानव अधिकारको विश्वव्यापी घोषणामा समानताको हकबारे उल्लिखित छ—"सबै मनुष्य प्रतिष्ठा र अधिकारमा स्वतन्त्र र समान भई जन्मेका छन्।" प्रजातान्त्रिक देशहरूमा कानूनको दृष्टिमा कुनै पनि नागरिकलाई उच्च, नीच, धनी, गरीब, जात, जाति आदिको कारण पक्षपात वा उपेक्षा नगरी सबै समान र बराबर सम्झिइन्छ । यस्तै बिना भेदभाव सरकारी नोकरीमा पनि समान मौका सबै नागरिकहरूलाई प्रदान गरिएको हुन्छ । यही समानताको सिद्धान्तलाई अपनाई नेपालको संविधानले धारा १० उपधारा १ द्वारा "सबै नागरिक कानूनको समान हकदार हुने छन्।" भनी स्पष्ट घोषणा गरेको छ । त्यही धाराको उपधारा २ र ३ अनुसार सामान्य कानूनको प्रयोगमा र सरकारी वा अरु कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात जातिको आधारमा भेदभाव हुने छैन । यस प्रकार संविधानले अरू प्रजातान्त्रिक देशहरूमा झैं कानून समक्ष समानता Equality before Law) र सरकारी नियुक्तिको अवसरको समानता (Equality of opportunity regarding Public Employment) प्रदान गरेको छ ।

२. स्वतन्त्रताको हक (धारा ११)

स्वतन्त्रता मनुष्य जीवनको सार हो । यसैले स्वतन्त्रतालाई मानिसको जन्मसिद्ध अधिकार मानिन्छ । राज्यले सबै

CC-0. In Public Domain. Digitization by eGangotri

नागरिकहरूमा समानताको सिद्धान्त अपनाएर मात्र पुग्दैन त्यसले नागरिकहरूको व्यक्तिगत स्वतन्त्रता पनि संरक्षण र सम्वर्द्धन गर्नु पर्छ । यसैलाइ ध्यानमा राखी संविधानको धारा ११ को उपधारा १ ले "कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन" भन्ने घोषणा गरेको छ । स्वतन्त्रताको हक अन्तर्गत कसैले कसूर गरेको छ भने निजलाई तत्काल प्रचलित कानूनमा तोकिएको भन्दा बढी सजाय दिन पाईने छैन । कुनै पनि अभियुक्तलाई अदालतमा एउटै कसूरमा बारम्बार मुद्दा चलाउन र सजाय दिन सकिंदैन । स्वेच्छाले बयान दिएमा बाहेक कुनै पनि अभियुक्तलाई आफ्नो विरुद्ध बयान दिन बाध्य गर्न सकिंदैन । शत्रुराज्यको नागरिक र निवारक नजरबन्द कानून (सुरक्षा कानून) अन्तर्गत गिरफ्तार भएको वा नजरबन्द रहेको व्यक्ति बाहेक कसैलाई पनि बिना कारण गिरफ्तार गरी थुनामा राख्न सकिंदैन । थुनामा रहेको अभियोगीले चाहेको खंडमा रोजेको कानूनी व्यवसायी (प्लीडर) संग सल्लाह लिने रनिजद्वारा पुर्पक्ष गर्ने अधिकार दिइएको छ । गिरफ्तार गरी थुनामा राखिएको व्यक्तिलाई गिरफ्तार भएको ठाउँबाट बाटाका म्याद बाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी छेउ उपस्थित गराउनु पर्छ । त्यस्ता अधिकारीको आदेशले बाहेक सो अवधि भन्दा बढी कसैलाई पनि थुनामा राख्न पाउने छैन । यस अतिरिक्त संविधानले निम्न ५ स्वतन्त्रताका हकहरू प्रदान गरेको छः—

CC-0. In Public Domain. Digitization by eGangotri

(क) वाक् र प्रकाशन स्वतन्त्रता;

(ख) शान्तिपूर्वक र विना हतियार भेला हुने स्वतन्त्रता

(ग) राजनैतिक उद्देश्यले वाहेक संघ र संस्था खोल्ने स्वतन्त्रता

(घ) नेपालको कुनै भागमा आवतजावत र वसोवास गर्ने स्वतन्त्रता; र

(ङ) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गरी वा अरु किसिमले उठाउन पाउने स्वतन्त्रता।

३. देश निकाला विरुद्धको हक (धारा १२)

नेपालको संविधानले थपेको एउटा नौलो मौलिक अधिकार यही हो। पहिले पहिले कुनै सानो कसूरमा पनि देश निकाला गर्ने चलन थियो। त्यस प्रकार कुनै पनि नागरिकलाई देश निकाला गर्नु सर्वथा उचित होईन। कसैले कसूर गरे भने त्यसलाई कानून वमोजिम सजाय अवश्यै दिनुपर्छ तर देशबाट निष्काशित नै गर्नु कदापि उचित ठहर्दैन। किनभने देश सबै नागरिकहरूको साझा हो। यसर्थ अघदेखि "कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन" भन्ने संविधानको धारा १२ ले घोषणा गरेको छ। यहाँ यो उल्लेखनीयछ कि यदि कुनै नेपाली नागरिकले नेपालको विरुद्ध हातहतियार उठाई

CC-0. In Public Domain. Digitization by eGangotri

अपराध गऱ्यो भने वा देशलाई परेको संकटकालीन अवस्थामा कानूनद्वारा निर्धारित राज्यको सेवा नगरेमा त्यस व्यक्तिको नागरिकता समाप्त हुनेछ भन्ने संविधानको धारा ८ को उपधारा ३ मा उल्लेख छ । स्पष्ट छ त्यस्तालाई देश निकाला विरुद्धको हक प्राप्त हुने छैन ।

४. शोषण विरुद्धको हक (धारा १३)

आजको सभ्य युगमा मानिसले मानिसको शोषण गर्नु ज्यादै निन्दनीय र घृणित कुरा हो यसलाई सदाको लागि हटाउन संविधानले देशका समस्त नागरिकलाई शोषण विरुद्धको हक दिइएको छ । यस हक अन्तर्गत "मानिसको बेचविखन, दासत्व, र मानिसलाई कुनै किसिमको जबरजस्ती काम गराउन निषेध गरिएको छ ।" तर सरकारले सार्वजनिक हितको लागि कानूनद्वारा मानिसहरूलाई अनिवार्य रूपबाट काम गर्न लगाउन सक्ने छ । जस्तो कि युद्ध वा कुनै राष्ट्रिय संकट कालमा सरकारले देशका युवकहरूलाई अनिवार्य रूपबाट सेनामा भर्ती गर्न सक्तछ त्यस्तै अन्य कुनै प्रकारको श्रमदान दिन बाध्य गराउन सक्तछ ।

५. धर्म सम्बन्धी हक (धारा १४)

आफूले चाहेको वा धर्मलाई अपनाउन धर्मनिरपेक्ष राज्यमा कैं नेपालमा नपाद तापनि सनातनदेखि चलि आएको आफ्नो धर्मको अनुयायी भइ त्यसमा लागिरहन सबै स्वतन्त्र छन् । यसमा कसैको बाधा अडकाउ दिन पाउँदैन र कसैले

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कसैको धर्म परिवर्तन गराउन नपाउने व्यवस्था छ। संविधानको धारा १४ ले धर्म सम्बन्धी हकको घोषणा यसरी गरेको छ— प्रत्येक व्यक्तिले परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र आफ्नो धार्मिक कृत्य गर्न पाउने छ।"

६. सम्पत्तिको हक (धारा १५)

आजको भौतिक युगमा सम्पत्तिको ज्यादै ठूलो महत्व छ। । कसै कसैले त सम्पत्तिलाई आफ्नो ज्यान भन्दा प्यारो ठान्दछन्। सम्पत्ति भनेको मानिसले आफ्नो बुद्धि र परिश्रम लगाई प्राप्त गरेको फल हो जसको मूल्य समाजमा रहन्छ। देशका सबै नागरिकले सम्पत्ति कमाउने, त्यसको उपभोग गर्ने, बेचविखन समेत गर्ने पूर्ण अधिकार छ। सम्पत्तिको सुरक्षा र संरक्षणको लागि संविधानले ग्यारेन्टी प्रदान गरेको छ। संविधानको धारा १५ अनुसार कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण नहुने भएको छ।

७. संवैधानिक उपचारको हक (धारा १७)

जबसम्म यी माथि उल्लिखित सबै मौलिक हकहरू लागू गर्ने र तिनीहरूको रक्षाको लागि संवैधानिक उपाय हुँदैन तबसम्म मौलिक हकहरू महत्वहीन हुन्छन; कागजी मात्र हुन्छन। यसर्थ संवैधानिक उपचारको हक नै वास्तवमा मौलिक हकहरूको आधार—स्तम्भ हो। आफ्नो अधिकारमाथि

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले हनन गरेमा त्यसको रक्षाको लागि देशको सर्वोच्च अदालतको शरण लिन सक्ने संवैधानिक हक देशका तमाम नागरिकलाई दिइएको छ। यसैको पुष्टिको लागि संविधानले सर्वोच्च अदालतलाई नागरिकका मौलिक हकहरू संरक्षण र प्रचलन गर्ने असाधारण अधिकार सुम्पेको छ। यस अनुसार सर्वोच्च अदालतले आज्ञा, आदेश, पूर्जी, बन्दी प्रत्यक्षीकरण (Habeas Corpus), १ परमादेश Mandamus) २ प्रतिषेध (Prohibition), ३ अधिकारपृच्छा (Quo Warranto). ४ उत्प्रेषण (Certiorari), ५ जस्ता उपायहरू

Notes. १ गैरह कानूनीरुपले थुनामा परेको कुनै व्यक्तिलाइ न्यायाधीश वा अदालतका सामु उपस्थित गर्न सर्वोच्च अदालतले दिएको आदेशलाई बन्दीप्रत्यक्षकरण भनिन्छ। २ तल्लो अदालत, संस्था अधिकारी आदिलाई कुनै विशेष काम गर्नको लागि सर्वोच्च अदालतले दिने आदेशलाई परमादेश भनिन्छ। नपाएको अधिकार प्रयोग गरिएको छ वा पाएको अधिकारभन्दा बढी प्रयोग गरिएको छ भने त्यस्तो प्रयोग गर्ने अदालत वा अधिकारीको विरुद्ध जारी गर्ने सर्वोच्च अदालतको आदेशलाई प्रतिषेध भनिन्छ। ४ कुनै व्यक्ति वा संस्थाले उपभोग गरिरहेको पद, विशेषाधिकार र स्वतन्त्रता प्रमाणित गर्न दिइने आदेशलाइ अधिकारपृच्छा भनिन्छ। ५ कुनै अधिकारीले आफ्नो अधिकारको दुरुपयोग गरी अर्काको अधिकारमा हनन् पुऱ्याएमा त्यस्तो कार्यवाही रद्द गर्न सर्वोच्च अदालतको आदेशलाइ उत्प्रेषण भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

अपनाइ नागरिकका मौलिक हकहरू सुरक्षित राख्न सक्दछ। यिनीहरू संवैधानिक उपायहरू मात्र हुन; यिनीहरूलाई कसरी सर्वोच्च अदालतले उपयोग गर्दछ त्यसैमा नागरिकको मौलिक हकको संरक्षण निर्भर गर्दछ। सर्वोच्च अदालतले आफैं सजग र सचेत भइ अगाडि नबढेसम्म यी उपायहरू त्यति उपयोगी हुदैनन्।

मौलिक हकका बन्देजहरू:

माथि उल्लिखित मौलिक हकहरू असीमित छैनन्। तिनीहरू बन्देज नभएका अनियन्त्रित दावाहरू होइनन्। यिनीहरूको कुनै निश्चित र नियन्त्रित सीमा छ। अतः नेपालको संविधानको ग्यारेन्टी प्रदान गरेका मौलिक हकहरू कुनै अवस्थामा बन्देजयुक्त छन। अशिक्षित समाजमा अज्ञानता, उच्छृङ्खलता र अन्य कुनै कारणबश कुनै अधिकारको प्रयोग हुँदा अधिकांश जनताको हितको विपरीत हुन जाने अवस्थामा कानूनद्वारा त्यस किसिमको अधिकारको प्रयोगमा प्रतिबन्ध लगाउनु अत्यावश्यक छ किनकि प्रत्येक लोककल्याणकारी राज्यको पहिलो प्रमुख कर्तव्य सम्पूर्ण जनताको हित गर्नु हो। यसैलाई ध्यानमा राखी संविधानले ग्यारेन्टी प्रदान गरेका मौलिक हकहरूको प्रयोगलाई सार्वजनिक हित (Public Good) को लागि कानून बनाइ व्यवस्थित र नियन्त्रित गर्न सकिने व्यवस्था संविधानले गरेको छ। यस किसिमको बन्देज नयाँ होइन। भारत र अन्य देशका संविधानहरूमा पनि सार्वजनिक हितको लागि कानूनद्वारा मौलिक हकको प्रयोगमा बंदेज लगाउन सक्ने

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था छ ।

मौलिक हकहरूको प्रयोगमा बन्देज निम्न अवस्थामा कानूनद्वारा हुन सक्तछ:—

(१) नेपालको सुरक्षा कायम राख्न;

(२) शान्ति र सुव्यवस्था कायम राख्न;

(३) मित्रराष्ट्रहरूसंगको मैत्रीपूर्ण सम्बन्ध कायम राख्न;

(४) विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताको बीच सम्बन्ध कायम राख्न;

(५) जनताको सदाचार, स्वास्थ्य, सुविधा आदि कायम राख्न;

(६) बालक वा महिलाहरूको हित संरक्षण गर्न;

(७) आन्तरिक अशान्ति वा वाह्य आक्रमण रोक्न;

(८) अदालत वा राष्ट्रिय पञ्चायतको अवहेलना हुन नदिन; र

(९) नेपालको संविधान वा अन्य कानूनको व्यवस्था उल्टाउने कुचेष्टा रोक्न ।

उपर्युक्त उद्देश्य मध्ये कुनै एक वा सबैको निमित्त सरकारले कानून बनाइ मौलिक अधिकारको प्रयोगमा बन्देज लगाउन सक्नेछ । यस प्रकार सार्वजनिक हितको निमित्त मौलिक अधिकारहरूको परिधि सीमित र नियन्त्रित राख्न सक्ने व्यवस्था संविधानले मिलाएको छ ।

जनताको हितको ख्याल राखी नागरिकको मौलिक

CC-0. In Public Domain. Digitization by eGangotri

हकको प्रतिबन्ध गर्ने नेपालमा सुरक्षा कानून छ । सरकारलेत यो कानूनको उद्देश्य अनुरुप सर्वसाधारण जनताको वास्तविक हितको ख्याल राखी सदुपयोग नगरी आफ्नो स्वार्थसिद्धिको निमित्त कहिले काही प्रयोग गरेको कसै कसैले आरोप लगाउन पनि बांकी राखेका छैनन् । सरकारको स्वार्थ सिद्धितिर त्यो कानूनको दुरुपयोग भएमा अवश्यै जनतामा नराम्रो प्रभाव पर्नेछ ।

यसको अतिरिक्त संकटकालमा मौलिक हकको स्थगन र अपहरण हुन सक्छ । श्री ५ को बिचारमा नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षालाइ युद्ध, वाह्य—आक्रमण या आन्तरिक उपद्रवको खतरा परी गम्भीर संकट उत्पन्न भएको छ भन्ने लागेमा मौसुफले जहिले पनि संकटकालको घोषणा गर्न सकिबक्सिन्छ । यस किसिमको संकटकालको घोषणामा धारा ८१ बाहेक संविधानको सबै वा कुनै धारा निलम्बित गर्न सकिबक्सने छ । देशको संकटकालीन स्थितिमा मौलिक हकहरू पनि स्थगित हुन्छन् त्यसबेला सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र पनि स्थगन हुन्छ । व्यवस्थापिका, कार्यपालिका र न्यायापालिकाका सम्पूर्ण वा कुनै अधिकार मौसुफको स्वविवेकले प्रहण गरिबक्सने छ ।

मौलिक हकहरूको विषयमा मन्त्रिपरिषद्का भूतपूर्व अध्यक्ष डा० तुलसी गिरीले भन्नु भएको छ— "पश्चिमी राष्ट्रहरुले राजनीतिक र सामाजिक अधिकारलाई र साम्य-

CC-0. In Public Domain. Digitization by eGangotri

वादी राष्ट्रहरुले आर्थिक र सांस्कृतिक अधिकारलाई प्रमुखता दिएका छन् । नेपालले ती दुवै दृष्टिकोणमा सन्तुलन ल्याई यथार्थवादी ढङ्गले आवश्यक सबै अधिकारहरु नेपालको संविधानमा समावेश गरेको छ ।" अधिकारको सम्बन्धमा नेपालको संविधान कति व्यापक छ भन्ने विषयमा यस संविधान मसौदा समितिको अध्यक्ष श्री ऋषिकेश शाहले भन्नु भएकोछ· " नेपालको संविधानले मानव अधिकारको मर्यादा मात्र होईन यसको घोषणापत्रका आदर्शहरुको संरक्षण पनि गरेको छ ।"

Q. No. 6 1979

A. Discuss the Constitutonal Position, and Powers of the Crown of Nepal.
नेपालको राजमुकुटका संवैधानिक स्थान र अधिकारहरु छलफल गर्नुहोस ।

B Assess the Positon and Power of the Crown under the Constitution of Nepal.
नेपालको संविधान अन्तर्गत राजमुकुटका स्थान र अधिकारहरु निर्धारण गर्नुहोस ।

राजमुकुटको स्थान :

इतिहासको उषा काल देखि राजसंस्थाको गौरवपूर्ण गरिमाले सुशोभित नेपालमा राजमुकुट जनताको अगाध आस्था र विश्वासको पुञ्ज हो । आधुनिक नेपालको निर्माण, हेरचाह र संरक्षण राजमुकुटले नै गरेको छ । नेपालको राजमुकुट देशको शान्ति, सुव्यवस्था र स्थायित्वको मेरुदण्ड मानिन्छ । यो सर्वोपरि स्थायी संस्था देशको एकता, सार्वभौ

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्तता, राष्ट्रियता र गौरवको प्रतीकको साथै यी सबलाइ हरहालतमा जोगाइ राख्ने बलिष्ठ संरक्षक पनि हो । नेपालको राजाले आफ्नो राजगद्दी समेत बाजी राखी प्रजातन्त्रको प्रादुर्भावको लागि जनताको साथमा सम्पूर्ण शक्ति लगाएबाट विश्वको इतिहासमा नै एक अनुपम स्वर्णीम अध्याय थपेको छ । यसैले नेपालमा राजमुकुट प्रजातन्त्रको जन्मदाता, निर्देशक र संरक्षक मानिन्छ । यसरी प्रगति शीलताको द्योतक रहेको नेपाल को राजमुकुट देश र जनताको वास्तविक हितको संरक्षक भई आएको छ । नेपाली मात्रको अन्तिम आश्रय पनि राजालाइ नै मानिन्छ । नेपालको संविधानको धारा २० उपधारा २ अनुसार "नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित रहेको छ र कार्यकारिणी व्यवस्थापिका र न्याय संबन्धी सबै अधिकार मौलुकबाट निःसृत हुन्छन्।" यसैले यस देशमा राजा नै सम्पूर्ण अधिकारको श्रोत भएको छ : नेपालको संविधान यही श्रोतबाट बनेको संविधान हो । यसैले नेपालको राजमुकुट कानूनभन्दा माथि (Above the Law) छ । कानूनभन्दा माथिको नेपालको सर्वोच्च संस्था भई सबै अधिकारहरुको श्रोत श्री ५ भए तापनि उक्त संस्थाले संविधान र कानून बमोजिम स्थापित अङ्गहरुद्वारा ती अधिकारहरु प्रयोग गर्ने संविधानमा घोषणा भए अनुसार नेपालको राजतन्त्रलाइ संवैधानिक मानिन्छ । यसरी नेपालको राजमुकुट संवैधानिक घेराभित्र रहने संविधानको अत्यन्त महत्वपूर्ण भाग मात्र नभएर केन्द्र बिन्दु

CC-0. In Public Domain. Digitization by eGangotri

एवं आत्मा नै भएको छ । यही मुख्य केन्द्र विन्दुरुपी राजमुकुट को चारैतिर संविधान घुम्दछ ।

नेपालको संविधानले श्री ५ लाइ राज्यको सर्वोच्च पद राजाको रुपमा मात्र मानेको छैन किन्तु देश र देशवासीको एक मात्र सर्वोच्च क्रियाशील नेताको रुपमा पनि मानेको छ जस माथि देश र देशवासीको भाग्य निहित छ । अर्को शब्दमा श्री ५ राज्यको प्रमुख (Head of the State) को साथै सरकारको प्रमुख (Head of the Government) पनि होइवक्सिन्छ । यसको अर्थ श्री ५ लाइ राजाको रुपमा मात्र नराखी सरकारको प्रमुखको रुपमा समेत राखी देशको सक्रिय राजनीतिमा भिज्याएको अवश्यै हो । वेलायत र अन्य राजतन्त्रात्मक मुलुकहरुमा यस्तो व्यवस्था छैन। तर नेपालमा यस्तो व्यवस्था कायम गर्नु पर्ने कारण देशमा आइपरेको संकटलाई निराकरण गरी देश र देशवासीहरुका सर्वतोमुखी विकास र प्रगतिको लागि ऐतिहासिक दायित्व वहन गर्न अघि सरेको राजालाइ संविधानले यस्तो व्यवस्था कायम नगरी अरू कुनै विकल्प रहेन भनिन्छ । राजाले देशको सक्रिय राजनीतिमा भाग लिइ तापनि यस दलविहीन पञ्चायत प्रजातन्त्रमा दलगत राजनीतिमा मुछिने सम्भावना रहदैन । देशको एकताको प्रतीक राजा कुनै दल विशेषको हुन सक्दैन; सबैको साझा हुन्छ । यस प्रकार नेपालमा राजा राज्यको प्रतिनिधित्व गर्ने राज्य प्रमुखको साथै नेपाल राष्ट्रलाइ सुसंगठित गरी सक्रिय र प्रत्यक्ष नेतृत्व प्रदान गर्ने राष्ट्रनायकको रुपमा पनि छ । यसैले

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा राजाको सम्मान, प्रतिष्ठा र स्थान सगरमाथा झैं सर्वोच्च र विशाल छ । यसै प्रसंगमा श्री इन्द्रप्रसाद कार्फलेले "पञ्चायती राजनैतिक दर्पण" किताबमा लेख्नु हुन्छ—"हाम्रो नेपालमा राजमुकुटको परम्परा नै प्रगतिशील, जनप्रिय, प्रजाको हितको संरक्षक र विष्णुको अंश नभइकन राजा हुन सक्तैन भन्ने आदर्शको रुपमा भसैकोले स्वभावतः राजमुकुटको स्थान संविधानमा मात्र होइन किन्तु प्रत्येक नेपालीको हृदयमा समेत सर्वोच्च छ र देवतुल्य आदरणीय छ ।"

राजमुकुटका अधिकार

माथि उल्लिखित राजमुकुटको सर्वोपरि स्थानले गर्दा श्री ५ लाइ सम्पूर्ण र विस्तृत अधिकार नेपालको संविधानले प्रदान गरेको छ। यसैले श्री ५ का ती अधिकारहरू कुनै राज्यको राजा वा राष्ट्रपतिका अधिकारहरूसित तुलना गर्दा बढी शक्तिशाली र वृहत देखिनु स्वाभाविक छ । नेपालको संविधानले श्री ५ लाई प्रदान गरेका अधिकारहरू विभिन्न प्रकारका छन्:

(१) कार्यकारिणी	अधिकार	(Executive Power)
(२) विधायिनी	"	(Legislative ")
(३) आर्थिक	"	(Financial ")
(४) न्यायिक	"	(Judicial ")
(५) संकटकालीन	"	(Emergency ")
(६) संवैधानिक	"	(Constituitional ")
(७) व्यक्तिगत	"	(Personal ")
(८) अवशिष्ट	"	(Residuary ")

CC-0. In Public Domain. Digitization by eGangotri

१. कार्यकारिणी अधिकार

नेपालको संविधानले सम्पूर्ण कार्यकारिणी अधिकार श्री ५ मा निहित राखेको छ। श्री ५ स्वयं, मन्त्रीहरू वा कर्मचारी-हरुद्वारा मौसूफको कार्यकारिणी अधिकारको प्रयोग हुनेछ। श्री ५ देशको सर्वोच्च शासक हो। देशको शसस्त्र सेनाको परमाधिपत्य (Supreme Command) पनि श्री ५ मा नै निहित छ। कुनै देशसितको युद्ध अथवा सन्धिको घोषणा श्री ५ बाट हुन्छ। मौसूफबाट विदेशका राजदूतहरूको प्रमाणपत्र ग्रहण गरिवक्सने छ र विदेशका लागि शाही नेपाली राजदूतहरू नियुक्त गरिव-क्सने छ। अन्तरराष्ट्रिय जगतमा नेपालको निर्विवाद सर्वोच्च प्रतिनिधिको रुपमा श्री ५ ले भूमिका निभाइवक्सन्छ। कुनै नेपाली वा विदेशीलाइ उपाधि, सम्मान र विभूषणहरु दिन परेमा श्री ५ बाट नाम दिन सकिवक्सन्छ। कारण उपाधि, सम्मान र विभूषणहरुको निर्झर (Fountain of Honour) श्री ५ नै होइवक्सन्छ। श्री ५ को स्वीकृति विना कुनै पनि नेपाली नागरिकले विदेशी राष्ट्रको सम्मान ग्रहण गर्नु हुदैन। श्री ५ लाई मौसूफको कार्यकारिणी अधिकार सम्पादनमा सहा-यता र सल्लाह दिन मौसूफको अध्यक्षतामा एक मन्त्रिपरिषद् रहने छ। मंत्रिपरिषद्का मन्त्रीहरु श्री ५ बाट राष्ट्रिय पञ्चायत का सदस्यहरूमध्येबाट नियुक्त गरिवक्सिएका हुनेछन्। मन्त्रीहरु श्री ५ प्रति पूर्ण उत्तरदायी हुनेछन्। यसप्रकार कार्यकारिणीको

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण उत्तरदायित्व प्रत्यक्षरूपले श्री ५ मा निहित छ । श्री ५ ले आफ्नो नेतृत्वमा प्रत्यक्षरुपबाट शासन भार लिन नचाहि-वक्सेमा कसैलाइ प्रधानमन्त्री नियुक्त गरी उनैको नेतृत्वमा एउटा मन्त्रिपरिषद् गठन गरिवक्सने छ । यस्तै श्री ५ बाट महत्वपूर्ण र उच्च पदाधिकारीहरुको नियुक्त गरिवक्सिने छ— जस्तै प्रधान न्यायाधीश लगायत सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू, लोकसेवा आयोगका अध्यक्ष लगायत अरू सदस्यहरु, राजसभाका सभापति र सदस्यहरू, महालेखा परी-क्षक, राजदूतहरु, अञ्चलाधीशहरु आदि ।

२. विधायिनी अधिकार

विधायिनी शक्तिको श्रोत पनि श्री ५ नै हो । यस अन्त-र्गत कुनै पनि विधेयक (Bill) राजाबाट स्वीकृत नभई कानून बन्दैन । राष्ट्रिय पञ्चायतबाट पारित कुनै पनि विधेयक श्री ५ ले स्वीकृत अथवा अस्वीकृत गर्न सकिवक्सन्छ । श्री ५ ले चाहिवक्सेमा राष्ट्रिय पञ्चायतद्वारा पारित विधेयकमा आफ्नो राय समेत पठाई पुनः विचारार्थ फिर्ता पठाउन सकिव-क्सन्छ । व्यवस्थापिका सभाले पास गरी ल्याएको कुनै पनि विधेयकमा नेपालको राजा वेलायतको राजा झैं बाँधिन पर्दैन । प्रतिवर्ष राष्ट्रिय पञ्चायतको अधिवेशन भाषण श्री ५ बाट हुन्छ जसमा सरकारी नीतिको उल्लेख हुन्छ । श्री ५ ले नै हरेक ६ महिनामा राष्ट्रिय पञ्चायतको अधिवेशन बोलाइ-वक्सन्छ तथा अधिवेशनको अन्त गरिवक्सन्छ । राष्ट्रिय

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायतको अधिवेशन चालू भएको अथवा स्थगित भएको बखत सदनको बैठक बस्न आवश्यक ठानी बक्सेमा श्री ५ ले बैठक बस्ने मिति र समय तोकिबक्सन्छ । श्री ५ ले राष्ट्रिय पञ्चायतलाई विघटन पनि गर्न सकिबक्सन्छ । श्री ५ ले जहिले पनि सदनको सामु सम्बोधन गर्न वा सन्देश दिन सकिबक्सन्छ । त्यस सन्देश वा सम्बोधनमा तोकिए बमोजिम सदनले यथाशीघ्र विचार गरी प्रतिवेदन चढाउनु पर्दछ । राष्ट्रिय पञ्चायतका संपूर्ण सदस्य संख्याको १५ प्रतिशत अर्थात हाल १६ जना सदस्यहरु मौसूफबाट मनोनित गरिबक्से बमोजिमका हुनेछन् । राष्ट्रिय पंचायतको सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यहरु मध्येबाट श्री ५ ले राष्ट्रिय पञ्चायतको अध्यक्ष नियुक्त गरिबक्सेने छ । राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको बेलामा तत्काल केही व्यवस्था गर्न आवश्यक भएमा श्री ५ ले अध्यादेश (Ordinance)जारी गर्न सकिबक्सन्छ जुन ऐन सरह मान्य हुनेछ । तर अध्यादेश राष्ट्रिय पञ्चायतको बैठक बसेको ७ दिन भित्र सदनमा पेश गर्नु पर्छ । अध्यादेश जुनसुकै समयमा पनि श्री ५ ले खारेज गर्न सकिबक्सन्छ; खारेज नभएमा राष्ट्रिय पञ्चायतले ऐनको रूपदिन नचाहेमा राष्ट्रिय पञ्चायतको बैठक बसेको ४५ दिन पछि स्वत: खारेज हुनेछ । श्री ५ को राजगद्दी उत्तराधिकारी सम्बन्धी कानून बनाउने, संशोधन गर्ने, खारेज गर्ने, शाही सेना सम्बन्धी मौलिक हकको बन्देज सम्बन्धी र आर्थिक विधेयकहरु श्री ५ को पूर्व स्वीकृति विना राष्ट्रिय पञ्चायतमा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत गर्न सकिँदैन।

३. आर्थिक अधिकार:

संविधानले अर्थ सम्बन्धी पनि श्री ५ मा विस्तृत र सर्वोच्च अधिकार प्रदान गरेको छ। श्री ५ को पूर्व स्वीकृत विना अर्थ सम्बन्धी कुनै पनि विधेयक राष्ट्रिय पंचायतमा प्रस्तुत गर्न सकिँदैन। श्री ५ को अनुमोदन विना श्री ५ को सरकारको एक पैसा पनि खर्च गर्नु पाउँदैन श्री ५ बाट प्रत्येक आर्थिक वर्षको लागि राष्ट्रिय पञ्चायतको सन्मुख श्री ५ को सरकारको आम्दानी खर्चको वार्षिक अनुमान (बजेट) पेश गर्न लगाइबक्सन्छ। देशमा कुनै किसिमको आकस्मिक भई परी आएमा श्री ५ बाट स्वीकृति बक्सेबमोजिम मात्र आकस्मिक कोषबाट खर्च गर्न सकिनेछ किनकि आकस्मिक कोषको सर्वाधिकारी श्री ५ नै होइबक्सन्छ। कानूनद्वारा निर्धारित नभएसम्म मन्त्रि परिषद्, सर्वोच्च अदालत, लोकसेवा आयोग, निर्वाचन आयोगका सदस्यहरुको, महालेखा परिक्षक, महान्यायाधिवक्ता आदिको पारिश्रमिक श्री ५ बाट तोके बमोजिम हुनेछ।

४. न्यायिक अधिकार:

आर्य संस्कृति अनुसार राजा न्यायको मुहान मानिन्छ। यसैकारण संविधानले श्री ५ मा न्यायिक अधिकार पनि सुम्पेको छ। सर्वोच्च अदालतका प्रधान न्यायाधीश लगायत अरु न्यायधीशहरूको नियुक्ति श्री ५ बाट हुन्छ। कार्य क्षमताको अभाव वा खराब आचारण भएमा कुनै पनि न्यायाधीशलाई श्री ५ बाट बर्खास्त गरिबक्सन सक्नेछ। संविधानको धारा ८४ अनुसार कुनै पनि न्यायाधिकारी वा विशेष अदालत

CC-0. In Public Domain. Digitization by eGangotri

वा ऐनद्वारा नियुक्त अधिकारीद्वारा दिईएको दण्डादेशलाई माफी, मुल्तवी (स्थगित), परिवर्तन या कम गर्न श्री ५ बाट सकिनेछन्छ । यसको साथै सर्वोच्च अदालतले टुँगो लगाई सकेको मुद्दालाई पनि श्री ५ द्वारा नियुक्त न्यायिक समितिले सिफारिश गरेमा श्री ५ ले पुनः दोहन्याई हेरिदिने हुकुम प्रसाङ्गी दिन सकिनेछन्छ । राजा न्यायको मुहान (Fountain of Justice) हो भन्ने कुरा माथिका कुराहरूले झल्काउँदछन् । श्री ५ ले मौसूफको अधिकार र कर्तव्य पालन गरिनेकोमा तथा मौसूफबाट गरिनेकोको कुनै पनि कामका सम्बन्धमा कुनै अदालतमा पनि सवाल जवाफ गर्न पाइँदैन ।

५ संकटकालीन अधिकार:

संविधानले संपूर्ण संकटकालीन अधिकार श्री ५ मा निहित राखेको छ । अरु अधिकार भन्दा संकटकालीन अधिकार बढता प्रभावपूर्ण र शक्तिशाली हुन्छ । हुन त श्री ५ को अधिकार साधारण वेलामा पनि कम्ति छैन तर पनि संकट कालीन अधिकारको प्रयोग भएको वेलामा त देशको सम्पूर्ण अधिकारहरू नै तीव्रतर रुपमा श्री ५ मा केन्द्रित हुन जान्छन् । त्यसवेला राजा सर्वशक्तिमान शासकको रुपमा रहन्छ । संविधानको धारा ८१ अनुसार श्री ५ को विचारमा नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षालाई युद्ध, बाह्य आक्रमण वा आन्तरिक उपद्रवको खतरा परी गंभीर संकट उत्पन्न

CC-0. In Public Domain. Digitization by eGangotri

भएकोछ भन्ने लागेमा जहिले पनि देशमा संटककालीन अवस्था-को घोषणा गर्ने श्री ५ ले सकिबक्सनेछ । यस किसिमको सकट-कालीन अवस्थामा धारा ८१ बाहेक संविधान जम्मै अथवा आंशिक रुपमा निलम्बन हुन सक्छ । यस प्रकार पहिलेको संविधानमा झैं संकटकालीन स्थितिको घोषणा गर्ने अधिकार श्री ५ मा छ । यसैले प्रत्यक्ष देखाउँछ कि मुलुकलाई हर-हालतमा जोगाई राख्ने अन्तिम उत्तरदायित्व श्री ५ मा निहित रहेको छ ।

६ संवैधानिक अधिकार:

देश, काल, परिस्थिति अनुकूल संविधान दिने सर्वोच्च अधिकार श्री ५ मा निहित छ । यसको अतिरिक्त नेपालको संविधानलाई संशोधन गर्ने अधिकार श्री ५ मा अन्तरनिहित छ । संविधानको संशोधन श्री ५ बाट शाही घोषणाद्वारा मात्र हुन सक्नेछ । संविधानको संशोधनको शाही घोषणाको मसौदा-लाई छलफल गरी सो मसौदामा थपघट गर्नु पर्ने देखिए सो समेतको सुझाव पेश गर्न विशेष समितिमा पठाईन्छ । विशेष समितिमा राजसभा स्थायी समितिका र राष्ट्रिय पञ्चायतको निर्देशक समितिका सदस्यहरू समावेश हुन्छन । यस समितिका दुई तिहाई सदस्यहरूको मत अनुसार श्री ५ बाट शाही घोषणा द्वारा संविधान संशोधन गरिबक्सनेछ । यसरी श्री ५ बाट गरिबक्सेको संविधान संशोधन नेपालको संविधानको अभिन्न अङ्ग हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

७. व्यक्तिगत अधिकार:

श्री ५ को व्यक्तिगत अधिकार पनि छ । यस अन्तर्गत श्री ५ ले मौसूफको अधिकार र कर्तव्य पालन गरिबक्सेकोमा तथा मौसूफबाट गरिबक्सेका कुनै पनि कार्यको लागि देशको कुनै पनि अदालतमा सवाल जवाफ हुन सक्दैन र सजायको भागी हुन सक्दैन । राजगद्दीमा आसीन श्री ५ लाई कुनै पनि कानून अन्तर्गत थुनामा राख्न सकीन्न । बेलायतका राजालाई जस्तै नेपालका राजालाई पनि महाभियोग (Impeach ment) को दोषारोपण गर्न सकिंदैन । देशको सञ्चितकोषबाट श्री ५ ले मनासिब ठानिबक्सेको रकम झिक्न सकिबक्सन्छ । यहि व्यक्तिगत अधिकार अन्तर्गत नै राजाका राजकीय विशेषाधिकारहरू (The King's Royal Prerogatives) को प्रयोग श्री ५ ले गर्न सकिबक्सन्छ ।

८. अवशिष्ट अधिकार:

माथि उल्लेखित अधिकारहरूको अतिरिक्त श्री ५ मै नेपालको सार्वभौमिकता निहित भएकोले श्री ५ को अवशिष्ट अधिकार पनि छ । यस अधिकार अन्तर्गत संविधान वा अरु प्रचलित कानूमा व्यवस्था गरिएकोदेखि बाहेक छुट्न गएका पछि देखापर्ने सबै अधिकारहरू श्री ५ मा अन्तर्निहित रहनेछन् ।

श्री ५ लाई सम्बोधन हुने शब्दको विषय वा प्रसंग अनुसार अरु अर्थ नलागेमा, अधिकार पाएको राज्य सहायक वा राज्य सहायक परिषद्लाई र धारा ८३ बमोजिम अधिकार

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गर्ने राजप्रतिनिधि वा राजप्रतिनिधि परिषद्लाई पनि जनाइँछ।

Q. No 7

A. "King Mahendra was the Architect of Panchayat Democracy" Explain.

"राजा महेन्द्र पञ्चायत प्रजातन्त्रको निर्माता थिए', वर्णन गर्नुहोस्।

B. Explain the Contributions of King Mahendra in building Panchayat Democracy.

पञ्चायत प्रजातन्त्रको निर्माणमा राजा महेन्द्रको देनहरुको वर्णन गर्नु होस्।

उत्तरः– राजा महेन्द्र सही अर्थमा पञ्चायत प्रजातन्त्रको निर्माता थियो। श्री ५ महेन्द्रले २०१७ साल पौष १ गते ऐतिहासिक कदम नचालि बक्सेको भए नेपालमा पञ्चायत प्रजातन्त्रको उदय हुने सम्भावना थिएन। संसदीय प्रजातन्त्र अन्तर्गत खतरामा परेका देशका स्वतन्त्रता; अखण्डता र राष्ट्रियताको रक्षार्थ श्री ५ महेन्द्रले २०१७ साल पौष १ गते एक साहसिलो कदम चालि-बक्सी ऐतिहासिक नेतृत्व दिन अघि सरिबक्स्यो। देश र देशबासीको कल्याण गर्न नसकेको संसदीय प्रजातन्त्रको विकल्प (Alternative) को रुपमा देशको माटोमा फल्न फुल्न सक्ने एक कल्याणकारी प्रजा-

CC-0. In Public Domain. Digitization by eGangotri

तान्त्रिक व्यवस्थाको खोजीमा श्री ५ महेन्द्र लागिबक्स्यो। यसै क्रममा नेपाली समाजमा लोकप्रिय रहँदै आएको 'पञ्चायत' लाइ मुख्य आधार बनाइ नेपाली जनताको चिरसंचित प्रजातान्त्रिक मनोकामना पूरा गर्न विश्वको बदलिदो परिस्थितिसित मिल्न सक्ने एक गतिशील र कल्याणकारी शासन व्यवस्था "निर्दलीय पंचायत प्रजातन्त्र"को जन्म २०१७ साल पौष २२ गते राजा महेन्द्रको प्रखर बुद्धि र विवेकबाट भयो। यसले स्वर्गीय श्री ५ महेन्द्र पञ्चायत प्रजातन्त्रको जन्मदाता भानिन्छ। युगानुकूल राजनैतिक, आर्थिक र सामाजिक व्यवस्था कायम गरी देश र देशवासीहरूको सर्वोत्तम हित र कल्याण गर्ने उद्देश्यले सूत्रपात भएको पञ्चायत प्रजातन्त्रका विभिन्न अङ्गहरूको निर्माण पनि राजा महेन्द्रबाट नै भएको थियो। पञ्चायत प्रजातन्त्रका राजनैतिक, आर्थिक सामाजिक लगायत सम्पूर्ण पक्षहरूमा ठोस प्रगति गरी पञ्चायत प्रजातन्त्रलाइ सुदृढ गर्ने देश र देशवासीहरूलाई श्री ५ महेन्द्रले सक्रिय र प्रत्यक्ष नेतृत्व पनि गरिबक्सेको थियो। यसैले स्वर्गीय श्री ५ महेन्द्र पञ्चायत प्रजातन्त्रको जन्मदाता र निर्माता मात्र होइन वास्तविक नेता र संरक्षक पनि थियो। स्वर्गीय श्री ५ महेन्द्रबाट निर्मित पञ्चायत प्रजातन्त्रका विविध पक्षहरूमा निम्न प्रमुख छन्।

१। राजनैतिक पक्षः

दलगत राजनीतिको फलस्वरूप अस्थिर र अनिश्चित देशको राजनैतिक वातावरणलाइ श्री ५ महेन्द्रको सबल र प्रभावकारी नेतृत्वले अन्त गरी स्थिरता र स्थायित्व प्रदान

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको थियो । राष्ट्रिय एकता र हितलाई ख्याल राखी स्व. श्री ५ महेन्द्रले पञ्चायत प्रजातन्त्र अन्तर्गत नेपालको राजनैतिक जीवनलाई निर्दलीय बनाई सुनिश्चित र सुसंगठित गरिबक्सेको थियो । तिनर बिनर भई अलमलिरहेका विभिन्न वर्ग र व्यवसायका मानिसलाई विभिन्न वर्गीय र व्यावसायिक संगठनहरूमा सम्मिलित भई संगठित रुपले आफ्नो वर्गको र देशको हित हुने काम गर्न विभिन्न वर्गीय र व्यावसायिक संगठनहरू कायम गरिए । प्रजातन्त्रको जगदेखि नै मजबूत गर्दै लैजान स्वर्गीय श्री ५ महेन्द्रको पुनित उद्देश्य अनुरुप पंचायत प्रजातन्त्र अन्तर्गत देशको शासनमा प्रत्येक नेपाली नागरिकले सक्रिय भाग लिन पाओस भनेर शासनको मुख्य आधार विभिन्न तहका पञ्चायतहरु स्थापना भएका थिए । आधुनिक प्रजातन्त्रको एक प्रमुख आधार शक्ति विकेन्द्रीकरणको सिद्धान्तलाई पालन गर्दै विभिन्न तहका पञ्चायतहरुमा शासन शक्ति क्रमशः विकेन्द्रीत गर्ने लक्ष्य थियो । यसरी एक राजनैतिक जीवनको ढाँचा र आधार पंचायत व्यवस्थाको निर्माण मात्र गरिबक्सेको होइन किन्तु यसलाई सुदृढ गर्न पनि देशको प्रत्यक्ष राजनीतिमा स्व. श्री ५ महेन्द्र भित्री बक्सी सबल र गतिशील नेतृत्व दिईबक्सेको थियो । यसैको फलस्वरुप श्री ५ ले चाहिबक्सेका मौसुफकै नेतृत्वमा पनि मन्त्रिपरिषद् गठन गर्न सकिबक्सने संवैधानिक व्यवस्था कायम भयो । यस अतिरिक्त मौसूफले मंत्रिपरिषद्लाई समय समयमा चाहिंदो निर्देशन, आदेश र मार्ग प्रदर्शन गरिबक्सेको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसै सन्दर्भमा पञ्चहरूलाई स्वर्गीय श्री ५ महेन्द्रले दिई बक्सेका ११ सूत्रीय निर्देशनहरू उल्लेखनीय थिए। पञ्चायत प्रजातन्त्रको सुदृढीकरणको लागि निरन्तर सञ्चालन गर्नु पर्ने गाउँ फर्क राष्ट्रिय अभियान जस्तो राष्ट्रव्यापी कार्यक्रम बक्सी सञ्चालन गराई बक्सेको थियो। स्व० श्री ५ महेन्द्रले नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्व स्थिर र सुस्पष्ट गर्न नेपालको असंलग्न परराष्ट्र नीतिको निश्चित व्याख्या र विकास गरिबक्सेको थियो। स्व. श्री ५ महेन्द्रको नेतृत्वमा यो नीतिको सही कार्यान्वयन भएको नै अन्तरराष्ट्रिय जगतमा नेपालले ठूलो सम्मान र प्रतिष्ठा कमाएको छ। यसरी स्व. श्री ५ महेन्द्रले पञ्चायत प्रजातन्त्रको राजनैतिक ढाँचाको निर्माण गरी बक्सी अनिश्चित र डगमगाएको नेपालको आन्तरिक र बाहिरी राजनैतिक जीवनमा नव-जीवनको सञ्चार गरिबक्सेको थियो।

२/ आर्थिक पक्ष.

आर्थिक विकासको दौडमा पछि परेको नेपालको द्रुततर आर्थिक विकासको लागि ठोस आधारहरू पञ्चायत प्रजातन्त्र अन्तर्गत स्वर्गीय श्री ५ महेन्द्रले खडा गरिबक्सी विकासको गति निरन्तर अगाडि बढाइ बक्सेको थियो। देशका असंख्य आर्थिक श्रोतहरू, विदेशी सहयोग तथा सहायतालाई सुव्यवस्थित र सुनियोजित रुपमा प्राथमिकताको आधारमा देशको आवश्यकता अनुसार विभिन्न योजनाहरुद्वारा परिचालन

CC-0. In Public Domain. Digitization by eGangotri

गरी एक सम्पन्न, स्वावलम्बी र सुदृढ राष्ट्रिय अर्थतन्त्रको विकास गरी शोषणरहित समाजको निर्माण गर्ने उद्देश्य स्वर्गीय श्री ५ महेन्द्रले राखिवक्सेको थियो। यसै प्रसंगमा नेपालले पञ्चायत प्रजातन्त्र अन्तर्गत त्रि-वर्षीय योजना (२०१६-२२) र पञ्च-वर्षीय योजना (२०२२—२७) पूर्णतया पार गरी अर्को पञ्च वर्षीय योजना (२०२७-३२) लागू गर्दैछ। योजनाद्वारा देशको आर्थिक विकास गर्न सरकारी, गैरसरकारी र पञ्चायत गरी जम्मा तीन क्षेत्रहरूमा प्रयासहरु जारी थिए। उपर्युक्त योजनाहरु अन्तर्गत देशको आर्थिक विकासको आधारस्वरूप कृषि, यातायात, सञ्चार जलविद्युत, शिक्षा, स्वास्थ्य आदि क्षेत्रहरूमा केही ठोस उपलब्धिहरू हासिल भएका थिए। देशको अर्थतन्त्रको विकास गर्ने साझा अर्थ व्यवस्था सूत्रपात भएको थियो। कृषि प्रधान देश नेपालको बहुसंख्यक किसानहरूमा सहरहेको आर्थिक दबाव र शोषण अन्त गरी पञ्चायत प्रजातन्त्रको उद्देश्य अनुरूप एक न्यायपूर्ण तथा शोषणविहीन समाजको निर्माण गर्ने २०२१ सालदेखि भूमिसुधार स्वर्गीय श्री ५ महेन्द्रको नेतृत्वमा लागू भयो। देशको अर्थतन्त्रको मेरुदण्ड पूर्व पैचीदेखि पश्चिम महाकालीसम्म जोड्ने महेन्द्र राजमार्गको निर्माण मौसूफको आव्हानमा जनताको संकल्प र मित्र राष्ट्रहरूको सहयोगबाट भएको थियो। त्यस्तै देशका उत्तरी र दक्षिणी भागहरू जोड्ने राजमार्गको निर्माणको लागि पनि स्वर्गीय श्री ५ महेन्द्रबाट आव्हान गरिबक्सेको थियो। देशको आर्थिक विकासको लागि विदेशी व्यापार विस्तार गर्न तथा त्यसमा विविधता ल्याउन भारतसित भएको व्यापार तथा पारवहन सन्धिमा सबै

CC-0. In Public Domain. Digitization by eGangotri

भू-परिवेष्ठित राष्ट्रहरूले सुविधा पाई आए सहर सरल, अंकुठित तथा पर्याप्त पारवहन सुविधाको लागि नेपालले ठूलो जोड दिएको थियो। २०२७ साल पौष १ गते देखि १० वर्ष सम्मको अवधि-लाई "आर्थिक समुन्नतिको दशक" घोषणा गरी त्यस अनुरुप कार्यक्रमहरू लागु गराई बक्सेको थियो। यसरी देशको अर्थ-तन्त्रलाई मजबूत गरी पञ्चायत प्रजातन्त्रको आर्थिक पक्ष सुदृढ गर्न निश्चित आधारहरू स्वर्गीय श्री ५ महेन्द्रले खडा गरी अटुट प्रयास जारी राख्न लगाइबक्सेको थियो।

२ सामाजिक पक्षः

नेपाली समाजलाई आजको युग सुहाउँदो आदर्श समाजमा ढाल्न निश्चित आधारहरू तयार गरी पञ्चायत प्रजातन्त्रको सामाजिक पक्ष पनि मजबूत गर्न स्वर्गीय श्री ५ महेन्द्रले ठूलो प्रयास गराइबक्सेको थियो। अन्धविश्वास र रुढिवादमा आधारित अनेकन कुरीतिहरू जस्तै बाल, बहु र धनमेल विवाहहरू; जात जाति, लिङ्ग र धर्मको आधारमा भेदभावपूर्ण सामाजिक व्यव-स्थालाई अन्त गरी नेपाली समाजलाई गतिशील र आधुनिक ढाँचामा ढाल्न २०२० साल भाद्र १ गतेदेखि नयाँ मुलुकी ऐन स्वर्गीय श्री ५ महेन्द्रले लागू गराइबक्सेको थियो। विभिन्न जात जाती, धर्म, बोलीभाषा आदिमा विभक्त नेपालीहरुलाई स्वर्गीय श्री ५ महेन्द्रको सक्रिय र सबल नेतृत्वमा नौला सामाजिक मान्यताहरु कायम गराई एक आधुनिक मेलमिलापपूर्ण गतिशील समाजको निर्माण गर्नमा ठूलो आधार तयार भएको थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी स्वर्गीय श्री ५ महेन्द्रले पञ्चायत प्रजातन्त्रका विभिन्न पक्षहरूको निर्माण मात्र गरिबक्सेको थिएन तीद्वारा देशको सर्वतोमुखी विकासको लागि र देशवासीहरूलाई प्रबुद्ध र गतिशील नेतृत्व पनि बक्सेको थियो। "जब म देशवासीको हित नै एक मात्र पूण्य कर्म हो भन्ने निधो गरी देश भरका जनताको सहयोगले यो हाम्रो सुन्दर देश नेपाललाई बनाइ नै छोडछु भनी मैदानमा उत्रिसकेको छु भने फेरि पछि हट्नु छैन" भन्ने दृढ निश्चयी पञ्चायत प्रजातन्त्र का निर्माता स्वर्गीय श्री ५ महेन्द्रको नेतृत्वमा आफनो मातृभूमि नेपालको नव-निर्माणमा सम्पूर्ण नेपाली जनता अघि बढ्नेका थिए।

Q. No. 8. 1974

A. Partylessness promotes National Integration, while Party destroys it." Discuss this statement with reference to Panchayat Democracy.

"निर्दलीयताले राष्ट्रिय एकता अगाडि बढाउँछ (सम्बर्धन गर्छ) जबकी दलले यसलाई विनाश गर्छ।" पञ्चायत प्रजातन्त्रको प्रसंगमा यो भनाईलाई छलफल गर्नुहोस्।

B. "Party leads to Factionalism, while Partylessness promotes National Integration." Discuss.

"दलले गुटबन्दी ल्याउँछ जबकि निर्दलीयताले राष्ट्रिय एकता सम्बर्धन गर्छ।" छलफल गर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर:- २००७ सालदेखि २०१७ सम्मको नेपालका अनेक राजनैतिक दलहरूका क्रियाकलापहरूको निष्पक्ष अध्ययन गर्ने हो भने तिनीहरूले राष्ट्रिय एकतालाई अगाडि बढाउन नसकेको ऐतिहासिक तथ्य छर्लङ्गिन्छ । हुनत राणा शासन विरुद्ध सशस्त्र क्रान्ति गरी नेपालमा प्रजातन्त्र ल्याउनमा राजनैतिक दलहरूले ठूलो भूमिका ननिभाएका होइनन् । तर २००७ सालको क्रान्ति पछि राजनैतिक दलहरूले थापा, जात, जाती, रहनसहन, धर्म फरक भई अनेकतामा विभाजित नेपाली समाजमा आपसी समझदारी, सहयोग र एकताको भावना जगाई देशको एकता र उत्तरोत्तर विकास गर्न सकेनन् । अमेरिकामा पनि संविधान निर्माताहरूले देशको एकताको लागि राजनैतिक दल एक ठूलो अवरोध हो भन्ने ठानी संविधानमा राजनैतिक दलको उल्लेख गरेका थिएनन् । तर कालान्तरमा त्यहाँ पनि राजनैतिक दलहरू खडा भए । आज त सम्पूर्ण पश्चिमी देशहरूमा दलगत व्यवस्था कायम छ ।

राजनैतिक दलहरूले देशको एकतालाई सर्वोपरी महत्व दिई राष्ट्रको हित र कल्याणमा अपूर्व योगदान दिँदै आएकोले नै पश्चिमी जगतमा तिनीहरूको महत्व बढेको हो । हुनत त्यहाँ पनि बहुदलीय राजनीतिले हानी नगरेको होइन । तथापि त्यहाँ निश्चित राजनैतिक र आर्थिक सिद्धान्तहरूको आधारमा देश र देशवासीको हित गर्ने लक्ष्य लिई राजनैतिक दलहरू खडा भएका हुन्छन् । तिनीहरूले जनतामा आपसी मनमुटाव र फैलगडा

CC-0. In Public Domain. Digitization by eGangotri

हटाई सहयोगको भावना जगाउँछन् र देशका प्रमुख समस्याहरुमा स्वच्छ जनमत निर्माण गर्न मदत दिन्छन्। अनि त्यही जनमतको आधारमा देशको शासन चल्दछ। यसरी राष्ट्रिय जीवनमा राजनैतिक चेतना जागृत गरी देशको एकता र समृद्धिको निम्ति राजनैतिक दलहरुले ठूलो योगदान गरिरहेका हुन्छन्। राष्ट्रिय एकतालाई अगाडि बढाई राष्ट्रको हित र कल्याणको लागि स्वच्छ जनमत निर्माण गर्न सदैव अग्रसर रही निभाउनु पर्ने गहन दायित्वलाई नेपालका राजनैतिक दलहरुले पूरा गर्न सकेनन्। यसको विपरीत शिक्षित र जागृत जनसमुदाय ज्यादै कम भएको नेपालको स्थितिबाट फाइदा उठाई शासन शक्ति हत्याउन वर्षामा च्याउ उम्रे झैं गरी अनेक राजनैतिक दलहरु उम्रे। यिनीहरुले भोलाभाला नेपाली जनतालाई विभिन्न दलहरुमा विभाजित गरी आपसमा वैमनस्य र फुटको शृङ्खला जारी राखे। चाहिने र नचाहिने दुवैमा विरोधको लागि विरोध गर्ने परम्परा कायम रह्यो। एक दलले अर्को दललाई गिराउन भ्रष्टाचारको आरोप र लाञ्छना लगाए। फलस्वरूप कुनै पनि दलीय सरकार नेपालमा स्थिर रुपबाट टिक्न सकेन। जसले गर्दा देशमा राजनैतिक स्थिरता कायम रहन सकेन जुन देशको एकता उन्नति र प्रगतिको पहिलो आधारभूत आवश्यकता हो।

राजनैतिक दल विशेषले शक्ति हत्याई आफ्नो र दलको

CC-0. In Public Domain. Digitization by eGangotri

स्वार्थ सिद्धितिर लाग्यो भने देश र जनताको कल्याण किमार्थ गर्न सक्दैन । त्यसैले त्यो निन्दनीय र तिरस्कृत भएर आज्ञ यही दुर्भाग्यपूर्ण दलीय स्वार्थको लीला नेपालमा १० वर्ष सम्म रहयो । दलीय राजनीतिले नेपालमा पहाडिया र मधिशे, नेवार र पर्वते आदि क्षेत्रियता, जातीयता जस्ता साम्प्रदायिकताको गन्ध छरेर देशलाई नै विभाजित गर्न खोज्यो । यसरी देशको एकता र अखण्डतामा नै खलबल ल्याई दलीय राजनीतिले नेपालमा ठूलो विध्वंस मचायो ।

राजनैतिक दलहरुको बीच मात्र आपसी रिस, राग र द्वेष थिएनन् । किन्तु एउटै दलभित्र पनि अनेकन गुटहरु रहन्थे । एक गुटले अर्को गुटलाई गिराई माथि उठने र स्वार्थ सिद्धि गर्ने दुषित प्रयास जारी रहँदा कुनै दल पनि सुदृढ हुन सकेन । दलको उद्देश्य र कार्यक्रममा सम्मान आस्था र विश्वास-ले एक हुन नसकेको विभिन्न गुटहरुमा विभाजित दलले देशको एकताको विकासमा सघाउ पुऱ्याउन नसक्नु कुनै अनौठो कुरा थिएन। आपसी मतभेदलाई भूली एक भई अशिक्षा, शोक रोग र गरीबीले तबाह भएको नेपालको राष्ट्रिय नव-निर्माणको लागि जुटनु पर्ने दलहरुले आफ्नो समय र शक्ति बेकारमा ससाना महत्वहीन विषयहरुमा मतभेद ल्याइ राष्ट्रको शक्ति र साधनहरुलाई खेर फाले । नेपाली जनता यसरी विभिन्न दल र गुटमा अल्झदा विदेशी शक्तिहरुले र अराष्ट्रिय तत्वहरुले

CC-0. In Public Domain. Digitization by eGangotri

देशको राजनीतिबाट अवाञ्छनीय फाइदा उठाउन सक्ने पृष्ठ-भूमि तयार हुन गयो। यसरी देशको स्वतन्त्रता, अखण्डता र सार्वभौमिकतामा नै नराम्रो आँच आएकोले श्री ५ महेन्द्रले दलीय राजनीतिलाई अन्त गरी निर्दलीय पञ्चायत प्रजातंन्त्रको सूत्रपात गरिदिनुभयो। निर्दलीय पञ्चायत प्रजातन्त्रलाई संवैधानिक पुष्टि दिन नेपालको संविधानमा समेत "राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित संगठन, संघ र संस्था खोल्न, खोलाउन र चलाउन नपाउने" बन्देज राखिएको छ।

निर्दलीयताको अर्थ देशमा राजनीति नै हुँदैन भन्ने सोचाई होईन। राजनीति नभए राज्य निष्प्राण भएर जान्छ र राज्यको अस्तित्व नै रहन सक्दैन। किनभने राज्य आफै एक सर्वोच्च राजनैतिक संस्था हो जसको विकास राजनीतिले मात्र सम्भव छ। निर्दलीयताको अर्थ देशको राजनीतिमा कुनै दल वा गुटको राजनैतिक क्रियाकलाप हुँदैन भन्ने मात्र हो। कुनै दल वा गुटको आधारमा देशको राजनीति चल्यो भने जनतालाई अनेकन दल वा गुटमा विभाजित गरी देशको एकता र स्वतन्त्र अस्तित्व खतरामा पर्छ जसले गर्दा राज्यको उद्देश्य हासिल गर्न कठिन हुने भएकोले पञ्चायत प्रजातन्त्र अन्तर्गत नेपालको राजनीतिलाई निर्दलीय रुप मात्र दिइएको हो। देशको राजनीतिलाई नै अन्त गरेको होइन। अर्को कुरा राजनैतिक दल विना प्रजातन्त्र हुन सक्दैन भन्ने दलका

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चयौटेहरुलाई निर्दलीयतालाई अङ्गालेर पनि प्रजातन्त्र (जनताको लागि जनताद्वारा संचालित जनताको सरकार) लाई मूर्त रुप दिन सकिन्छ भन्ने सिद्ध गर्न निर्दलीय पञ्चायत प्रजातन्त्र सूत्रपात भएको छ। यस अर्थमा निर्दलीयता प्रजातन्त्रको इतिहासमा एक नौलो चमत्कारिलो प्रयोग हो यद्यपि ईथोपियामा पनि निर्दलीय व्यवस्था कायम छ।

निर्दलीयताले मानिसमा सबै कुरामा सदैव मत भिन्नता हुन्छ भन्ने कुरा मान्दैन। जस्तो मानिसले खानु पर्छ; खाने वस्तु र मात्रामा फरक हुन सक्ला। तर सबैले खानै पर्छ; नखाई बाँच्दैन। यसरी कमसेकम खानु पर्छ भन्नेमा सबैको समान मत हुन्छ। त्यस्तै देशको रक्षा गर्नु पर्दछ, देशको सर्वाङ्गीण विकास गर्नु पर्दछ, देशवासीहरुको बीच आपसी मेलमिलाप र एकता हुनु पर्छ भन्ने आदि राष्ट्रिय हित र कल्याणमा सबैको एक विचार हुन्छ; मत भिन्नता हुन सक्दैन। तर त्यसलाई उपलब्ध गर्ने उपाय र साधनमा मानिसको मत भिन्न हुन सक्छ र हुनु पनि पर्दछ। किनभने यस्तो कुरामा मत भिन्नता भई आवश्यक छलफल र वादविवाद भएन भने सुगम मार्ग र साधनको छनौट गर्न नसक्ने हुन्छ। फलस्वरुप जनतामा राजनैतिक जागृति सुस्त भई प्रजातन्त्रको मात्र होईन राष्ट्रको नै अन्त हुनेछ। यसैले कुनै राजनैतिक दल वा गुटको आधारमा नभई व्यापक राष्ट्रिय दृष्टिकोण राखी व्यक्तिगत आधारमा देशका यस्ता महत्वपूर्ण राजनैतिक प्रश्नहरुमा भाग लिन पञ्चायत

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजातन्त्रले सबैलाई मौका प्रदान गरेकोछ । यस अतिरिक्त देशका सबै वर्ग र व्यवसायका मानिसहरुलाई विभिन्न वर्गीय र व्यवसायिक संगठनहरुमा सरिक भई संगठित रुपले स्वच्छ जनमतको सृजना र जनशक्तिको परिचालन गर्ने सुअवसर् छ । निर्दलीयतालै देशको राजनीतिको आधार व्यक्तिलाई बनाई राष्ट्रिय समस्याहरुको समाधानमा व्यापक राष्ट्रिय दृष्टिकोण राख्न लगाई देशवासी सबैको साझा प्रयासमा जोड दिन्छ । यसले अन्ततः राष्ट्रिय एकता मजबूत गर्नमा ठूलो मद्दत दिन्छ ।

देश निर्माणको एउटै उद्देश्य, विचारधारा र मार्ग लिई तमाम नेपाली कुनै दल वा गुटमा विभाजित नभई नेपाली मात्रको साझा राजाको नेतृत्वमा संगठित रुपमा एक भई देशको निर्दलीय राजनीतिमा भाग लिएमा देशको नव—निर्माण अवश्यै सुगम र छिटो हुनेछ । नेपाली मात्रको यस्तो सामूहिक प्रयासले राष्ट्रिय एकतालाई मजबूत गर्नमा अवश्यै ठूलो बल मिल्ने छ । तमाम नेपाली बिना भेदभाव समानताको आधारमा एक भई देशको लागि सदैव जुटन प्रोत्साहित गर्ने निर्दलीय भावनाले कुनै खास वर्ग र व्यक्तिहरुको स्वार्थलाई मात्र अगाडि बढाउने र रक्षा गर्ने हुन सक्दैन । सबैले सबैको हित र कल्याण गर्नु पर्ने हुन्छ । यस्तो निर्दलीय भावनाले आपसी झै झगडा र संघर्षलाई अन्त गरी सद्भावना र सहयोग कायम गरी राष्ट्रको नव—निर्माण निस्वार्थ र निष्ठापूर्वक

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न सक्ने स्वस्थ वातावरण सृजना भएकोछ । त्यसले राष्ट्रिय एकता र गौरवलाई अगाडि बढाउनमा निःसन्देह ठूलो मदत गर्नेछ ।

दलगत राजनीतिको दुर्गुणलाई हटाई स्वस्थ राजनैतिक जीवन कायम गर्न स्थापित निर्दलीयताको आदर्श राम्रो भए तापनि नेपालमा हाल देखिन आएको गुटको प्रवृत्तिले निर्दलीयताको विकासमा ठूलो अडचन कायम भएकोछ । दलीय राजनीतिमा काम गरेर आएका राजनैतिक कार्यकर्ताहरु नै यस निर्दलीय व्यवस्थामा पनि काम गरिरहेका हुंनाले यो दुर्गुण देखिन आएको हुनसक्छ । जुनसुकै कारणले देखिन आएको भए तापनि राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरुमा गुटबन्दीको प्रवृत्तिलाई निर्मूल गर्न यस निर्दलीय पञ्चायत प्रजातन्त्रमा सबै सजग र सचेत भई अघि सर्नु परेको छ ।

Q. No. 9.

A. Discuss the Role of Class Organizations in Panchayat Democracy.

पञ्चायत प्रजातन्त्रमा वर्गीय संगठनहरुको स्थान छलफल गर्नु होस् ।

B. Examine the Importance of Class Organizations in Panchayat Democracy.

पञ्चायत प्रजातन्त्रमा संगठनहरुको महत्व मूल्याङ्कन गर्नु होस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरः- श्री ५ महेन्द्रको सक्रिय र सबल नेतृत्वमा स्थापित निर्दलीय पञ्चायत प्रजातन्त्रमा वर्गीय संगठनहरूको स्थान ज्यादै महत्वपूर्ण छ । राजनैतिक दल बिनाको पञ्चायत प्रजातन्त्रको आधारभूत स्तम्भ नै वर्गीय संगठनहरू हुन् । यस प्रजातन्त्रको पूरक र सहायक यी संगठनहरु हुन् । किनभने जुनसुकै तहको पञ्चायतको सदस्य बन्न बिभिन्न वर्गीय संगठनहरूमध्ये कुनै एकको सदस्यता ग्रहण गर्नु अनिवार्य छ । यी संगठनहरुको माध्यमबाटै पञ्चायत प्रजातन्त्रको उद्देश्य "व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु" परिपूर्ति गर्ने अठोट गरिएको छ । पञ्चायत प्रजातन्त्रमा राजसंस्थाको अतिरिक्त वर्गीय सङ्गठनहरु नै यस्ता संस्थाहरु हुन जसले राष्ट्रिय एकताको भावना जगाई दिगो र स्थायी तुल्याउन सक्दछन ।

सृष्टिको शुरुदेखि नै काम विशेषको फरकले गर्दा मानिस एक अर्को देखि भिन्न हुँदै आएको छ । त्यसमा पनि आधुनिक सभ्यता र संस्कृतिले मानिसलाई अनेक व्यवसाय (पेशा) र वर्गमा विभक्त गरेकोछ । समान उद्देश्य, विचारधारा र समस्या भएका एक समान व्यवसाय र आर्थिक स्रोत भएका मानिसहरुको समष्टि रुपलाई वर्ग भन्न सकिन्छ । जनसंख्याको वृद्धिको साथै सबै वर्ग विशालकायरुप लिई

CC-0. In Public Domain. Digitization by eGangotri

संगठित र एकत्रित भए। यसरी वर्गहरू जन्मिएर संगठित भएपछि एक वर्गको स्वार्थ अर्को वर्गको स्वार्थसंग वाझिदा संघर्ष भएको इतिहास संसारको अनेक देशमा पाइन्छ। कार्ल मार्क्सले त "मानव जातिको प्रगति द्वन्दात्मक भौतिकवादको आधारमा वर्ग संघर्षद्वारा भएको हो" भनेका छन्। वर्गको वैज्ञानिक अध्ययन र अनुसन्धान गरी सिद्धान्त प्रतिपादित गर्ने राजनैतिक दार्शनिकहरूमा कार्ल मार्क्स नै प्रमुख छन् जसले समकालीन राजनैतिक परंपरालाई आमूल परिवर्तन गरी आफ्नो विचारधारले संसारमा तहल्का मचायो। यसैले उनको वर्ग विवेचनालाई एक दृष्टि दिनु अप्रासंगिक नहोला। मार्क्सको भनाई अनुसार वर्गको विभाजन आर्थिक आधारले मात्र गर्न सकिन्छ। जस अनुसार कुनै पनि देशमा अझ संसारमै शोषक र शोषित दुइ वर्ग मात्र छन्। शोषक वर्गको ध्येय आर्थिक स्रोतहरूलाई कब्जा गरी राज्य शक्तिलाई समेत आफ्नो हातमा लिई शोषण गर्नु र शोषित वर्गको ध्येय आफूमाथि अनेकन किसिमबाट भइरहेको शोषणलाई अन्तगरी एक जीउन लायकको जीवन यापन गर्नु हो। यी दुई वर्गको ध्येय परस्पर विरोधी हुँदा जब शोषित वर्गको सचेत र जागरूक भएर आउँछ तब संघर्षले उग्र र क्रान्तिकारीरूप लिन्छ र अन्ततः संगठित शोषित वर्ग विजयी हुन्छ। त्यसपछि वर्गविहीन र शोषणरहित समाजको निर्माण गर्ने अन्तिम लक्ष्य साम्यवादी दर्शनमा प्रष्ट्याइएको छ। सारांशमा साम्यवादी दर्शनमा वर्ग संघर्ष नै एक मात्र

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वव्यापी तथ्य र आधारभूत सत्य हो।

मार्क्सको वर्ग विभाजनको आधार र वर्ग संघर्षलाई पञ्चायत प्रजातन्त्रले मान्यता दिदैन। पञ्चायत प्रजातन्त्रले वर्ग संघर्षको सट्टामा वर्ग समन्वय अर्थात् विभिन्न वर्गहरूको आपसी मेल मिलाप, सहयोग र सद्भावनालाई मान्यता दिन्छ। किनभने देशका तमाम वर्गहरू मिली देशलाई द्रुततर गतिले उन्नतिको शिखरमा पुऱ्याउने अठोट पञ्चायत प्रजातन्त्रले गरेक छ। पञ्चायत प्रजातन्त्रमा वर्ग विभाजनको आधार हुन: (१) व्यवसाय; (२) लिङ्ग, र (३) उमेर। व्यवसायको आधारमा छुट्याइएका वर्गहरू हुन्— किसान, मजदूर र सै नेक वर्गहरू। महिला, युवक र बाल वर्गहरू क्रमशः लिङ्ग र उमेरको आधारमा छुट्याइएका वर्गहरू हुन्। बाल संगठनका बाहेक यी विभिन्न वर्गीय संगठनहरूको प्रातनिधित्व देशको व्यवस्थापिका (राष्ट्रिय पंचायत) मा गरिएको छ। नेपालमा विभिन्न वर्गीय र व्यावसायिक संगठनहरूको व्यवस्था किन गरिएको छ भन्ने विषयमा संविधानको धारा ६७ (क) को उपधारा १ ले यसरी किटान गरेको छ:—"विभिन्न वर्ग र व्यवसायको हितको संरक्षण र सम्वर्धन गर्न र तिनीहरुको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्र निर्माणको काममा लगाउन वर्गीय र व्यावसायिक संगठनहरुको स्थापना र संचालन गरिने छ।"

देशको नव – निर्माणको पवित्र अभियानमा विभिन्न वर्गमा रहेको शक्तिको मूल फुटाइ योजनाबद्ध तरीकाले त्यसको

CC-0. In Public Domain. Digitization by eGangotri

सदुपयोग गर्नु पर्ने आजको ठूलो माग हो। यसैले ठोस संगठनको अभावमा खेर गइरहेको सृजनात्मक जनशक्तिलाई संकलित र सुसंगठित गरी त्यहीद्वारा देशको योजनाबद्ध सर्वाङ्गीण विकास गर्न विभिन्न वर्गीय र व्यावसायिक संगठनहरूको स्थापना गरिएको हो। देशको सबभन्दा ठूलो शक्ति-जनशक्तिको सही र ठीक परिचालन हुन सकेमा देशको निमित्त असम्भव भन्ने केही रहँदैन। अझ नेपाल जस्तो समस्यै समस्यामा अल्झेर पिछडिएको देशमा अनेक वर्गको रूपमा छरिएर रहेको जनताको सुषुप्त अवस्थामा रहेको सृजनात्मक शक्तिलाई जगाई सुव्यवस्थित र समन्वयात्मक तरीकाले संगठित गरी देशको सर्वाङ्गीण विकासको महान अभियानमा जुटाउन सकेमा मोलि नेपाल अर्कै हुनेछ। यस दिशामा राम्रोसोचविचार पुऱ्याउन नसकेमा यही राष्ट्रको अमूल्य र अनन्त शक्ति बिभिन्न वर्गीय स्वार्थमा बाझन गई राष्ट्र निर्माणमा आघात पुऱ्याई ध्वंसात्मकरूप लिई सबैको सर्वनाशसम्म पनि गर्न सक्दछ। यसैलाई दृष्टिगत गरी सबै वर्गीय संगठनहरूले आ-आफ्नो विधानमा वर्ग समन्वय र सहयोगको सिद्धान्तलाई सुदृढ पार्ने उद्देश्यको घोषणा गरेका छन्। यदि हुँदा हुँदै पनि यस क्षेत्रमा अटुट निगरानी र निर्देशनको आवश्यकता सदा रहनेछ।

यो निर्विवाद सत्य हो कि कुनै पनि व्यवस्था तबसम्म मजबूत हुन सक्दैन जबसम्म त्यस व्यवस्थाका उद्देश्य र लक्ष्यहरूमा विश्वास राख्ने संगठित लगनशील कार्यकर्ताहरू

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मदैनन् । खासगरी राजनैतिक दलहरू नभएको दलविहीन पञ्चायत प्रजातन्त्रमा सरकार र जनताको बीच सुमधुर सम्बन्ध कायम गर्न, सरकारमा जन आकांक्षाको सही प्रतिनिधित्व गर्न तथा सरकारी नीति र कार्यक्रम लिएर जन समक्ष नीर्भीक भएर पुग्न सक्ने कार्यकर्ताहरु तयार पार्ने उद्देश्यले पनि विभिन्न वर्गीय-संगठनहरूको व्यवस्था गरिएको हो । यी संगठनहरूको कार्यक्षेत्र गाउँ र जिल्ला पञ्चायतको भै सीमित नभई अधिराज्यव्यापी भएकोले आ-आफ्नो वर्ग हितको लागि कार्यक्रमहरू बनाई प्रभावकारी कार्यान्वयन गर्न सक्दछन् । उक्त संगठनहरूले यसरी जनमत सृजना गरी जनशक्तिको परिचालन गर्नुको अलावा नेतृत्वको विकासमा स्वस्थ र प्रभावकारी भूमिका खेल्न सक्दछन् । वर्गीय संगठनको लक्ष्यलाई औंल्याइ बक्सी स्व. श्री ५ महेन्द्रले यसप्रकार हुकुम बक्सेको थियो–"प्रत्येक वर्गीय संगठनको मुख्य लक्ष्य तीनवटा हुनु पर्छ– पहिलो आफ्नो वर्गको हित गर्नु, दोस्रो आफ्नो देश अनुसारको राजनैतिक, सामाजिक र आर्थिक नीतिलाई ठीक तरीकाले इमान्दारीपूर्वक देशको कुनाकुना-सम्म पुऱ्याई जनजीवनमा भिजाउनु, र तेस्रो हरतरहले देश विकासमा सहयोग गर्नु ।" पञ्चायत प्रजातन्त्रका आधारभूत र घनिष्ट अङ्गहरूको रूपमा रहेका प्रमुख वर्गीय संगठनहरूको महत्व निम्न रूपले देखाउन सकिन्छ ।

नेपाल किसान संगठन :

नेपाल कृषि प्रधान देश हो जहाँ करीब ९३ प्रतिशत

CC-0. In Public Domain. Digitization by eGangotri

जनता कृषक छन् । यसरी अधिकांश कृषकहरू भएको देश नेपालमा मुख्यतया शोषण पनि कृषिमा नै छ । आज नेपाली समाजमा सम्मान र शक्ति साधारणतया त्यस व्यक्ति वा वर्गको एकजौटी भइ राखेको छ जसले भूमिमाथि स्वामित्व प्राप्त गरेका छन् । अर्कोतिर जमीनमा दिनरात पसीना बगाउने कृषकहरु दुइ छाक टार्ने समस्याले नै प्रायः ग्रस्त छन । यसले गर्दा उनीहरूले आफ्नो समय स्थानीय र राष्ट्रिय राजनीतिमा लगाउन पाएका छैनन; न त स्थानीय प्रशासन र विकासमा नै जागरुकताकासाथ सक्रिय भएर अगाडि आउन सकेका छन् । यति ठूलो संख्यामा देशका नागरिकहरुले प्रशासनमा सक्रिय हुन नपाएसम्म कुनै पनि राजनैतिक व्यवस्था दरिलो र दिगो हुँन सक्दैन । यसैले स्वर्गीय श्री ५ महेन्द्रबाट हुकुम भएको थियो—हाम्रो देशमा ९० प्रतिशत भन्दा बढी किसान छन् । तसर्थ आज यीनै किसानलाई जीवित र जागृत गर्ने, यीनीहरुमा आफ्नो अधिकार र कर्तव्यको चेतना उत्पन्न गर्ने यीनिहरुलाई सयकडौं वर्षदेखि थिचिरहेको गरीबीबाट छुटकारा दिने यही नै आज सब भन्दा बढी आवश्यक र महत्वपूर्ण कार्य हुन आएको छ । आज यीनै किसानलाई विउँझाई देशको व्यवस्थामा यीनीहरूलाई बढी सम्मिलित गर्नु परेको छ । यसो गर्नाका लागि नै यीनिहरूलाई आजीवन बाधेको आर्थिक र सामाजिक बन्धनबाट मुक्त गर्नु नितान्त आवश्यक भएको छ ।' **पञ्चायत प्रजा-तन्त्रले यी तथ्यहरूलाई ध्यानमा राखी कृषकहरुको भलाईको**

CC-0. In Public Domain. Digitization by eGangotri

लागि भूमि सुधार ऐन अन्तर्गत भूस्वामित्वको हदबन्दी, मोहियानी हकको सुरक्षा, अनिवार्य बचत जस्ता महत्वपूर्ण कार्यक्रमहरू अङ्गाली कृषि उत्पादन वृद्धिमा ठोस भूमिका निभाउन लगाउने संकल्प गरेको छ। तर जबसम्म सर्वसाधारण कृषकहरूमा यो अधिकार र सुविधाहरूको बारेमा पर्याप्त जानकारी र जागरूकता हुँदैन तबसम्म उक्त अधिकार र सुविधाहरु ऐनमा मात्र रहन्छन् ; कागजी मात्र हुन्छन् । यसैले यी सब व्यवस्थाको लागि नेपाल किसान संगठन बढी सक्रिय र सचेत भई संगठितरुपले प्रभावकारी तरीकाले अगाडि आउनु पर्ने आवश्यकता छ। यो वर्गको प्रतिनिधित्व गराउन यस संगठनका ४ जना प्रतिनिधिहरु राष्ट्रिय पञ्चायतमा जाने व्यवस्था छ।

नेपाल मजदूर संगठन:

नेपाल औद्योगिक देश बन्न सकेको छैन तथापि देशको केही क्षेत्रमा रहेका कल कारखानाहरूमा काम गरी जीविका चलाउने मजदूरहरू कम नै भए पनि छन् । तर भविष्यमा देशमा औद्योगिकरण भएपछि मजदूर वर्ग विशाल हुन जानेछ। देशको आर्थिक विकासमा यो वर्गको विशेष महत्वपूर्ण स्थान रहन्छ। मजदूरहरूले श्रमको उचित मूल्य पाएनन् भने र उनीहरूको आर्थिक विकासको कार्यक्रम केही भएन भने उनीहरुमा उत्पादन बढाउनमा स्वतः चासो रहने छैन । फलतः

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरुले आफूलाई उद्योगपतिहरुको अनुचित दबावमा रहेको र सबै सुविधाहरुबाट वंचित भएको र आफ्नो परिश्रमको शोषण भएको अनुभव गर्ने छन् । यसरी उनीहरुमा नकारात्मक प्रवृत्तिको विकास हुन जानेछ । यही तथ्यलाई ध्यानमा राखी मजदूरहरुलाई आफ्ना अधिकार, कर्तव्य र सुविधाहरु प्रति जानकार बनाई श्रमको उचित मूल्य उपलब्ध गराई देशको औद्योगिक विकासमा उनीहरुको दायित्व बढी स्पष्ट तुल्याउन नै नेपाल मजदूर संगठनको व्यवस्था गरिएको हो । राष्ट्रको एक मात्र व्यवस्थापिका सभा—राष्ट्रिय पञ्चायतमा यो वर्गको प्रतिनिधित्व गर्ने नेपाल मजदूर संगठनबाट जम्मा २ जना प्रतिनिधि निर्वाचित भई आउँछन् ।

नेपाल भूतपूर्व सैनिक संगठन:

विश्वविख्यात वीर गोरखालीहरुको देश नेपाल हो । पहाडी भाग बढी भएको देश नेपालमा पहाडहरुमा बस्ने मानिसहरू स्वभावैले स्वाभिमानी र लडाकू भएकोले तथा रोजगारको अभावले धेरै जसो विदेश वा स्वदेशका सेनाहरुमा भर्ति भएका छन् । यातायातको असुविधा र सेवाको किसिमले गर्दा उनीहरु बराबर घरमा आउन पाउँदैनन् जसले गर्दा आफ्ना छोराछोरीको शिक्षा दीक्षा र धन सम्पत्तिको पर्याप्त हेरचाह र सुरक्षा हुन सक्दैन । गाउँका शोषक र जाली फटाहा-हरूले उनीहरुको अनुपस्थितिमा नाजायज फाइदा उठाउने गर्छन् । सेवाकालको समाप्ति पछि उनीहरुले सेवाकालमा

CC-0. In Public Domain. Digitization by eGangotri

कठोर मेहनतसाथ आर्जन गरेका जानकारी र शिल्पहरू विकास कार्यमा संचालित गर्न नसकेमा त्यसै खेर जान्छन्। प्राविधिक तालीमको कमी र अनुशासित जनशक्तिको अभाव भएको देश नेपालले उनीहरूको जानकारी र शिल्पलाई बेवास्ता गर्न सकिन्न। विकासोन्मुख नेपालको निम्ति यस्तो अनुशासित र अनुभवी जनशक्तिलाई विकासका लागि परिचालन गर्न नसक्नु अवश्यै ठूलो दुर्भाग्य हुनेछ। यही तथ्यलाई ध्यानमा राखी भूतपूर्व सैनिक वर्ग जस्तो अनुभवी, कर्मठ र कठोर परिश्रम गर्न सक्ने जनशक्तिलाई योजनाबद्ध तवरले विकास कार्यमा परिचालन गर्न; सैनिकहरूको स्वार्थलाई रक्षा गर्न र उनीहरूबाट देशको सुरक्षा र विकासमा ठूलो एवं प्रभावशाली भूमिका निभाउन दिन नेपाल भूतपूर्व सैनिक संगठनको स्थापना भएको हो। यो वर्गको प्रतिनिधित्व राष्ट्रिय पञ्चायतमा २ जना नेपाल भूतपूर्व सैनिक संगठनबाट निर्वाचित प्रतिनिधिहरूले गर्नेछन्।

नेपाल युवक संगठन

देशको कर्णधार नै युवक हो। युवकको सबल पाखुरामा नै देशको अस्तित्व र विकास निर्भर गर्दछ। तर हाम्रो जस्तो रूढिवादी समाज जहाँ निरक्षरता र अज्ञानताले घेरै जसो युवक अझ पनि अन्धविश्वासले ग्रस्त छन् र शोषण विभिन्न रूपमा विद्यमान छ। युवकलाई समाजमा गैर जिम्मेदार सदस्य जस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

ठानी बूढापाकाहरू अनुभवीको रुपमा अनुचित दबाव समाजमा राख्दछन् । शिक्षाको विकास हालसालै भएको देश नेपालमा शिक्षा हासिल गरेका व्यक्तिहरू प्रायः युवकहरू नै छन् । १६ वर्षदेखि ४० वर्ष सम्मको उमेरका व्यक्तिलाई युवक मानिएको छ । यसतो वर्गलाई देश विकासका कार्यक्रमहरूमा विशेष स्थान प्राप्त भएन भने उनीहरुको ज्ञानमिल्दो उत्साह, उमङ्ग तथा अनन्त शक्तिबाट राष्ट्र र समाजले ठोस फाइदा उठाउन सक्नेछैन । फलस्वरूप यसले समाजमा शताब्दीदेखि जरो गाडेर बसेका रूढ वादी विचारधारा र परम्परालाई निर्मूल पार्न सक्नेछैन । यही तथ्यलाई ध्यानमा राखी युवक वर्गलाई देशको महत्वपूर्ण जिम्मेदार नागरिकको रुपमा चिनाउन उनीहरुको स्वार्थलाई रक्षा गरी देश विकासमा उनीहरुबाट सक्दो योगदान दिलाउन नेपाल युवक संगठनको स्थापना गरिएको हो । यसै सन्दर्भमा स्व. श्री ५ महेन्द्रबाट हुकुम भएको थियो– "देश बनाउने महान अभियानमा नेपाली युवक पछि पर्न सक्तैनन् भन्ने विश्वासमा नै पञ्चायती व्यवस्थाको जग बसाल्दा युवकहरुलाई जिम्मेदारी सुम्पेकोछ ।" केवल शिक्षा, यौवन र जोशको आधारमा मात्र युवकहरूले नेतृत्व प्राप्त गर्न सक्तैनन् । त्यसैले आज आफ्नो हरिएको शक्तिलाई संगठित गरी युवक वर्गको हित र कल्याणको निश्चित कार्यक्रमसाथ नेपाली युवक अघि सर्नु परेकोछ । यो वर्गको प्रतिनिधित्व राष्ट्रिय पञ्चायतमा जम्मा ४ जना नेपाल युवक संगठनबाट निर्वाचित प्रतिनिधिहरुले गर्नेछन ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल महिला संगठन:

समाजरूपी रथका दुई पाङ्ग्रामध्ये महिला एक पाङ्ग्रा हो। दुवै लायक नभई कुनै समाज र देश अगाडि बढ्न सक्तैन। तर हाम्रो समाजमा रूढीवादी परम्पराको फलस्वरूप पुरूषको नै बोलबाला तथा अधिनायकत्व कायम छ। सम्पूर्ण जनसंख्याको आधाभन्दा बढी महिलाहरूले उचित तथा पर्याप्त मात्रामा अधिकार उपभोग गर्न पाएका छैनन्। तिनीहरूले देशको राजनैतिक, सामाजिक र आर्थिक उत्थान कार्यमा सक्रिय भई अग्रसर हुन पाएका छैनन्। बहु विवाह, बाल—विवाह, अनमेल विवाह जस्ता कुरीतिहरू र नारीलाई शिक्षा नदिलाउने प्रवृत्तिहरू देशका अधिकांश भागहरूमा अझै प्रचलित छन्। नयाँ मुलुकी ऐन अन्तर्गत महिला वर्गको लागि व्यवस्था भएका अधिकारहरूप्रति उनीहरूलाई पर्याप्त जानकारी भएको छैन। यस्ता अज्ञान, अशिक्षित, असहाय र रूढीग्रस्त वर्गबाट हुर्किने देशको भावी नागरिक आधुनिक युग अनुरुप जागरूक र गतिशील हुने सोच्नु फजुल छ। जबसम्म महिला वर्गलाई समाजका यी परम्परागत रूढीवादवाट प्रेरित लिङ्ग भेदको आधारमा हुने शोषण तर्फ सचेत गराइँदैन र उनीहरूलाई राष्ट्र निर्माणमा तथा आफ्नो वर्गको उत्थानमा रचनात्मक भूमिका निभाउन साधन र सुविधा उपलब्ध गराइँदैन तबसम्म देश विकास हुन नसक्ने स्वतः सिद्धछ। समाजमा विद्यमान कुरीति र परम्पराको विरोधमा संगठित भई अगाडि बढन

CC-0. In Public Domain. Digitization by eGangotri

र आफ्नो वर्गको उत्थान र विकास गर्नको लागि नै नेपाल महिला संगठनको सृजना गरिएको हो । देशको व्यवस्थापिका राष्ट्रिय पञ्चायतमा यो वर्गको प्रतिनिधित्व ३ जना नेपाल महिला संगठनका निर्वाचित प्रतिनिधिहरूले गर्ने छन् ।

माथि उल्लिखित विभिन्न वर्गीय संगठनहरु निर्वाचनको समयमा बढी सक्रिय देखा परी अरु बेला ज्यादै निष्क्रिय हुँदै आइरहेको सबैले महसूस गरेका छन् । पञ्चायत प्रजातन्त्र अन्तर्गत गहन दायित्व बहन गरी देशको नव—निर्माणमा निरन्तर जुट्नु पर्ने वर्गहरू यसरी निष्क्रिय भई दिएमा देश कदापि अगाडि बढन सक्तैन । देश सबैको साझा प्रयासबाट मात्र माथि उठ्छ । यसैले ती विभिन्न वर्गीय संगठनहरूलाई बढी जागरूक र सक्रिय गराउनु पर्ने आजको ठूलो आवश्यकता हो ।

Q. No. 10.

A. "An Exploitation-Free Society can be better achieved through the medium of Class Co—ordination" Explain this statement with reference to Panchayat Democracy.

"शोषणरहित समाज वर्ग समन्वयको माध्यमबाट राम्ररी हासिल गर्न सकिन्छ ।" यो उक्तिलाई पञ्चायत प्रजातन्त्रको प्रसंगमा व्याख्या गर्नु होस् ।

B: The best way to achieve a Society-free from exploitation is Class Co-ordina—

CC-0. In Public Domain. Digitization by eGangotri

tion" Discuss ।

"शोषणरहित समाज प्राप्त गर्ने सर्वोत्तम मार्ग वर्ग समन्वय हो ।" छलफल गर्नुहोस् ।

उत्तरः— शोषणरहित समाजको निर्माण गर्ने पञ्चायत प्रजातन्त्रको घोषित उद्देश्य हो । शोषणरहित समाज यस्तो समाज हो जुन समाजमा मानिसले मानिसलाई कुनै किसिमको शोषण वा दबाव गर्दैन । त्यस समाजका सबै सदस्यहरू विशुद्ध मानवताको नाताले एक भई आपसमा सहयोग गरी सुखी, शान्तिमय र समृद्धिशाली जीवन यापन गर्दछन् । हुनत यस्तो शोषणरहित समाजको निर्माण गर्ने उद्देश्य आज प्रायः सबै सभ्य राष्ट्रहरूले राखेका छन् । त्यसमा पनि कम्युनिष्ट राष्ट्रहरू त यस उद्देश्य प्राप्तिको लागि प्रमुख रुपले अगाडि बढिरहेका छन् । ती राष्ट्रहरू र नेपालले निर्माण गर्न लागेको समाज एउटै किसिमको भए तापनि त्यसलाई प्राप्त गर्ने मार्ग (माध्यम) एक अर्को बीच भिन्न र फरक छ । शोषणरहित समाजको निर्माण गर्ने सर्वोत्तम मार्ग साम्यवादी राष्ट्रहरूले वर्ग संघर्षलाई मान्दछन् । अर्थात शोषक र शोषित दुई वर्गमा विभाजित मानव समाजमा सशस्त्र क्रान्तिद्वारा शोषक वर्गलाई निर्मूल गरी सर्वहारा वर्ग (शोषित वर्ग) को आधिपत्य कायम गरी शोषण रहित समाजको निर्माण गर्ने सर्वोत्तम मार्ग साम्यवादी दर्शनले बताउँछ । तर नेपालमा पञ्चायत प्रजातन्त्र अन्तर्गत शोषणरहित समाजको सृजनाको माध्यम वर्ग संघर्ष होईन; वर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

समन्वय हो । वर्ग समन्वयको माध्यमबाट पञ्चायत प्रजातन्त्रले आफ्नो निर्मल र पुनित उद्देश्य एउटा शोषणरहित समाजको सृजना गर्ने दृढ अठोट र प्रण गरेकोले नै वर्ग समन्वयको महत्व पञ्चायत प्रजातन्त्रमा सर्वोपरी छ । यसरी पञ्चायत प्रजातन्त्रको अभिन्न र अविभाज्य आधारको रूपमा रहेको वर्ग समन्वयको सिद्धान्तले वर्ग विश्लेषण सम्बन्धी धारणाप्रति नै नयाँ विचारधारा प्रस्तुत गरी वास्तवमा पञ्चायत प्रजातन्त्र विश्वको सामु एक नौलो चमत्कारिलो र आकर्षक दर्शनको रुपमा ठम्याउन सक्ने छ ।

वर्ग समन्वयको अर्थ देशका विभिन्न वर्गहरूमा समाञ्जस्य अर्थात एकता ल्याई पारस्परिक सहयोग र सद्भावनाद्वारा शोषणरहित समाजको स्थापना गर्नु हो । अर्को शब्दमा समाजमा रहेको शोषणलाई आपसी सहयोग, समझदारी, मेलमिलाप र छलफलद्वारा शान्तिपूर्ण तरीकाले अन्त गरी कुनै पनि किसिमको शोषण बिनाको एउटा समाज निर्माण गर्ने वर्ग समन्वयको तात्पर्य हो । विभिन्न वर्गहरूको पारस्परिक सहयोग र सद्भावनाबाट बिना रक्तपात नै शोषणविहिन समाज निर्माण गर्ने उद्देश्य हासिल हुन्छ भने त्यो भन्दा उत्तम मार्ग अरु हुन सक्दैन । यस्तो स्थितिमा शोषणविहिन समाजको निर्माणको लागि वर्ग संघर्षको सिद्धान्त अनुरुप हतियार उठाएर आपसमा संघर्ष गर्नु नै पर्छ भन्ने

CC-0. In Public Domain. Digitization by eGangotri

केही आवश्यकता रहँदैन । फेरि मानिस नै खराब होइन; मानिसमा रहेको शोषण प्रवृत्ति मात्र खराब हो । यसैले शोषणलाई अन्त गर्न मानिसलाई नै अन्त गर्ने कुरा उपयुक्त र तर्कसंगत छैन। मानिसमा रहेको शोषणको प्रवृत्तिलाई निर्मूल गर्न शोषण गर्न सक्ने पृष्ठभूमिलाई समाप पारी मानिसको मानसिक धरातललाई परिवर्तन गर्ने एक मूलभूत आवश्यकता हो। वर्ग समन्वयले यो आवश्यकतालाई पूरा गर्न सकेमा निःसन्देह एउटा शोषणविहीन समाजको निर्माण गर्नेछ । यसको अतिरिक्त पारस्परिक सहयोग र सद्भावनाको सिद्धान्त वास्तवमा मानव समाजको मूलभूत आधार रहि आएकोछ । पञ्चायत प्रजातन्त्रको आदर्श समाज (शोषणरहित समाज) को आधार पनि यही पारस्परिक सहयोग र सद्भावनामा आधारित समन्वयको सिद्धान्त हो ।

कार्ल मार्क्सको वर्गविहीन समाजको स्वरुप "शोषक र शोषित वर्ग मात्र नभएको समाज" भित पञ्चायत प्रजातन्त्रको वर्ग सहित शोषणरहित समाजको सामञ्जस्य छ । हरेक समाज व्यवस्थामा कार्य विभाजन हुने भएकोले विभिन्न पेशामा लाग्ने वर्गहरु त समाजमा रहिनै रहन्छन् । यसैले व्यस्ता कार्य-प्रधान वर्गहरुको साथमा शोषणरहित समाजको परिकल्पना आदर्श-वादी फुका कल्पना होइन । यसरी सोचने हो भने नेपालमा साम्यवादी व्यवस्था नअपनाई नै पञ्चायत प्रजातन्त्र अन्तर्गत साम्यवादी उद्देश्य हासिल हुन सक्छ । तर उद्देश्य प्राप्तिको

CC-0. In Public Domain. Digitization by eGangotri

बाटो एक दोस्रो दिशा ठीक विपरित छ । वर्ग संघर्षको सट्टा पञ्चायत प्रजातन्त्रले वर्ग समन्वयलाई आफ्नो निर्दिष्ट बाटो तय गरेकोछ जुन माथि पनि उल्लेख भइसकेको छ ।

वर्ग समन्वयको तात्पर्य वर्ग संघर्ष कहिले पनि हुँदैन भन्ने सोचाइ होइन; बरु वर्ग संघर्षको सर्वव्यापी प्रकोपलाई समयमैं नियन्त्रण र निर्देशन गर्न सकेमा सबै वर्गको पूरापूर सहयोग र सद्भावना प्राप्त भई सामूहिक स्वार्थ-राष्ट्र निर्माणको पुण्य र कठिन कार्य सुगम हुनेछ भन्ने हो । देशका सबै वर्ग संगै उभो लागे मात्र देशको उन्नति र विकास हुन्छ भन्ने वर्ग समन्वयको सोचाई छ । यति हुँदा हुँदै पनि यदि सबै वर्गमाथि समुचित ध्यान र निगरानी अटुट रुपले राख्न नसकेमा देशका आर्थिक स्रोतहरुलाई कब्जा गरी राज्य शक्ति समेत आफ्नो हातमा लिई एक वर्गले अर्को वर्गलाई शोषण गर्न थाल्नेछ । अनि शोषित वर्गले संघर्ष र क्रान्ति गर्नु पर्ने स्थिति खडा नहोला भन्नु छैन ।

सबै वर्ग आपसमा मिली एकले दोस्रोलाई सहयोग र सहायता गरी "आफु पनि जिउँ अरुलाई पनि जिउन दिउँ" भन्ने सिद्धान्त अवश्यै दिगो र चिरस्थायी बनाउन सकिन्छ । खास गरी आजको अन्तरराष्ट्रिय गतिविधिको प्रसंगमा यो सम्भव छ । किनभने आजको परस्पर विरोधि दुइ शक्ति गुटमा विभाजित विश्व राजनीतिमा आपसी खिचातानीको कारण व्यापक भइरहेको शित युद्ध र आणविक शस्त्रास्त्रको

CC-0. In Public Domain. Digitization by eGangotri

होडबाजीको बीचमा पनि शान्तिपूर्ण सह–अस्तित्वको सिद्धान्त अन्तरराष्ट्रिय क्षेत्रमा व्यवहारमा लागू हुन सक्छ भने देशको सर्वतोमुखी विकासको सामूहिक स्वार्थ र हितको लागि देशकै विभिन्न वर्गहरुले आफ्नो स्वार्थलाई तिलाञ्जली दिएर आपसमा समन्वयात्मक सहयोग र एकता कायम गरी शोषणविहीन समाजको निर्माण गर्न नसक्ने केही कारण देखिंदैन । यो त्यति नै हदसम्म समयोचित र बुद्धिमत्तापूर्ण छ जति हदसम्म शान्तिपूर्ण सह–अस्तित्वको सिद्धान्त अन्तरराष्ट्रिय जगतमा छ ।

यसको अतिरिक्त विभिन्न भाषा, भाषी, जात, जाति, रहन सहन र धर्मको समन्वयात्मक संस्कृति र परम्परा भएको नेपालको लागि समन्वयको माध्यमबाटै शोषणरहित समाजको सृजना सर्वोत्तम सिद्ध हुनेछ । गौतम बुद्ध जस्तो शान्तिको अग्रदूत जन्मेको नेपालको माटोमा शान्तिपूर्ण क्रान्ति (वर्ग समन्वय) द्वारा नै शोषणविहीन समाजको निर्माण हुन सक्ने छ । यसमा पनि आफ्नै किसिमको विशेष परिस्थिति रहेको नेपालमा नेपाली मात्रको साझा राजामा देशका सम्पूर्ण शक्ति निहित भएकोले राजा कै सक्रिय र प्रत्यक्ष नेतृत्वमा वर्ग समन्वयको उच्चतम सफलता प्राप्त हुने अगाध विश्वास र भरोसा छ ।

भोलिको परिकल्पित समाजमा पुग्न सर्वप्रथम धनी वा शोषक वर्गलाई चिन्नु पर्दछ । धनीहरूले शोषण गर्न नपाउने

CC-0. In Public Domain. Digitization by eGangotri

कडा बन्देजहरु राखिदिई प्रभावशाली उपायहरुले नियन्त्रण गर्नु पर्छ। यसको साथसाथै शोषित र पीडित वर्गलाई शीघ्र नै त्यो स्तरमा पुऱ्याउनु परेको छ जुन स्तरमा आफ्नो परिश्रमको फल अरूले चाख्न नपाओस्; आफैले पूर्णरूपेण उपभोग गर्न पावस्। यसको लागि ठोस आर्थिक र सामाजिक कदमहरू द्रुततर गतिले चाल्नु परमावश्यक छ। यद्यपि भूमि सुधार र मुलुकी ऐन यसै सन्दर्भका महत्वपूर्ण प्राथमिक पाइलाहरु हुन् तर ती कदमहरुले मात्र वर्ग समन्वयको सफल र पूर्ण कार्यान्वयन हुन नसक्ने आजको नेपालको स्थितिले स्पष्ट बताई सकेकोछ। अतः यसको लागि आर्थिक र सामाजिक जीवनलाई खास प्रभाव पार्ने आधारभूत अरू योजनाबद्ध पाइलाहरू पनि क्रमशः नचाली भएको छैन। अन्यथा वर्ग समन्वयको आदर्श र सिद्धान्त फितलो र कमजोर हुँदै नजाला भन्न सकिन्न।

कुनै पनि व्यवस्था र सिद्धान्तको मेरुदण्ड नै जनता भएकोले आज पनि आम जनताबा वर्ग चेतना र वर्ग समन्वयको भावना व्यापक रूपले फैलाउनु पर्ने आवश्यकता छ। आजका विभिन्न वर्गहरूमा के कस्तो सम्बन्ध छ, पारस्परिक सहयोग र सद्भावना कसरी स्थापित भएको छ, कुन कुन योजनाद्वारा वर्ग समन्वयको उद्देश्य अनुरुप कार्य भइरहेको छ आदि व्यावहारिक पक्षको सही मूल्यांकन पनि नयाँ परिवेशमा गर्नु आवश्यक छ। उपर्युक्त आधारमा नै वर्ग समन्वय-

CC-0. In Public Domain. Digitization by eGangotri

द्वारा शोषणरहित समाजको निर्माण ठोस र साकार बनाउन सकिन्छ।

Q. No. 11. 1974

A. What is meant by Power Decentralization ? Discuss the Pattern of Decentralization in Nepal.

शक्ति विकेन्द्रीकरणको अर्थ के हो ? नेपालमा विकेन्द्रीकरणको ढाँचा छलफल गर्नुहोस्।

B. What do you mean by the Theory of Power Decentralization ? Discuss the Decentralization Scheme to be adopted in Nepal under Panchayat Democracy.

शक्ति विकेन्द्रीकरण सिद्धान्तको अर्थ तपाईंको भनाइमा के हो ? नेपालमा पञ्चायत प्रजातन्त्र अन्तर्गत अपनाइने विकेन्द्रीकरण योजनाको छलफल गर्नुहोस्।

उत्तर– शक्ति विकेन्द्रीकरण आधुनिक प्रजातन्त्रको एक महत्वपूर्ण तथा आवश्यक लक्षण मानिन्छ। शक्ति विकेन्द्रीकरणको अर्थ केन्द्र (राजधानी) मा रहेको शासन शक्तिलाई प्रादेशिक आधार (Territorial Basis) मा देशका विभिन्न भागहरूमा अर्थात् अञ्चल, जिल्ला, नगर तथा गाउँहरूमा प्रत्यायोजन (Delegation) गर्नु हो। अर्को शब्दमा माथिल्लो तहबाट तल्लो तहमा शक्तिको हस्तान्तरणलाई शक्ति विकेन्द्रीकरण भनिन्छ र तल्लो तहबाट माथिल्लो तहमा शक्तिको

CC-0. In Public Domain. Digitization by eGangotri

हस्तान्तरणलाई शक्ति केन्द्रीकरण भनिन्छ । शक्ति विकेन्द्रीकरण भन्नाले तीन किसिमका शक्तिको विकेन्द्रीकरण हुने मानिन्छ । ती हुन्: (१) राजनैतिक, (२) प्रशासनिक, र (३) आर्थिक । आफ्ना क्षेत्रको बारेमा स्वतन्त्ररूपले स्वयं निर्णय गर्ने शक्ति स्थानीय पञ्चायतहरूलाई हस्तान्तरण गरिएमा राजनैतिक शक्तिको विकेन्द्रीकरण भनिन्छ । त्यस्ता निर्णयहरूलाई कार्यान्वयन गर्ने अधिकार (शक्ति) दिइएमा प्रशासनिक शक्ति विकेन्द्रीकरण भनिन्छ । यसरी राजनैतिक र प्रशासनिक शक्ति विकेन्द्रीकरणको अर्थ फरक र भिन्न छ । आफ्नो क्षेत्रको आर्थिक उन्नतिको लागि स्थानीय आर्थिक साधन र स्रोतहरूलाई परिचालन गर्ने अधिकार (शक्ति) स्थानीय पञ्चायतहरूलाई दिइएमा आर्थिक शक्तिको विकेन्द्रीकरण भएको मानिन्छ । पञ्चायत प्रजातन्त्रले अंगालेको शक्ति विकेन्द्रीकरणको सिद्धान्तमा यी तीन किसिमका शक्तिका विकेन्द्रीकरण अन्तर्निहित छन् ।

नेपालको संविधानको प्रस्तावनाको "विकेन्द्रीकरणको सिध्दान्तलाई अङ्गालने दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली" वाक्यांश र संविधानको भाग ४ मा 'क्रमिक विकेन्द्रीकरणद्वारा' पञ्चायत प्रणालीको राजनैतिक लक्ष्य पूरा गर्ने घोषणाले विकेन्द्रीकरणको सिद्धान्तलाई ठोस रूपमा पञ्चायत प्रजातन्त्रले अंगालेको तथ्य छर्लङ्गिन्छ । पञ्चायत प्रजातन्त्रका मूलभूत आधारहरू मध्ये शक्ति विकेन्द्रीकरणको सिद्धान्त पनि एक हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

यही शक्ति विकेन्द्रीकरणको सिद्धान्त अनुसार यस्तो तहदेखि माथिल्लो तहसम्मको शासनमा सम्पूर्ण जनतालाई स्वयं अग्रसर र सक्रिय गराई देशको शासन व्यवस्थालाई सुदृढ, सक्रिय र जनसेवी बनाई देशमा एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको स्थापना गर्नु पञ्चायत प्रजातन्त्रको घोषित उद्देश्य हो। पञ्चायत प्रजातन्त्रमा शक्ति विकेन्द्रीकरणको सिद्धान्त अन्तर्गत ग्रामीण जनताले नै गाउँको सर्वाङ्गीण विकास गर्नु पर्ने; गाउँको प्रशासन चलाउन पाउने, ग्रामीण समस्याहरू छलफल गरी निवारण गर्नु पर्ने त्यस्तै जिल्लाका क्षेत्राहरू जिल्लावासीहरूले नै गर्न पाउने गरी शक्ति विकेन्द्रीकरण हुने भएको छ। यसरी स्थानीय आवश्यकताको पूर्ति र समस्याको समाधानमा स्थानीय जनतालाई नै जागरुक, सक्रिय र दक्ष तुल्याई तिनीहरुकै शक्तिको सदुपयोग गर्ने विकेन्द्रीकरणको सिद्धान्तले जनतामा उत्तरदायित्व बहन गर्ने क्षमता र आत्म-बल जगाउनको साथै स्थानीय नेतृत्वको विकास पनि गर्नेछ। यसले वास्तविक प्रजातन्त्रको जग स्वस्थरुपले बसाउन साँचिकै ठूलो मदत गर्नेछ। विकेन्द्रीकरणको सम्बन्धमा नेपालको संविधान प्रदान गरिबक्सदै एच. श्री ५ महेन्द्रबाट हुकुम भएको थियो–"पञ्चायती व्यवस्थाबाट शासनको प्रत्येक स्तरमा जनतालाई सम्मिलित गराएर तह तहमा अधिकारको प्रत्यायोजन गरी एउटा विकेन्द्रीत शासन पद्धतिको स्थापना हुनेछ।"

शक्ति विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जन-

CC-0. In Public Domain. Digitization by eGangotri

प्रविनिधिहरुलाई अधिकाधिक मात्रामा सम्मिलित गराई देशको प्रतिभा र साधनलाई सकभर बढी मात्रामा स्वेच्छाले परिचालन गरी एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गर्ने पञ्चायत प्रजातन्त्रको उद्देश्य अनुरुप कसरी र कुन तरीकाबाट शक्ति विकेन्द्रीकरण गर्दै लैजाने सो सुझाव पेश गर्न २०२० साल बैशाख २६ गते राष्ट्रिय पञ्चायतका तत्कालीन अध्यक्ष श्री विश्वबन्धु थापाको अध्यक्षतामा १४ सदस्यीय एक प्रशासकीय विकेन्द्रीकरण आयोगको गठन भएको थियो। विकेन्द्रीकरणको सिद्धान्त क्रमिक र योजनाबद्ध रुपमा लागू गर्ने उक्त आयोगको सुझाव अनुसार श्री ५ को सरकारले स्थानीय प्रशासन अध्यादेश २०२२ (हाल स्थानीय प्रशासन व्यवस्था ऐन २०२२) द्वारा सर्वप्रथम विकेन्द्रीकरण योजना लागू गऱ्यो। यसका प्रमुख विशेषताहरू निम्न प्रकारका छन्:—

विकेन्द्रीकरणको योजनालाई एकै चोटी पूर्ण रुपले कार्यान्वित गर्न प्रशस्त धन, तालीम प्राप्त कर्मचारीहरू र देखदेखको अभाव भएकोले यसलाई तीन चरणहरूमा विभाजित गरी क्रमबद्ध रूपमा सञ्चालन गरिनेछ। ती हुन्: (१) प्रारम्भिक चरण; (२) संक्रमण-कालीन चरण; र (३) अन्तिम चरण।

१. प्रारंभिक चरण :

(क) योजनाको प्रारंभिक चरणमा प्रथमतः प्रशासकीय दृष्टिकोणबाट कायम रहेको ३५ जिल्लालाई खारेज

CC-0. In Public Domain. Digitization by eGangotri

गरी नेपाल अधिराज्यलाई १५ अञ्चल र ७५ विकास जिल्लाहरूमा विभाजित गरियो ।

(ख) निरंकुश अधिकारीको रूपमा जनताको मनमा रहेको बडाहाकिमको पद खारेज गरियो । निजले गरि आएको जिल्लामा शान्ति सुरक्षा कायम राख्ने काम अञ्चलाधीशलाई तथा विकासको काम र अन्य काम जिल्ला पंचायत र प्रमुख जिल्ला अधिकारी (C.D.O.) लाई सुम्पियो ।

(ग) जिल्लाको प्रमुख प्रशासकको रुपमा रहने प्रशासन सेवाका राजपत्रांकित द्वितीय श्रेणीको (Gazetted Second Class) एक नौलो पद–प्रमुख जिल्ला अधिकारी सृजना गरियो । प्रमुख जिल्ला अधिकारीले जिल्ला पञ्चायतको सचिवको काम गर्नुको अतिरिक्त श्री ५ को सरकारका जिल्ला स्तरीय कार्यालयहरूको नियन्त्रण, रेखदेख र समन्वय पनि गर्ने भएकोले श्री ५ को सरकार र जिल्ला पञ्चायतको बीच संयोजक (Link) को रुपमा यो पद रहने भयो । श्री ५ को सरकार र जिल्ला पञ्चायत प्रति उत्तरदायित्व बोक्ने प्रमुख जिल्ला अधिकारीहरूलाई आफ्नो काम, कर्तव्य र अधिकारका बारेमा विस्तृत बालीम दिने र निजहरूलाई पर्याप्त विभागीय र प्रशासकीय अधिकारहरू प्रत्यायोजन गर्ने प्रथम

CC-0. In Public Domain. Digitization by eGangotri

चरणमा उल्लेख छ । तर स्थानीय प्रशासन ऐन २०२८ अनुसार प्रमुख जिल्ला अधिकारी जिल्ला पञ्चायतको सचिव हुँदैन । यसैले उनी जिल्ला पञ्चायत प्रति जिम्मेवार रहनु पर्दैन ।

(घ) यस प्रारम्भिक चरणमा पुलिस, भूमिसुधार, भन्सार इत्यादि विभागका जिल्ला स्तरीय कार्यालयहरू तथा केन्द्रीय स्तरका योजनाहरू इत्यादि श्री ५ को सरकारद्वारा सोझै वा अञ्चलाधीश मार्फत नियन्त्रण हुने छन् ।

यस चरणमा हुने उपर्युक्त कार्यहरूको फलस्वरूप जिल्ला प्रशासन र पञ्चायत निकट आउने आशा गरिएको छ । सारांशमा विकेन्द्रीकरण योजनाको अन्तिम चरण लागू गर्नको लागि उ हिने प्रारम्भिक व्यवस्थाको सृजना गर्नु नै यस चरणको मूख्य उद्देश्य हो ।

२. संक्रमण-कालीन चरण:

अन्तिम चरणमा विकेन्द्रीकरण योजना लागू गर्नको लागि आवश्यक सबै कार्यहरू यस संक्रमणकालीन चरणमा गरिनेछन् । यस चरणमा आवश्यक कर्मचारीहरू भर्ना गरी तालीम दिने प्रमुख काम उल्लेख भएको छ ।

३. अन्तिम चरण:

यस अन्तिम चरणमा शान्ति-सुरक्षा, भन्सार, हुलाक आदि बाहेक अरू सबै कुराहरू जिल्ला पञ्चायतको कार्यक्षेत्र

CC-0. In Public Domain. Digitization by eGangotri

भित्र पर्ने जानेछन् । यी सबै कुराहरूमा श्री ५ को सरकारले निर्धारण गरेको उपरेखाभित्र रही नीति सम्बन्धी निर्णय गर्ने अधिकार जिल्ला पञ्चायतलाई हुनेछ । उक्त निर्णयलाई कार्यान्वित गर्ने काम प्रमुख जिल्ला अधिकारीले गर्नेछन् । यसप्रकार श्री ५ को सरकारको मूल नीति भित्ररही आफ्नो क्षेत्रको विकास गर्ने शिक्षा, स्वास्थ्य, कृषि, भूमि व्यवस्था, प्रशासन इत्यादिका सम्बन्धमा जिल्ला स्तरीय सम्पूर्ण कार्य र अधिकारहरु जिल्ला पञ्चायतलाई सुम्पिइनेछ । जिल्ला पञ्चायतद्वारा पनि उक्त अधिकारहरु मध्ये आवश्यक अधिकारहरु गाउँ र नगर पञ्चायतहरुलाई प्रयोग गर्न दिने व्यवस्था छ । १२ वर्षसम्ममा अर्थात २०३४ साल सम्ममा नेपाल अधिराज्य भरका सम्पूर्ण गाउँ पञ्चायतहरु विकेन्द्रीकरण योजनाको अन्तिम चरणमा पुगिसक्ने अनुमान गरिएकोछ । त्यस चरणमा जिल्ला स्तरका श्री ५ को सरकारका सबै कार्यालयहरु जिल्ला पञ्चायतको अन्तर्गत रहनेछन् र केन्द्रीय सरकारको नियन्त्रण अञ्चल स्तरमा मात्र रहनेछ ।

प्रशासनिक विकेन्द्रीकरणको अलावा राजनैतिक शक्तिको विकेन्द्रीकरण गर्ने लक्ष्य अनुरुप स्थानीय पञ्चायतहरु स्थापित भएका छन् । पञ्चायत प्रजातन्त्रको परिधिभित्र रही आफूलाई प्रभाव पार्ने प्रायः सम्पूर्ण कुराहरुका सम्बन्धमा स्वतन्त्रपूर्वक स्वयं निर्णय लिई स्वयंलाई कार्यान्वित गर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकार स्थानीय पञ्चायतहरूले पाएका छन। अझ स्थानीय पञ्चायतहरूले छानेर पठाएका प्रतिनिधिहरूबाटै देशको राजनितिक स्वरुप निक्पन हुन जाने भएकोले राजनैतिक शक्तिको विकेन्द्रीकरण हुन सक्छ।

आर्थिक क्षेत्रमा पनि शक्तिको विकेन्द्रीकरण गर्न तफ स्थानीय स्रोतहरुको मूल्यांकन र परिचालन गरी राष्ट्रिय योजना बनाउनु भन्दा अगाडि गाउँ र नगरको तहदेखि उठी जिल्लाव्यापी योजनाको तर्जुमा गरे पछि मात्र राष्ट्रिय दृष्टिकोणबाट समन्वय र सामञ्जस्य कायम राखी राष्ट्रिय योजनाको तर्जुमा हुनु पर्ने देखिन्छ। केन्द्रीय स्तरमा पाइने राष्ट्रिय योजना तर्जुमा गरी जिल्लाको विकास स्वरुप अनुरुप मिलाउने नीति आर्थिक शक्तिको विकेन्द्रीकरणको विपरित छ। यसले आर्थिक क्षेत्रमा विकेन्द्रीकरण जनाउँछ। यसर्थ यस दिशामा ठोस नीति र कार्यक्रम विकेन्द्रीकरणको सिद्धान्त अन्तर्गत नअंगाली भएको छैन। यस्तै राजनैतिक क्षेत्रमा पनि ठोस र व्यावहारिक कार्यक्रमहरू विकेन्द्रीकरणको सिद्धान्तलाई अगाडि बढाउन चाल्नु पर्ने आवश्यकता देखिन्छ।

विकेन्द्रीकरणको सिद्धान्त बमोजिम पञ्चायतहरूको क्षमतानुसार प्रत्यायोजन गरिएका र पछि गरिने अधिकारहरूले मात्र पञ्चायत प्रजातन्त्रको उद्देश्य परिपूर्ती हुँदैन। ती अधिकारहरुलाई कुन रूपमा जनप्रतिनिधिहरूले कार्यान्वित गरिरहेका छन् र गर्नेछन् त्यो सबभन्दा महत्वपूर्ण छ।

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने त्यसैमा शक्ति विकेन्द्रीकरण सिद्धान्तको साथै पञ्चायत प्रजातन्त्रको सफलता पनि निर्भर गर्दछ । यसैले विशेष गरी जनप्रतिनिधिहरूमा यी प्रत्यायोजित अधिकारको ठीक ठाउँमा निर्भीक भएर सदुपयोग गर्न सक्ने क्षमता र दक्षता बढाउन समय समयमा तालीम, विचार गोष्ठी आदिको व्यवस्था हुनुको साथै तिनीहरूलाई जनताको वास्तविक हितचिन्तक र निस्वार्थ सेवक बनाउने पृष्ठभूमिको सृजना ठोसरूपमा हुनु अत्यावश्यक छ ।

Q. No 12.

What are the Objectives of Decentralization in Nepal ? What measures have been taken to achieve them ?

नेपालमा विकेन्द्रीकरणका उद्देश्यहरू के के हुन् ? ती उद्देश्यहरू प्राप्त गर्न के के कदमहरु चालिएका छन् ?

उत्तर:—पञ्चायत प्रजातन्त्र अन्तर्गत नेपालमा लागु भएको शक्ति विकेन्द्रीकरणको सिद्धान्तका उद्देश्यहरू एकै वाक्यमा भन्ने हो भने नेपाली जनतालाई जागृत गरी देशको नव-निर्माणमा स्वयं अग्रसर र सक्रिय गराई प्रत्येक तहको शासनमा बढी से बढी जन—प्रतिनिधिहरूलाई सम्मिलित गराई देशका साधनहरूलाई पूर्णरुपले परिचालन (सदुपयोग) गरी एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गर्नु हो । यातायातको ज्यादै कठिनाइ भएको नेपाल जस्तो विकासोन्मुख देशमा कानून

CC-0. In Public Domain. Digitization by eGangotri

बनाएर, आदेश निकालेर वा माथिबाट निर्देशन गरेर मात्र देशको निर्माण सम्भव छैन। देशवासीहरूमा देशको निर्माणमा चाख र रुची उत्पन्न गराई उनीहरूलाई प्रत्येक तहको शासनमा सम्मिलित गरी आफूलाई प्रभाव पार्ने कुराहरूमा स्वयं निर्णय गर्ने र तदनुसार काम गर्ने बानी बसाल्दै जानु पर्दछ। अनिमात्र देश निर्माणको कठिन कार्य मात्र सुगम हुने होइन वास्तविक प्रजातन्त्रको जग पनि जन-जीवनबाट माथि उठ्दै आउने छ। नेपालमा लागु भएको शक्ति विकेन्द्रीकरणको सिद्धान्तका उद्देश्यहरू निम्न प्रकारका छन्:—

१. आर्थिक विकासका कार्यहरूमा स्थानीय साधनहरूको परिचालन गर्नु;

२. स्थानीय नेतृत्वको विकास गर्नु;

३. प्रशासनको प्रजातान्त्रिकरण गर्नु; र

४. प्रशासनमा दक्षता र प्रभावकारिताको वृद्धि गर्नु।

१. यातायात र सञ्चारको राम्रो व्यवस्था हुन नसकेको नेपालको आजको स्थितिमा देशको सम्पूर्ण भागको समान रुपमा विकास गर्न स्थानीय साधनहरूको पूरा परिचालन गर्नु अत्यावश्यक छ। नेपाल अरु देशको दाँजोमा पछि परेका कारणहरू मध्ये देशको आर्थिक विकासमा स्थानीय जनतालाई सक्रिय र जागरुक बनाई जनशक्ति र स्थानीय साधनहरूलाई परिचालन गर्न नसक्नु एक मुख्य कारण हो। विकासको गतिलाई निरन्तर अगाडि बढाउँदै

CC-0. In Public Domain. Digitization by eGangotri

लैजान स्थानीय जनतालाई सक्रिय र क्रियाशील बनाई स्थानीय साधनहरूको परिचालन गर्न सकेमा मात्र बिकासको जग बस्न जानेछ । गाउँ गाउँले भरिएको नेपालको आर्थिक बिकास गाउँका बासिन्दाहरूले केन्द्रमा नधाइकन नै गाउँबाट शुरु गर्न सकेमा देशको आर्थिक बिकास स्थीर र अटुट हुन जानेछ । देशको सबै भागको बिकास एक साथ सम्भब हुन जानेछ । देशको कुनाकाप्चामा छरिएर रहेका स्थानीय साधनहरूलाई स्थानीय जनताले देशको आर्थिक बिकासको योजना अनुरुप सदुपयोग गर्न सकेमा देशको आर्थिक बिकास छिटो र छरितो हुनेछ । बिकासको क्रम अटुट रुपबाट स्थानीय स्तर देख उठी राष्ट्रिय स्तरसम्ममा पान सञ्चालन हुन सक्नेछ । यसरी देशको आर्थिक बिकासको लागि गाउँ र नगरको तहदेखि नै स्थानीय जनशक्ति र साधनहरूको खेर नफाली पूर्णरुपले परिचालन गर्ने विकेन्द्रीकरणको उद्देश्यले नेपालको आर्थिक बिकास सम्भब बनाएको छ । यसले अन्ततः शोषणरहित समाज निर्माण गर्ने पञ्चायत प्रजातन्त्रको उद्देश्य प्राप्त गर्न सघाउ पुऱ्याउनेछ ।

२. स्थानीय समस्याको समाधान र आवश्यकताहरुको पूर्तिका लागि स्थानीय जनतालाई नै सक्रिय र दक्ष तुल्याई तिनीहरुकै शक्ति सदुपयोग गर्ने विकेन्द्रीकरणको उद्देश्यले जनतामा उत्तरदायित्व बहन गर्ने क्षमता र आत्म-

CC-0. In Public Domain. Digitization by eGangotri

बलको सृजना गर्नुको साथै स्थानीय नेतृत्वको विकास पनि गर्नेछ । स्थानीय विकासको सम्पूर्ण जिम्मेवारी स्थानीय जनतालाई नै सुम्पेपछि जे कुरामा पनि केन्द्र वा आफु भन्दा माथिको तहको मुख ताक्ने, कुनै कुरामा पनि चासो नलिने र आफु अघि नसर्ने बानीलाई तिलाञ्जली दिनु पर्ने भएकोले स्थानीय विकासको लागि नेतृत्व दिन सक्ने एक वर्गको सृजना हुनेछ । स्थानीय नेतृत्वको विकास स्थानीय विकासको संगसंगै विकसित हुनेछ । यसरी स्थानीय समस्याहरुको समाधानमा जुटी स्थानीय जनताको सबै किसिमको विकासमा सम्पूर्ण समय दिई क्रियाशील रहने मानिसले नै नेतृत्व गर्न सक्नेछ । यस्तो स्थानीय विकासमूलक नेतृत्वको अभाव भइरहेको नेपालमा पञ्चायत प्रजातन्त्र अन्तर्गत विकेन्द्रीकरणको सिद्धान्तले जन-जीवनमा भिजी विकसित हुने कल्याणकारी विकासमूलक स्थानीय नेतृत्वको विकास गर्ने उद्देश्य राखेकोछ । यही स्थानीय नेतृत्वको आधारमा प्रभावकारी र कल्याणकारी राष्ट्रिय नेतृत्वको विकास हुनेछ ।

३. देशको प्रशासनमा कुनै वर्ग वा व्यक्तिको मात्र आधिपत्य रहेमा त्यो प्रशासन प्रजातान्त्रिक हुन सक्दैन । जनतालाई बढो से बढी प्रशासनमा सरीक गराई जन-आकांक्षा पूर्ति गर्ने देशको प्रशासन भएमा प्रशासनको प्रजातान्त्रिकरण भएको मानिन्छ । देशको हरेक तहको प्रशासनमा

CC-0. In Public Domain. Digitization by eGangotri

जनप्रतिनिधिहरुलाई बढीसे बढी हिस्सा लिन लगाई देशको प्रशासन व्यवस्थालाई नै प्रजातान्त्रिकरण गर्ने विकेन्द्रीकरण सिद्धान्तको उद्देश्य छ ।

४. देशका सबै भागको प्रशासन केन्द्रले चलायो भने केन्द्रमा मात्रै कामको बोझ थुप्री देशको प्रशासन ढिलो, छरितो, दक्ष र प्रभावकारी हुन सक्दैन । यसैले आवश्यक केही अधिकार मात्र केन्द्रमा राखेर अरू जम्मै अधिकारहरु पञ्चायतका विभिन्न तहहरू मार्फत स्थानीय जनतालाई सुम्पेर देशको प्रशासनमा दक्षता र प्रभावकारीताको वृद्धिगर्ने उद्देश्य विकेन्द्रीकरणले राखेको छ । आफ्नो गाउँको प्रशासन ग्रामीण जनतालेनै सञ्चालन गर्न सक्षम र लायक छन् भन्ने विश्वास जनतामा बढाउन आवश्यक तालीम र सुविधा प्रदान गर्ने उद्देश्य पनि विकेन्द्रीकरणले राखेको छ । वास्तवमा ग्रामीण जनतालाई राम्रो तालीम र आवश्यक कुराको ज्ञान प्राप्त गराइएमा आफ्नो गाउँको सर्वाङ्गीण विकासको लागि गाउँको प्रशासन दक्ष र प्रभावकारीतासाथ सञ्चालन गर्न नसक्ने केही कारण देखिदैन ।

(विकेन्द्रीकरणका उपरोक्त उद्देश्यहरूको पूर्ति गर्न चालिएका कदमहरूको विषयमा प्रश्न नं ११ को पेज ९३ को अन्तिम पाराग्राफ देखि ९८ पेज सम्मको हेर्नु होस् ।)

CC-0. In Public Domain. Digitization by eGangotri

Q. No. 13. 1974 ✓ S

Discuss the Position and Powers of the Chief District Officer in District Administration.

जिल्ला प्रशासनमा प्रमुख जिल्ला अधिकारीका स्थान र अधिकारहरु छलफल गर्नु होस् ।

उत्तर— शक्ति विकेन्द्रीकरणको सिद्धान्त अंगाल्ने पञ्चायत प्रजातन्त्र अन्तर्गत २०२२ साल पौष १ गते देखि लागू भएको प्रशासन विकेन्द्रीकरण योजना अनुरूप स्थापित देशको प्रशासन व्यवस्थामा जिल्ला प्रशासनको स्थान महत्वपूर्ण छ । किनभने आफ्नो जिल्लाको बिकास र प्रशासन सम्बन्धी अधिकांश अधिकारहरू जिल्ला पञ्चायतलाई सुम्पिइएको छ । यही जिल्ला पञ्चायतको प्रशासनलाई जिल्ला प्रशासन भनिन्छ । यसरी जिल्ला पञ्चायतलाई पञ्चायत व्यवस्थाको महत्वपूर्ण तह मात्र नमानी देशको प्रशासन व्यवस्थाको आधारभूत प्रशासनिक तह पनि मानेकोले जिल्ला प्रशासनको स्थान महत्वपूर्ण छ । श्री ५ को सरकारको जिल्लास्तरीय मुख्य प्रतिनिधि र प्रमुख प्रशासक भइ कामगर्ने प्रमुख जिल्ला अधिकारी श्री ५ को सरकारले नियुक्त गर्दछ । राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत (Gazetted Second Class Officer) को दर्जामा रहने प्रमुख जिल्ला अधिकारीको स्थान जिल्ला प्रशासनमा ज्यादै जिम्मेदारीपूर्ण र महत्वपूर्ण छ । जिल्ला प्रशासनको दक्षता, प्रभावशालीता र सफलता मात्र होइन पञ्चायत व्यवस्थाको

CC-0. In Public Domain. Digitization by eGangotri

सफलता समेत प्रमुख जिल्ला अधिकारीको योग्यता र खुबिमा धेरै अंशमा निर्भर गर्दछ ।

प्रमुख जिल्ला अधिकारीको उत्तरदायित्व दुई किसिमका छन् । (१) जिल्लाको लागि श्री ५ को सरकारको मुख्य प्रतिनिधि भई जिल्ला स्तरीय प्रायः सबै कार्यालयहरूको प्रमुख प्रशासकको रूपमा सोझै श्री ५ को सरकारप्रति उनको उत्तरदायित्व रहन्छ; र (२) अञ्चलाधीशबाट सुम्पिइएका कामका सम्बन्धमा अंचलाधीशप्रति उनको उत्तरदायित्व रहन्छ । स्थानीय प्रशासन अध्यादेश २०२८ लागू हुनुभन्दा पहिले प्रमुख जिल्ला अधिकारी जिल्ला पञ्चायतको पदेन सचिव पनि हुने भएकोले जिल्ला पञ्चायतप्रति पनि उनको उत्तरदायित्व रहन्थ्यो तर हाल यो व्यवस्था छैन ।

अधिकारहरू :

प्रमुख जिल्ला अधिकारीका अधिकारहरू निम्न प्रकारका छन्:—

१. जिल्लामा शान्ति सुरक्षा कायम राख्नु ।
२. श्री ५ को सरकारका जिल्लास्तरीय कार्यालयहरूको कार्यको सामान्य रेखदेख, नियन्त्रण र समन्वय श्री ५ को सरकारको नीति भित्र रही गर्नु;
३. श्री ५ सरकारले समय समयमा दिएको आदेश वा निर्देशन अनुसार अरु काम कार्यवाही गर्नु; र

CC-0. In Public Domain. Digitization by eGangotri

४. सम्बन्धीत अञ्चलाधीशले समय समयमा सुम्पेको अधिकारको प्रयोग गर्नु ।

१. आफ्नो सम्बन्धीत जिल्ला भित्र शान्ति सुरक्षा कायम राख्नु प्रमुख जिल्ला अधिकारीको पहिलो कर्तव्य हो । जिल्लामा शान्ति सुरक्षा कायम राख्ने मुख्य अधिकारी नै प्रमुख जिल्ला अधिकारी भएकोले उनका मातहतमा प्रहरीहरू रहन्छन् । तर अदालत र शाही सेनाका सम्बन्धमा उनको केही अधिकार हुँदैन ।

२. जिल्लाको प्रमुख प्रशासक नै प्रमुख जिल्ला अधिकारी भएकोले जिल्ला पञ्चायत अन्तर्गत रहेका श्री ५ को सरकारका जिल्ला स्तरीय सबै कार्यालयहरुको कार्यको सामान्य रेखदेख, नियन्त्रण र समन्वय गर्ने उनको अधिकार छ । प्रमुख जिल्ला अधिकारीले आफ्नो यो प्रशासकीय अधिकारको प्रयोग श्री ५ को सरकारको नीति भित्र रही गर्नु पर्दछ । जिल्ला प्रशासनमा विभागीय प्रमुखको रूपमा रहेको प्रमुख जिल्ला अधिकारीको रेखदेखमा मात्र जिल्ला स्तरीय श्री ५ को सरकारका विभिन्न कार्यालयहरूले काम गर्दछन् । जिल्लाका कर्मचारीहरुले कुनै किसिमको बिदा लिन उनको स्वीकृत चाहिन्छ । आफ्नो अन्तर्गतका सबै कर्मचारीहरूको गोप्य रिपोर्ट सम्बन्धित मन्त्रालय वा विभागमा पठाउने र आवश्यक परेमा तिनीहरूलाई सस्पेण्ड समेत गर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकार प्रमुख जिल्ला अधिकारीमा छ। यस अतिरि उनमा केही न्यायिक अधिकार पनि छ।

३. समय र परिस्थिति अनुकूल श्री ५ को सरकारले वेल बेलामा दिएको आदेश वा निर्देशन अनुसार प्रमुख जिल्ल अधिकारीहरूले अरू विभिन्न कार्यहरू गर्ने अधिकार पनि उपभोग गर्न सक्दछन्।

४. सम्बन्धित अञ्चलका अञ्चलाधीशले आवश्यकतानुसार सुम्पने सबै अधिकारहरूको प्रयोग पनि प्रमुख जिल्ला अधिकारीले गर्दछ।

यसरी प्रमुख जिल्ला अधिकारीको पद अधिकारपूर्ण भएकोले उनका कर्तव्यहरू पनि त्यतिकै कठिन र गहन छन्।

Q. No. 14.

Write a brief Essay on Nepal's Non-Aligned Foreign Policy.

नेपालको असंलग्न परराष्ट्र नीतिमाथि एउटा संक्षिप्त निबन्ध लेख्नु होस्।

उत्तरः- विज्ञान र प्राविधिक ज्ञान (Science and Technology) को चमत्कारिलो प्रगतिले खुम्चेको आजको संसारमा कुनै पनि देश संसारको गतिविधिदेखि अलग रहन सक्दैन। संसारको कुनै भागमा घटेको घटनाको प्रभाव सबै भागमा नै कुनै न कुनै रूपमा नपरी छोड्दैन। यसरी विश्व नै आज एक सानो परिवारको रूपमा देखा परेकोछ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिवारका हरेक सदस्यहरूको बीच सम्बन्ध रहे जस्तै आजको विश्व परिवारका सदस्य राष्ट्रहरूको बीच पनि आपसमा कुनै न कुनै प्रकारको सम्बन्ध रहेको पाइन्छ। यसरी एक राष्ट्रले अर्को राष्ट्रसंग सम्बन्ध राख्ने नीतिलाई परराष्ट्र नीति भनिन्छ। नेपालको पनि अरु देशहरूसित सम्बन्ध राख्ने परराष्ट्र नीति छ जसलाई असंलग्न वा स्वतन्त्र परराष्ट्र नीति भनिन्छ।

१०४ वर्षसम्मको राणा शासन कालमा नेपालको परराष्ट्र नीति ब्रिटीश साम्राज्यवादको छत्रछायामा रह्यो। नेपालले आफ्नै किसिमको स्वतन्त्र परराष्ट्र नीति अपनाएन। २००७ सालको क्रान्ति पछि नेपालले स्वतन्त्र परराष्ट्र नीति अपनाउने मौका पायो। अर्कोतिर झण्डै त्यस समयमा द्वितीय विश्व युद्ध (सन् १९३९-४५) पछि संसारमा पुँजीवादी अमेरिका र साम्यवादी रुस दुई शक्तिशाली गुटहरुको रुपमा देखा परे। ती दुई शक्ति गुटहरुले संसारका रुवै राष्ट्रहरुलाई आ-आपनो प्रभाव क्षेत्रमा ल्याउन नाटो (NATO)[1], सीटो (SEATO)[2], सेन्टो (CENTO)[3] र बार्सा सान्धि संगठन जस्ता सैनिक संगठनहरू

Note:

1. NATO=North Atlantic Treaty Organization.
2. SEATO=South Eeast Asia Treaty Organization.
3. CENTO=Central Treaty Organization.

CC-0. In Public Domain. Digitization by eGangotri

खडा गरेर शक्तिको प्रयोग गरे। यसको परिणामस्वरूप द्वितीय विश्वयुद्धको असह्य घाउ निको हुन नपाउँदै अर्को भीषण नरसंहारकारी विश्व युद्धको डर र त्रास बढ्यो। यसरी शीत युद्ध (Cold War) चम्की तनावपूर्ण रहेकोअन्तरराष्ट्रिय स्थिति विश्वमा शान्ति र प्रगतिको पक्षलाई मजबूत गर्न कुनै पनि शक्ति गुटमा संलग्न (सामेल) नहुने असंलग्न र स्वतन्त्र परराष्ट्र नीतिको खाँचो महसूस गरायो। यही खाँचोलाई पूर्ति गर्न एशिया र आफ्रिकाका अनेक नवोदित स्वतन्त्र राष्ट्रहरूको साथमा नेपालले पनि २००७ सालको क्रान्ति पछि असंलग्न स्वतन्त्र परराष्ट्र नीति अपनायो। असंलग्न परराष्ट्र नीतिको उत्पति र विकास द्वितीय विश्वयुद्ध पछिको शीत युद्धको वातावरणमा भए तापनि नेपालको सन्दर्भमा यो नीतिको औचित्य र ऐतिहासिक आधार श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको "नेपाल दुई ढुङ्गा बीच तरुल हो।" भन्ने दिव्य-उपदेशबाट पाइन्छ। नेपालको परराष्ट्र नीतिको प्रतिपादन राष्ट्रपिता श्री ५ त्रिभुवनबाट भए तापनि यस नीतिको स्पष्ट व्याख्या, विकास र राम्रो कार्यान्वयन श्री ५ महेन्द्रको नेतृत्वमा भएको थियो।

नेपालको यो परराष्ट्र नीतिको मुख्य लक्ष्य विश्व शान्ति र शान्तिपूर्ण रूह-अस्तित्वको लागि प्रयत्नशील रही देशको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डतालाई जोगाई देशको चौतर्फी विकासमा संसारका सबै राष्ट्रहरूको सहयोग र सद्भावना प्राप्त गरी तो राष्ट्रहरूसंगको मैत्री सम्बन्ध मजबूत गर्नु हो। नेपालको असंलग्न परराष्ट्र नीति नेपालको इतिहास

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परा, राजनैतिक व्यवस्था, भौगोलिक स्थिति, आर्थिक विकासको अवस्था र बदलिदो अन्तरराष्ट्रिय स्थितिले निर्धारण गरेको समयोचित एक स्वतन्त्र नीति हो । नेपालको राष्ट्रिय आवश्यकता र आकांक्षा अनुरुप रही देशको अनन्त हित गर्दै विश्व शान्ति र विश्वबन्धुत्वप्रति लगनशील रही मानव मात्रको हित र कल्याणमा समर्पित रहने नेपालको असंलग्न परराष्ट्र नीति हो । यसैले यो मानवताका उच्च आदर्शहरू अंगालेको मानवतावादी परराष्ट्र नीति हो । नेपालको असंलग्न परराष्ट्र नीतिका प्रमुख लक्षणहरु (आधार स्तम्भहरू) निम्न प्रकारका छन्:

१. पञ्चशीलको सिद्धान्त अनुसार सबै शान्तिप्रिय राष्ट्रहरूसंग मैत्रीपूर्ण व्यवहार गर्नु;

२. कुनै पनि सैनिक गुटमा सामेल नभई असंलग्न रहनु;

३. विश्वका हरेक समस्याको आफ्नै विवेकद्वारा समाधान खोज्नु; र

४. संयुक्त राष्ट्र संघमा आस्था राखी संघको बडापत्र (Charter) का उद्देश्य र सिद्धान्तहरू अनुसार चल्नु ।

(१) पञ्चशीलको सिद्धान्त

१. राष्ट्रहरूको समुदायमा समानता; क्षेत्रिय अखण्डता र सार्वभौमिकता; शान्तिपूर्ण सह-अस्तित्व; अरूको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने र एक राष्ट्रले अर्को राष्ट्रमाथि आक्रमण नगर्ने पञ्चशीलका यी ५ सिद्धान्तहरूको आधारमा

CC-0. In Public Domain. Digitization by eGangotri

संसारका सबै शान्तिप्रिय राष्ट्रहरूसंग मैत्रीपूर्ण सम्बन्ध कायम गरी आपसको सम्बन्धलाई फलदायी र कल्याणकारी बनाउने नेपालको असंलग्न परराष्ट्र नीतिको महत्वपूर्ण आधारस्तम्भ हो। यही नीति अनुरुप विश्वका ५२ राष्ट्रहरूसित नेपालको दौत्य सम्बन्ध स्थापित भइसकेकोछ। दौत्य सम्बन्धको अतिरिक्त संसारका विभिन्न देशहरुसित आर्थिक, व्यापारिक र साँस्कृतिक सम्बन्ध कायम गर्ने क्रम दिन प्रतिदिन बढिरहेको छ। २००७ सालसम्म रहस्यमय रहेको नेपालको सम्बन्ध आज अन्तर-राष्ट्रिय जगतमा व्यापक र विस्तृत भइरहेको छ। यसबाट राष्ट्रहरुको बीच आपसी समझदारी र मित्रता बढी विश्वशान्ति र विश्वबन्धुत्वको पक्षलाई मजबूत गर्नमा ठूलो बल मिलेकोछ।

२. संसारका दुई सैनिक शक्ति गुटहरूमध्ये कुनै पनि गुटमा संलग्न नरही विश्वशान्ति र प्रगतिको लागि क्रियाशील रहने नेपालको असंलग्न परराष्ट्र नीतिको अर्को आधार-स्तम्भ हो। सैनिक गुटहरुमा संलग्न रहने नीतिले विश्वमा तनावपूर्णअन्तर-राष्ट्रिय स्थिति खडा गर्छ र भीषण विश्व युद्धलाई निम्त्याउँदछ। आणविक शस्त्रास्त्रको बेजोड प्रगति भएको आजको अवस्थामा त युद्धले मानव जातिको अस्तित्व नै यो संसारबाट सखाप गर्न सक्दछ। यसरी गुटबन्दी राजनीतिले विश्वलाई विनाशतिर धकेल्ने भएकोले असंलग्न राष्ट्रहरूको गुट निर्माणमा समेत नेपालले विरोध गरेकोछ। नेपालले असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनहरू-बेलग्रेड (१९६१), कायरो (१९६४) र लुसाका

CC-0. In Public Domain. Digitization by eGangotri

[१७७०] यो भाग लिई आफ्नो असंलग्न परराष्ट्र नीतिको सही परिचय विश्वज्ञाई दिइसकेकोछ । ती सम्मेलनहरूमा नेपालले आफ्नो परराष्ट्र नीति अनुकूल असंलग्न राष्ट्रहरूका बीच आपसमा समझदारी, सहयोग र सहायता अझ बढाई विश्वमा शान्ति र प्रगतिको पक्षलाई मजबूत गर्नु पर्ने आवश्यकता माथि जोड दिएको छ ।

३. नेपालको असंलग्न परराष्ट्र नीति कसैको डर र त्रासमा सत्य र न्यायको पक्षबाट नै मध्यस्थ र तटस्थ रहने नीति होइन । हरेक अन्तरराष्ट्रिय प्रश्नमाथि कसैको डर र धम्कीको परवाह नगरी स्वतन्त्र र निर्भीक रुपले गुण र दोषलाई केलाई न्याय, मानव कल्याण, विश्वशान्ति र समृद्धिको लागि सदैव अग्रसर रहने नीति नेपालको असंलग्न परराष्ट्र नीति हो । न्याय र अन्याय, उचित र अनुचित छुट्याउनु पर्ने प्रश्न अतन्ररराष्ट्रिय मामिलामा उठदा नेपालले सधैं न्याय र उचितको पक्षमा आफ्नो आवाज बुलन्द गर्दै आएकोछ । यसै प्रसंगमा साम्राज्यवाद, नव-साम्राज्यवाद, उपनिवेशवाद र मानिसको छालाको रङ्गको आधारमा रहेका रङ्गभेद वा जातिवाद नीतिको कडा विरोध मात्र होइन तिनीहरूको बिरुद्धको संघर्षलाई नैतिक समर्थन पनि नेपालले गर्दै आएकोछ । उत्तर भियतनाममा अमेरिकी बम वर्षाको विरोध, भियतनामबाट सबै विदेशी सैनिक फिर्ता गरी त्यहाँको जनतालाई आत्म निर्णय गर्न दिने, मध्य पूर्वमा

CC-0. In Public Domain. Digitization by eGangotri

इजरायलको अस्तित्वलाई मानी उसले सन् १९६७ को युद्धमा कब्जा गरिराखेको अरब क्षेत्रलाई फिर्ता गर्न दिने, चेकोस्लोभेकियामा भएको सोभियत दमनको विरोध आदि नेपालले आफ्नो बुद्धि विवेकले निरपेक्ष राय व्यक्त गर्दै आएको छ। यसैले नेपालको असंलग्न परराष्ट्र नीति दुइ शक्ति गुटमा संलग्न नरहने स्वतन्त्र नीति मात्र होइन निश्चितरूपले न्यायको पक्षमा आधारित नीति पनि हो भन्न सकिन्छ।

४. नेपालले संयुक्त राष्ट्र संघलाई आफू जस्ता साना राष्ट्रहरूको स्वतन्त्रताको संरक्षक सम्झन्छ। संयुक्त राष्ट्रसंघको बडापत्र (Charter) मा निहित सिद्धान्त र आदर्श अनुरुप विश्व समस्याहरूको समाधान शान्तिपूर्ण तरिकाले हुनुपर्दछ भन्ने नेपालको असंलग्न परराष्ट्र नीतिको मूलभूत आधार हो। विश्वमा शान्ति र सुरक्षा कायम राखी मानव मात्रको हित गर्ने पुनित उद्देश्य भएको विश्व संस्थालाई अझ सबल र प्रभावकारी बनाउन गौतम बुद्धको देश नेपाल सदैव प्रयत्नशील रहि आएको छ। विश्वको कुनै पनि समस्याको समाधान लडाइको मैदानमा नखोजी संयमी र विवेकशील भई टेबुलमा बसेर आपसी छलफलद्वारा शान्तिपूर्वक समाधान निकाल्न सकिन्छ भन्ने धारणा नेपालको रहेको छ। यसैले आजको सबै अन्तर राष्ट्रिय समस्याहरूको शान्तिपूर्ण तरिकाले समाधान गर्न तर्फ नेपालले जोड दिदै आएकोछ। यसै प्रसंगमा भियतनाम समस्या समाधान गर्न तर्फ भइहेरको चारपक्षिय पेरिश शान्ति

CC-0. In Public Domain. Digitization by eGangotri

वार्ता, डा० गुनार याारिङ्गको तत्वावधानमा भएको मध्यपूर्व समस्यासित सम्बन्धीत पक्षहरूको शान्ति वार्ता तथा पूर्व र पश्चिमको बीच सम्बन्ध सुधार गर्ने प्रयासहरूको खुला दिलले स्वागत गरेकोछ । यसको अतिरिक्त बढिरहेको आणविक शस्त्रहरूको प्रयोगमा प्रतिबन्ध र पूर्ण निरस्त्रीकरण गराउन तथा विश्वका तीन चौथाई विकासोन्मुख देशहरूको आर्थिक विकासको लागि अन्त राष्ट्रिय सहयोग बढाउन नेपालले जोड दिंदै आएकोछ । संयुक्त राष्ट्रसंघ मार्फत नै विश्वमा विद्यमान तनाव र समस्याहरूको शान्तिपूर्ण समाधान गर्ने क्रममा यो संघलाई बढी प्रभावकारी र विश्वव्यापी बनाउन च्याङ्काइसेकको चीनलाई निस्कासन गरी ७५ करोड जनसंख्या भएको विश्वको एक शक्ति शाली राष्ट्र जनवादी गणतन्त्र चीनलाई त्यस संघमा न्यायोचित स्थान दिलाउन अरु देशहरूको साथमा नेपालले गरेको अन्तरराष्ट्रिय प्रयत्नको फलस्वरुप सन् १९७१ मा अत्यधिक बहुमतले९क्त देश राष्ट्रसंघको स्थायी सदस्य हुन सक्यो ।

नेपालको यो शान्तिप्रिय असंलग्न परराष्ट्र नीतिको सफल कार्यान्वयनले नै नेपाल सुरक्षा परिषद्को एशो—याली सदस्य पदमा दुई वर्षको लागि सर्वाधिक मतद्वारा सन् १९६८ मा विजयी हुन सक्यो । केही समय पूर्व—

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म रहस्यमय मानिएको नेपालले यसरी असंलग्न परराष्ट्र नीति अपनाएर इतिहासको कुनै कालमा पनि नपाएको अन्तरराष्ट्रिय सम्मान र इज्जत आज पाएको छ। साँच्चिकै नेपाली मात्रको लागि यो ठूलो गौरवको कुरा हो। यसको अतिरिक्त सबै राष्ट्रहरूसित मैत्रीपूर्ण सम्बन्ध रहेकोले सबै राष्ट्रहरु खासगरी दुइ शक्तिसम्पन्न राष्ट्रहरूबाट विभिन्न आर्थिक र प्राविधिक सहायता र सहयोग नेपालले पाइरहेकोछ। यही नीतिले गर्दा देशको आर्थिक विकासको लागि भू-परिवेष्ठित राष्ट्रहरुले अन्तरराष्ट्रिय प्रचलन अनुसार पाइरहे सरह नेपालले पनि स्वतन्त्र र मुक्त पारगमन सुविधा पाउन विशेष जोड दिँदै आउन सकेको छ। यही नीति अनुरुप भारतको सैनिक सहयोग मिशन र देशको उत्तरी भाग-मा रहेको सैनिक चौकिहरू फिर्ता पठाउन सफल भएको छ। यस्तै भीमसेन थापाको पालादेखि चलि आएको चीनको तिब्बती क्षेत्रसंगको सीमा विवाद शान्ति र मैत्रीपूर्ण वातावरणमा छल-फलद्वारा हल भएको छ।

यो नीतिको परिपालनमा गोरखा सर्ती केन्द्र एक ठूलो बाधाको रुपमा देखिन्छ। यो केन्द्र असंलग्न परराष्ट्र नीतिको आदर्श विपरित मात्र नभई नेपालको गौरवपूर्ण स्वतन्त्र अस्तित्व-लाई समेत शोभा दिँदैन।

विश्वमा शान्तिको आवश्यकता छ। किनभने शान्तिको

CC-0. In Public Domain. Digitization by eGangotri

वातावरणमा मात्र कुनै पनि देशले प्रगति र उन्नति गर्न सक्दछ । नेपाल जस्तो विकासोन्मुख राष्ट्रको लागि त विश्वमा मात्र होइन देशभित्र पनि त्यत्तिकै शान्ति र सुरक्षाको आवश्यकता छ । त्यसमा पनि दुई भिन्न राज— नैतिक व्यवस्थाहरु अपनाउने दुइ शक्तिशाली राष्ट्रहरु-चीन र भारतले भौगोलिक रुपले व्याप्ती "दुई ढुङ्गाको बीचको तरुल" को स्थितिमा रहेको नेपालको लागि शान्तिप्रिय असंलग्न परराष्ट्र नीति नै राष्ट्रिय हित अनुकूल छ । यसरी राष्ट्रिय हितलाई ख्याल गर्दै स्वशान्ति र विश्व— वन्धुत्वलाई मजबूत गर्नु पर्ने आजको अन्तरराष्ट्रि दायित्वलाई पनि निभाउन अपनाइएको असंलग्न परराष्ट्र नीति नेपालको लागि मात्र होइन विश्वको लागि पनि कल्याण-कारी भएकोले यस नीतिलाई अझ बढी सुव्यवस्थित र बुद्धि-मानीपूर्वक अगाडि बढाउँदै लैजानु पर्ने आवश्यकता छ ।

Q. No. I5.

Discuss the Factors contributing to the Development of Non-Aligned Foreign Policy of Nepal.

नेपालको असंलग्न परराष्ट्र नीतिको विकासमा सहायक तत्वहरुको छलफल गर्नु होस् ।

उत्तरः— संसारका जुनसुकै देशको पनि अरु देशहरुसित

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध राख्ने नीति हुन्छ जसलाई त्यस देशको परराष्ट्र नीति भनिन्छ । १०४ वर्षसम्मको राणा शासनकालमा नेपालको परराष्ट्र नीति ब्रिटिश साम्राज्यवादको छत्रछायामा रह्यो । नेपालले आफ्नो किसिमको स्वतन्त्र परराष्ट्र नीति अपनाएन । २००७ सालको क्रान्ति पछि नेपालले स्वतन्त्र परराष्ट्र नीति अपनाउने मौका पायो । अर्कोतिर रुसदेखि त्यसै समयमा द्वितीय विश्व युद्ध (सन् १९३९-४५) पछि संसारमा पूँजीवादी अमेरिकी र साम्यवादी रुस दुई शक्तिशाली गुटहरूको रूपमा देखा परे । संसारका सबै राष्ट्रहरूलाई आ-आफ्नो प्रभाव क्षेत्रमा ल्याउन अमेरिकाले नाटो (NATO), सीटो(SEATO) र सेन्टो(CENTO) र साम्यवादी रुसले वार्सासन्धि संगठन जस्ता सैनिक संगठनहरू खडा गरेर शक्तिको प्रयोग गरे । यसको परिणामस्वरूप द्वितीय विश्वयुद्धको असह्य घाउ निको हुन नपाउँदै अर्को भीषण नरसंहारकारी विश्व युद्धको डर र त्रास बढ्यो । यसरी शीत युद्ध (Cold war) चल्की तनावपूर्ण रहेको अन्तरराष्ट्रिय स्थितिले विश्वमा शान्ति र प्रगतिको पक्षलाई मजबूत गर्न झनै पनि शक्ति गुटमा संलग्न (सामेल) नहुने असंलग्न र स्वतन्त्र परराष्ट्र नीतिको खाँचो महसूस गरायो । यही खाँचोलाई पूर्ति गर्न एशिया र अफ्रिकाका अनेक नवोदित स्वतन्त्र राष्ट्रहरूको साथमा नेपालले पनि २००७ सालको क्रान्ति पछि असंलग्न र स्वतन्त्र परराष्ट्र नीति अपनायो । विश्वशान्ति र शान्तिपूर्ण सह-अस्तित्वको लागि प्रयत्नशील रही देशको स्वतन्त्रता, सार्व-

CC-0. In Public Domain. Digitization by eGangotri

भौगोलिकता र अखण्डता जोगाई देशको चौतर्फी विकासमा संसारका सबै राष्ट्रहरुको सहयोग र सद्भावना प्राप्त गरी सो राष्ट्रहरुसंगको मैत्री सम्बन्ध मजबूत गर्ने लक्ष्य भएको नेपालको असंलग्न परराष्ट्र नीतिको विकासमा सहायक भएका प्रमुख तत्वहरू निम्न प्रकारका छन् :

१. नेपालको भू-राजनैतिक (Geo-Political) स्थिति:

भिन्न राजनैतिक व्यवस्थाहरू अपनाउने एशिया महाद्वीपका दुई ठूला शक्तिशाली राष्ट्रहरू चीन र भारतले भौगोलिक रुपले च्यापी "दुइ ढुङ्गाको बीचको तरुल" को रुपमा रहेको नेपालको भू-राजनैतिक (भौगोलिक र राजनैतिक) स्थितिले असंलग्न परराष्ट्र नीति अपनाउने अनिवार्यता मात्र झल्काउँदैन किन्तु यो नीतिलाई समयोचित विकास गर्ने चीरस्थायी आधारहरू पनि दिएको छ । नेपाल जस्तो भू—परिवेष्ठित देशले आफ्नो स्वतन्त्र अस्तित्वलाई बचाई चौतर्फी विकास गर्ने यो स्वतन्त्र र असंलग्न परराष्ट्र नीति सिवाय अर्को कुनै विकल्प रहन सक्दैन भन्ने वस्तुगत तथ्यको बोधले यो नीतिलाई प्रभावशाली रुपमा अगाडि बढाउन ठूलो सहायता मिलेकोछ । असंलग्नता विश्वका दुई शक्ति गुटमा मात्र सीमित नराखी क्षेत्रिय आधारमा पनि हुनु पर्ने नेपालको भू—राजनैतिक स्थितिको बोधले विकसित भएको नेपाली जनताको स्वाभीमानी र स्वतन्त्र विचारधाराले नेपालको असंलग्न परराष्ट्र नीतिको स्वस्थ विकास गर्नमा ठूलो मद्दत

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको छ । यसैले नेपाल यी दुई छिमेकी विशाल देशहरूसित पञ्चशीलको सिद्धान्त अनुरूप मैत्रीपूर्ण सम्बन्ध त्यहिकै गाढार मजबूत गर्न कटिबद्ध छ । एउटा छिमेकी देशप्रतिको नेपालको मित्रता अर्को छिमेकी देशप्रतिको शत्रुता हो भन्ने गलत अर्थ लगाइनु हुँदैन । संसारका सबै शान्तिप्रिय देशहरूसित निकट-तम मैत्रीपूर्ण सम्बन्धको पक्षपाती नेपालले कुनै छिमेकी राष्ट्रलाई पनि चिढाउन चाहँदैन । त्यस्तै दुई राष्ट्रलाई आपसमा लडाई आफ्नो स्वार्थ सिद्धि गर्ने तुच्छ नियत नेपालले कहिले पनि लि-एको छैन । यसैले भारत-चीन र भारत-पाकिस्तानको बीच रहेको सीमा विवादको कारण भएको संघर्षहरूमा कसैको पक्ष पनि नलिई शान्तिपूर्ण तरीकाले आपसी मतभेदलाई अन्त गर्नु पर्ने आवश्यकतामाथि नेपालले विशेष जोड दियो। सारांशमा नेपाल-को भू-राजनैतिक स्थिति नेपालको असंलग्न परराष्ट्र नीतिको विकासमा एक ठूलो सहायक वा आधारभूत तत्वको रूपमा रहेको छ ।

२. श्री ५ को प्रभावशाली नेतृत्व:

नेपालको असंलग्न परराष्ट्र नीतिको प्रतिपादन राष्ट्रपिता श्री ५ त्रिभुवनबाट भए तापनि यस नीतिको स्पष्ट व्याख्या, विकास र राम्रो कार्यान्वयन श्री ५ महेन्द्रको प्रभावशाली र दूरदर्शी नेतृत्वमा भएको थियो । देशको अस्थिर र डामाडोल आन्तरिक स्थितिलाई स्थिरता प्रदान गरी अन्तरराष्ट्रिय जगत-

CC-0. In Public Domain. Digitization by eGangotri

मा असंलग्न परराष्ट्र नीति अनुकूल नेपालको प्रतिष्ठा र इज्जत बढाउनमा तल्लीन स्व. श्री ५ महेन्द्रको प्रभावशाली र दूरदर्शी नेतृत्वले यो नीतिको विकासमा ठूलो मदत पुऱ्याएको थियो। अन्तरराष्ट्रिय जगतमा नेपालको निर्विवाद सर्वोच्च नेताको रुपमा रहेको श्री ५ सही अर्थमा नेपालको असंलग्न परराष्ट्र नीतिको प्रेरणा-स्रोत हो। स्व. श्री ५ महेन्द्रको प्रयासबाट २०१२ साल मार्ग ३० गते नेपालले संयुक्त राष्ट्र संघ (U. N. O.) को सदस्यता प्राप्त गऱ्यो। असंलग्न परराष्ट्र नीति अनुकूल सबै मित्र राष्ट्रहरुसंग निकतम सम्बन्ध कायम गर्न श्री ५ महेन्द्रबाट धेरै मुलुकहरुको राजकीय भ्रमण गरिवक्सेको थियो। त्यस्तै कैयौं मित्रराष्ट्रका राष्ट्राध्यक्ष र नेताहरुलाई निम्त्याई बक्सेको थियो। असंलग्न राष्ट्राहरुको शिखर सम्मेलनहरु-बेल्ग्रेड (१९६१), काइरो (१९६४) र लुसाका (१९७०) मा स्व. श्री ५ महेन्द्रले स्वयं नेपालको तर्फबाट आगलिई बक्सी विश्व रङ्गमञ्चमा नेपालको असंलग्न परराष्ट्र नीतिको सामयिक व्याख्या मात्र गरिवक्सेको थिएन किन्तु यस नीतिको विकासको लागि प्रशस्त मार्ग प्रदान पनि गरिवक्सेको थियो। श्री ५ को प्रभावशाली र दूरदर्शी नेतृत्वमा नेपालको विदेश नीतिले सही मोड लिई पञ्चशीलका सिद्धान्तहरुमा अडिग रहेर अन्तरराष्ट्रिय जगतमा एक स्वतन्त्र र शान्तिप्रिय राष्ट्रको रुपमा नेपाललाई चिनाउन र नेपालका स्वतन्त्र विचारहरु व्यक्त गर्न सफल बनाएको छ। यसैले आज यस नीति-

CC-0. In Public Domain. Digitization by eGangotri

बाट नेपालले अन्तरराष्ट्रिय जगतमा इतिहासको कुनै कालमा पनि पाउन नसकेको अभूतपूर्व सम्मान र प्रतिष्ठा पाएकोछ। सुरक्षा परिषद्को सदस्यताको लागि अत्यधिक बहुमतले नेपाल सन् १९६८ मा विजयी हुन सकेको यसैको एक उदाहरण हो। सारांशमा श्री ५ को प्रभावशाली नेतृत्व पाएर नेपालको असंलग्न परराष्ट्र नीतिले विकास गर्न प्रशस्त आधार पाएको छ।

३. अनुकूल अन्तरराष्ट्रिय स्थितिः

नेपालको असंलग्न परराष्ट्र नीतिको विकासमा सहायक भएका तत्वहरुमा अन्तरराष्ट्रिय जगतमा हाल देखिएको मानवतावादी दृष्टिकोण पनि हो। औपनिवेशिक पञ्जाबाट मुक्त भएका अनेकन नवोदित अफ्रिकी र एशियाली राष्ट्रहरुले मात्र होइन सैनिक गुटमा संलग्न राष्ट्रहरु जस्तै फ्रान्स, पाकिस्तान आदिले पनि असंलग्न परराष्ट्र नीति अनुकूल व्यवहार गर्न उत्सुकता देखाएकोबाट यो नीतिको भविष्य उज्वल देखिएको छ। यो नीतिलाई पहिले अर्कै नजरले हेर्ने शक्ति राष्ट्रहरुले पनि अब यो नीतिलाई विश्व शान्ति र शान्तिपूर्ण सह-अस्तित्वका लागि सहायक भएको तथ्यको महसूस गर्न थालेका छन्। यसैले हो आज असंलग्न परराष्ट्र नीति अपनाउने देशहरु ६० भन्दा बढी भएसकेका छन्। नेपालको असंलग्न परराष्ट्र नीति विश्वमा शान्ति र सुरक्षा कायम गरी मानव मात्रको हित गर्ने उद्देश्यले

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेरित संयुक्त राष्ट्र संघका क्रिया कलापहरूको समर्थक भएकोले पनि यो नीतिको विकास सम्भव भएकोछ। संक्षेपमा भन्ने हो भने अन्तरराष्ट्रिय जगतमा बढ्दो विश्व शान्ति र विश्व-बन्धुत्वको भावनाले नेपालको असंलग्न परराष्ट्र नीतिलाई विकास गर्न अनुकूल पृष्ठभूमि प्रदान गरेकोछ।

४. निर्दलीय पञ्चायती व्यवस्था:

नेपालको असंलग्न परराष्ट्र नीतिको विकास गर्नमा सहायक तत्वको रूपमा निर्दलीय पञ्चायती व्यवस्थालाई पनि लिन सकिन्छ। किनभने परस्पर विरोधी दुई भिन्न राजनैतिक व्यवस्थाहरूको बीच नेपाली जनताको राष्ट्रिय भावना र आकांक्षा अनुरूप स्व. श्री ५ महेन्द्रबाट स्थापित निर्दलीय पंचायत व्यवस्था आफै एउटा असंलग्न र स्वतन्त्र राजनैतिक व्यवस्था हो। यस्तो राजनैतिक व्यवस्थाको राष्ट्रिय आधार प्राप्त गरेर नेपालको असंलग्न परराष्ट्र नीतिले विकास गर्ने निश्चित र स्वस्थ बाटो पाएको छ। अन्तरराष्ट्रियतासित मेल खाने स्वस्थ राष्ट्रियतामा आधारित पञ्चायती व्यवस्था भएकोले विश्व शान्ति र प्रगतिलाई जोड दिने असंलग्न परराष्ट्र नीतिले सफलतापूर्वक अगाडि बढ्न अनुकूल पृष्ठभूमि पाएको छ।

५. आर्थिक विकासको अवस्था:

नेपालको आर्थिक विकासको अवस्थाले असंलग्न परराष्ट्र

CC-0. In Public Domain. Digitization by eGangotri

नीतिलाई विकसित गर्ने ठूलो आधार प्रदान गरेकोछ । विकास-को दौडमा पछि परेको नेपालले विकसित राष्ट्रहरूको दाँजोमा पुग्न आफ्नो सीमित साधनहरु र जन शक्तिलाई मात्र परिचालन गरेर सम्भव छैन । त्यसको लागि विदेशी सहयोग र सहायता पनि आवश्यक रहन्छ । किनभने अरुले २०० वर्ष लगाएर गरेको प्रगति हामीले १०, २० वर्षमा हासिल गर्नु पर्ने आवश्यकताको घोषणा भइसकेको छ । विश्वका सबै राष्ट्रहरूसित खासगरी विकसित र सम्पन्न राष्ट्रहरुसंगको सम्बन्ध बाहिरी र हार्दिक बना-उन सकेमा मात्र हामीले चाहे अनुसार सहयोग र सहायता पाउन सक्ने हुन्छौं । हुनत अरुको भरमा मात्र देश विकास स्थीर र अटुट हुन सक्दैन तर पनि आफू आत्म निर्भर र लाभक बन्न सम्मका लागि त विदेशी सहायता र सहयोगको आवश्यकता नै रहन्छ । विदेशी सहायता र सहयोगको मात्रा देशको परराष्ट्र नीतिको सफलतामा निर्भर गर्ने भएकोले नेपाल जस्तो विकासोन्मुख राष्ट्रले विकासको गतिलाई तीव्र बनाउन त्यस अनुकूल परराष्ट्र नीतिलाई विकसित गर्नु पर्ने हुन्छ । यसरी देशको आर्थिक विकासको अवस्थाले सबै देशसित मित्रता कायम गरी आपसी सहयोग र सहायतामा जोड दिने असंलग्न परराष्ट्र नीतिलाई अगाडि बढाउन ठूलो आधार प्रदान गरेको छ ।

६. समन्वयात्मक नेपाली संस्कृति, परम्परा र धर्मः

समन्वयात्मक नेपाली संस्कृति, परम्परा र धर्म पनि

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको असंलग्न परराष्ट्र नीतिको विकासमा एक ठूलो सहायक तत्व भएको छ । विभिन्न जात जाति, धर्म, रहन-सहन बोली भाषामा विभक्त रहे पनि शान्तिपूर्वक जीउन सिकेको नेपाली समाजको सांस्कृतिक विशेषताले विश्व शान्ति र शान्तिपूर्ण सह—अस्तित्वमा आस्था राख्ने नेपालको असंलग्न परराष्ट्र नीतिलाई विकास गर्न ठूलो नैतिक बल प्रदान गरेको छ । गौतम बुद्धवाट प्रभावित शान्तिको मार्ग अपनाउने नेपाली जनताको सांस्कृतिक परम्परा, स्वभाव र धर्म भएकोले त्यस अनुकूल अन्तरराष्ट्रिय जगतमा पनि व्यवहार गर्ने नेपालको चारित्रिक बल छ । आर्य, मंगोल र प्राग ऐतिहासिक जाति र त्यसका धर्म र संस्कृति सबै मिश्रित भई समन्वयात्मक रुपमा रहेको नेपाली संस्कृति, परम्परा र धर्मले भिन्न राजनैतिक, आर्थिक र सामाजिक व्यवस्थाहरु भएका संसारका सबै देशहरुसित मिली विश्व शान्ति र प्रगतिको लागि अगाडि बढने ठूलो आधार प्रदान गरेकोछ । यसरी नेपालको गौरवपूर्ण पुर्खौली समन्वयात्मक संस्कृति, परम्परा र धर्मले नेपालको असंलग्न परराष्ट्र नीतिको सही पालन र विकासमा नैतिक बल प्रदान गरेको छ ।

Q. No, 16

A. To What extent the Non—Aligned Foreign Policy has helped Nepal in her Political and Economic Developments ?

CC-0. In Public Domain. Digitization by eGangotri

असंलग्न पररा‌ष्ट्र नीतिले नेपाललाई कति हदसम्म उसको राजनैतिक र आर्थिक विकासहरूमा मद्दत गरेको छ ?

B. How far Non—Aligned Foreign Policy has been helpful in Nepal's Political and Economic Developments ?

नेपालको राजनैतिक र आर्थिक विकासहरुमा कतिसम्म असंलग्न पररा‌ष्ट्र नीति मद्दतगार भएको छ ?

उत्तरः विश्व शान्ति र शान्तिपूर्ण सह-अस्तित्वको लागि प्रयत्नशील रही देशको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डता-लाई जोगाई देशको चौतर्फी विकासमा संसारका सबै राष्ट्रहरुको सहयोग र सद्भावना प्राप्त गरी वी राष्ट्रहरूसंगको मैत्री सम्बन्ध मजबूत गर्ने मुख्य लक्ष्य भएको असंलग्न पररा‌ष्ट्र नीतिले नेपालको राजनैतिक र आर्थिक विकासमा निश्चय नै उल्लेख-नीय मद्दत गरेको छ । अन्तरराष्ट्रिय परिस्थितिको यथार्थतालाई मूल्याङ्कन गरी देशको राजनैतिक र आर्थिक पक्षहरू लगायत सम्पूर्ण पक्षको नै विकासको आवश्यकता र खाँचोलाई पूर्ति गर्ने जनभावानुकूल अपनाइएको असंलग्न पररा‌ष्ट्र नीति नेपालको लागि कल्याणकारी र लाभप्रद सिद्ध भएकोछ । असंलग्न पररा‌ष्ट्र नीतिले नेपालको राजनैतिक र आर्थिक विकासमा निम्न प्रका-रले मद्दत गरेको छ ।

राजनैतिक विकास:

आजको युगमा कुनै पनि देशको राजनैतिक विकासको

CC-0. In Public Domain. Digitization by eGangotri

लागि अनुकूल राष्ट्रिय र अन्तरराष्ट्रिय परिस्थितिको आवश्यकता छ। अनुकूल अन्तरराष्ट्रिय परिस्थितिको सृजनामा परराष्ट्र नीतिको ठूलो हात रहन्छ। भिन्न राजनैतिक व्यवस्था अपनाउने दुई विशाल राष्ट्रहरू चीन र भारतले औगोलिक रूपले च्यापेको भू—परिवेष्ठित नेपालको स्वतन्त्र अस्तित्वलाई बचाई यौतर्फी विकासको लागि स्थापित आफ्नै किसिमको मौलिक राजनैतिक व्यवस्था (पञ्चायती प्रजातन्त्र) को विकासमा असंलग्न परराष्ट्र नीतिले ठूलो सहत गरेको छ। कुनै पनि शक्ति राष्ट्रको दबाव र प्रभावमा नरहने स्वतन्त्र र असंलग्न परराष्ट्र नीतिले कसैको हस्तक्षेप बिना आफ्नै किसिमको राजनैतिक व्यवस्था अन्तर्गत देशमा राजनैतिक स्थिरता कायम गरेको छ।

पञ्चशीलको सिद्धान्त अनुरूप संसारका सबै देशहरूसित समानताको आधारमा मैत्री सम्बन्ध कायम गरी विश्व शान्ति र प्रगतिको लागि सक्दो योगदान दिने असंलग्न परराष्ट्र नीति भएकोले आज विश्वका करीब आधा भन्दा बढि देशहरूसित नेपालको मैत्रीपूर्ण सम्बन्ध कायम भइसकेको छ। यसै प्रसंगमा विशेषगरी छिमेकी राष्ट्रहरूसितको सम्बन्ध ज्यादै निकटतम र हार्दिक भएको छ। असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनहरूमा भाग लिएर आफु जस्ता विश्वका अनेकन असंलग्न राष्ट्रहरूसित नजिकको सम्बन्ध कायम गर्ने पाई विश्व रङ्गमञ्चबाट आफूलाई चिनाउने र आफ्नो विचार व्यक्त गर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

मौका नेपालले पाएको छ । युगौ देखि रही आएको भारतसितको मैत्रीपूर्ण सम्बन्धलाई गाढा गर्दा गर्दै पनि नेपाल जस्तो स्वतन्त्र राष्ट्रलाई शोभा नदिने भारतीय सैनिक सहयोग मिशन र उत्तरी सीमामा रहेका भारतीय सैनिक चौकीहरू फिर्ता पठाउन यही नीतिको सही र सफल कार्यान्वयनमा सम्भव भयो । त्यस्तै भीमसेन थापाको समयदेखि चलि आएको चीनको तिब्बति क्षेत्रसंगको सीमा विवाद शान्ति र मैत्रीपूर्ण वातावरणमा आपसी छलफलद्वारा समाधान भएको छ। यसरी असंलग्न परराष्ट्र नीतिको विविध क्रियाकलापहरूले नेपालको स्वतन्त्र अस्तित्वलाई सुरक्षित गरी सबै मित्रराष्ट्रहरूसंगको सम्बन्ध गाढा बनाई विश्व शान्ति र प्रगतिको लागि दत्त चित्त रही नेपालको राजनैतिक विकासको गतिलाई तीव्रता प्रदान गरेको छ ।

विश्वमा शान्ति र सुरक्षा कायम राख्ने तथा मानव मात्रको हित गर्ने संयुक्त राष्ट्रसंघका अनेकन प्रयासहरूमा असंलग्न परराष्ट्र नीतिले सघाउ पुऱ्याई आएको छ । यसैले सुरक्षा परिषद्को एशियाली पदमा २ वर्षको लागि नेपाल सन् १९६८ मा अत्यधिक मतबाट बिजयी हुन सक्यो । असंलग्न परराष्ट्र नीतिको सफलताको फलस्वरूप नै इतिहासको कुनै कालमा पनि नपाएको सम्मान र प्रतिष्ठा पाई आफ्नो राजनैतिक व्यवस्था विश्वको सामु गौरवसाथ प्रस्तुत गर्न नेपाल आज सफल भएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

यो अवश्यै नेपालको राजनैतिक विकासको लागि कम महत्वको विषय होइन । यही नीतिबाट नेपालले आफ्नो राजनैतिक व्यवस्थाको सफलताको लागि सबै मित्र राष्ट्रहरुको सद्भावना र सहयोग पाउन सकेको छ।

आर्थिक विकास:

विश्वमा आज विकसित र अविकसित राष्ट्रहरूको बीच एक ठूलो खाडल कायम छ। यो खाडललाई पूर्ण विकासोन्मुख (अविकसित) राष्ट्रहरुले आफ्नो आन्तरिक साधन र शक्तिलाई परिचालन गरेर मात्र सम्भव छैन। विकासोन्मुख राष्ट्रहरूको आर्थिक विकासको लागि विकसित राष्ट्रहरुले सक्दो सहयोग र सहायता दिनु परेको छ । किनभने विश्वका तीन चौथाइ जनता गरीबि, अशिक्षा, भोक र रोगले ग्रस्त रहेसम्म विश्वशान्ति र प्रगति सम्भव छैन। यसैले आज अन्तरराष्ट्रिय आर्थिक सहयोग र सहायता आवश्यक मात्र होइन अनिवार्य पनि मानिन्छ। यसै प्रसंगमा अन्तरराष्ट्रिय दायित्वको रुपमा विकसित राष्ट्रहरुले आफ्नो राष्ट्रिय आयको कमसे कम १ प्रतिशत अविकसित राष्ट्रहरुको आर्थिक विकासको लागि सहायता दिन संयुक्त राष्ट्रसंघले अपिल गरेको छ । हुनत अरुको सहायताको भरमा मात्र सधैं देशको आर्थिक विकास

CC-0. In Public Domain. Digitization by eGangotri

हुन सक्दैन । तैपनि आफू आत्मनिर्भर हुन कमसे कम केही समयसम्मको लागि मात्र भए पनि विदेशी आर्थिक सहायता आवश्यक नै रहेछ ।

विश्वका सबै शान्तिप्रिय देशहरुसित मैत्री सम्बन्ध कायम राखी आपसी सहयोग र सद्भावनामा जोड दिने नेपालको असंलग्न परराष्ट्र नीतिले गर्दा देशको आर्थिक विकासको लागि सबै मित्र राष्ट्रहरुबाट आर्थिक सहयोग र सहायता प्राप्त भइरहेको छ । नेपाल कुनै सैनिक गुटमा संलग्न रहेको भए देशको आर्थिक विकासको लागि यति कसैको पिछलग्गू हुन पर्ने थियो र देशको आर्थिक विकास एकोहोरो हुने थियो । तर असंलग्न परराष्ट्रनीतिले गर्दा दुवै शक्ति गुटका राष्ट्रहरुको अतिरिक्त सबै मित्र राष्ट्रहरुसंग नेपालले आर्थिक सम्बन्ध जोडन सकेको छ र ती राष्ट्रहरुबाट आर्थिक तथा प्राविधिक सहयोग र सहायता प्राप्त गर्न सकेको छ । उदाहरणको लागि अमेरिकाले औलो उन्मूलन कार्यक्रम, कृषि सुधार, शिक्षा आदि; सोभियत रुसले जलविद्युत योजना, विभिन्न, कलकारखानाहरु, सडक आदि; गणतंत्र चीनले विभिन्न सडकहरु, जल विद्युत योजना, कलकारखानाहरु आदि; भारतले विभिन्न जल विद्युत योजनाहरु, सडकहरु, शिक्षा आदि; त्यस्तै ग्रेट बृटेन, पश्चिम जर्मनी, फ्रान्स, जापान लगायत प्रायः सबै सम्पन्न मित्र राष्ट्रहरुले नेपालको आर्थिक विकासका आधारभूत पक्षहरुमा ठूलो सहयोग गरिरहेका छन् । यसबाट नेपालको स्वावलम्बी अर्थतन्त्रको

CC-0. In Public Domain. Digitization by eGangotri

विकासमा ठूलो मदत भएको छ । यसको अतिरिक्त असंलग्न पर-राष्ट्र नीतिले नै नेपालको आर्थिक विकासको लागि अरू भू-परिवेष्टित राष्ट्रहरूले अन्तरराष्ट्रिय प्रचलन अनुसार पाइआएको सुविधा सरह नेपालले पनि छिमेकी राष्ट्र भारतबाट पाउन जोड दिँदै आउन सकेको छ । सारांशमा भन्ने हो भने असंलग्न पर-राष्ट्र नीतिले अन्तरराष्ट्रिय सहयोग र सहायता प्राप्तगरी नेपालको आर्थिक विकासमा उल्लेखनीय मदत गरेको छ ।

Q. No, 17.

What do you understand by Village Assembly ? Write the Organization and Functions of the Village Panchayat in Nepal ? How can it be made more useful ?

गाउँ सभा भन्नाले तपाईं के बुझ्नु हुन्छ ? नेपालमा गाउँ पञ्चायतका गठन र कार्यहरू लेख्नु होस् । कसरी गाउँ पञ्चायतलाई अरू बढी उपयोगी बनाउन सकिन्छ ?

गाउँ सभा:

गाउँ सभा, सिढि ढाँचा (Pyramidical Structure) को पञ्चायती व्यवस्थाको सबभन्दा तल्लो तह हो । यसै शब्दमा यो पञ्चायती व्यवस्थाको जग वा आधार हो । अन्दाजी दुइ हजार जनसंख्या भएको कुनै गाउँको मौजा वा मौजाको समुहलाई गाउँ सभा भनी श्री ५ को सरकारले घोषणा गर्ने छ । नेपालमा हाल लगभग ४००० गाउँ सभाहरू छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँ सभाको इलाकाभित्र साधारणतया वर्ष दिन बसेका वा त्यहां आफ्नो घर भएका २१ वर्ष पुगेका सबै व्यक्ति गाउँ सभाका सदस्य हुन पाउँछन् । तर गैर नेपाली नागरिक र सगज बिग्रेका व्यक्तिहरू गाउँ सभाको सदस्य हुन पाउँदैनन् । प्रत्येक गाउँ सभा अवच्छिन्न उत्तराधिकारपूर्ण एक संगठित संस्था (Corporate Body) हो र यसको आफ्नै एउटा छाप हुन्छ । यसको अर्थ गाउँ सभा कानूनको अधिल्तिर व्यक्ति सरह । छ यसैले व्यक्ति सरह गाउँ सभाले चल अचल सम्पत्ति किन्न, बेच्न, दान दातव्य लिन, आफ्नो जायज्यथाको उचित प्रबन्ध गर्न र अरू कुनै किसिमको ठेक्का सम्झेत लिन र दिन सक्छ । यसको अतिरिक्त यसले कसैमाथि नालिश उजूर गर्न सक्छ भने यस उपर पनि व्यक्ति सरह नालिश उजूर लाग्न सक्छ । प्रत्येक गाउँ सभाको एउटा कोष हुन्छ जसमा विभिन्न स्रोतबाट प्राप्त गाउँ सभाको संपत्ति संकलित र सुरक्षित रहन्छ ।

गाउँ सभालाई गाउँको एक संसद भने हुन्छ । यसको बैठक साधारणतः वर्षको दुई चोटी बस्छ— वर्षे बाली पछि (After the Summer Harvest) एक पटक र हिउँदे बाली पछि (After the Winter Harvest) एक पटक । यसरी वर्षको दुइ पटक बस्ने गाउँ सभाका बैठकहरूले त्यस बेला सम्ममा भएको आम्दानी खर्चको हिसाब हेर्दछन् र आगामी कालको निमित्त अनुमानित बजेट पास गर्दछन् । यसको साथै यी बैठकहरूले गाउँ सभाले गरेका स्थानीय विकास कार्यहरू

CC-0. In Public Domain. Digitization by eGangotri

लगायत सबै कामकारवाहीहरूको मूल्याङ्कन गर्छन् र पछि गर्नु पर्ने कामको रुपरेखा तयार पार्दछन् । यी साधारण बैठकहरू बाहेक आवश्यक परे गाउँ सभाका सम्पूर्ण सदस्य संख्याको १० प्रतिशत सदस्यहरूले विषय खुलाई गाउँ सभाको बैठकको माग गरेमा गाउँ सभाको असाधारण बैठक पनि बस्न सक्छ । त्यस बैठकले तत्सम्बन्धी विषयको निर्णय गर्दछ । गाउँ सभाको साधारण र असाधारण बैठकका लागि आवश्यक गणपूरक संख्या (Quorum) गाउँ सभाको सम्पूर्ण सदस्य संख्याको क्रमशः १० र २० प्रतिशत हो ।

गाउँ पञ्चायतको गठन:

ठूलो संख्यामा सदस्य रहने गाउँ सभाले दैनिक कार्य सम्पादन गर्नु व्यावहारिक दृष्टिले सम्भव देखिदैन । यसैले प्रत्येक गाउँ सभाले आफ्नो कार्य सुव्यवस्थित रुपबाट सम्पादन गर्न ११ जनाको एक कार्यकारिणी समितिको गठन निर्वाचनद्वारा गर्दछ जसलाई 'गाउँ पञ्चायत' भनिन्छ । गाउँ पञ्चायतको निर्वाचन गर्न अघि प्रत्येक गाउँ सभाको इलाकालाई ९ वडामा विभाजित गरिन्छ । प्रत्येक वडाबाट एक जना प्रतिनिधि गाउँ पञ्चायतको सदस्यको रुपमा गुप्त मतदानबाट निर्वाचन गरी पठाउँछ । प्रधानपञ्च र उप—प्रधान पञ्चलाई गाउँ सभाका सम्पूर्ण सदस्यले गुप्त मतदानद्वारा निर्वाचन गर्छन् । तर खसाल्दिएको मतको ५० प्रतिशत भन्दा बढी मत प्राप्त नभै कुनै उम्मेदवार पनि गाउँ पञ्चायतको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधानपञ्च र उप-प्रधानपञ्च पदमा निर्वाचित हुने छैनन् । यस प्रकार निर्वाचित जम्मा ११ जनाको कार्यकारिणी समिति गाउँ पञ्चायतले गाउँ सभाको दैनिक कार्यसम्पादन गर्दछ । प्रधानपञ्चले गाउँ सभा र गाउँ पञ्चायतको बैठकको सभापतित्व गर्दछ र उनको अनुपस्थितिमा उप-प्रधानपंचले प्रधानपंचको सबै कार्यभार सम्हाल्ने छ । प्रधान र उप-प्रधानपंचहरूको पदावधि ४ वर्षको हुन्छ । पदावधि समाप्त भएपछि फेरी पनि पुनर्नियुक्तिको लागि योग्य हुने छन् । गाउँ पंचायतका अरु सदस्यहरूको कार्यकाल ६ वर्षको हुन्छ तर हरेक २ वर्षमा एक तिहाई (३ जना) सदस्यको कार्यकाल समाप्त भइ त्यसको पूर्तिको लागि निर्वाचन हुन्छ । गाउँ पंचायत गाउँ सभाको एक स्थायी कार्यकारिणी समिति हो जसका सबै सदस्यहरू कहिले पनि एकै चोटी खाली हुदैनन् । किनभने कुनै सदस्यरिक्त भएमा वा एसको पदावधि समाप्त भएमा त्यसको ठाउँमा निर्वाचनद्वारा पूर्ति गर्ने व्यवस्था छ ।

सम्बन्धित गाउँ सभाको सदस्य नभएको वा सरकारी कर्मचारी वा गाउँ सभाको तलबी कर्मचारी वा गाउँ सभालाई तिर्नु पर्ने कर दस्तुर नतिर्ने वा गाउँ पंचायतको बैठकमा लगातार ३ पटकसम्म विनाकारण अनुपस्थित हुने वा गाउँ सभाको विरुद्ध उठेको मुद्दामा लाग्ने बटाठा पल्टी साहूको ऋण तिर्न नसकेको (Barkrput) वा चुनाव अपराधी-

CC-0. In Public Domain. Digitization by eGangotri

भएको वा अदालतले नैतिक पतन ठहराएको व्यक्ति गाउँ पञ्चायतको सदस्य छानिन सक्दैन। गाउँ पञ्चायतका प्रधान पञ्च लगायत सबै सदस्यहरूलाई गाउँ पञ्चायतको बैठकमा ३ पटक सम्म लगातार बिना कारण अनुपस्थित भएमा वा खराब आचरणको वा काम गर्न नसक्ने भनी जिल्ला पञ्चायतले ठहराएमा वा गाउँ सभाको असाधारण बैठकले वा सदस्य संख्याको २० प्रतिशतभन्दा उपस्थित भएको साधारण बैठकमा दुइ तिहाइ बहुमतले अविश्वासको प्रस्ताव पास गरेमा उनीहरूको निश्चित अवधि भन्दा अगाडि पनि सदस्यताबाट हटाउन सकिन्छ।

गाउँ पञ्चायतका कार्यहरू:

पञ्चायत प्रणालीको आधारभूत तह गाउँ पञ्चायतले गर्नुपर्ने कार्यहरु विस्तृत छन्। ती कार्यहरूलाई निम्न शीर्षक अन्तर्गत वर्णन गरिन्छ :—

१. विकास कार्यको संचालन गर्ने;
२. जनस्वास्थ्यको रेखदेख गर्ने;
३. जन्ममरणको लगत राख्ने;
४. गाउँ सभाको सम्पत्ति बढाउने र रक्षा गर्ने;
५. प्राथमिक शिक्षाको प्रबन्ध गर्ने;
६. कृषि र पशुपालनको विकास गर्ने;
७. घरेलु उद्योग र सहकारिताको विकास गर्ने;
८. जिल्ला पञ्चायत र श्री ५ को सरकारलाई सहयोग गर्ने;
९. न्याय निसाफ गर्ने; र
१०. विविध।

CC-0. In Public Domain. Digitization by eGangotri

१. विकास कार्यको संचालन —

जनताको सुख सुविधाको लागि विभिन्न विकास कार्यहरुको संचालन गर्नु गाउँ पञ्चायतको पहिलो प्रमुख कार्य हो। गाउँ पञ्चायतले आफ्नो इलाकाभित्रको बाटो र पुलको निर्माण र मर्मत गर्ने तथा बाटोको दायाँ बायाँ रुख लगाउने देखि लिएर ग्रामीण जनताको लागि अनेक विकास कार्यहरुको संचालन गर्नु पर्दछ। यी कार्यहरुमा आवश्यक भए तोकिएको तरीकाले जनताबाट श्रमदानको प्रबन्ध समेत गर्न सक्दछ।

२. जनस्वास्थ्यको रेखदेख गर्ने :—

स्वास्थ्यकर जनताबाट मात्र केही आशा गर्न सकिन्छ। बिरामी र रोगी जनताबाट देश अगाडि बढ्न सक्तैन। यसैले जनस्वास्थ्यको रेखदेख गर्नु गाउँ पञ्चायतको दोस्रो प्रमुख कार्य हो। ग्रामीण जनताको स्वास्थ्यको ख्याल राखेर सुघर सफाइको प्रचार गर्ने, प्राथमिक चिकित्साको प्रबन्ध गर्ने, महामारीको रोकथाम गर्ने, खाने र लुगा धुने पानीको व्यवस्था गर्ने, श्मसान-घाटको प्रबन्ध गर्ने, फोहर मैला आदि अस्वस्थ्यकर चीजबीजहरु फ्याक्ने ठाउँको प्रबन्ध गर्ने, छाला काट्ने, रंगाउने, पकाउने बस्तीबाहिर राख्न लगाउने इत्यादि गाउँ पञ्चायतका कामहरु हुन्।

३. जन्ममरणको लगत राख्ने :—

गाउँ सभाको इलाकाभित्र जनसंख्याको र जन्ममरणको

CC-0. In Public Domain. Digitization by eGangotri

लगत खडा गरी राख्नु गाउँ पञ्चायतको कार्य हो।

४. गाउँ सभाको सम्पति बढ़ाउने र रक्षा गर्ने :-

गाउँ पञ्चायतलाई गाउँ सभाको स्वीकृति लिएर आफ्नो क्षेत्र भित्र कर लगाउने अधिकार दिइएको छ। यही कर लगाएको रकम, श्री ५ को सरकारले दिएको सहायता, चल अचल सम्पति बाट उठेको आम्दानी, चन्दा वा दान आदिबाट प्राप्त भएका रकमबाट गाउँ कोष खडा गरिन्छ। यो गाउँ कोषको संरक्षण र हिसाबको बन्दोबस्त गाउँ पञ्चायतले गर्नु पर्दछ। प्रत्येक वर्ष गाउँ पञ्चायतले आफ्नो अनुमानित बजेट गाउँ सभाको बैठकमा पेश गर्नु पर्दछ। गाउँ सभाले पास गरेको बजेट अनुसार गाउँ पञ्चायतले खर्च गर्न पाउँछ। गाउँ पंचायतको हिसाबको जाँच सम्बन्धित जिल्ला पंचायत र श्री ५ को सरकारले गर्न सक्ने छन्। यस अतिरिक्त आफ्नो जिम्मा वा मातहतमा रहेका सबै चल अचल सम्पतिहरुको रेखदेख र सुरक्षा गर्नु गाउँ पंचायतको महत्वपूर्ण कार्य हो। आफ्नो इलाकाभित्रको सरकारी पर्ति जग्गा पनि श्री ५ को सरकारको आदेश प्राप्त नभएसम्म गाउ पञ्चातले उपयोग गर्न सक्ने छ।

५. प्राथमिक शिक्षाको प्रबन्ध गर्ने :

आफ्नो क्षेत्रभित्रका बाल-बालिकाहरूलाई प्राथमिक शिक्षा दिन कमसेकम एउटा प्राथमिक स्कूलको स्थापना र त्यसको संचालन गर्ने गाउँ पञ्चायतको कार्य हो। यसको साथै

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षाको जागरणको लागि पुस्तकालय र वाचनालयको व्यवस्
गर्नु गाउँ पञ्चायतको कर्तव्य हो ।

६. कृषि र पशुपालनको विकास गर्ने :

परंपरागतरूपमा रहेको कृषि र पशुपालन प्रणालीले
आजको युगको बढ्दो आवश्यकता पूर्ति गर्न सक्तैन । कृषि र
पशुपालनमा आधुनिक युग अनुसारको वैज्ञानिक उपायहरू
अपनाई विकास गर्नु देशको माग हो । यसैले गाउँ पञ्चायतको
कार्य वैज्ञानिक तवरबाट खेतीको उत्पादन बढाउनमा ध्यान दिनु
खेतीको निम्ति चाहिने असल बीज र व्यावसायिकहरू वितरण
गर्नु सिंचाइको लागि सानातिना कुलोहरूको निर्माण गर्नु
सहकारी संस्थाहरूको स्थापना गरी किसानहरूलाई ऋणदिनु
बालीलाई गाईवस्तुले नोक्सान गर्न नपाउने गरी बचाउ गर्न
लगाउनु निश्चित गरिएको छ । गाईवस्तुहरूको पैदायसी बढाउन
नश्ल सुधार गर्ने, तिनीहरूलाई रोग-व्याधीबाट बचाई औषधी
प्रचार गर्ने, गौचर छुट्याई राख्ने र रेखदेख गर्ने पनि गाउँ
पञ्चायतको कार्य हो ।

७. घरेलु उद्योग र सहकारिताको विकास गर्ने :

घरेलु तथा ग्रामीण शिल्प-उद्योग सिकाउन प्रचार गर्नु
र सहकारितालाई प्रोत्साहन दिनु गाउँ पञ्चायतको कार्य हो ।

८. जिल्ला पञ्चायत र श्री ५ को सरकारलाई सहयोग गर्ने :

जिल्ला पञ्चायतबाट वा त्यस मार्फत आएका सार्वजनिक
सूचना टाँस्नु, सार्वजनिक हितको लागि गरिएको सरकारी

CC-0. In Public Domain. Digitization by eGangotri

कामकुरा जनतालाई सम्झाउनु तथा त्यसमा मदत दिनु, श्री ५ को सरकार वा जिल्ला पञ्चायतले सुम्पेको अन्य कुनै काम गर्नु र जिल्ला पञ्चायतले संचालन गरेको विकास कार्यमा सहयोग गर्नु गाउँ पञ्चायतको कर्तव्य हो।

९. न्याय निसाफ गर्ने:

गाउँ पञ्चायतहरूलाई न्याय निसाफ गर्ने अभिभारा पनि दिइएको छ। साना साना मुद्दा मामला हेर्ने र झगडियाहरूमा मेल मिलाप गराउने गाउँ पञ्चायतको प्रमुख कर्तव्य हो। श्री ५ को सरकारले राजपत्रमा प्रकाशित गरी निम्न लिखित मुद्दा मामिला हेर्ने र किनारा गर्ने अधिकार गाउँ पञ्चायतलाई दिनसक्छ।

(क) बाटो मिचेको;
(ख) बाली र धुरवारे;
(ग) ज्याला मजदूरीबारे;
(घ) बेठ बेगार बारे;
(ङ) अर्काको कम्पाउण्डमा जबर्जस्ती पसेको वा पस्न खोजेको; र
(च) रू. १००।- सम्मको विगो र रू. २५।- दण्ड हुने वा ३ महीना कैद हुने सरकारवादी मुद्दा बाहेक अरू मुद्दामामिलाहरू।

माथि उल्लिखित (क) देखि (ङ) सम्मको मुद्दामा जतिसुकै विगो, दण्ड र कैद हुने भए तापनि गाउँ पञ्चायतले

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्न सक्छ । गाउँ पञ्चायतहरूलाई क्रमशः न्यायिक अधिकार दिँदै जाने श्री ५ को सरकारको नीति बमोजिम प्रत्येक अञ्चलको एक गाउँ पञ्चायतलाई मात्र उपर्युक्त न्यायिक अधिकार २०२४ साल पौष १ गतेदेखि दिइएको छ । सबै गाउँ पञ्चायतहरू-लाई यो अधिकार प्राप्त छैन । माथि लेखिए अनुसारको मुद्दाहरू-मा गाउँ पञ्चायतको निर्णय उपर गाउँ सभामा अपील लाग्न सक्छ र गाउँ सभाको निर्णय अन्तिम हुन्छ ।

१०. विविध:—

ग्रामीण जन समुदायको मनोरञ्जनको लागि रेडियोसेट र ग्रामो फोन राख्ने, मेला, बजार, हाट र प्रदर्शनीहरूको प्रबन्ध गर्ने गाउँ पञ्चायतको कार्य हो। अनिकाल आपत विपत पर्ने आप-मा त्यसको निवारणको लागि प्रयत्नशील रहने र तोकिएको तरीकामा ग्राम स्वयं सेवक दल खडा गर्ने आदि पनि गाउँ पञ्चायतको कार्य भित्र पर्दछ । गाउँ सभा र आफ्नै नामको जति पनि प्रशासकीय काम कारवाहीहरू छन् ती सबै गाउँ पञ्चाय-तले नै गर्नु पर्दछ । यसको अतिरिक्त हरेक गाउँ पञ्चायतले एक जना प्रतिनिधि जिल्ला सभाको लागि निर्वाचन गर्दछ । यो निर्वाचन गर्ने अधिकार गाउँ पञ्चायतको अत्यन्त महत्वपूर्ण राजनैतिक अधिकार हो ।

गाउँ पञ्चायतलाई उपयोगी बनाउने सुझाव:—

गाउँ पञ्चायतलाई आदर्श गाउँ पंचायत बनाउने प्रयास अवश्यै प्रशंसनीय छ । गाउँ पंचायतलाई अझ बढी उपयोगी

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउन पंचहरूलाई समाजसेवी, इमान्दार, कर्मठ र त्यागी बनाउन सक्ने अनुकूल वातावरणको सिर्जना गर्नु अति आवश्यक छ । गाउँ पञ्चायतलाई कसैको अनावश्यक दबाव वा धम्कीको शिकार बढाउन दिनु हुँदैन । पंचहरूमा कार्यकुशलता बढाउन समय समयमा सम्मेलन, विचार गोष्ठी र विशेष तालीमको व्यवस्था आवश्यक देखिन्छ । पंचायतहरूले कसरी के कति कार्यसंचालन गरिरहेका छन सो बराबर निरीक्षण गरी सही मूल्याङ्कन गर्नु पर्दछ । राम्रो काम गरिरहेको पंचायतलाई समुचित कदर र प्रोत्साहन माथिल्लो स्तरबाट हुनुपर्छ । स्थानीय विकासका धेरै जसो कार्यहरूको संचालनमा प्राविधिक ज्ञानको खाँचो पर्छ । यसैलाई बेवास्ता गर्दा पंचायतहरूले इमान्दारी—साथ गरेका धेरै कामहरू पनि क्षणिक महत्वको मात्र भई श्रम र धनको समेत खेर हुन गएको कुरा बताततैबाट सुनिन्छ । यसैले गाउँ पंच बनने विशेषज्ञहरूको राय सल्लाह लिने बानी बसाल्नु पर्दछ । त्यस्ते श्री ५ को सरकारले पनि पंचायतहरूलाई चाहिंदो मात्रमा प्राविधिज्ञहरूको सेवा उपलब्ध गराउन सक्नु परेकोछ । धेरै जसो पंचायतहरूको आम्दानी शून्य झैं छ । यसैले आफूले गर्नु पर्ने कामहरू गर्न सकिएन भन्ने गुनासो सुनिन्छ । तर यो निर्विवाद सत्य हो—सरकारको अनुहार मात्र ताकेर स्थानीय विकास कदापि सम्भव हुँन । तसर्थ पंचायतहरूले आफ्नो आम्दानीको स्रोत स्थानीय जनतामाटै बढी जुटाउनु सक्नु पर्दछ। तिनीहरूको हौसलालाई अगाडि बढाउन समुचित आर्थिक

CC-0. In Public Domain. Digitization by eGangotri

सहायता लगायत अरु सबै किसिमको सक्दो मदत दिन श्री ५ को सरकार पनि सदैव प्रयत्नशील रहलु पर्ने देखिन्छ । उपर्युक्त व्यवस्था भएमा अवश्यै गाउँ पंचायत अझ बढी उपयोगी भई देशभर छरिएका गाउँ पंचायतहरूले नेपाल र नेपालीको भाग्य चम्काउने छन् ।

Q. No 18

Describe the Composition and Functions of Town Panchayat.

नगर पञ्चायतका गठन र कार्यहरू वर्णन गर्नु होस् ।

गठन:—

बुश हजार वा सो भन्दा बढी जनसंख्या भएको नगरमा नगर पंचायतको स्थापना श्री ५ को सरकारले गर्नेछ । हाल नेपालमा १६ नगर पंचायतहरू छन् । सकभर बराबर जन-संख्याको अनुपातमा दश हजार जनसंख्या भएको नगर पंचाय-तको इलाकालाई ६ वडामा र सो भन्दा बढी जनसंख्या भएको-लाई जनसंख्याको आधारमा ६ भन्दा बढी वडाहरूमा विभा-जित गरिन्छ । तर नगर पंचायतको इलाकालाई ३३ भन्दा बढी वडामा विभक्त गर्नु हुँदैन । नगर पंचायतमा निर्वाचित सदस्यहरूको संख्या वडाको हिसाबले घटीमा ६ र बढीमा ३३ सम्म हुन सक्छ । हरेक वडाबाट एक जना सदस्य (प्रतिनिधि) नगर पंचायतमा त्यस वडामित्रका २१ वर्ष पुगेको प्रत्येक स्त्री तथा पुरुषको तर्फबाट गुप्त मतदान प्रणालीबाट निर्वाचित भई आउँ

CC-0. In Public Domain. Digitization by eGangotri

छ । तर बडाभित्र वर्ष दिन भन्दा कम बसेको वा घर जग्गा नभएको कुनै पनि व्यक्तिले र बौलाहाले र गैर नेपाली नागरिकले मतदानमा भाग लिन पाउँदैन । नगर पञ्चायतमा निर्वाचित सदस्य वाहेक श्री ५ को सरकारले आवश्यक ठहराएमा वहालवाला सरकारी कर्मचारी लगायत कुनै योग्य व्यक्तिलाई नगर पंचायतको मनोनीत सदस्यको रुपमा नियुक्त गर्न सक्दछ । तर यसरी मनोनीत सदस्यहरू निर्वाचित सदस्य संख्याको एक चौथाई भन्दा बढी हुन सक्दैन । मनोनीत सदस्य जिल्ला सभाको लागि निर्वाचित हुन सक्दैन । नगर पंचायतका सदस्यहरूले आफूहरूमध्येबाट प्रधानपंच र उप-प्रधानपंचको निर्वाचन गुप्त मतदानद्वारा गर्छन । प्रधान र उप—प्रधानपंचको पदावधि ४ वर्षको हुनेछ । निर्वाचित सदस्यहरूको कार्यकाल ६ वर्षको हुन्छ तर श्री ५ को सरकारले मनोनीत गरेका सदस्यहरूको कार्यकाल चाहीं श्री ५ को सरकारको इच्छानुसार हुन्छ । प्रत्येक २ वर्षमा निर्वाचित सदस्यहरूको तीन खण्डमा एक खण्डको कार्यावधि समाप्तभई हटनु पर्ने र रिक्त स्थानको पूर्तिको लागि निर्वाचन हुने व्यवस्था छ । यो व्यवस्था मिलाउन पहिलो पल्ट मात्र गाउँ पञ्चायतमा भैं तीन खण्डमा एक खण्ड २ वर्षको निम्ति, अर्को एक खण्ड ४ वर्षको लागि र बाँकी रहेको तीन खण्डको एक खण्ड ६ वर्षको निमित्त बनी प्रधानपंचले गोला हाली निधो गरेको थियो । कुनै बडामा कुनै कारणवश निर्वाचन हुन नसके दोहऱ्याइ निर्वाचनको व्यवस्था गरिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

तर पनि निर्वाचन हुन नसके श्री ५ सरकारले यथासम्भव सम्बन्धित वडाको र सो नभए उक्त पञ्चायतको मतदाता सूचीमा नाम दर्ता भएको कुनै व्यक्तिलाई उक्त वडाको सदस्यको रुपमा नियुक्त गर्दछ । यसरी नियुक्त भएको व्यक्ति अरु निर्वाचित सदस्य सरह मानिने छ । नगर पञ्चायत एक स्थायी संस्था हो जसका सदस्यहरू कहिले पनि एकै चोटी खाली हुँदैन । किनभने कुनै सदस्यको पदावधि समाप्त हुने बित्तिकै वा अरू कुनै कारणले रिक्त हुने बित्तिकै त्यसको ठाउँमा निर्वाचन वा नियुक्त भई खालि ठाउँको पूर्ति हुने व्यवस्था छ ।

नगर पञ्चायतको चुनावमा मतदिने अधिकार नभएको, वहाबाला सरकारी र नगर पञ्चायतको कर्मचारी, अदालतबाट नैतिक पतन सिद्ध गरेको, नगर पञ्चायतको ठेकेदार, वा हिस्सेदार, तिर्नु पर्ने नगर पञ्चायतको कर-दस्तुर र अन्य रकम नतिर्ने, टाट पल्टेको (Bankrupt), चुनावको अपराधमा सजाय पाएको र लेखपढ गर्न नजान्ने कुनैपनि व्यक्तिलाई नगर पञ्चायतको सदस्यको निमित्त निर्वाचनमा उठने अधिकार छैन । नगर पञ्चायतको निर्वाचित सदस्यको कार्यकाल ५ वर्षको हो तापनि यदि कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण नगरी पथभ्रष्ट भई विश्वास गुमाएको खण्डमा उनको कार्यकाल समाप्त हुनु भन्दा अघि पनि उनलाई सदस्यताबाट हटाउन जिल्ला पञ्चायतले सक्ने छ । त्यस्तै कुनै सदस्य बिना कारण लगातार ३ पटकसम्म नगर पंचायतको बैठकमा अनुप-

CC-0. In Public Domain. Digitization by eGangotri

स्थित भएमा, आफ्नो इलाकामा सामान्यतः नबसेमापनि आफ्नो इलाका नगर पंचायतको इलाकाबाट फिकिरहेमा वा अरु कुनै गाउँ वा नगर पंचायतको चुनावमा मतदान गरेमा वा सदस्य भएमा निजको सदस्यता कायम रहने छैन ।

महीनाको एक पटक बस्ने नगर पंचायतको बैठकको सभापतित्व प्रधान पंचले गर्नेछ । प्रधानपंचको अनुपस्थितिमा उपप्रधानपंचले गर्नेछ । नगर पंचायतको सभा संचालनको लागि आवश्यक गणपूरक संख्या (Quorum) जम्मा सदस्यहरुको एक तिहाई हो तर बजेट पासगर्ने सभामा कुल सदस्यहरुध्ये आधासम्म हुनैपर्छ । नगर पंचायतका साधारण बैठकहरुको अलावा आवश्यक भएमा असाधारण बैठकको माग पनि कुल सदस्य संख्याको एक तिहाई सदस्यहरुले लिखित रुपबाट प्रधान पंचछेउ गर्न सक्छन् र प्रधानपंचले ७ दिनभित्रमा असाधारण बैठक बोलाउनु पर्दछ ।

गाउँ सभा भैं नगर पंचायत पनि एक अवच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था (Corporate Boby) हो । जसको आफ्नो छुट्टै एउटा छाप हुन्छ । यसले व्यक्तिसरह चल, अचल सम्पत्ति खरिद बिक्री गर्न, दानदातव्य लिन, त्यसको समुचित प्रबन्ध गर्न र कुनै किसिमको ठेक्कासमेत लिन र दिन सक्छ । यसले व्यक्तिले सरह नालिश उजूर गर्न र यसउपर पनि व्यक्तिसरह नालिश उजूर लाग्न सक्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यहरू :—

नगर पंचायत पनि पंचायती व्यवस्थाको आधारभूत स्तम्भ भएकोले यसले गर्नु पर्ने कार्यहरू ज्यादै विस्तृत र व्यापक छन्। ती कार्यहरूलाई निम्न प्रमुख शीर्षक अन्तर्गत वर्णन गरिन्छ।

१. जन स्वास्थ्य
२. सार्वजनिक सुरक्षा र हित
३ शिक्षा
४. विकास कार्यहरू
५. प्रशासनीक कार्य
६ न्यायिक कार्य
७ श्री ५ को सरकार र जिल्ला पंचायतलाई सहयोग गर्ने
८ तथ्याङ्क राख्ने
९. सांस्कृतिक र नैतिक कार्यहरू
१०. विविध

१ जन स्वास्थ्य

स्वास्थ्य नै मानिसको सर्वोत्तम सम्पत्ति भएकोले जनताको स्वास्थ्य रक्षा गर्नु नगर पंचायतको पहिलो प्रमुख कार्य हो। जन स्वास्थ्यको रक्षार्थ हरेक नगर पंचायतको कार्य स्वास्थ्यकर खानेपानीको व्यवस्था गर्नु ; ढल, निकास, चर्पी पिसाबखाना आदि जताततै बनाई, बिग्रेमा मरमतगरी हरदम सफासुग्घर राख्नु; फोहर मैला र सडे गलेका र स्वास्थ्यको निमित्त हानीकारक सबै चीजवस्तुहरू, मरेका जीवजन्तुहरू

CC-0. In Public Domain. Digitization by eGangotri

प्याकन लाउनु; रोगी जीवजन्तुको मासु बेचन नदिनु; संक्रामक रोग लागेको मानिसलाई सार्वजनिक ठाउँबाट हटाउनु आदि हो। संक्रामक रोग फैलिएमा वा कुनै रोगव्याधिको प्रकोप तीव्र हुने देखिएमा समयमै रोक थामको निमित्त आवश्यक सबै प्रबन्धहरू गर्नु पर्दछ। यिनीहरूको अतिरिक्त जनस्वास्थ्यको दृष्टिले व्यायामशाला, अखडा, औषधालय, अस्पताल, डिस्पेन्सरी, चिकित्सकहरूको प्रबन्ध, स्वास्थ्य प्रदर्शनीहरू आदिको व्यवस्था गर्नु नगर पञ्चायतको कार्य हो।

२. सार्वजनिक हित र सुरक्षा :

सार्वजनिक हित र सुरक्षाको खयाल राखी विभिन्न महत्वपूर्ण कार्यहरू नगर पञ्चायतले गर्नु पर्दछ जस्तै–बौलाहा कुकुर मार्ने; बेवारिसी छाडा जीवजन्तुहरू जथाभावी हिंडन नदिने; अनैतिक वा ज्यान जोखिम हुने व्यापार वा पेशा रोक्ने; धोबीघाट र मसानघाट तोक्ने; ज्यू ज्यानलाई खतरा हुने धाप, खाडल, खत्ता, घर आदि हटाउने; सर्वसाधारण जनताको यातायातको सुविधाको लागि बस सभिस खोल्ने, बग्गी रिक्सा आदि सवारी राख्ने; सर्वसाधारणलाई उपयोग हुने तलाउ, इनार, बाँध, कुलो, हावा खाने ठाउँ–पार्क र फूलबारी बनाउने; नगरमा आगलागी भएमा त्यस्तै अकस्मात ठूलो आपत—विपत परेमा यथासम्भव सहायताको प्रबन्ध गर्ने आदि आदि।

३. शिक्षा:

श्री ५ को सरकारबाट निर्धारित पाठ्यक्रम, शिक्षकको

CC-0. In Public Domain. Digitization by eGangotri

योग्यता र निरीक्षण सम्बन्धी नियमको अधीनमा रही स्कूलको स्थापना र रेखदेख गर्ने नगर पंचायतको कार्य हो। नगर पंचायतले आफ्नो इलाकाभित्रका ६ देखि १० वर्षसम्मको अध्ययत नगरी त्यसै रहेका बाल—बालिकाहरूलाई आफूले चलाएको उपयुक्त स्कूलमा अध्ययन गर्न अनिवार्य गर्न सक्ने छ।

४. विकास कार्यहरू :

देश विकासको जिम्मेवारी सबैमा छ। नगर पंचायत जस्तो व्यवस्थाको आधारभूत तहले विकास कार्यहरू सञ्चालन नगरे देश विकास सम्भव नहुने कुरा स्वतः सिद्ध छ। यसैले नगर पंचायतलाई अनेकन महत्वपूर्ण विकास कार्यहरू सम्पादन गर्ने जिम्मेवारी सुम्पेको छ। जस्तै—सडक, पुल, ढल निकास बनाउने; अजायवघर, चिडियाखाना; धर्मशाला, विश्रामघर, सभागृह बनाउने; सर्वसाधारणलाई उपयोगी हुने तलाऊ, इनार, बाँध, कुलो पार्क बनाउने आदि।

५. प्रशासनीक कार्य:

श्री ५ को सरकार, कुनै संस्था र व्यक्तिसित आफ्नो कामकार्यवाहीको सिलसिलामा पत्रव्यवहार आदि गरी नगर पंचायतले दैनिक प्रशासन पनि चलाउनु पर्दछ। आफ्नो मातहतमा रहेका कर्मचारीहरूको सम्पूर्ण व्यवस्था नगर पंचायतले नै गर्नु पर्दछ। हरेक आर्थिक वर्षको लागि वार्षिक बजेट आवश्यक भए पूरक बजेट पनि तयार गर्नलाई नगर पंचायतको बैठकमा पेश गरी पास भए अनुसार खर्च गर्नु नगर पंचायतको प्रशासनिक कार्य हो। यसको साथै प्रत्येक नगर पञ्चायतको

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो इलाकाभित्रको बजारमा नाप तौलको स्टाण्डर्ड कायम राख्न माना, पाथी, ढक वा तौल समय समयमा जाँचने उत्तर-दायित्व छ ।

६. न्यायिक कार्य:

गाउँ पंचायतले के न्यायिक अधिकार नगर पंचायतले नपाए तापनि कुनै विषयमा न्यायिक कार्य पनि नगर पंचायतले गर्नु पर्दछ जस्तै—हक वेहक छुट्याउनु पर्ने बाहेक घर, पाताल; सडक, नाली, सन्धिसर्पन सम्बन्धी उजुर परेमा जाँची किनारा गर्नु; कुनै व्यक्ति गुप्ताङ्ग खुल्ला गरी हिडेमा त्यसलाई समाती रु.५०।- सम्म जरीवाना गर्नु र कसैले नगरपंचायतको नियम उल्लँघन गरेमा रु १००। सम्म जरिवाना गर्नु ।

७. श्री ५ को सरकार र जिल्ला पञ्चायतलाई सहयोग गर्ने:

श्री ५ को सरकार, जिल्ला पञ्चायत वा जिल्ला विकास समितिले सञ्चालन गरेको विकासको काम लगायत सबै किसिमका कार्यहरुमा सक्रियरुपबाट सहयोग गर्नु नगर पंचायतको कार्य हो ।

८. तथ्याङ्क राख्ने:

आफ्नो इलाकाभित्रका महत्वपूर्ण विषयहरुमा तथ्याङ्क राख्नु नगर पंचायतको प्रमुख कार्य हो । यस सम्बन्धमा नगर पंचायतले जनसंख्या र जन्ममरणको लगत, घर जग्गाको लगत र आफ्नो इलाकाको सर्भे नक्सा कायम गरिराख्नु पर्दछ ।

९. सांस्कृतिक र नैतिक कार्यहरु:

नगरको गौरवमय सांस्कृतिक विशेषताहरु जस्तै मन्दिरहरु,

CC-0. In Public Domain. Digitization by eGangotri

पाटी पौवाहरू आदिको संरक्षण र सम्वर्धनको साथै जनजीवनमा जरा हालेको सांस्कृतिक क्रियाकलापहरू जस्तै नाच गानलाई समयोचित विकास गर्न चाहिंदो वातावरण र सुविधा उपलब्ध गराउनु नगर पंचायतको कर्तव्य हो। त्यस्तै नगर वासीहरूको नैतिकता माथि उठाउन पनि अरुभन्दा बढी प्रयास नगर पंचायतले गर्नु पर्दछ। यस सम्बन्धमा बेवारिसी बालबालिकाको बस्ने खाने प्रबन्ध नगर पंचायतले मिलाउने छ।

१०. विविध:

नगरबासीहरूको मनोरञ्जनलाई ख्याल राखी नगर पंचायतले समय समयमा बजार, मेला, प्रदर्शनी, नाच, गानको प्रबन्ध आदि गर्नु पर्ने कार्य हो। हरेक नगर पंचायतले सम्पूर्ण निर्वाचित सदस्य संख्याको एक तिहाइ सम्बन्धित जिल्ला सभाको लागि निर्वाचित गरी पठाउने कार्य पनि गर्छ। यो निर्वाचन गर्ने अधिकार नगर पञ्चायतको ज्यादै महत्वपूर्ण राजनैतिक अधिकार हो।

Q. No. 19

Explain the Formation and Functions of the District Panchayat.

जिल्ला पञ्चायतका गठन र कार्यहरू व्याख्या गर्नु होस्।

गठन:

७५ जिल्लामा विभाजित नेपालको हरेक जिल्लामा एक जिल्ला सभा रहन्छ। जिल्ला सभामा जिल्ला अन्तर्गत हरेक गाउँ पंचायतबाट निर्वाचित एकजना प्रतिनिधि र नगर पंचायतबाट सम्पूर्ण निर्वाचित सदस्य संख्याको एक तिहाइ संख्यामा निर्वाचित प्रतिनिधिहरू

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छन् । प्रत्येक जिल्ला सभाले एक जना सभापति र एक जना उप—सभापति समेत गरी जम्मा ११ जनाको एउटा कार्यकारिणी समितिको निर्वाचन गुप्त मतदानद्वारा गर्नेछ जसलाई जिल्ला पंचायत भनिन्छ । जिल्ला सभा जिल्लाव्यापी संसदको रुपमा लिने हो भने जिल्ला पंचायत जिल्लामित्रको मन्त्रिमण्डल हो । जिल्ला पंचायतका सभापति र उप-सभापति जिल्ला सभाका पनि सभापति र उप-सभापति हुन् । सभापति र उप-सभापतिको पदावधि ४ वर्ष र अरु सदस्यहरूको पदावधि ६ वर्ष हो । तर हरेक २ वर्षमा एक तिहाई सदस्यहरूको कार्यकाल समाप्त हुन्छ र सो रिक्त स्थानको पूर्तिको लागि निर्वाचन हुन्छ । यो व्यवस्था मिलाउन पहिलो पल्ट एक तिहाइ सदस्यको कार्यकाल ६ वर्ष, अर्को एक तिहाइ सदस्यको कार्यकाल ४ वर्ष र बाँकी एक तिहाई सदस्यको कार्यकाल २ वर्षको निर्धारण सभापतिले गोला-प्रथाद्वारा गरेको थियो । कुनै कारणवश कार्यकालको बीचमा कुनै सदस्यको स्थान रिक्त हुन आएमा बाँकी कार्यकालको लागि मात्र सो रिक्त स्थानको पूर्तिको लागि निर्वाचन हुन्छ । यसैले जिल्ला पंचायत एक स्थायी कार्यकारिणी समिति हो ।

जिल्ला पंचायतको सभापति लगायत कुनै सदस्य जिल्ला सभाको सदस्यताबाट वञ्चित भएमा अथवा जिल्ला पंचायतको बैठकमा बिनाकारण लगातार ३ पटकसम्म अनुपस्थित भएमा अथवा जिल्ला पंचायतसंगको ठेक्कामा हिस्सेदार भएमा अथवा जिल्ला पंचायतको बिरुद्ध कुनै मुद्दा मामिलामा लागेमा अथवा जिल्ला सभाको दुइतिहाई सदस्यले अविश्वासको प्रस्ताव पारित

CC-0. In Public Domain. Digitization by eGangotri

गरेमा निजको सदस्यता कायम रहँदैन । जिल्ला पंचायतका सभापति लगायत सबै सदस्यहरूले लिखित राजीनामा सम्बन्धित पदाधिकारी समक्ष पेश गरी पदत्याग गर्न सक्छन् ।

साधारणतः महिनामा एक पटक जिल्ला पंचायतको बैठक सभापतिले बोलाउँछ । आवश्यक भएमा जिल्ला पंचायतका ६ जना सदस्यहरूले लिखित रुपबाट असाधारण बैठकको माग गरेमा सभापतिले ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ । सभापतिले नबोलाएमा उप-सभापतिले अर्को ७ दिनभित्र बोलाउनु पर्दछ । उप-सभापतिले पनि बैठक नबोलाएमा जिल्ला पंचायतको सचिवले एक महीनाभित्र बैठक बोलाउँछ । जिल्ला पंचायतको बैठकको गणपूरक संख्या (Quorum) जम्मा सदस्यसंख्याको आधाभन्दा बढी अर्थात् ६ जना सदस्यहरू हो । तर तीन पटकसम्म पनि आवश्यक गणपूरक संख्या नभए चौथो पटकको बैठक जतिसुकै सदस्य उपस्थित भए पनि बस्छ । साधारणतया जिल्ला पंचायतको बैठकको सभापतित्व सभापतिले गर्दछ ।

कार्यहरू:

पंचायती व्यवस्थाको दोस्रो तह जिल्ला पंचायत साँचिकै ठूलो महत्वपूर्ण निकाय हो । जिल्लाको विकासको सम्पूर्ण अभिभारा र प्रशासन विकेन्द्रीकरण योजनाद्वारा प्रशासनका अनेकन महत्वपूर्ण कार्यहरू पनि यसलाई सुम्पेको छ । यसैले जिल्ला पंचायतको सफलतामा नै पंचायती व्यवस्थाको उज्वल भविष्य निहित छ । जिल्ला पंचायतका कार्यहरू विस्तृत छन् : ती

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यहरूलाई निम्न शीर्षक अन्तर्गत वर्णन गरिन्छ।

१. कृषि र पशुपालनको विकास
२. विकास कार्यहरू
३. जन—स्वास्थ्य र सार्वजनिक सुरक्षा
४. शिक्षा
५. घरेलु उद्योग र सहकारिताको विकास
६. गाउँ र नगर पंचायतको रेखदेख, निरीक्षण र निर्देशन
७. श्री ५ को सरकारको सहयोगी भई गर्नुपर्ने कार्य
८. प्रशासनिक कार्य
९. विविध

१. कृषि पशुपालनको विकास:

नेपाल कृषिप्रधान देश हो। ९३ प्रतिशत जनसंख्याको जीविकाको मुख्य आधार-कृषि-विकास नभै देशको विकास सम्भव छैन। यसैले कृषि विकास गर्ने महत्वपूर्ण कार्य जिल्ला पंचायतलाई सुम्पेको छ। यस अन्तर्गत जिल्ला पंचायतले कृषि प्रणाली मा वैज्ञानिक तरीका अपनाउन लगाई आमूल सुधार र परिवर्तन गर्ने आवश्यक सबै प्रबन्ध मिलाउने महत्व कार्य छ। जिल्लाभरीय सिंचाइ योजना संचालन गर्ने र बाँझो जग्गालाई आबादी गर्ने र खोलानालाबाट जग्गिनको बचाउ गर्ने कार्य पनि जिल्ला पंचायतको हो। कृषि विकासका सबाउ पुऱ्याउने तथा कुनै कुनै गाउँमा त जीविकाको मुख्य श्रोत भएको पशुपालनको पनि विकास गर्ने महत्वपूर्ण कार्य जिल्ला पंचायतको हो।

२. विकास कार्यहरू:

जिल्लाका सम्पूर्ण विकास कार्यहरू जिल्ला पञ्चायतले ने

CC-0. In Public Domain. Digitization by eGangotri

संचालन गर्नु पर्ने उत्तरदायित्व छ। जनताले आफ्नो भाग्य आफैले निर्णय गर्न सक्नुमा नै प्रजातन्त्र दिगो र स्थायी हुन्छ। जनता आफै सजग, सचेत र क्रियाशील नभई देश कदापि विकसित हुँदैन। यसैले जिल्ला विकासको सम्पूर्ण अभिभारा जिल्ला वासीहरूकै हातमा छोडिएको छ। आफ्नो जिल्लामा सडक, पुल; नल, ढल, इनार, पोखरी निर्माण र मर्मत गर्ने लगायत श्री ५ को सरकारको जिल्लास्तरका सबै विकास योजना हरू कार्यान्वित गर्ने कार्य जिल्ला पंचायतको हो। श्री ५ को सरकारलाई विकास-कार्यको निस्ति र जिल्लामा रहेको संस्था समेतको बारेमा सुझाउ दिने र विकास कार्यमा जनताको अभिरुचि पैदा गर्न समय समयमा विकास प्रदर्शनी, किसान मेला, पंचायत सम्मेलन आदि गर्ने तथा नगर र गाउँ पंचायत-लाई यस कामको निमित्त सहयोग र सहायता गर्ने जिल्ला पंचायतको काम हो।

३. जनस्वास्थ्य र सार्वजनिक सुरक्षा:

जिल्लाको सर्वतोमुखी विकासको अभिभारा बोकने जन-ताको स्वास्थ्य ठीक र तन्दुरुस्त राख्न जिल्ला पंचायतले महत्वपूर्ण कार्यहरू गर्नु पर्छ—जस्तै स्वास्थ्य र सफाइ, स्वच्छ पिउने पानी आदि योजनाहरू संचालन गर्नु, चिकित्साको प्रबन्ध गर्नु, महामारी रोकथामको लागि आवश्यक प्रबन्ध गर्नु, सरुवा रोग र नशालाग्ने चीजको रोकथाम गर्नु आदि। यसको अतिरिक्त प्राकृतिक प्रकोप र अन्य दुर्घटनाले पीडित

CC-0. In Public Domain. Digitization by eGangotri

जनताको सक्दो सेवा र सहायता गर्नु जिल्ला पंचायतको प्रमुख कर्तव्य हो ।

४. शिक्षा :

श्री ५ को सरकारको नीति र नियम बमोजिम आफ्नो जिल्ला भित्रका बाल-बालिकाहरूको शिक्षाको लागि प्राथमिक र माध्यमिक शिक्षाको व्यवस्था गर्ने ठूलो दायित्व पनि जिल्ला पंचायतलाई छ । यसको साथै जिल्लाको संस्कृतिलाई रक्षा र सम्वर्धन गर्ने कार्य पनि जिल्ला पंचायतको हो ।

५. घरेलु उद्योग र सहकारिता :

आजको आधुनिक युगमा देशको आर्थिक विकास गर्न कृषिको साथै उद्योग, व्यापार र सहकारिताको विकास पनि अत्यावश्यक छ । यसैले जिल्ला पंचायतले घरेलु उद्योग र सहकारिताको विकास र प्रचार गर्ने कार्य पनि गर्नु पर्दछ ।

६. गाउँ र नगर पञ्चायतको रेखदेख, निरीक्षण र निर्देशन :

आफ्नो जिल्लाभित्रको नगर र गाउँ पंचायतको आम्दानी खर्च लगायत सबै कामको रेखदेख, निरीक्षण र आवश्यकतानुसार निर्देशन गर्ने कार्य जिल्ला पंचायतको हो । हरेक जिल्ला पंचायतले श्री ५ को सरकार वा अञ्चल सभाबाट प्राप्त अनुदान तोकिए बमोजिम स्थानीय पंचायतहरूलाई वितरण गर्नेछ । दुई वा दुइभन्दा बढी गाउँ वा नगर पंचायतको सम्मिलित योजनालाई कार्यान्वित गर्ने गराउने र गाउँ तथा नगर पंचायतको योजना समन्वय गरी जिल्ला योजना तयार गर्ने जिल्ला

CC-0. In Public Domain. Digitization by eGangotri

पंचायतको कार्य हो। कुनै नगर वा गाउँ पंचायत कुनै कारणबाट स्थगित अथवा विघटित भएको रहेछ भने त्यस ठाउँमा गर्नु पर्ने सम्पूर्ण काम गर्ने वा गर्न लगाउने कार्य जिल्ला पंचायतको हो।

७. श्री ५ को सरकारको सहयोगी भई गर्नु पर्ने कार्य :

श्री ५ को सरकारले कुनै विषयमा मागेको राय सल्लाह दिनु र श्री ५ को सरकारबाट सुम्पिएका सबै कार्यहरू गर्नु जिल्ला पंचायतको कार्य हो। जिल्ला सभाद्वारा स्वीकृत जिल्ला पंचायतको बजेटमा श्री ५ को सरकारले चाहेमा आवश्यक निर्देशन दिनसक्छ। यसप्रकार दिइएको निर्देशनलाई जिल्ला पंचायत र जिल्ला सभाले पालन गर्नु पर्दछ।

८. प्रशासनिक कार्य :

शक्ति विकेन्द्रीकरण गर्ने पंचायती व्यवस्थाको सिद्धान्त अनुरूप जिल्ला पंचायतलाई अधिक उत्तरदायी र अधिकारपूर्ण बनाइएको छ। किनभने विकेन्द्रीकरण योजनाको कार्यक्षेत्र नै जिल्ला पंचायत हो। यसैले जिल्ला पंचायतको प्रशासनिक कार्य ज्यादै महत्वपूर्ण छ। यस अन्तर्गत ऐनले दिएको कुनै पनि अधिकारको प्रयोग गर्ने जिल्ला पंचायतको पूरा अधिकार छ। नियम अन्तर्गत जिल्ला पंचायतले आफ्नो कोषबाट व्यहोर्ने गरी भर्ना गर्ने कर्मचारीहरूको नियुक्ति, बढुवा, बर्खास्ती तथा सेवाका अन्य शर्तहरू निर्धारण गर्नसक्दछ। श्री ५ को सरकारले तोकेको र जिल्लास्तरका अरु सरकारी कर्मचारीहरु पनि जिल्ला

CC-0. In Public Domain. Digitization by eGangotri

पंचायतको मातहतमा रही काम गर्ने छन्। त्यस्ता कर्मचारी-हरूलाई निजामती सेवा नियमावली अनुसार सजाय गर्न जिल्ला पञ्चायतले श्री ५ को सरकारलाई सिफारिश गर्न सक्दछ। जिल्ला पञ्चायतलाई प्रदान गरिएको अधिकार कुनै समिति, जिल्ला पंचायतको सभापति, उप-सभापति, कुनै सदस्य वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न जिल्ला पंचायतले सक्दछ। यसको साथै जिल्ला पंचायतले हरेक आर्थिक वर्षको लागि बजेट पनि नियमित ढङ्गले जिल्ला सभाको स्वीकृतिको लागि पेश गर्नु पर्छ र स्वीकृत भएको रकम मात्र खर्च गर्न पाउँछ। यसको अतिरिक्त आफ्नो जिल्लाको जन्म मरणको लगत खडा गरी प्रकाशित गर्ने र स्थानीय संस्थाहरूबाट प्राप्त भएको विभिन्न विषयको तथ्याङ्क प्रकाशित गर्ने कार्य जिल्ला पञ्चायतको हो।

९. विविध :

सरकारी अनुदान बाहेक गाउँ र नगर पंचायतको अरू आम्दानीको सयकडा १० सम्म जिल्ला पंचायतले हिस्सा लिन सक्दछ। यस्तै विभिन्न विषयहरूमा कर, दस्तूर, भाडा आदि यसले लिन सक्दछ। यसले सानातिना फौजदाको फैसला गर्छ। जिल्ला पंचायत ऐनको विरुद्ध जानेलाई रु. १००।- सम्म जरीवाना पनि गर्न सक्दछ। अंचल सभाबाट राष्ट्रिय पंचायतका सदस्य-हरूको निर्वाचनमा जिल्ला पंचायतका सबै सदस्यहरूले भाग लिन्छन्। पर्यटकहरूको सुविधाको लागि आवश्यक व्यवस्था

CC-0. In Public Domain. Digitization by eGangotri

मिलाउने र जिल्लावासीहरूको मनोरंजनको लागि समय समय-मा आवश्यक प्रबन्धहरू गर्ने पनि जिल्ला पंचायतका कार्यहरू हुन्।

Q. No. 20.

Describe the Composition and Functions of Zonal Assembly and Zonal Committee.

अञ्चल सभा र अञ्चल समितिका गठन र कार्यहरू वर्णन गर्नुहोस्।

अञ्चल सभाको गठनः

नेपाल अधिराज्यलाई १४ अञ्चलमा विभाजित गरिएको छ। हरेक अञ्चलमा एक अंचल सभा रहने छ जुन पंचायती व्यवस्थाको तेश्रो तह हो। अंचल सभामा अंचल भित्रका सबै जिल्ला पंचायतका सदस्यहरू स्वतः सदस्य हुन्छन्। जिल्ला पंचायतको सदस्य रहेसम्ममात्र अञ्चल सभाको सदस्य रहनेछ। यसरी जिल्ला पंचायतका सदस्यहरू जिल्ला पंचायत र अंचल सभा दुवैको सदस्य हुन्छन्। अंचल सभामा अंचल स्तरिय वर्गीय र व्यावसायिक संगठनका प्रतिनिधिहरू र श्री ५ को सरकारले मनोनित गरेका व्यक्तिहरू पनि पर्यवेक्षकको रूपमा रहन सक्छन् तर तिनीहरूले मतदानमा भाग लिन पाउने छैनन्। अंचल सभाले आफ्ना सदस्यहरूमध्येबाट एकजना सभापति र एकजना उप-सभापति गुप्त मतदान प्रणालीद्वारा निर्वाचन गर्दछ। सभापति र उप-सभापतिको कार्यकाल ४ वर्षको हुनेछ। अंचल सभाको सभापतिले अंचल सभाको बैठकको सभापतित्व गर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

छ र उनको अनुपस्थितमा उप-सभापतिले गर्नेछ । पहिले अरु तहको पंचायतको झैं यसको पनि कार्यकारिणी समिति (अंचल पंचायत) थियो तर नेपालको संविधानको पहिलो संशोधन २०२३, ले अञ्चल पंचायतलाई खारेज गरेको छ ।

अंचल सभाले दिएको ठेक्काको हिस्सेदार भएमा, अंचल सभाको विरुद्ध मुद्दा लडेमा, आफू बसिरहेको इलाका अंचल इलाकाबाट झिकेमा, विनाकारण ३ पटकसम्म लगातार अंचल सभाको बैठकमा उपस्थित नभएमा, जिल्ला पंचायतको सदस्यको लागि अयोग्य भएमा, बौलाहा वा लाटो भएमा, टाट पल्टेमा (Bankrupt), अनैतिक सिद्ध भएमा (Proved Immoral), कुनै तहको पंचायतको वा सरकारी कर्मचारी भएमा वा कुनै ऐनले अयोग्य भएमा अञ्चल सभाका सभापति लगायत कुनै पनि सदस्य आफ्नो सदस्यतावाट वंचित हुन्छन् ।

गाउँ सभा नगर पंचायत र जिल्ला सभाझैं अञ्चल सभा पनि एक अवच्छिन्न उत्तराधिकारवाला संगठित संस्था (Corporate Body) हो । अञ्चल सभाको बैठकको निमित्त गणपूरक संख्या (Quorum) ५१ प्रतिशत सदस्यहरु हो । अंचल सभाको बैठक साधारणतः वर्षमा दुइपटक बस्छ । आवश्यक परे अंचल सभाका सयभन्दा २० सदस्यहरुले बैठकको माग गरे जहिले पनि असाधारण बैठक बस्न सक्छ । अंचल सभाले निर्णय गर्दा बैठकमा उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमतबाट गरिन्छ । सभापतिलाई मतदिने अधिकार हुँदैन । अंचलसभाको सम्पूर्ण सदस्य संख्याको दुइ तिहाइ बहुमतले

CC-0. In Public Domain. Digitization by eGangotri

अविश्वासको प्रस्ताव पास गरी सभापति र उप-सभापतिलाई हटाउन सकिन्छ ।

कार्यहरू :

अञ्चल पञ्चायतको खारेजीले अञ्चल सभाको महत्व घटेको छ । राष्ट्रिय पंचायतको निर्वाचक मण्डल (Electoral College) को रुपमा मात्र हाल यो रहेको देखिन्छ । यद्यपि यो एक निर्वाचक मण्डल हो तर पनि यसले महत्वपूर्ण कार्यहरू गर्नु पर्छ । ती कार्यहरूमा निम्न प्रमुख छन् :

१. समन्वय र सामञ्जस्य कायम गर्नु :

अंचलको वृहत विकास कार्यमा विभिन्न पंचायतहरू, वर्गीय र व्यावसायिक संगठनहरू र श्री ५ को सरकारका अङ्ग-हरूमा समन्वय र सामन्जस्य कायम गर्नु अञ्चल सभाको प्रमुख काम हो । यस अतिरिक्त आफ्नो अञ्चल भित्रका सम्पूर्ण जिल्ला पंचायतहरूको कामको रेखदेख, मूल्याङ्कन र आवश्यक भएमा निर्देशन पनि अञ्चल सभाले दिन सक्दछ । यसरी यस-ले पञ्चायतका विभिन्न तहहरूमा आपसी मेलमिलाप र एकता कायम गर्नेछ । आफ्ना अञ्चलका जनताको सुख सुविधाको लागि यसले विभिन्न जनहितकारी योजनाहरू पनि संचालन गर्नु र गर्न लगाउनु पर्छ ।

२. आर्थिक, सामाजिक र राजनैतिक कार्यहरू :

अंचल सभाले आफ्नो अंचलको राजनैतिक, आर्थिक र सामाजिक गतिविधि र समस्याहरूको गम्भीरतापूर्वक छलफल गरी श्री ५ को सरकारमा आफ्नो सुझाव पेश गर्नु पर्दछ। त्यस्तै

CC-0. In Public Domain. Digitization by eGangotri

अंचलभरिका जिल्ला पंचायतहरू र विभिन्न वर्गीय र व्यावसायिक संगठनहरूको कार्यप्रगति र अरू आवश्यक तथ्याङ्क श्री ५ को सरकार वा अंचलाधीश समक्ष पेश गर्दछ।

३. राष्ट्रियताको विकास र प्रचार गर्ने:

आफ्नो अञ्चलभित्र राष्ट्रियताको भावना जागृत र विकसित गर्ने राष्ट्र भाषा र सांस्कृतिक गतिविधिहरूमा जनताहरूलाई ठूलो अभिरुचि लिन लगाई राष्ट्रिय चरित्रको निर्माणमा हर प्रकारले सहयोग र प्रयत्न गर्नु अंचल सभाको कार्य हो।

४. राष्ट्रिय पञ्चायतको लागि प्रतिनिधि पठाउने

अंचल सभाले आफ्नो अंचलबाट पठाउनु पर्ने राष्ट्रिय पंचायतका सदस्यहरू प्रत्येक जिल्लाको एकजना प्रतिनिधि पर्ने गरी निर्वाचन गरी पठाउनु यस सभाको महत्वपूर्ण कार्य हो। यस अतिरिक्त श्री ५ को सरकार वा ऐनले तोकेको सम्पूर्ण कार्य अंचल सभाले गर्नु पर्दछ।

अंचल समितिको गठन:

नेपालको संविधानको पहिलो संशोधन २०२३, ले अंचल पंचायतलाई खारेज गरी प्रत्येक अंचलमा एक अञ्चल समिति रहने घोषणा गरेकोछ। अंचल समितिको गठन सम्बन्धित अंचलाधीशको सभापतित्वमा हुन्छ। समितिमा अंचलभित्रका सम्पूर्ण जिल्ला पंचायतका सभापतिहरू, अंचलस्तरीय वर्गीय र व्यावसायिक संगठनका सभापतिहरू र श्री ५ बाट मनोनित बढीमा ५ जना सदस्यहरू रहने छन्। श्री ५ बाट मनोनित सद-

CC-0. In Public Domain. Digitization by eGangotri

स्यहरुको कार्यकाल दुइ वर्षको हुन्छ अरु पदेन सदस्यहरुको कार्यकाल आफ्नो पद रहुँजेलसम्मको हुन्छ । अंचल सभाको सभापति यस समितिका पदेन (ex-officio) उप-सभापति हुन्छन् ।

अंचल समितिको कार्य :

अंचल समितिको प्रमुख कार्य अंचलाधीशको वृहत कार्य सम्पादनमा चाहिंदो सल्लाह र सुझाव दिनु हो । अंचलमा शान्ति सुव्यवस्था कायम राखी विकासको काम द्रुततर गतिबाट संचालन गर्न र गराउन तथा पंचायतहरुलाई सहयोग पुऱ्याउन श्री ५ बाट नियुक्त हुने राज प्रतिनिधि अञ्चलाधीशको सल्लाहकार समितिको रुपमा रही अंचलको शान्ति सुरक्षादेखि लियर सर्वतोमुखी विकाससम्ममा सघाउ पुऱ्याउनमा यस समितिको ठूलो दायित्व छ । पंचायत र वर्गीय संगठनका अंचलस्तरीय प्रमुख कार्यकर्ताहरु यस समितिमा रहने हुनाले अंचलाधीशहरुलाई अंचलको सबै गतिविधि र समस्या छिटो बुझी आवश्यक कदम चालन सुगम पक्कानै हुनेछ । पञ्चायत र विभिन्न संगठनहरुको कार्यक्रम एवं योजनामा समन्वय र सहयोगी भावना बढाएर काम गराउन यो समिति निकै सहायक हुन सक्छ । हुनत यी सबै कुरा अंचलाधीशको कार्यक्षमता, व्यक्तित्व र योग्यतामा निर्भर रहने कुरा हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

Q. No. 21

Discuss the Composition, Functions & position of the National Panchayat.

राष्ट्रिय पञ्चायतका गठन, कार्यहरू र स्थान छलफल गर्नु होस् ।

गठन:

देशले अपनाएको चार तह भएको पञ्चायती व्यवस्थाको सबभन्दा माथिल्लो तह राष्ट्रिय पञ्चायत हो । स्थानीय पञ्चायत-हरूको आधारमा गठन हुने राष्ट्रव्यापी पञ्चायत नै राष्ट्रिय पञ्चायत हो । राष्ट्रिय पञ्चायतले एक सदनको व्यवस्थापिकाको काम गर्दछ । ६० जना चौध अञ्चल सभाहरूबाट, १५ जना पाँच वर्गीय र व्यावसायिक संगठनहरूबाट, ४ जना स्नातकहरू-बाट निर्वाचित सदस्यहरू र १६ जना (अर्थात् निर्वाचित सम्पूर्ण सदस्य संख्या १०६ को १५ प्रतिशत) श्री ५ बाट मनोनित गरी जम्मा १२५ सदस्यहरू मिली राष्ट्रिय पञ्चायतको गठन हुन्छ । राष्ट्रिय पञ्चायत नेपालको एकमात्र स्थायी व्यवस्थापिका सभा हो । कारण यसका सबै सदस्यहरू कहिले पनि एकै चोटी रिक्ति-दैनन् । विभिन्न संगठनहरू र स्नातकहरूबाट निर्वाचित तथा श्री ५ बाट मनोनित सदस्यहरूको कार्यकाल ४ वर्षको हुनेछ । अञ्चल सभाहरूबाट निर्वाचित सदस्यहरूको कार्यावधि ६ वर्षको हुनेछ । तर प्रत्येक २ वर्षमा अञ्चल सभाहरूबाट निर्वाचित सदस्यहरूको एक तिहाइ अर्थात ३० जनाको कार्यावधि समाप्त भई तिनीहरूको रिक्त स्थान पूर्तिको लागि निर्वाचन हुन्छ । यो व्यवस्था मिलाउन

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो पटक मात्र स्थानीय पञ्चायतहरूमा भने तीन खण्डमा एक खण्ड (३० जना) २ वर्षको निमित्त, अर्को एक खण्ड (३० जना) ४ वर्षको निम्ति र बाँकी एक खण्ड (३० जना) ६ वर्षको निर्धारण राष्ट्रिय पञ्चायतका अध्यक्षले गोलाहाली गरेको थियो। राष्ट्रिय पञ्चायतको सदस्य हुन कुनै पनि व्यक्ति नेपालको नागरिक हुनुपर्छ, २५ वर्ष पूरा भएको हुनुपर्दछ र कुनै एक वर्गीय र व्यावसायिक संगठनको सदस्य हुनुपर्दछ। श्री ५ को सरकारको कर्मचारी, राष्ट्रिय पञ्चायतको सदस्य पद अनुसारको आचरण नगरी निष्काशित भएको र कुनै ऐनले आयोग्य ठहऱ्याएको व्यक्ति राष्ट्रिय पञ्चायतको सदस्य हुन पाइँदैन। राष्ट्रिय पञ्चायतको कुनै पनि सदस्यको स्थान निम्नलिखित अवस्था मध्ये एक भएमा रिक्त मानिनेछः—

१. मृत्यु भएमा;

२. राष्ट्रिय पञ्चायतको अध्यक्षलाई लिखित राजीनामा दिएमा;

३. सदस्य हुन चाहिने योग्यता नभएमा;

४. राष्ट्रिय पञ्चायतको स्वीकृति नलिई तीन महीना सम्म लगातार राष्ट्रिय पञ्चायतको बैठकमा अनुपस्थित भएमा; वा

५. पदावधि समाप्त भएमा।

यी माथि उल्लिखित कुनै अवस्थामा राष्ट्रिय पञ्चायतको कुनै सदस्यको स्थान रिक्त भएमा त्यसको पूर्ति यथाशीघ्र गरिने

CC-0. In Public Domain. Digitization by eGangotri

छ। रिक्त हुन आएको सदस्यको स्थान पूर्ति सो सदस्य जुन तरीकाबाट निर्वाचित वा मनोनित भएको थियो उही तरीकाबाट हुन्छ। सदस्यको पदावधि समाप्त नहुँदैमा रिक्त हुन गएको छ भने निजको स्थानमा बाँकी रहन आएको पदावधिको निमित्त मात्र निर्वाचन वा मनोनयन हुन सक्ने छ।

राष्ट्रिय पञ्चायतमा अध्यक्ष र उपाध्यक्ष गरी जम्मा २ जना अधिकारीहरू रहने छन्। राष्ट्रिय पञ्चायतका अध्यक्ष राष्ट्रिय पञ्चायतको सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट श्री ५ ले नियुक्त गरिदिनेछ। राष्ट्रिय पञ्चायतका उपाध्यक्ष भने उक्त पञ्चायतका सदस्यहरूले आफैंले बीचबाट चुन्ने छन्। राष्ट्रिय पंचायतको बैठकको सभापतित्व अध्यक्षले गर्नेछ र उनको अनुपस्थितिमा श्री ५ को स्वीकृत पाएमा उपाध्यक्षले गर्नेछ। उपाध्यक्ष पनि नभएको बेलामा श्री ५ बाट तोकिदिनेको व्यक्तिले राष्ट्रिय पंचायतको बैठकको अध्यक्षता ग्रहण गर्नेछ। राष्ट्रिय पंचायतका अध्यक्ष र उपाध्यक्षको पदावधि २ वर्षको हुने छ र तिनीहरू पुनर्निर्युक्तिको लागि योग्य हुने छन्। हरेक ६ महीनामा राष्ट्रिय पंचायतको अधिवेशन श्री ५ बाट बोलाई सक्नेछ। राष्ट्रिय पञ्चायतमा कुनै पनि विषयको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुन्छ। राष्ट्रिय पंचायतको गणपूरक संख्या (Quroum) सम्पूर्ण सदस्यहरूको एक तिहाई सदस्य अर्थात ४२ जना हुन्। राष्ट्रिय पंचायतको प्रत्येक सदस्यले आफ्नो

42

CC-0. In Public Domain. Digitization by eGangotri

आसन ग्रहण गर्नु भन्दा अघि राष्ट्रिय पंचायतको अध्यक्षको समक्ष श्री ५ बाट निर्धारित रूपमा शपथ ग्रहण गर्दछन्। राष्ट्रिय पंचायतको प्रत्येक सदस्यले रु. ६५०।– पारिश्रमिक र घर भाडा रु. २५०।— मासिक पाउँछन् र राष्ट्रिय पंचायतको कुनै समितिको बैठकमा भाग लिएको वा अन्य काम गरेको दिनको निमित्त रु. २५।— पाउँछन्।

कार्यहरू:-

राष्ट्रिय पंचायत नेपालको एकमात्र सर्वोच्च व्यवस्थापिका सदन भएकोले यसका कार्यहरू ज्यादै महत्वपूर्ण र गहन छन्। तो कार्यहरू निम्न प्रकारका छन्:

१. विधायिनी कार्य (Legislative Function)
२. आर्थिक कार्य (Financial Function)
३. निर्वाचन कार्य (Electoral Function)
४. न्यायिक कार्य (Judicial Function)
५. कार्यकारिणीमाथि नियन्त्रण राख्ने कार्य (Function of controlling the Executive)
६. संविधान संशोधन कार्य (Constitution Amending Function)

१. विधायिनी कार्य

राष्ट्रिय पञ्चायतको सबभन्दा पहिलो महत्वपूर्ण कार्य विधायिनी कार्य हो। किनकि यो एक मात्र नेपालको व्यवस्था-

CC-0. In Public Domain. Digitization by eGangotri

पिकाको सदन हो। यस सदनले मात्र समय र परिस्थिति अनुरूप देशको सुव्यवस्था र जन कल्याणको लागि कानून बनाउन सक्छ। राष्ट्रिय पञ्चायतको निर्णय बिना देशको कानून बन्न सक्दैन। किनभने श्री ५ बाट जारी भएको अध्यादेश पनि देशको स्थायी कानून बन्न राष्ट्रिय पञ्चायतको सहमती आवश्यक छ। राष्ट्रिय पञ्चायतले पारित गरेको विधेयक (Bill) श्री ५ को स्वीकृति पाएपछि देशको कानून बन्नेछ। कानून बनाउने प्रमुख अंग भएकोले देशको निमित्त कानून बनाउनु राष्ट्रिय पञ्चायतको प्रमुख कार्य हो।

२. आर्थिक कार्य :

राष्ट्रिय पञ्चायतको दोस्रो मुख्य काम वर्षेनी देशको आय व्ययको निर्धारण गरी बजेट पास गर्नु हो। राष्ट्रिय पञ्चायतको स्वीकृति बिना एक पैसा पनि सरकारले कर उठाउन र खर्च गर्न सक्दैन। राष्ट्रिय पंचायतले हरेक वर्ष सरकारको विभिन्न आयको स्रोत के के हो, कसरी त्यसलाई बढाउँदै लैजान सकिन्छ, कुन कुन विषयमा नयाँ कर लगाउने र घटाउने आदि निर्णय गर्दछ। यसरी सरकारको अर्थ व्यवस्था जस्मै नै राष्ट्रिय पञ्चायतको इच्छानुसार हुन्छ। महालेखा परीक्षकले श्री ५ मा पढाउने श्री ५ को सरकारको वार्षिक हिसाब जाँचको विवरणमाथि छलफल गर्ने कार्य राष्ट्रिय पञ्चायतको हो।

३. निर्वाचन कार्य:

राष्ट्रिय पञ्चायतले राष्ट्रिय पंचायतका अध्यक्ष, उपाध्यक्ष र अन्य आवश्यक समितिहरूका सदस्यहरू चुन्ने कार्य गर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

४. न्यायिक कार्य:

प्रधान न्यायाधीश लगायत सर्वोच्च अदालतका कुनै न्यायाधीशमा कार्य क्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो कर्तव्य पालन गर्न असमर्थ भएमा त्यस न्यायाधीशलाई कार्यभारबाट मुक्त गर्न राष्ट्रिय पञ्चायतले श्री ५ मा सम्बोधन चढाउन सक्नेछ। श्री ५ बाट नियुक्त आयोगले सम्बोधनलाई ठहर गरेमा श्री ५ बाट उक्त न्यायाधीशलाई हटाई बक्सने छ। कसैले राष्ट्रिय पञ्चायतको अवहेलना गरे राष्ट्रिय पञ्चायतले सो व्यक्तिलाई राष्ट्रिय पंचायतकोअधिवेशनभरी कैदको सजाय दिई उक्त पञ्चायतको कुनै अधिकारीको जिम्मामा थुन्न वा सरकारी कारागार (जेल) मा थुनामा राख्न लगाउन पाउनेछ।

५. कार्यकारिणीमाथि नियन्त्रण राख्ने कार्य:

मन्त्रिपरिषद् स्वेच्छाचारी हुन नदिई सदैव निर्दिष्ट लक्ष्य तिर अग्रसर गराई राख्नु राष्ट्रिय पंचायतको पाँचौ महत्वपूर्ण कार्य हो। मन्त्रिपरिषद् आफ्नो मार्गबाट विचलित हुन लागेमा त्यसलाई समय समयमा सही बाटोको संकेत राष्ट्रिय पंचायतले गर्नेछ। यदि मन्त्रिपरिषद्ले कुनै भूल गरेमा प्रश्न गरेर, प्रस्ताव पास गरेर र बजेट पेश भएको बेलामा विभिन्न कटौतीको प्रस्ताव राखेर सरकारलाई आफ्नो नियन्त्रण र निर्देशनमा राख्नु राष्ट्रिय पंचायतको कार्य हो। यदि कुनै मन्त्री वा मन्त्री परिषद्ले संविधानलाई समेत बेवास्ता गरी जथाभावी काम गरेमा अविश्वासको प्रस्ताव (Vote of No—Confidence)

CC-0. In Public Domain. Digitization by eGangotri

पास गरेर मंत्रिपरिषद् वा कुनै मंत्रीको स्वेच्छाचार र अत्याचार लाई अन्त गर्नु राष्ट्रिय पंचायतको प्रमुख कर्तव्य हो।

६. संविधान संशोधन कार्य:

हुन त अरू प्रजातान्त्रिक देशका व्यवस्थापिका सभाहरूले झैं नेपालको एक मात्र व्यवस्थापिका सभा राष्ट्रिय पंचायतले संविधान संशोधनमा प्रत्यक्ष अधिकार पाएको छैन तर पनि यस पंचायतले नै गठन गर्ने एक अभिन्न अङ्ग-निर्देशक समितिको ठूलो हात रहन्छ। कारण संविधानको संशोधन श्री ५ ले राजसभा स्थायी समिति र निर्देशक समितिका सदस्यहरूको दुइ तिहाइ बहुमत अनुसार गरिबक्सनेछ। राष्ट्रिय पंचायत आफैले प्रत्यक्षरूपबाट संविधान संशोधन गर्न नसके पनि आवश्यकता परेमा आफूले चुनेको निर्देशक समितिको तर्फबाट संविधान संशोधनको निमित्त प्रयत्न गर्न लाउन सक्तछ। यस प्रकार संविधान संशोधन गर्ने तर्फ राष्ट्रिय पंचायतको कार्य अप्रत्यक्ष छ।

राष्ट्रिय पञ्चायतको स्थान :

श्री ५ का सक्रिय र प्रत्यक्ष नेतृत्वमा संचालित सिढी रूपी पंचायती व्यवस्थाको सर्वोच्च निकाय राष्ट्रिय पञ्चायत हो। स्थानीय पंचायतहरूको जगबाट उठी राष्ट्रिय स्तरमा संगठित हुने राष्ट्रिय पंचायत एक सुन्दर भवनको रूपमा देखा पर्छ। त्यही भवन (राष्ट्रिय पंचायत) का सदस्यहरू मध्येबाट मन्त्रिपरिषद्को गठन हुनेछ जसले श्री ५ को निर्देशनमा रही

CC-0. In Public Domain. Digitization by eGangotri

देशको वास्तविक शासन बागडोर सम्हाल्द छ। पञ्चायती व्यवस्थामा राष्ट्रिय पञ्चायतको स्थान एक मात्र व्यवस्थापिकाको सदन भइ सर्वोच्च शिखरको रूपमा देखापर्छ।

बेलायत र भारतको व्यवस्थापिका सभा भैं नेपालको व्यवस्थापिका (राष्ट्रिय पञ्चायत) सार्वभौमसत्ता सम्पन्न छैन। बेलायतको पार्लियामेन्टले त महिलालाई पुरुष र पुरुषलाई महिला बाहेक जे पनि गर्न सक्छ भन्ने प्रसिद्ध कहावत नै छ। नेपालमा राष्ट्रिय पंचायतको स्थान श्री ५ को विधायिनी अधिकारको सम्पादनमा सहयोग र सल्लाह दिनु मात्र हो। किन भने राष्ट्रिय पंचायतले पारित गरी ल्याएको कुनै पनि विधेयकमा श्री ५ ले स्वीकृति प्रदान गर्नैपर्छ भन्ने केही छैन। राष्ट्रिय पंचायतले पारित गरी ल्याएको जुनसुकै विधेयकमाथि स्वीकृति प्रदान गर्ने वा नगर्ने श्री ५ मा सम्पूर्ण अधिकार छ। बेलायतको राजामा भैं संसदले पास गरी ल्याएको विधेयकमा स्वीकृति प्रदान गर्ने बाध्यता नेपालको राजामा छैन।

राष्ट्रिय पंचायतले पास गरेको कुनै विधेयकमाथि श्री ५ बाट स्वीकृत बक्सन नचाहिबक्सेमा वा संशोधन सहित स्वीकृति बक्सन चाहिबक्सेमा राजसभासंग परामर्श गरी राष्ट्रिय पंचायतमा सन्देश सहित फिर्ता पठाउन सकिबक्सिन्छ। राष्ट्रिय पंचायतले त्यस्तो सन्देशमाथि यथाशीघ्र बिचार गरी श्री ५ मा आफ्नो राय चढाउनेछ। त्यो रायमाथि विचारगरी मौसूफबाट स्वीकृति बक्सने, नबक्सने वा संशोधन सहित

CC-0. In Public Domain. Digitization by eGangotri

स्वीकृति बक्सने अन्तिम निर्णय गरिबक्सनेछ। यसको अतिरिक्त राष्ट्रिय पंचायतमा छलफल भएको तर पास हुन नसकेको कुनै विधेयक राष्ट्रिय पंचायतमा प्रस्तुत रूपमा वा संशोधन सहित पास गर्न श्री ५ बाट राजसभासंग परामर्श गरी वांछनीय संझिबक्सेमा औसूफबाट कारण सहितको सन्देश राष्ट्रिय पंचायतमा पठाइ बक्सने छ। राष्ट्रिय पंचायतले सो सन्देशमाथि यथाशीघ्र विचार गरी आफ्नो राय श्री ५ मा चढाउनेछ। त्यस्तो रायमाथि विचार गरी सो विधेयक राष्ट्रिय पंचायतमा प्रस्तुत रूपमा वा संशोधन सहित श्री ५ बाट स्वीकृत गर्न सकिबक्सनेछ। बेलायत र भारतको संविधानले पार्लियामेन्टको बहस माथि कुनै प्रकारको बन्देज लगाएको पाइँदैन। तर नेपालको संविधानले राष्ट्रिय पंचायतको बहसमा कुनै विषयमा बन्देज लगाइएको छ। यस अन्तर्गत श्री ५, श्री ५ बडा महारानी र राजगद्दीका उत्तराधिकारीहरूको आचरणका सम्बन्धमा राष्ट्रिय पंचायतमा कुनै छलफल गर्न पाइने छैन।

मन्त्रिपरिषद् राष्ट्रिय पंचायतका सदस्यहरू भएबाट गठन हुने भए तापनि मन्त्रीहरू श्री ५ प्रति सामूहिक र व्यक्तिगत रूपमा पूर्ण उत्तरदायी छन्। राष्ट्रिय पंचायत प्रति आंशिक रूपमा मात्र उत्तरदायी छन्। मन्त्रिपरिषद्को उत्तरदायित्वको सम्बन्धमा अमेरिका र बेलायतका मन्त्रिमण्डलहरूको बीचको स्थितिमा पाइन्छ।

बसरी राष्ट्रिय पंचायतको स्थान आफ्नै किसिमको विशिष्टताले परिपूर्ण भएको पाइन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

Q. No. 22

A. Discuss the Pecularities and Privileges of the National Panchayat.

राष्ट्रिय पञ्चायतका विशेषताहरू र विशेषाधिकारहरू छलफल गर्नु होस् ।

B. Write an essay on Pecularities and Privileges of the National Panchayat.

राष्ट्रिय पञ्चायतका अद्वितीय विशेषताहरू र विशेषाधिकारहरूको विषयमा एउटा निबन्ध लेख्नु होस् ।

संसारलाई बुद्ध दिन सक्ने र एशियालाई अरनीको दिन सक्ने नेपालले एक नौलो राजनैतिक दर्शन विश्वको सामु प्रस्तुत गरेको छ । यो दर्शन (पञ्चायत दर्शन), श्री विश्वबन्धु थापाको शब्दमा, साम्यवादी दर्शन भन्दा प्रगतिशील र संसदीय व्यवस्था भन्दा प्रजातान्त्रिक छ । यी दुवैको तुलनामा प्रगतिशील एवं प्रजातान्त्रिक हुनु नै यसको विशेषता हो ।" यही दर्शन अनुसार नेपालमा निर्देलीय पंचायती व्यवस्था स्व. श्री ५ महेन्द्रको सक्रिय र प्रत्यक्ष नेतृत्वमा लागू भयो । अनिच्छ—यो नेपालको माटो, परम्परा र संस्कृतिलाई सुहाउने एक मात्र व्यावहारिक व्यवस्था हो र यसले नेपालको हावापानी संगसंगै विकसित हुँदै जाने क्षमता राख्दछ । यसैले हो नेपालको एक मात्र विकल्प-रहित स्थायी व्यवस्थाको रूपमा यस व्यवस्थाले मान्यता पाई सकेको छ । यस व्यवस्थाको प्रमुख उद्देश्य देशमा दलविहीन, प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको

CC-0. In Public Domain. Digitization by eGangotri

सिर्जना गर्नु हो। यही पवित्र र निर्मल उद्देश्य प्राप्तिको लागि सदैव अग्रसर रहनु पर्ने चार तहरूपी पंचायती व्यवस्थाको सर्वोच्च निकाय राष्ट्रिय पंचायतका विशेषताहरू पनि अरू देशका व्यवस्थापिकाहरूको तुलनामा ज्यादै भिन्न र अद्वितीय छन्। ती अद्वितीय लक्षणहरू निम्न प्रकारका छन् :

१. एक सदनात्मक व्यवस्थापिका सदन :

संविधानविद् श्री सी. एफ. स्ट्रंगको भनाइ अनुसार क्रान्तिपछिको व्यवस्थामा प्रायः एक सदनात्मक व्यवस्थापिकाको स्थापना भएको पाइन्छ। यस्तै नेपालमा पनि २०१७ सालको ऐतिहासिक परिवर्तन पछि लागू भएको पञ्चायती व्यवस्था अन्तर्गत एक सदनात्मक (Unicameral) व्यवस्थापिकाको व्यवस्था भएको छ। २०१५ सालको संविधानले प्रतिनिधि सभा र महासभा नामक द्वि-सदनात्मक (Bicameral) व्यवस्थापिकाको व्यवस्था कायम गरेको थियो। दुइ सदनात्मक व्यवस्थापिका प्रायः संघर्षशील र तनावपूर्ण हुन्छ। द्वय-सदनात्मक व्यवस्थापिकालाई भनिन्छ— "दुवै सदन पूर्ण सहमत भएमा दोस्रो सदन आवश्यक रहँदैन; दुवैमा मतभेद रहेमा दोस्रो सदन तिरस्कार योग्य हुन्छ।" एक सदनात्मक व्यवस्थापिकाको फाइदामा भनिन्छ यो किफायती, सरल र उत्तरदायीपूर्ण हुन्छ। यसका हानीहरू पनि नभएको होइनन् एक सदनात्मक व्यवस्थापिकाको काम प्रायः हतपतमा हुन्छ र राजनैतिक परिपक्वताको अभावमा यसका निर्णयहरू ज्यादै घातक पनि हुनसक्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

दुबै व्यवस्थामा गुण र अवगुण रहन्छन् भन्ने तथ्यलाई मह-सूस गरेर नै राष्ट्रिय पञ्चायतले एक सदनात्मक व्यवस्थापिका अपनाए पनि द्वय-सदनात्मक व्यवस्थापिकाका केही गुणहरू समेटन पुगेको पाइन्छ। माथिल्लो सदनमा देशको विभिन्न वर्गको समु-चित प्रतिनिधित्व गरी राष्ट्रिय जीवनमा ख्याती प्राप्त अनुभवी व्यक्तिहरूको अमूल्य राय र सल्लाह लिने व्यवस्था पाइन्छ। त्यस्तो व्यवस्था कायम गरेको राष्ट्रिय पंचायतको गठनले स्पष्ट गर्नेछ। जस्तै राष्ट्रिय पंचायतमा १४ अंचल सभाहरूबाट निर्वाचित भएर आउने ६० जना जनप्रतिनिधिहरूको अतिरिक्त देशका ५ विभिन्न वर्गीय र व्यावसायिक संगठनहरूको प्रतिनि-धित्व गर्ने १५ जना, स्नातकहरूको प्रतिनिधित्व गर्ने ४ जना र राष्ट्रिय जीवनमा ख्यातीप्राप्त अनुभवी व्यक्तिहरूमध्ये श्री ५ बाट सम्पूर्ण निर्वाचित सदस्य संख्याको १५ प्रतिशत (अर्थात १६ जना) मनोनित सदस्यहरू रहन्छन्। यसरी राष्ट्रिय पंचा-यतमा देशका प्रायः सम्पूर्ण पक्षको नै प्रतिनिधित्व गराइएकोछ। यसरी देशको इच्छा र आकांक्षा राष्ट्रिय पंचायतमा प्रतिबिम्बित हुन जान्छन्। राष्ट्रिय पंचायतको यो अद्वितीय विशेषता भन्न सकिन्छ। यसको अतिरिक्त जनप्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरू पनि स्थानीय पंचायतहरूको तहतहमा खारिएर छानिएर आए-का कर्मठ व्यक्तिहरू मात्र हुन्छन्।

२. स्थायी सदन:

राष्ट्रिय पंचायत एक स्थायी व्यवस्थापिका सभा हो

CC-0. In Public Domain. Digitization by eGangotri

जसका सबै सदस्यहरू कहिले पनि एकै चोटि रिटिदैनन् । किनभने हरेक २ वर्षमा अञ्चल सभाहरूबाट निर्वाचित सदस्यहरूको एक-तिहाई सदस्यहरू (३० जना) को कार्यकाल समाप्त भई नयाँ निर्वाचन भई फेरी पूर्ति हुन आउँछन् । श्री ५ बाट मनोनित, विभिन्न संगठनहरू स्नातकहरूबाट निर्वाचित सदस्यहरूको कार्यकाल हरेक ४ वर्षमा सिद्धिई फेरि मनोनयन र निर्वाचन भएर आउँछन् । यसको अतिरिक्त कुनै सदस्यको पदावधि समाप्त हुने बित्तिकै वा सदस्यता रिक्त हुने बित्तिकै निर्वाचन वा मनोनयन भई त्यस्तो खालि ठाउँको पूर्ति हुने व्यवस्था छ ।

३. सरकारी र विरोधी पंक्ति विनाको सदन :

राष्ट्रिय पंचायत संसारमा आफ्नै किसिमको एक अद्वितीय व्यवस्थापिका सदन हो जहाँ सरकारी र विरोधी पंक्ति छैन । संसदीय व्यवस्था अपनाउने देशहरूमा झैं सरकारी र विरोधी दल नभएकोले सरकारी दलका सदस्यहरू अध्यक्षको दायाँतिर र विरोधी दलका सदस्यहरू बायाँतिर पंक्तिबद्ध भै बस्ने चलन नेपालमा छैन । राष्ट्रिय पंचायतमा मन्त्रीहरू लगायत सबै सदस्यहरू बराबरीको हैसियतमा आ-आफ्ना नामको अघिल्लो अक्षरको वर्णानुक्रम (Alphabetical Order) ले बस्दछन् र प्रत्येक हप्ता अघिल्लो पंक्ति सबभन्दा पछि जान्छ । प्रधानमन्त्री र राष्ट्रिय पंचायतका उपाध्यक्ष बीच दुई जनालाई मात्र राष्ट्रिय पंचायतको अध्यक्षको क्रमशः दायाँ र बायाँ कुर्सिको प्रबन्ध छ । राष्ट्रिय पंचायतमा दलगत व्यवस्था अपनाउने देशहरूमा झैं

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न दलका सचेतकहरु (Party-Whips) छैनन् । राष्ट्रिय पंचायतभित्र धक्कमधक्का, हानाहान र विरोधको लागि विरोध गर्ने दुषित वाताबरण रहन्न किनभने नेपालले दलगत व्यवस्थालाई तिलाञ्जली दिइसकेको छ । यसैले दलगत व्यवस्थामा हुने दुर्गुण राष्ट्रिय पंचायतमा पाइँदैन । यो राष्ट्रिय पंचायतको तेश्रो प्रमुख विशेषता हो ।

४. गोपनीयता :

राष्ट्रिय पंचायत र त्यसका समितिहरुको काम कार्यवाही गुप्त रहने व्यवस्था राष्ट्रिय पंचायतको अर्को महत्वपूर्ण विशेषता हो । २०१५ सालको संसदीय संविधान त्यस्तै संसारका सबै जसो प्रजातान्त्रिक मुलुकका संविधानहरूमा यस प्रकारको गोपनीयता राख्नु पर्ने व्यवस्था छैन । नेपालमा यस किसिमको गोपनीयता राख्नु पर्ने उद्देश्य व्यक्तिगत प्रचार रोक्नु एवं स्वतन्त्र र सम्पूर्ण बहस गरी निर्णयमा पुगे पछि त्यसमा अडिग रहने आदत सदस्यहरूमा सिर्जना गर्नु हो भनिएको छ । संविधानको पहिलो संशोधन २०२३ ले यस गोपनीयतामा केही खुकुलोपन ल्याएको छ । त्यस अनुसार पंचायतको कामसंग सम्बन्धित व्यक्तिहरुले र पंचायत तथा वर्गीय र व्यावसायिक संगठनका विभिन्न तहका कार्य-समितिका सदस्यहरूले राष्ट्रिय पञ्चायतको अध्यक्षको अनुमति पाएमा बैठकको कार्यवाही हेर्न सक्नेछन् । राष्ट्रिय पंचायतलाई श्री ५ बाट वा कुनै आमन्त्रित व्यक्तिले सम्बोधन

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको अवसरमा राष्ट्रिय पंचायतको सचिवले कुनै व्यक्तिलाई आउन अनुमति दिन सक्छ । राष्ट्रिय पंचायतको प्रत्येक बैठकको काम कारवायीको संक्षिप्त विवरण सर्वसाधारण जनताको जानकारीको लागि यथाशीघ्र प्रकाशित गरिने छ । यस प्रसंगमा महत्वपूर्ण कुरा के छ भने श्री ५ बाट उपयुक्त ठहराइवक्सेमा जुनसुकै बखत राष्ट्रिय पंचायत र त्यसको कुनै समितिको बैठक खुला रुपमा हुन सक्दछ ।

राष्ट्रिय पञ्चायतका बिशेषाधिकारहरु :

राष्ट्रिय पंचायतका विशेषाधिकारहरु निम्न प्रकारका छन्:

१. पूर्ण वाक स्वतन्त्रता :

यो संविधान र राष्ट्रिय पंचायतको नियमावलीको अधीनमा रहि राष्ट्रिय पंचायतमा पूर्ण वाक् स्वतन्त्रता रहनेछ । राष्ट्रिय पंचायत वा त्यसको कुनै समितिमा बोलेको वा मत दिएको बारे राष्ट्रिय पंचायतको कुनै पनि सदस्यलाई गिरफ्तार गर्न, थुन्न वा निज उपर कुनै अदालतमा पनि कारवायी कदापी चलाउन सकिने छैन ।

२. आन्तरिक कुराहरु नियमित गर्ने :

राष्ट्रिय पंचायतलाई आफ्नो आन्तरिक कुराहरु नियमित गर्ने पूर्ण अधिकार छ । राष्ट्रिय पंचायतको कुनै कारवायी नियमित वा अनियमित भएको छ भन्ने निर्णय गर्ने कसैको अधिकार

CC-0. In Public Domain. Digitization by eGangotri

छैन । नियमित छ छैन भन्ने निर्णय गर्ने विशेषाधिकार राष्ट्रिय पंचायतलाई मात्र छ । यस सम्बन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन सकिने छैन ।

३. असल नियतबारे शङ्का उठाउन नपाउने :

राष्ट्रिय पंचायतको कुनै पनि कारवायीको विषयमा राष्ट्रिय पंचायतको असल नियतबारे शङ्का उपशङ्का उठाई व्याख्या गरिने छैन । त्यस्तै कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी जानी गलत र भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन ।

४. गिरफ्तार गर्न नसकिने :

राष्ट्रिय पंचायतको अधिवेशन कालसम्म र अधिवेशन बोलाइएको सूचना जारी भई अधिवेशन प्रारंभ नभएसम्म राष्ट्रिय पंचायतको कुनै सदस्य वा पदाधिकारीलाई गिरफ्तार गर्न पाईंदैन । तर सुराक्षा कानून वा फौज्दारी कानून अनुसार गिरफ्तार गर्न सकिने छ । यसरी गिरफ्तार भएमा गिरफ्तार गर्ने अधिकारीले त्यसको सूचना राष्ट्रिय पंचायतको अध्यक्षलाई तुरुन्त दिनु पर्नेछ ।

५. अदालतमा कारवाई नचलने :

राष्ट्रिय पंचायतले दिएको अधिकार अन्तर्गत कुनै प्रतिवेदन (Report) वा अन्य कागज पत्र वा मतदान वा कारवाई प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर कुनै अदालतमा पनि कारवायी चल्न सक्ने छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

६. विशेषाधिकारको हनन राष्ट्रिय पञ्चायतको अवहेलना:

राष्ट्रिय पंचायतको विशेषाधिकारको हननलाई राष्ट्रिय पंचायतको अवहेलना मानिनेछ । यसको अर्थ राष्ट्रिय पंचायतलाई सिङ्गै एक परिवारको रुपमा मानी त्यसका सम्पूर्ण सदस्यहरूको विशेषाधिकारको सम्मान गर्नु पर्ने व्यवस्था हो । परिवारको कुनै एक सदस्यको विशेषाधिकारको हनन गर्नु सिङ्गै त्यस परिवारको अवहेलना गर्नु हो भन्ने तथ्यलाई यहसूब गरी नेपालको संविधानले यस्तो व्यवस्था गरेको छ । अमेरिकामा पनि कुनै सिनेटरको विशेषाधिकारको हननलाई सिनेट कै अवहेलना भएको मानिन्छ । कुनै विशेषाधिकारको हनन भएको छ छैन भन्ने निर्णय गर्ने अधिकार राष्ट्रिय पंचायतलाई मात्र छ ।

७. अवहेलना गरेमा कैदको सजाय दिन सक्ने:

कसैले राष्ट्रिय पंचायतको अवहेलना गरेमा राष्ट्रिय पंचायतको अध्यक्षले राष्ट्रिय पंचायतको निर्णय अनुसार सो व्यक्तीलाई बढीमा राष्ट्रिय पंचायतको अधिवेशन कालसम्म कैदको सजाय दिन सक्तछ । तर त्यस्तो अभियोगीलाई आफ्नो सफाई पेश गर्ने मौका नदिई त्यस्तो सजाय दिइँदैन । सजाय दिनु पर्ने व्यक्ति उपर गिरफ्तारीको आदेश वा समन जारी गर्ने, साक्षी झिकाउने, प्रमाण बुझने, लिखतहरू दाखिल गराउने र बयान बकपत्र गराउने अधिकार राष्ट्रिय पंचायतको अध्यक्षको हुनेछ । यस किसिमको अभियोगीलाई राष्ट्रिय पंचायतले

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो कुनै अधिकारीको जिम्मामा थुन्न वा सरकारी कारागार (जेल) मा थुनामा राख्न लगाउन सक्नेछ ।

यसरी देशको एक मात्र व्यवस्थापिका सदन – राष्ट्रिय पंचायतका विशेषताहरू र विशेषाधिकारहरू महत्वपूर्ण र आकर्षक छन् ।

Q. No. 23

Describe the Appointment, Powers and Position of the Chairman of the National Panchayat.

राष्ट्रिय पंचायतका अध्यक्षका नियुक्ति, अधिकारहरू र स्थान वर्णन गर्नु होस् ।

नियुक्तिः

राष्ट्रिय पंचायतको कार्य सुसंचालन गर्न नेपालको संविधानले राष्ट्रिय पंचायतका अध्यक्ष र उपाध्यक्षको व्यवस्था गरेको छ । राष्ट्रिय पंचायतको सिफारिशमा श्री ५ बाट राष्ट्रिय पंचायतका सदस्यहरूमध्येबाट राष्ट्रिय पंचायतको अध्यक्ष नियुक्त गरिवक्सनेछ । ५ जना प्रस्तावक र ५ जना समर्थक सदस्यहरू प्राप्त गरी अध्यक्ष पदको सिफारिशको लागि एक अन्दा बढी उम्मेदवार खडा भएमा गुप्त मतदानबाट निर्वाचन हुन्छ । खसालिएको मतको ५० प्रतिशत प्राप्त गर्न सकेमा मात्र कोही उम्मेदवार विजयी हुन्छ । विजयी उम्मेदवारलाई अध्यक्ष पदमा नियुक्त गर्न श्री ५ मा सिफारिश जाहेर हुन्छ । श्री ५ ले स्वीकृति

CC-0. In Public Domain. Digitization by eGangotri

बक्सेपछि निज राष्ट्रिय पंचायतका अध्यक्ष भएको कुरा विधिवत घोषणा गरिन्छ । २०१५ सालको संविधानमा प्रतिनिधि सभाका सभामुख (Speaker) त्यस सभाका सदस्यहरूमध्येबाट नभई बाहीरका कुनै व्यक्तिलाई चुन्ने व्यवस्था थियो । राष्ट्रिय पंचायतको उपाध्यक्ष राष्ट्रिय पंचायतका सदस्यहरूले आफूमध्येबाट चुन्नेछन् । अध्यक्ष र उपाध्यक्षको पदावधि २ वर्षको हुनेछ र यिनीहरू पुनर्नियुक्तिको लागि योग्य हुनेछन् । राष्ट्रिय पंचायतको बैठकको सभापतित्व अध्यक्षले गर्नेछ । श्री ५ बाट अध्यक्षको राजीनामा स्वीकृत गरिबक्सेमा, राष्ट्रिय पंचायतको सदस्य नरहेमा, पदावधि समाप्त भएमा वा राष्ट्रिय पंचायतका सम्पूर्ण सदस्य संख्याको दुइ तिहाई बहुमतले पासगरेको अविश्वासको प्रस्ताव श्री ५ बाट स्वीकृति गरिबक्सेमा राष्ट्रिय पंचायतको अध्यक्षको पद रिक्त हुनेछ । यस्तो रिक्तावस्थामा र राष्ट्रिय पंचायतका अध्यक्ष अस्वस्थ भई वा अन्य कुनै कारणले अनुपस्थित भएमा श्री ५ को स्वीकृति पायपछि उपाध्यक्षले राष्ट्रिय पंचायतको बैठकको सभापतित्व गर्नेछ । त्यसबेला उपाध्यक्षले अध्यक्षको सबै काम सम्हाल्नेछ । उपाध्यक्ष पनि नभएको बेलामा तीन सदस्यीय अध्यक्ष पानलका सदस्यहरूमध्ये श्री ५ बाट तोकिबक्सेको व्यक्तिले राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्नेछ । राष्ट्रिय पंचायतको अध्यक्षको रिक्त पदमा यथाशीघ्र माथि उल्लिखित प्रक्रियाद्वारा पूर्ति गरिन्छ । राष्ट्रिय पंचायतको अध्यक्षलाई कार्य संपादनमा सल्लाह दिन २१ जनाको एक निर्देशक समिति रहने छ । यस समितिको बैठकको अध्यक्षता राष्ट्रिय पञ्चायतका अध्यक्षले नै गर्नेछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकारहरू:

१ राष्ट्रिय पंचायतका बैठकहरूको सभापतित्व गर्नु राष्ट्रिय पंचायतको अध्यक्षको पहिलो अधिकार हो । राष्ट्रिय पंचायतको निर्देशक समितिको अध्यक्ष पनि राष्ट्रिय पंचायतको पदेन अध्यक्ष भएकोले निर्देशक समितिको बैठकको सभापतित्व पनि अध्यक्षबाटै हुन्छ ।

२. अध्यक्षले सदनको कार्यक्रम, वक्ताहरूको भाषणको क्रम र समय निश्चित गर्दछन् । सदन भित्र हुने चर्का चर्कि बाद्‌विवादहरूलाई सम्बद्ध र सार्थक बनाउन उनले समय समयमा निर्देशन दिन सक्दछन् ।

३. अध्यक्षको महत्वपूर्ण कार्य सदनमा शान्ति, सुव्यवस्था र अनुशासन कायम राख्नु हो । बैठकको कार्यविधि, नियम उप-नियमहरूको पालन अध्यक्षद्वारा नै सबै सदस्यहरूलाई गर्न लगाउने छ । यदि कुनै सदस्यले अनुशासनमा नरही सदनको शान्ति सुव्यवस्था खलबल गऱ्यो भने त्यसलाई सदनबाट निकाल्ने र आवश्यक परेमा राष्ट्रिय पंचायतको कार्यवाही पनि स्थगित गर्ने अधिकार अध्यक्षको छ ।

४. राष्ट्रिय पंचायतमा कुनै प्रस्तावमा मतदान हुँदा दुवै पक्षमा बराबर मत आयो भने अध्यक्षलाई निर्णायक मत (Casting Vote) दिने अधिकार हुन्छ । अरु अवस्थामा अध्यक्षले आफ्नो मत दिन पाउँदैन ।

५. राष्ट्रिय पंचायतका विशेषाधिकारहरू र सदस्यहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

सुविधाको एक मात्र बलिष्ठ संरक्षक अध्यक्ष हो। यसैले राष्ट्रिय पंचायतको विशेषाधिकार हनन गर्ने कुनै पनि व्यक्तिलाई सदनको निर्णय बमोजिम अधिवेशन कालसम्म कैदको सजाय दिन सक्ने अधिकार अध्यक्षको छ।

६. राष्ट्रिय पंचायतको प्रत्येक सदस्यले आफ्नो आसन ग्रहण गर्नु भन्दा अगाडि अध्यक्षको सामु शपथ ग्रहण गर्नु पर्दछ। पहिलो पटक मात्र विभिन्न १४ अंचल सभाहरूबाट निर्वाचित सदस्यहरूको कार्यकालको निर्णय गोला हाली अध्यक्षले गरेको थियो। राष्ट्रिय पंचायतका विभिन्न समितिका सभापतिहरू पनि अध्यक्षलाई मनोनित गर्ने अधिकार छ।

७. अध्यक्ष राष्ट्रिय पंचायतको प्रतिनिधि र वक्ता हो। जसले सदनको तर्फबाट कुनै व्यक्तिलाई आवश्यक धन्यवाद दिन र आलोचना गर्न सक्दछ।

८. श्री ५ र राष्ट्रिय पंचायतको बीच संयोजक (Link) को काम गर्ने अधिकार अध्यक्षलाई मात्र छ। राष्ट्रिय पंचायतले पारित गरेका सम्बंधन, विधेयक र प्रस्तावहरू उनले हस्ताक्षर गरी श्री ५ को समक्ष पेश गर्दछन्। राष्ट्रिय पंचायतको कारवायी श्री ५ मा जाहेर गर्ने र श्री ५ बाट वक्सने सन्देश उनैको नाममा आउँछ र उनले पढेर सुनाउँछन्।

९. राष्ट्रिय पंचायतका सम्पूर्ण प्रक्रिया (Procedure) सम्बन्धी विवादास्पद आपत्तिहरूको अन्तिम निर्णायक समाधान

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने अध्यक्षको अधिकार हो । राष्ट्रिय पंचायतको बैठकमा आवश्यक गणपूरक संख्या (Quorum) नपुगेमा बैठक स्थगित वा निलम्बित गर्ने अध्यक्षले सक्दछन् ।

१०. राष्ट्रिय पंचायतमा प्रस्ताव वा विधेयक पेश गर्ने स्वीकृति दिने र त्यसमा मतदान गराई त्यसको परिणाम घोषणा गर्ने अधिकार अध्यक्षको मात्र छ ।

स्थान :

राष्ट्रिय पंचायतको अध्यक्षको स्थान मानक्रममा तेश्रो छ । उप-प्रधानमन्त्री भन्दा माथि रहेको उनको मानक्रमले नै उनको महत्वपूर्ण ओहदा आंकन सक्दछ । उनले प्रतिमास रु. १८००/- पारिश्रमिकको साथै दैनिक भ्रमण भत्ता, घर भाडा, सवारी, फर्निचर, निजी स्टाफ र डाक्टरको सुविधा समेत पाउँछन् । अध्यक्ष विना राष्ट्रिय पंचायतले आफ्नो कार्य संचालन गर्न सक्तैन । राष्ट्रिय पंचायतको बैठकलाई सम्बोधन गर्दा अध्यक्षलाई सम्बोधन गर्नु पर्दछ । उनले भाषण गर्दा कुनै सदस्य पनि आफ्नो आसन छोडी बाहिर जान पाउँदैन । यसरी सदनको सर्वोच्च अधिकारी नै अध्यक्ष हो । अध्यक्षले सदनको कुनै वादविवाद र मतदानमा प्रायः भागलिदैन तर पनि उनको स्थान सदनमा हुने वहसको मालिक (Lord of Debate) को रूपमा छ । अध्यक्षको प्रतिष्ठामा नै सदनको प्रतिष्ठा निहित छ । अध्यक्ष निस्पक्षता र तटस्थताको प्रतिमूर्ति हो । यसैले राष्ट्रिय पंचायतको अध्यक्ष पद महत्वपूर्ण, अधिकारपूर्ण र सम्मानपूर्ण छ भन्न सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

Q. No. 24

Describe the Committee System of the National Panchayat.

राष्ट्रिय पञ्चायतको समिति व्यवस्था वर्णन गर्नु होस् ।

उत्तर : व्यवस्थापिका सभाको काम छिटो छरितो तरीकाले विशेष मनन र विश्लेषणसाथ सम्पादन गर्न समितिहरूको व्यवस्था सबै देशमा पाइन्छ । सदनको समय कम हुन्छ त्यसमाथि पूरा गर्नु पर्ने अनेकन औपचारिकताले गर्दा सबै विषयमा समुचित दृष्टि पुऱ्याउन सम्भव नहुने भएकोले सदनले विभिन्न समिति-हरूको गठन गरेको हुन्छ । सदन एउटा वृहत सभा हुन्छ । तर समितिहरूमा सदस्य संख्या थोरै हुने हुँदा सदनभन्दा समितिले कम समयमा कुनै पनि विषयको राम्ररी मनन र विश्लेषण गर्न सक्छ । यस अतिरिक्त समितिमा सम्बन्धित विषयको अनुभवी विशेषज्ञहरूको राय पनि उपलब्ध हुनसक्छ । साँच्चिकै भन्ने हो भने जुनसुकै देशमा सदनको नाममा प्रायः सम्पूर्ण काम गर्ने समितिहरू नै भई आएका छन् । सदन त खालि औपचारिकता पुऱ्याउने अङ्ग जस्तो मात्र देखिन आएको छ । अरू देशहरूमा झैं नेपालमा पनि विभिन्न समितिहरूको व्यवस्था संविधानले गरेको छ । ती समितिहरूको वर्णन निम्न रूपले गरिन्छ ।

(१) निर्देशक समिति :

राष्ट्रिय पञ्चायतको सबभन्दा महत्वपूर्ण प्रमुख समिति

CC-0. In Public Domain. Digitization by eGangotri

निर्देशक समिति हो। राष्ट्रिय पञ्चायतको कार्यक्रम सुव्यस्थित ढंगले मिलाउने सम्बन्धमा र अन्य विषयहरूमा समेत राष्ट्रिय पंचायतको अध्यक्षलाई सल्लाह दिनको निमित्त २१ सदस्यीय एक निर्देशक समितिको व्यवस्था नेपालको संविधानको धारा ४१ ले गरेको छ। राष्ट्रिय पंचायतका अध्यक्ष र उपाध्यक्ष निर्देशक समितिका पदेन (ex-officio) अध्यक्ष र उपाध्यक्ष हुने छन्। उक्त समितिमा प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्री, पंचायत मन्त्री र कानून मन्त्री पदेन सदस्य हुनेछन्। यिनीहरूको अतिरिक्त अन्य सदस्यहरू समानुपातिक प्रतिनिधित्वको सिद्धान्त (Theory of Proportional Representation) अनुसार एक परिवर्तनीय मत (Single Transferable Vote) को आधारमा राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट निर्वाचित हुन्छन्। निर्देशक समितिको पदेन सदस्य बाहेक अरू सदस्यहरूको कार्यकाल २ वर्षको हुनेछ। निर्देशक समितिको व्यवस्थाले गर्दा आफ्नो गहन कार्यको सम्पादनमा राष्ट्रिय पञ्चायतको अध्यक्ष एकलै कहिल्यै पर्ने छैन। उनलाई हर समय सल्लाह र सहयोग दिन उक्त समिति अध्यक्षको साथमा रहने छ। निर्देशक समितिले आफ्नो कार्यविधि आफैले व्यवस्थित गर्दछ।

निर्देशक समितिका कार्यहरु :

(१) राष्ट्रिय पञ्चायतमा पेश हुने कार्यक्रम र अन्य विषयहरूमा सुव्यवस्थित ढंगले मिलाउने सम्बन्धमा अध्यक्षले माग्नेमा सल्लाह दिनु निर्देशक समितिको प्रमुख कार्य हो।

CC-0. In Public Domain. Digitization by eGangotri

(२) विधेयकको द्वितीय वाचनमा राष्ट्रिय पञ्चायतले विधेयकलाई निर्देशक समितिमा पठाएमा यस समितिले विधेयकको दफा दफा माथि र त्यसका संशोधनहरू पनि भए सो माथि पनि विचार गरी आफ्नो प्रतिवेदन राष्ट्रिय पञ्चायतमा पठाउँछ ।

(३) राष्ट्रिय पञ्चायतका कुनै सदस्यले विधेयकमाथि संशोधन पेश गरेमा उक्त सदस्यलाई आफ्नो संशोधनको उद्देश्य स्पष्ट गर्न यस समितिले आमन्त्रित गर्न सक्दछ । सो संशोधनमाथि अध्ययन तथा मनन गरी आफ्नो प्रतिक्रिया राष्ट्रिय पञ्चायतमा प्रस्तुत गर्छ ।

(४) श्री ५ बाट घोषित संकटकालमा संकटकालीन परिस्थिति अथ विद्यमान छैन भन्ने कुरामा मौसूफ सन्तुष्ट होइवक्सेन यस समितिको परामर्श श्री ५ ले लिइवक्सेमा सल्लाह दिनु यसको प्रमुख कार्य हो ।

(५) संविधान संशोधनको माहो घोषणाको मसौदामाथि छलफल गरी सो मसौदामा थपघट गर्नु पर्ने देखेमा विशेष समितिको एक अंगको रूपमा यस समितिले सुझाव पनि पेश गर्न सक्दछ ।

(२) पाँच समितिहरू:

जनप्रतिनिधिहरूलाई शासनको प्रत्येक तहमा शरीक गराई वास्तविक प्रजातन्त्रको जग बसाउने पञ्चायती व्यवस्थाको

CC-0. In Public Domain. Digitization by eGangotri

मूल उद्देश्य अनुरूप राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई पनि मुलुकको शासनमा बढी मात्रामा शरीक गराउने उद्देश्यले राष्ट्रिय पञ्चायतका विभिन्न विषयका समितिहरूको व्यवस्था संविधानले गरेको छ। यस अनुसार ५ विभिन्न समितिहरू हाल कायम छन्। ती हुन् (१) पञ्चायत समिति (पञ्चायत प्रशासन, वर्गीय संगठन, कानून तथा न्याय) (२) आर्थिक समिति (अर्थ, आर्थिक योजना, उद्योग वाणिज्य, विद्युत, निर्माण संचार र यातायात) (३) सामाजिक समिति (स्वास्थ्य, शिक्षा, प्रचारप्रसार र परराष्ट्र) (४) प्रशासन समिति (जिल्ला प्रशासन, पुलिस, प्रशासकीय व्यवस्था र रक्षा) र (५) कृषि तथा भूमिसुधार समिति (वन, कृषि, खाद्य, भूमिसुधार र नहर)। यी समितिहरूमा सम्बन्धीत मन्त्रीहरूको अलावा २० देखि २५ जना सदस्यसम्म रहन्छन्। प्रत्येक समितिमा सकभर सबै अञ्चलको प्रतिनिधित्व हुने गरी सदस्यहरूको रुचि समेत बुझी राष्ट्रिय पञ्चायतका अध्यक्षले मनोनित गर्छन्। समितिका सदस्यहरूले आफू मध्येबाट सभापतिको निर्वाचन गर्नेछन् तर कुनै पनि मन्त्री समितिको सभापति वा उपसभापति हुन पाउँदैन। मन्त्री बाहेक कुनै पनि सदस्य एक भन्दा बढी समितिको सदस्य हुन सक्दैन। प्रत्येक समितिको सचिव पदमा राष्ट्रिय पञ्चायतका सचिव वा उनले खटाएको कुनै व्यक्ति हुनेछ। समितिहरूको बैठक सामान्यतः राष्ट्रिय पञ्चायतको बजेट अधिवेशन र शीतकालीन अधिवेशन हुनु भन्दा अघि बस्छ। समितिहरूले आवश्यक भएमा कुनै

CC-0. In Public Domain. Digitization by eGangotri

सरकारी फाइल अभिलेख वा कर्मचारीलाई आफ्नो बैठकमा उपस्थित गराउन सक्दछन् ।

कार्यहरू;

१. यी विभिन्न समितिहरूले आ-आफ्ना विषय सम्बन्धी राष्ट्रिय पञ्चायतद्वारा स्वीकृत विभिन्न ऐन र बजेट नीति अनुसार श्री ५ को सरकारले कार्य संचालन गरिरहेको छ छैन अध्ययन गरी राष्ट्रिय पंचायतमा प्रतिवेदन पेश गर्छन् ।

२. विभिन्न ऐन अनुसार श्री ५ को सरकारले बनाउनु पर्ने नियमहरू तथा निकाल्नु पर्ने आदेशहरू ऐनको भावना अनुसार भएको छ छैन अध्ययन गरी यी समितिहरूले प्रतिवेदन पेश गर्छन् ।

३. राष्ट्रिय पंचायतमा श्री ५ को सरकारले दिएका आश्वासनहरूलाई पूरा गर्न श्री ५ को सरकारले के कस्ता कदमहरू चालेका छन् अध्ययन गरी प्रतिवेदन पेश गर्नु यी समितिहरूको कार्य हो ।

४. स्वीकृत नीति अनुसार कार्य संचालन भइरहेको छ छैन अध्ययन गरी सो नीति अनुसार सुचारुरूपले र प्रभावकारी ढंगले कार्य संचालन गर्ने तरीका र उपायका सम्बन्धमा सल्लाह र सुझाव दिने कार्य पनि यी समितिहरूले गर्छन् ।

५. पञ्चायती व्यवस्थाको वास्तविक भावना अनुसार कार्य

CC-0. In Public Domain. Digitization by eGangotri

संचालन गरी पञ्चायती व्यवस्थालाई बढी सुदृढ पार्ने उपायहरूका सम्बन्धमा सल्लाह र सुझाव पनि यी समिति हरूले दिन्छन् ।

(३) सार्वजनिक लेखा समिति:

श्री ५ को सरकारको आय व्ययको हिसाब जाँच समितिको रूपमा राष्ट्रिय पञ्चायतले सार्वजनिक लेखा समितिको गठन गर्दछ । यस समितिले महालेखा परीक्षकद्वारा श्री ५ को सरकार र अन्य संवैधानिक अङ्गहरूको वार्षिक आय व्ययको लेखा (हिसाब) सम्बन्धी श्री ५ मा चढाएको प्रतिवेदन मौसूफले राष्ट्रिय पञ्चायतमा पेश गराई बक्से पछि सो प्रतिवेदन माथि जाँची गम्भीर छलफल गरी राष्ट्रिय पञ्चायतमा आफ्नो प्रतिवेदन पेश गर्दछ । यस समितिमा ६ जना सदस्यहरू रहन्छन् । यस समितिको कार्यकाल १ वर्षको हुन्छ । यसका सदस्यहरू राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट निर्वाचित हुन्छन् तर सभापति भने राष्ट्रिय पञ्चायतका अध्यक्षले मनोनित गर्दछ । यस समिति मार्फत राष्ट्रिय पंचायतले श्री ५ को सरकारको अर्थ-व्यवस्थामा नियन्त्रण र निर्देशन गर्दछ ।

(४) अनुमान समिति:

देशको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी सो सम्बन्धमा राष्ट्रिय पञ्चायतमा प्रतिवेदन पेश गर्नु अनुमान समितिको गठन हुन्छ जसमा ६ जना सदस्यहरू हुन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसको कार्यकाल पनि एक वर्षको हुन्छ । यसका सदस्यहरू पनि राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट निर्वाचित हुन्छन् तर सभापतिलाई राष्ट्रिय पञ्चायतका अध्यक्षले मनोनित गर्दछ । यस समितिले वार्षिक अनुमान (बजेट) को नीति भित्र रही किफायत गर्न सक्ने उपाय, बजेट तयार गर्ने तरीका, बजेटमा निहित नीतिको सट्टा अपनाउन सक्ने अन्य कुनै उपयुक्त नीतिको विषयमा प्रतिवेदन पेश गर्छ ।

(५) विशेषाधिकार समिति:

विशेषाधिकार समितिको गठन राष्ट्रिय पञ्चायतको अध्यक्षले गर्दछ । यस समितिमा पनि ९ जनासम्म सदस्यहरू रहन्छन् । यस समितिले राष्ट्रिय पञ्चायत वा राष्ट्रिय पञ्चायतको कुनै समिति वा सदस्यको विशेषाधिकार हनन भएमा विशेष छानवीन गरी राष्ट्रिय पञ्चायतमा प्रतिवेदन पेश गर्दछ ।

यसरी राष्ट्रिय पञ्चायतका विभिन्न समितिहरूले राष्ट्रिय पञ्चायतका महत्वपूर्ण कार्यहरू गर्दछन् ।

Q No. 25

A. Discuss the Law-Making Procedure of the National Panchayat.

राष्ट्रिय पञ्चायतको कानून निर्माण प्रक्रिया छलफल गर्नु होस् ।

B. Describe the Legislative Procedure of the National Panchayat.

राष्ट्रिय पञ्चायतको व्यवस्थापन विधि वर्णन गर्नु होस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्थापन विधि भनेको देशको कानून बनाउँदा अपनाउनु पर्ने विधि हो। अर्को शब्दमा व्यवस्थापन विधि भनेको कानून निर्माण गर्ने विधि (प्रक्रिया) हो। २०१५ सालको संसदीय संविधानले भैं द्वय-सदनात्मक व्यवस्थापिकाको व्यवस्था नगरी एक सदनात्मक व्यवस्थापिकाको व्यवस्था नेपालको संविधानले गरेको छ। यस अनुसार राष्ट्रिय पञ्चायत नै नेपालको एक मात्र व्यवस्थापिकाको सदन भएको छ। यसैले यस सदनले मात्र समय र परिस्थिति अनुकूल देशको कानून बनाउन सक्दछ। एक सदनात्मक व्यवस्थामा सदन स्वेच्छाचारी भई हतपतमा र राजनैतिक अपरिपक्कतामा घातक कानून पनि बन्न सक्ने त्रुटिहरू हुनसक्छन्। तर नेपालमा राष्ट्रिय पञ्चायतले पारित गरेको कुनै पनि विधेयकमाथि स्वीकृत गर्ने नगर्ने पूर्ण अधिकार श्री ५ मा भएकोले त्यस्तो त्रुटि हुन नदिने नियन्त्रण पनि रहेको पाइन्छ। समय र परिस्थिति प्रतिकूल, देश र समाजको हितको विपरीत जाने किसिमको विधेयक कानून बन्नबाट श्री ५ ले रोक्न सकिवक्सन्छ। किनभने श्री ५ को स्वीकृति प्रदान नभई राष्ट्रिय पञ्चायतबाट पारित कुनै पनि विधेयक कानून बन्न सक्दैन। कारण विधायिनि शक्तिको स्रोत नै श्री ५ हो। श्री ५ र पञ्चायत दुई संस्थाहरू नेपालका कानून निर्माण अङ्गहरू (Law—Making Bodies) हुन्।

राष्ट्रिय पञ्चायत एक सदनको व्यवस्थापिका भएकोले यहाँ नै सबै किसिमका विधेयकहरू (Bills) प्रस्तुत गरिन्छन्। विधेयक भनेको कानून बनाउन प्रस्तुत गरिएको कुनै कानूनको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रारम्भिक मसौदा (Preliminary Draft) हो । विधेयक साधारणतः तीन प्रकारका हुन्छन् । (१) साधारण विधेयक (Ordinary Bill)—जुन राज्यको साधारण व्यवस्थाको सम्बन्धमा हुन्छ; (२) धन विधेयक (Money Bill) को अर्थ-सम्बन्धी हुन्छ; र (३) असाधारण विधेयक (Extra Ordinary Bill) जनताको मौलिक हक वन्देज सम्बन्धी हुन्छ । साधारण विधेयक जुनसुकै सदस्यले पनि संविधान र राष्ट्रिय पञ्चायतको नियमको अधीनमा रही विना रोकटोक राष्ट्रिय पंचायतमा पेश गर्न सक्दछ । आर्थिक विधेयक र त्यस्तै प्रक्रिया भएको शाही सेना सम्बन्धी विधेयक राष्ट्रिय पंचायतमा प्रस्तुत गर्नु भन्दा अघि श्री ५ को पूर्व स्वीकृति लिनु पर्दछ । तर श्री ५ का मन्त्रीहरूले प्रस्तुत गर्दा श्री ५ को पूर्व स्वीकृतिको आवश्यकता रहँदैन । असाधारण विधेयक प्रस्तुत गर्दा भने साधारण सदस्यहरूले मात्र होइन मन्त्रीहरूले पनि श्री ५ को अग्रिम स्वीकृति लिनुपर्दछ । यस प्रकारको उपवन्ध यसकारण राखिएको हो कि जनताको मौलिक हकको वन्देज भन्ने कुराले देशका समस्त जनताको दैनिक जीवनमा गहिरो प्रभाव पार्दछ र मौलिक हकमा अंकित मात्र तत्समाथि परेमा देशको स्थिति नै डामाडोल हुन सक्दछ । अतएव यस्तो महत्वपूर्ण विधेयकलाई स्वीकृति प्रदान गर्ने देशको यथार्थ स्थितिको मनन गरी राम्रो विचार पुऱ्याउनु पर्ने भएकोले श्री ५ ले राज सभासंग परामर्श गरिवक्सने छ ।

राष्ट्रिय पञ्चायतको अध्यक्षको अनुमति लिएर कुनै सदस्यले राष्ट्रिय पञ्चायतमा विधेयक पेश गर्दछ । विधेयक पेश गर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

चाहने सदस्यले राष्ट्रिय पंचायतको सचिवलाई विधेयकको एक प्रति र विधेयक प्रस्तुत गर्ने उद्देश्य र कारणहरू पनि खोली लिखित सूचना गर्नु पर्दछ । साधारण सदस्यले प्रस्तुत गर्ने विधेयकको सूचना १५ दिन अगावै दिनु पर्दछ । संसदीय व्यवस्थामा मैं राष्ट्रिय पंचायतमा प्रस्तुत विधेयक पारित हुन प्रथम, द्वितीय र तृतीय वाचनहरू र समिति अवस्थालाई पार गर्दै आउँछ । ती अवस्था निम्न प्रकारका छन्:-

प्रथम वाचन (First Reading)

राष्ट्रिय पंचायतको अध्यक्षले प्रस्तुत हुन आएको विधेयक साधारण धन वा अन्य विधेयक कुन हो छुट्याई विधेयकको मूल उद्देश्य र सिद्धान्तलाई विचार गरी उपयुक्त भएमा सदनमा प्रस्तुत गर्न स्वीकृति दिन्छन् । अध्यक्षद्वारा विधेयकको प्रस्तावना सहित सदनमा परिचय गराई विधेयक प्रस्तुतकर्ताको औपचारिक प्रस्तुतिकरणको अवस्थालाई प्रथम वाचन भनिन्छ । विधेयक प्रस्तुत गर्ने सदस्यले 'विधेयकमाथि विचार गरियोस्' वा 'विधेयकलाई सार्वजनिक राय प्राप्त गर्न प्रसारित गरियोस्' भन्ने प्रस्ताव गर्दछ । तर उक्त प्रस्ताव पेश गर्नु भन्दा २ दिन अघि नै विधेयकको एकप्रति राष्ट्रिय पञ्चायतका सबै सदस्यहरूलाई प्राप्त भइ सकेको हुनु पर्छ । कुनै पनि सदस्यले उक्त प्रस्तावमाथि आपत्ति उठाउन सक्दछ । तर राष्ट्रिय पञ्चायतका अध्यक्षले प्रस्ताव पास गर्न अनुमति दिएमा कुनै सदस्यले उठाएका आपत्ति महत्वहीन हुन्छ । यस पछि विधेयकको सिद्धान्त र उद्देश्यमाथि

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य छलफल गरिन्छ र विधेयकको सिद्धान्त स्पष्ट गर्न आवश्यक भएमा वाहेक विधेयकका विवरणहरू (Details) माथि छलफल गरिँदैन। एउटा सदस्यको प्रस्तावमाथि अर्को सदस्यले संशोधन पेश गर्न सक्दछ। यसै वाचनमा सदनले द्वितीय वाचनको तिथि र समय निर्धारित गर्दछ।

द्वितीय वाचन: (Second Reading)

विधेयकको प्रथम वाचन पछि सामान्यतः २ दिनको समय सबै सदस्यहरुले विधेयकमाथि विस्तृत विचार गर्न पाओस् भनी दिइएको हुन्छ। यसरी विधेयकको प्रथम वाचनको सामान्यतः २ दिन पछि द्वितीय वाचनको प्रारम्भ विधेयक प्रस्तुत कर्ता सदस्यले "विधेयक माथि विचार गरियोस्" भन्ने प्रस्तावबाट हुन्छ। द्वितीय वाचनमा सदनले विधेयकमा निहित सिद्धान्तहरू माथि विस्तृत छलफल गरे पछि प्रस्तुत कर्ता सदस्यले राखेको प्रस्ताव अध्यक्षले मतदानको लागि राख्छन्। त्यो प्रस्ताव अस्वीकृत भएमा विधेयकको अन्त हुन्छ; स्वीकृत भएमा त्यो विधेयकको प्रत्येक दफा र बुँदामाथि विशेष अध्ययन र मनन गर्न निर्देशक समितिमा पठाइन्छ। द्वितीय वाचनको पहिलो अवस्था यसैलाई भनिन्छ।

द्वितीय वाचनकोदोश्रो अवस्था निर्देशक समितिमा शुरु हुन्छ। धारावाही रुपमा छलफल हुने यो अवस्थामा सदस्यहरुले प्रस्तुत गरेका सबै संशोधनहरू यस समितिमा आउँछन्। समि-

CC-0. In Public Domain. Digitization by eGangotri

तिको छलफलमा विधेयक प्रस्तुत कर्ता र संशोधन प्रस्तुत कर्ताहरुले पनि भाग लिन्छन् । आवश्यक छलफल पछि संशोधन सहित वा विना संशोधन विधेयक राष्ट्रिय पञ्चायतको बैठकमा निर्देशक समितिको प्रतिवेदन (Report) को रुपमा पेश हुन्छ ।

तृतीय वाचन: (Third Reading)

निर्देशक समितिबाट रिपोर्ट पेश भएको साधारणतः २ दिन पछि विधेयक प्रस्तुत कर्ता सदस्यले "विधेयक पारित गरियोस्" भन्ने प्रस्ताव पेश गर्दछ । यस वाचनमा निर्देशक समितिको प्रतिवेदनको साथमा विधेयकका सम्पूर्ण दफा र बुँदामाथि गहिरिएर व्यापक छलफल हुन्छ । यस छलफलको दौरानमा पनि विधेयकको कुनै दफा वा बुँदामाथि संशोधन पेश गर्न सकिन्छ। संशोधन प्रस्ताव नआएमा विधेयक मतदानको निमित्त राखिन्छ। सदनको आवश्यक बहुमत प्राप्त भएमा बिधेयक पारित मानिन्छ अन्यथा अस्वीकृत हुन्छ । यो अवस्थालाई बिधेयकको तृतीय वाचन भनिन्छ । यही नै बिधेयकको अन्तिम अवस्था हो । पारित भएका विधेयकहरू श्री ५ को स्वीकृतिको लागि राष्ट्रिय पंचायतको अध्यक्षको हस्ताक्षर भई जान्छन । श्री ५ को स्वीकृति पछि बिधेयक ऐन बन्दछ । श्री ५ को लाल मोहर (Red Seal) लागे पछि स्वीकृति भएको मानिन्छ ।

नेपालमा दुइटा सदन नभएकोले राष्ट्रिय पंचायतले पास गरेको कुनै बिधेयक कहीं पनि लैजानु पर्दैन; सोझै शाही स्वीकृ

CC-0. In Public Domain. Digitization by eGangotri

तिको लागि श्री ५ मा जाहेर हुन्छ । श्री ५ बाट स्वीकृति बक्सन चाहिबक्सेमा बिधेयक जाहेर भएको साधारणतः १ महीना भित्र स्वीकृति बक्सेको सूचना राष्ट्रिय पञ्चायतमा पठाइबक्सनेछ । बिधेयकमा स्वीकृति बक्से पछि सो बिधेयक ऐन बन्नेछ । यसैले नेपालमा व्यवस्थापिका भन्नाले श्री ५ को साथमा राष्ट्रिय पंचायत (The King in the National Panchayat) भन्ने अर्थ जनाउँछ । राष्ट्रिय पंचायतमा पारित भएको बिधेयकमा लालमोहर (Red Seal) लागे पछि श्री ५ को स्वीकृति भएको मानिन्छ । व्यवस्थापिका सदनबाट पारित भएका बिधेयकहरूमाथि राष्ट्राध्यक्षको स्वीकृति भए पछि ऐन हुने व्यवस्था ब्रिटेन, भारत र अन्य कतिपय प्रजातान्त्रिक मुलुकहरूमा पाइन्छ ।

राष्ट्रिय पञ्चायतले पारित गरेको कुनै बिधेयकमाथि स्वीकृति बक्सन यदि श्री ५ ले नचाहिबक्सेमा वा संशोधन सहित मात्र स्वीकृत प्रदान गर्न चाहिबक्सेमा राजसभाङ्ग परामर्श गरी राष्ट्रिय पञ्चायतमा खोही बमोजिमको सन्देश सहित मौसूफले बिधेयक फिर्ता पठाइ बक्सने छ । यसरी सन्देश सहित फिर्ता आएको बिधेयकमाथि राष्ट्रिय पञ्चायतले यथाशीघ्र विचार गरी श्री ५ मा आफ्नो राय चढाउँदछ । श्री ५ ले राष्ट्रिय पञ्चायतको रायमाथि विचार गरी स्वीकृति प्रदान गर्ने, नगर्ने वा संशोधन सहितमात्र स्वीकृति बक्सने अन्तिम निर्णय गरिबक्सनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय पंचायतमा छलफल भएको वर पास हुन नसकेको कुनै विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पास गर्न श्री ५ बाट राजसभासंग परामर्श गर्दा बांछनीय सम्झिबक्स्यो भने मौसूसवाट कारणसहित खोज्नी राष्ट्रिय पंचायतमा सन्देश पठाईबक्सने छ। राष्ट्रिय पञ्चायतले सो सन्देशमाथि यथाशीघ्र बिचार गरी आफनो राय श्री ५ मा चढाउने छ। त्यस्तो रायमाथि पुनः बिचार गरी सो विधेयक राष्ट्रिय पञ्चायतमा प्रस्तुतरुपमा वा संशोधन सहित श्री ५ बाट स्वीकृत गर्न सकि बक्सन्छ।

अध्यादेश (Ordinance)

राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको अवस्थामा तत्काल कानूनद्वारा केही व्यवस्था गर्न आवश्यक सम्झिबक्सेमा राजसभासंग परामर्श लिई श्री ५ बाट अध्यादेश जारी गर्न सकिबक्सन्छ। यो अध्यादेश ऐन सरह नै लागू हुन्छ। तर त्यस प्रकारको अध्यादेश राष्ट्रिय पञ्चायतको बैठक बसेको ७ दिन भित्र सदनमा पेश गर्नु पर्दछ। यसै बीच श्री ५ ले अध्यादेश आवश्यक ठहराइबक्सेमा जहिले पनि खारेज गर्न सकिबक्सन्छ। श्री ५ ले खारेज नगरी बक्सेमा राष्ट्रिय पंचायतको बैठक बसेको ४५ दिन भित्रमा राष्ट्रिय पञ्चायतले अध्यादेशलाई पारित नगरेमा स्वतः निष्क्रिय हुन्छ। राष्ट्राध्यक्षले देशको आवश्यकतानुसार अध्यादेश जारी गर्ने अधिकार प्रायः सबै देशमा पाइन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ सदनात्मक व्यवस्थामा कानून बनाउने प्रक्रिया घुमाउरो र लामो हुन्छ । कारण तल्लो सदनले पारित गरी ल्याएको आर्थिक विधेयकमा प्रायः १ महीना र साधारण विधेयकमा भए ६ महीनासम्म माथिल्लो सदनले सजिलैसित अलमलाई राख्न सक्छ । तर नेपालमा व्यवस्थापिकाको एक मात्र सदन भएकोले व्यवस्थापन विधि ज्यादै छिटो र छरितो छ । राष्ट्रिय पंचायतले पास गरेको विधेयकलाई कसैले पनि अलमलाई राख्न सक्दैन । राष्ट्रिय पञ्चायतले कुनै विधेयक पारित गरेपछि श्री ५ को हजूरमा शाही स्वकृतिको लागि राष्ट्रिय पञ्चायतको अध्यक्षले सोझै चढाउने छ ।

Q. No. 26

Describe the Financial Procedure of the National Panchayat.

राष्ट्रिय पञ्चायतको आर्थिक कार्य प्रणाली वर्णन गर्नु होस् ।

उत्तरः सरकारको सम्पूर्ण प्रशासकीय व्यवस्था र क्रियाकलापको रक्त संचालकको रुपमा अर्थलाई लिइन्छ । सरकारको सफलता सुदृढ अर्थ व्यवस्थामा निर्भर गर्दछ । जन-प्रतिनिधिहरू बाहेक अरु कसैलाई जनतामा कर लगाउने अधिकार छैन भन्ने अमेरिकी स्वतन्त्रता संग्रामको आकर्षक नारा आज प्रजातन्त्रको सर्वमान्य सिद्धान्त भइसकेको छ । यसैले संविधानले स्पष्ट घोषणा गरेको छ श्री ५ को सरकारले जनतामा कुनै कर लगाउन र उठाउन कानून बमोजिम बाहेक सक्तैन । यस्तै सरकारले कुनै

CC-0. In Public Domain. Digitization by eGangotri

ऋण लिन र जमानत दिन पनि कानून बमोजिम बाहेक सक्तैन। स्मरणीय छ– साधारणतः जनप्रतिनिधिहरू समावेश भएको राष्ट्रिय पंचायतले नै कानून बनाउँछ। यसरी कानूनी दृष्टिकोणले जनप्रतिनिधिहरुको व्यवस्थापिका सभा (राष्ट्रिय पंचायत) नै अर्थ सम्बन्धी कुरामा सर्वेसर्वा छ। तर व्यवहारमा श्री ५ को सरकार नै आर्थिक मामिलामा बढी सजग र सक्रिय रहन्छ।

प्रायः सबै देशमा आर्थिक वर्ष (Financial Year) को लागि सरकारले देशको आय-व्ययको विवरण (बजेट) तयार पारी त्यस अनुरुप हासिल गर्नु पर्ने लक्ष्यको निर्धारण गरी व्यवस्थापिका सभामा प्रस्तुत गर्दछ। व्यवस्थापिका र राष्ट्राध्यक्ष को स्वीकृति पाए पछि आर्थिक ऐन बन्दछ र त्यस अनुरुप सरकारले आफ्नो कार्य संचालन गर्दछ। त्यस्तै नेपालमा पनि श्रावण १ गतेदेखि शुरु हुने प्रत्येक आर्थिक वर्षको निमित्त श्री ५ को सरकारको अनुमानित आय–व्ययको वार्षिक विवरण (बजेट) राष्ट्रिय पंचायतमा श्री ५ बाट पेश गर्ने लगाई बक्सनेछ। त्यस वार्षिक अनुमानमा निम्न कुराहरु खुलस्त खुलाइएको हुन्छ :–

(१) राजस्वको अनुमान (Estimate of Revenue)

(२) संचित कोष (Consolidated Fund) प्रति व्ययभार हुने चाहिंदा रकमहरु जस्तै राज परिवारको खर्च, सर्वोच्च अदालतका प्रधान र अन्य न्यायाधीशहरुको, राष्ट्रिय पंचायतका अध्यक्ष र उपाध्यक्षको, राजसभा स्थायी समितिका सभापति र

CC-0. In Public Domain. Digitization by eGangotri

सदस्यहरुको, महालेखा परीक्षकको, लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरुको तथा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको पारिश्रमिक खर्च; यी संवैधानिक अङ्गहरूको प्रशासनीक व्ययहरू; श्री ५ को सरकारको दायित्वको ऋण सम्बन्धी भार; श्री ५ को सरकारको विरूद्ध अदालतबाट भएको फैसला वा डिग्री अनुसार तिर्नु पर्ने रकम र ऐनले संचित कोषमाथि व्ययभार हुने भनी निधो गरेको रकम ।

(३) विनियोजन ऐनद्वारा व्यय हुने चाहिंदा रकमहरू ।

यस प्रकार वार्षिक अनुमान पेश भएको दिन सो अनुमान माथि कुनै छलफल हुँदैन र राष्ट्रिय पंचायतको अध्यक्षले तोके को समय भित्र सम्पूर्ण वार्षिक अनुमानमा वा त्यसमा निहित सिद्धान्त माथि छलफल गरिन्छ । छलफलको शुरुआत अर्थमन्त्रीको भाषणबाट हुन्छ । वार्षिक अनुमानमाथि छलफल भए पछि विनियोजन विधेयक (Appropiation Bill) प्रस्तुत गरिन्छ । विनियोजन विधेयकमा विनियोजन ऐन अनुसार खर्च हुने चाहिंदा रकम विभिन्न शीर्षकहरूमा निर्दिष्ट गरिएका हुन्छन् । अध्यक्षले सो विधेयकको छलफलको लागि निश्चित गरेको समय भित्र विधेयकका सम्पूर्ण बुँदाहरूमाथि विभिन्न अवस्थाहरूमा गम्भीर छलफल हुन्छ। विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पारित भएमा उक्त विधेयकलाई राष्ट्रिय पंचायतको निर्देशक समितिमा पठाईन्छ राष्ट्रिय पंचा-

CC-0. In Public Domain. Digitization by eGangotri

यसको पूर्ण बैठकमा नै सम्पूर्ण छलफल गरिन्छ । अध्यक्षले उपयुक्त ठहऱ्याएको कार्यविधि अनुसार यो पारित गरिन्छ ।

चालू आर्थिक वर्षको लागि विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अधिकार दिईएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको लागि विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न जरुरत परेमा वा त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा स्वीकृत भएको रकम भन्दा बढी खर्च हुन गएमा श्री ५ बाट पूरक अनुमान (Supplementary) Estimates) राष्ट्रिय पंचायतमा प्रस्तुत गराइबक्सन्छ । पूरक अनुमानमा राखिएको रकम विभिन्न शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको निमित्त अनुमान गरिएको व्ययको तृतीयांशसम्म अगावै पेश्कीको रुपमा ऐनद्वारा खर्च गर्न सकिन्छ । तर राजस्व र व्ययको वार्षिक अनुमान पेश नगरिएसम्म पेश्कि खर्च विधेयक (Vote on Account) प्रस्तुत गर्न सकिदैन । पेश्कि खर्च ऐन (Vote on Account Act) अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिन्छ ।

प्राकृतिक कारण वा वाह्य आक्रमणको आशङ्का वा आन्तरिक विद्रव वा अरु कुनै कारणले गर्दा स्थानीय वा राष्ट्रव्यापी संकटावस्था भएमा राजस्व र व्ययको वार्षिक अनुमान विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय छ भन्ने श्री ५ लाई लागेमा मौसूफबाट उपयुक्त ठहराइबक्सेको व्ययको विवरणमात्र भएको उधारो खर्च

CC-0. In Public Domain. Digitization by eGangotri

विधेयक (Vote of Credit Bill) राष्ट्रिय पंचायतमा प्रस्तुत गर्न लगाई बक्सने छ । यसरी खर्च भएको रकम यथाशीघ्र पूरक विनियोजन विधेयकमा समावेश गरिन्छ ।

श्री ५ को निजी राजस्व, गुठी रकम र स्थानीय कर बाहेक श्री ५ सरकारलाई प्राप्त हुने अरु सबै प्रकारको राजस्व, राजस्वको हिसाबमा लिइएका सबै कर्जाहरू र ऐन अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिनेछ । यसलाई संचित कोष (The Consolidated Fund) भनिन्छ । विनियोजन गर्ने ऐन वा पेश्कि र उधारो खर्च ऐनहरू अनुसार वा संचित कोषमाथि व्ययभार भएको रकम बाहेक संचित कोषबाट कुनै रकम झिक्न सकिने छैन । तर आकस्मिक कोषले संचित कोषबाट आवश्यकतानुसार रकम झिक्न सक्नेछ

ऐनद्वारा आकस्मिक कोष (Contingency Fund) नामक एउटा कोष स्थापना गर्न सकिनेछ जुन कोषमा समय समयमा ऐनले निधो गरे अनुसार रकम जम्मा गरिनेछ । श्री ५ बाट स्वीकृति बक्से बमोजिम सो कोषबाट आकस्मिक कार्यका लागि खर्च गरिन्छ । त्यस्तो खर्चको रकम पूरक विनियोजन ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।

एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र अरु आर्थिक कार्यविधि सम्बन्धी कुरा ऐनद्वारा व्यवस्थित हुनसक्ने व्यवस्था छ । नेपालको आर्थिक कार्य प्रणाली अरु देशको तुलनामा सरल हुनुको साथै राज्यको आम्दानी खर्चमाथि राष्ट्रिय पंचायतको पूर्ण नियन्त्रण राखिएकोछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक पक्ष

Q. No. 27

Discuss the Economic Objectives of Panchayat Democracy. What measures have been taken to achieve them ?

पञ्चायत प्रजातन्त्रका आर्थिक लक्ष्यहरु छलफल गर्नु होस् । ती लक्ष्यहरू प्राप्त गर्न के उपायहरू अपनाएका छन् ?

उत्तर: कुनै पनि देशको राजनैतिक व्यवस्थाको सफलता त्यस देशको अर्थतन्त्रमा निर्भर गर्दछ । व्यवस्था अनुकूलको अर्थतन्त्र मजबूत र सुदृढ नभई देशको राजनैतिक व्यवस्थाले सफलता हासिल गर्न सक्दैन । आर्थिक क्षेत्रमा पिछडिएको नेपाल जस्तो विकासोन्मुख देशले जनताको बढदो आवश्यकता र मागहरूलाई पूरा गरी एक स्वस्थ आत्मनिर्भर अर्थ तन्त्रको विकास गर्न नसकेमा जुनसुकै राजनैतिक व्यवस्था पनि खरा-खराई जन—जीवनमा भिज्न सक्दैन । अन्ततः राजनैतिक व्यवस्था असफल र अफाप सिद्ध हुन जान्छ । यसैले भोका, नाङ्गा, रोगी र अशिक्षित नेपाली जनतालाई काम

CC-0. In Public Domain. Digitization by eGangotri

माम, औषधी र शिक्षाको समुचित प्रबन्ध गरी एक स्वस्थ र स्वावलम्बी अर्थ व्यवस्था तीव्र गतिले निर्माण गर्दै लैजानु अत्यावश्यक छ । किनभने आज कुनै पनि राजनैतिक व्यवस्थाको उपयोगिताको मूल्याङ्कन मुख्यतः त्यस व्यवस्था अन्तर्गतका आर्थिक उपलब्धिहरूले गर्दछन् । जस्तो सुकै राम्रो र आदर्शमय राजनैतिक व्यवस्था भए तापनि त्यसले जनताको बढदो आवश्यकता र चाहनाहरूलाई पूरा गर्न नसकेमा त्यो व्यवस्था कामलाग्दो हुँदैन; केवल कोरा आदर्शवादी र काल्पनिक मात्र हुन्छ । यसैले पञ्चायत प्रजातन्त्रलाई सही अर्थमा मजबूत गर्ने हो भने देशको अर्थतन्त्रलाई सबल र सुदृढ बनाई स्वावलम्बी बनाउनु पर्दछ ताकि सर्वसाधारण जनताको जीवन स्तर उच्च होस् । देशको अर्थतन्त्रको विकास निश्चित आर्थिक उद्देश्य र लक्ष्यहरूको आधारमा मात्र सम्भव छ । निश्चित उद्देश्य र लक्ष्यहरू बिना अर्थतन्त्रको विकास गर्न कठिन मात्र हुने होइन असम्भव पनि हुन्छ । यसैले नेपालको संविधानमा पञ्चायत प्रजातन्त्रको उद्देश्य र त्यसलाई हासिल गर्ने आर्थिक लक्ष्यको स्पष्ट उल्लेख भएको पाइन्छ । संविधानको धारा १६ को उपधारा १ अनुसार "व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य हुनेछ ।" पञ्चायत प्रजातन्त्रको यो घोषित जनकल्याणकारी उद्देश्यलाई हासिल गर्ने आर्थिक लक्ष्यको

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धारण संविधानको धारा १६ को उपधारा ३ ले निम्न प्रकार गरेको छः "देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई र नीजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित आर्थिक दबाव हुन नदिने व्यवस्था गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुनेछ।" माथिको वाक्यले तीन कुरामा जोड दिएको छ जुन निम्न प्रकारका छन् ।

१. जनसाधारणलाई बढी मात्रामा सम्मिलित गराउने
२. निजी उद्यम (Private Enterprise) लाई उचित प्रश्रय दिने; र
३. अनुचित आर्थिक दबाव (शोषण) गर्न नदिने ।

१. जनता सजग र सचेत भई आर्थिक विकासमा विभिन्न क्रिया-कलापहरुमा सक्रिय हिस्सा नलिएसम्म देशको आर्थिक उन्नति सम्भव हुँदैन । किनभने देशको सर्वोच्च शक्ति जनशक्ति (Manpower) ले मात्र देशको आर्थिक विकास गर्न सक्दछ । देशको आर्थिक विकासको लागि कुनै व्यक्ति वा वर्ग विशेष मात्र लागेर साध्य हुँदैन । यसको लागि आम जनता नै सचेत र सक्रिय भई निरन्तर लागिरहनु पर्दछ । देशको आर्थिक विकास सही अर्थमा सर्वसाधारण जनताको आर्थिक विकास हो । देशको आर्थिक विकासमा नेपाली जनतालाई बढी मात्रामा हिस्सा लिन लगाई जन-शक्ति, देशभर छरिएर रहेका राष्ट्रिय आर्थिक स्रोतहरू र

CC-0. In Public Domain. Digitization by eGangotri

उपलब्ध बिदेशी सहायतालाई खेर नफाली बिभिन्न जन-कल्याणकारी योजनाहरूमा पूर्णरुपमा परिचालन गरी एक स्वतन्त्र र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने पञ्चायत प्रजातन्त्रको आर्थिक लक्ष्य हो। यसरी पञ्चायत प्रजातन्त्रको आर्थिक लक्ष्यको मूलभूत आधार नेपाली जनताको सक्रियता, जागरुकता र लगनशीलता हो।

२. देशको अर्थतन्त्रको वास्तबिक आधार जनशक्ति र राष्ट्रिय आर्थिक स्रोतहरू भए तापनि आजको बिश्वमा बिकसित र अबिकसित देशहरूको बीच बढदो आर्थिक बिषमतालाई तीव्रतर आर्थिक बिकासद्वारा हटाउन अन्तरराष्ट्रिय स्तरमा पनि सहयोग र सहायताको मात्रा बढाउनु आवश्यक छ। आर्थिक बिकासको दौडमा पछि परेको नेपालले अरुले शताब्दी लगाएर गरेको बिकास १०. २० बर्षमा गर्नु पर्ने भएकोले सरकारी क्षेत्र (Public Secter) को बिकास गर्नुको साथै प्राप्त हुन सक्ने राष्ट्रिय र बिदेशी पूँजीलाई समेत स्वागत गरी निजी क्षेत्र (Private Sector) मा उद्योगधन्दाहरू स्थापना गर्न बिशेष सहुलियत र सुबिधाहरु प्रदान गरेको छ। हालको स्थितिमा श्री ५ को सरकारले मात्र आफ्नो क्षेत्रमा सबै उद्योगधन्दाहरूको बिकास गर्न सम्भव नभएकोले निजी क्षेत्रलाई पनि समुचित प्रश्रय र प्रोत्साहन दिनु आवश्यक देखिन्छ। निजी क्षेत्रको बिकासले काम र मामको व्यबस्था गर्न नसकेको नेपालको स्थितिमा

CC-0. In Public Domain. Digitization by eGangotri

केही रुपमा भए पनि जनतालाई काम र मामको व्यवस्था गर्न सक्ने छ। यसले अन्ततः देशको द्रुततर आर्थिक विकासमा केही ठोस मद्दत पुऱ्याउने छ। तर निजी क्षेत्रको अनियन्त्रित विकासले समाजमा आर्थिक शोषण बढने सम्भावना रहन्छ। यसैले निजी क्षेत्रलाई देशको हित अनुकूल उचित नियन्त्रण र निर्देशन सदा गर्नु पर्ने हुन्छ। सारांशमा सरकारी र गैर सरकारी क्षेत्रहरूको सुमधुर सम्मिश्रणमा मिश्रित अर्थ व्यवस्था (Mixed Economy) को निर्माण गर्ने पञ्चायत प्रजातन्त्रको अर्को आर्थिक लक्ष्य हो।

३. मिश्रित अर्थ व्यवस्था अपनाई सरकारी र गैर सरकारी क्षेत्रहरूको संगसंगै विकास गर्दै लैजाँदा राष्ट्रिय हित अनुकूल यिनीहरूको बीच आवश्यक सन्तुलन र सामञ्जस्य कायम राख्न नसकेमा देशको अर्थ व्यवस्था नै भताभुङ्ग भएर जान्छ। अर्को अनियन्त्रित गैरसरकारी क्षेत्रको विकासले शोषणको जन्म हुन्छ। पूँजीपति स्वदेशी होस् वा बिदेशी होस् शोषण गर्न पल्के पछि त्यसलाई नियन्त्रण गर्न ज्यादै गाऱ्हो पर्दछ। यसैले समयमा नै शोषण गर्न नसक्ने प्रतिबन्ध लगाउनु आवश्यक रहन्छ। यही तथ्य-लाई ध्यानमा राखी कुनै पनि व्यक्ति वा बर्गद्वारा अन्य कुनै व्यक्ति वा बर्गमा अनुचित आर्थिक दवाव (शोषण) हुन नदिने व्यबस्था गर्नु पञ्चायत प्रजातन्त्रको आर्थिक

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्यको घोषणा भएको छ । अर्को शब्दमा राष्ट्रिय आयको समुचित वितरण सबैमा पुऱ्याउनु पञ्चायत प्रजातन्त्रको आर्थिक लक्ष्य हो ।

पञ्चायत प्रजातन्त्रको आर्थिक लक्ष्य एकै वाक्यमा भन्ने हो भने जनशक्तिको सक्रिय योगदानमा सरकारी र गैरसरकारी दुबै क्षेत्र मिली देशको आर्थिक विकास तीव्र गतिले गरी एक सम्पन्न, स्वावलम्बी र विकसित अर्थ व्यवस्थाको निर्माण गर्नु हो जुन व्यवस्थामा कसैले कसैमाथि शोषण गर्न पाउँदैन ।

उपायहरू :

पञ्चायत प्रजातन्त्रका उपर्युक्त आर्थिक लक्ष्यहरू हासिल गर्न अपनाइएका उपायहरूमा निम्नलिखित प्रमुख र महत्वपूर्ण छन् :-

१. विभिन्न योजनाहरू;
२. साझा सहकारिता;
३. भूमिसुधार;
४. औद्योगिकरणका प्रयासहरू; र
५. व्यापार विविधिकरण ।

१. पञ्चायत प्रजातन्त्रको आर्थिक लक्ष्यलाई अगाडि राखी देशको आर्थिक विकासको लागि योजनाबद्धरुपमा प्राथमिकताको आधारमा क्रमशः अघि सर्न विभिन्न आवधिक योजनाहरूको तर्जुमा र कार्यान्वयन भएको छ । यसै प्रसं-

CC-0. In Public Domain. Digitization by eGangotri

गमा पञ्चायत प्रजातन्त्र अन्तर्गत नेपालले त्रिवर्षीय योजना (२०१६-२०२२) र पञ्च-वर्षीय योजना (२०२२-२०२७) पार गरी अर्को पञ्च-वर्षीय योजना (२०२७-३२) संचालन गर्दैछ। यी योजनाहरूद्वारा रु. ३०० करोड भन्दा बढी पूँजी लगानी भइसकेको छ र चालू पञ्च-वर्षीय योजनामा रु. ३५४ करोड लगानी गर्ने लक्ष्य छ। यी योजनाहरूले देशको आर्थिक विकासका लागि निश्चित आधारहरू तयार गरेका छन्। जनताको सक्रिय योगदानमा यी योजनाहरू अन्तर्गत कृषि, यातायात संचार, जलविद्युत, उद्योगधन्दा, शिक्षा, स्वास्थ्य आदि देशको आर्थिक विकासका आधारभूत क्षेत्रहरूमा उल्लेखनीय प्रगति भएको छ। यसले जनताको जीवनस्तर माथि उचाली पंचायत प्रजातन्त्रको आर्थिक लक्ष्य हासिल गर्न ठूलो मद्दत पुऱ्याएको छ।

२. जनशक्ति र पूँजीलाई संगठित गरी देशको आर्थिक विकासमा बढी से बढी सदुपयोग गर्ने पञ्चायत प्रजातन्त्रको आर्थिक लक्ष्य अनुरुप साझा सहकारिताको विकास भइरहेको छ। आफू एकलैले लगानी गर्न अपर्याप्त भई निष्क्रिय रहेको जनताको धनसम्पतिलाई एकत्रित गरी एक मुष्ठरुपमा देशको आर्थिक विकास कार्यमा लगाउने साझा सहकारिताको महत्व ज्यादै उल्लेखनीय छ। सबैको कल्याण, सुख, समृद्धि र समन्वयात्मक विकासको आधारभूत आदर्शले प्रभावित साझा सहकारिता गाउँको स्तरदेखि राष्ट्रिय स्तरसम्ममा खोल्ने र

CC-0. In Public Domain. Digitization by eGangotri

चलिरहेकोलाई अझ बढी प्रभावकारी रूपमा अगाडि बढाउने क्रम जारी छ। यसलाई राष्ट्रिय अभियानको रुपमा अगाडि बढाउनु पर्ने आवश्यकताको उल्लेख 'गाउँ फर्क राष्ट्रिय अभियान' मा भएको पाइन्छ। हाल देशमा कृषि पैदावार, दैनिक उपभोगका सरसामानहरूको बिक्री केन्द्रहरु, यातायात, स्वास्थ्य सेवा, प्रकाशन आदि सामा सहकारिताको आधारमा सञ्चालित छन्।

३. नेपाल एक कृषि प्रधान देश हो जहाँका कुल जनसंख्याको ९२ प्रतिशत जनता कृषि व्यवसायमा निर्भर छन्। यसरी कृषिमा आधारित नेपालको अर्थ व्यवस्थामा शोषणको केन्द्र मुख्यतः कृषि नै भएको छ। कृषि तथा भूमिबाट शोषणको अन्त गर्नु लगभग नेपाली जनजीवनबाटै आर्थिक शोषण अन्त गर्नु हो। यही तथ्यलाई महसूस गरी शोषण रहित समाजको निर्माण गर्ने पञ्चायत प्रजातन्त्रको आर्थिक लक्ष्य अनुरुप किसानहरूमाथि भइरहेका अनगिन्ति अन्याय र अत्याचारलाई अन्त गरी भूमि व्यवस्थामा संस्थागत परिवर्तन गर्न एक क्रान्तिकारी उपायको रुपमा भूमि सुधार (भूमि सम्बन्धी ऐन) २०२१ सालदेखि लागू भएको छ। यस ऐनले जमीन जोत्ने मोहीको मोहीयानीहकको सुरक्षा प्रदान गरी मोहीले कमाउन पाउने र जग्गाधनीले राख्न पाउने जग्गाको सीमाङ्कन गरेको छ। साहुको ऋण र ऋणको ब्याजको भारबाट पुस्तौं पुस्तादेखि थिचिएका किसानहरुलाई

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्ति दिन वार्ड समितिहरू सक्रिय बनाइएका छन् र अवैधिक कृषि ऋणको जगमा धनी वा साहुले दिन नपाउने बन्देज राखिएको छ । कृषि उत्पादन वृद्धि गर्न आवश्यक ऋणको व्यवस्था सहकारि बैंकद्वारा गरेको छ । किसानहरुको स्थिति सपार्न बचत गर्ने बानी बसाउन अनिवार्य बचत योजना संचालन भएको थियो तर हाल यो स्थगित छ । भूमिसुधारले अनियन्त्रित रुपमा कृषिमा लगाई राखेको अपार निष्क्रिय धनराशीलाई बिस्तारै देशको आर्थिक बिकासको लागि बिभिन्न उद्योगधन्दाहरुमा लगाउने अनुकूल वातावरणको सृजना गरेको छ ।

४. आजको युगमा कुनै पनि देशको आर्थिक विकास औद्योगिक विकास बिना सम्भव छैन । स्वदेशी कच्चा पदार्थहरू विदेशमा निकासी गरी तयारी मालसामानहरू अरु देशबाट झिकाई उपभोग गरिरहेसम्म देशको आर्थिक विकास मात्र नहुने होइन देशको स्वतन्त्र अस्तित्व समेतमा खतरा पर्दछ । यसैले नेपालको आर्थिक विकासको लागि सरकारी र गैर-सरकारी क्षेत्रहरूमा औद्योगिकीकरणका अनेकन प्रयासहरू जारी छन् । मित्र राष्ट्रहरुको सहायताबाट सरकारी क्षेत्रमा बिभिन्न उद्योगधन्दाहरू स्थापित भई उत्पादन समेत गरि ५.
रहेका छन् । जस्तै जनकपुर चुरोट कारखाना, बीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखाना, इँट टायल कारखाना, बाँसबारी छाला जुत्ता कारखाना आदि । कागज, सिमेन्ट,

CC-0. In Public Domain. Digitization by eGangotri

कपडा आदि उद्योगहरू सरकारी क्षेत्रमा स्थापित गर्ने प्रयासहरू जारी छन् । त्यस्तै गैरसरकारी क्षेत्रमा औद्योगिक विकास गराउन आवश्यक आर्थिक र प्राविधिक सहायता पुऱ्याउन नेपाल औद्योगिक विकास कर्पोरेशन (NIDC) छ जसले करोडौं रुपैयाँको सहायता अनेकन औद्योगिक प्रतिष्ठानहरूलाई दिइराखेको छ । निजी क्षेत्रमा स्थापित विभिन्न उद्योग धन्दाहरुमा जुट मिलहरू, सलाई कारखानाहरू, चुरोट कारखानाहरु, छाता जुत्ता कारखाना, हुलास मेटल एण्ड क्राफ्ट, अशोक टेक्स्टाइल्स मिल आदि प्रमुख छन् । साना तथा घरेलु उद्योगहरूलाई प्राविधिक र आर्थिक सहायता पुऱ्याउन एक करोड रुपैयाँको अधिकृत पूँजीमा एक औद्योगिक विकास निगम खडा भएकोछ । यसरी विशेष प्रोत्साहन र सहुलियत प्रदान गरी गैर सरकारी क्षेत्रमा उद्योगधन्दाहरू विकास गराउनुको साथै सरकारी क्षेत्रमा पनि केही प्रमुख उद्योगहरु स्थापना गर्ने नीतिले नेपालमा औद्योगिकीकरणको क्रमलाई गतिशील बनाई देशको आर्थिक विकासको गतिलाई तीव्रतर बनाउने छ ।

५. व्यापारको विकास र वृद्धि पनि देशको आर्थिक विकासको लागि ज्यादै नै महत्वपूर्ण छ । व्यापारको विकास र वृद्धि गर्न व्यापारलाई विविधीकरण गर्नु आवश्यक मात्र होइन अनिवार्य पनि छ । यसैले ६० प्रतिशत जति भारतसित

. CC-0. In Public Domain. Digitization by eGangotri

भइरहेको नेपालको व्यापारलाई विविधिकरण गर्ने नीति अनुरुप अनेकन प्रयासहरू जारी छन् । भारत लगायत विश्वका कतिपय देशहरुसित व्यापार विस्तार गर्न नेपाल भूपरिवेष्ठित देश भएकोले अरू भू-परिवेष्ठित राष्ट्रहरुले पाइ आए सरह नेपालले भारतबाट अकुण्ठित, सरल र स्वतन्त्र पारवहन सुविधा पाउन न्यायोचित माग गरेको थियो। यस सम्बन्धमा भारतसित वाणिज्य र पारवहन सन्धी सन् १९७१ मा आएर मात्र भयो ।

Q. No. 28

What is meant by Exploitation-Free-Society under Panchayat Democracy ? What economic measures have been taken to achieve it ?

पञ्चायत प्रजातन्त्र अन्तर्गत शोषणविहीन समाजको अर्थ के हो ? यो प्राप्त गर्न के के आर्थिक उपायहरू अपनाइएका छन् ?

उत्तर: साम्राज्यवादको निर्मम शोषण लहेर आएका अनेकन अफ्रो-एशियाली राष्ट्रहरूको कटु अनुभव र आफ्नै देशमा राणाशाहीको अन्याय र अत्याचाररुपी शोषणको धारमा परेर आएको नेपाली समाज आज पञ्चायत प्रजातन्त्र अन्तर्गत शोषणका अनेक रुपलाई मात्र होइन शोषणको मूल जरालाई नै उखेलेर फाल्न उद्यत छ । किनभने शोषण भनेको सरासर अन्याय र अत्याचार मात्र नभई मानव समाजको विकासको लागि एक ठूलो बाधक पनि हो। यसैले पंचायत प्रजातन्त्र अन्तर्गत निर्माण

CC-0. In Public Domain. Digitization by eGangotri

हुने समाज शोषणको शब्ददेखि नै पर रहन चाहन्छ। नेपाली समाजमा विद्यमान राजनैतिक, सामाजिक, नैतिक तथा बौद्धिक शोषणको मुल जरा नै आर्थिक दासता वा शोषण भएकोले पञ्चायत प्रजातन्त्रले सकेसम्म चाँडो आर्थिक शोषणलाई अन्त गरी एउटा शोषणरहित, संघर्षरहित र गतिशील समाजको निर्माण गर्ने उद्देश्य राखेको छ। पञ्चायत प्रजातन्त्र अन्तर्गत शोषणविहीन समाजको अर्थ यस्तो समाज हो जुन समाजमा मानिसले मानिसको कुनै किसिमको शोषण नगरी विशुद्ध मानवताको नाताले एक भई आपसमा मिली सुखी, सम्पन्न र शान्तिमय जीवन यापन गर्दछ। यो समाजको रचना देशका विभिन्न वर्गहरूको समन्वयात्मक सहयोग र प्रयासमा हुनेछ। यो समाज प्रजातान्त्रिक आदर्शमा आधारित सामाजिक न्यायको पक्षपाती हुने छ।

शोषणविहीन समाज सृजना गर्ने माध्यम साम्यवाद र पञ्चायत प्रजातन्त्रको भिन्न छ। साम्यवादले वर्ग संघर्षको माध्यमलाई मान्दछ भने पञ्चायत प्रजातन्त्रले वर्ग समन्वयको माध्यमलाई मान्दछ। यस अतिरिक्त पञ्चायत प्रजातन्त्रले परिकल्पना गरेको शोषणविहीन समाज र साम्यवादी दर्शनले परिकल्पना गरेको शोषणविहीन समाजको स्वरुप र ढाँचामा मूलरुपले फरक छ। किनभने साम्यवादीहरूले सम्पूर्ण उत्पादनका साधनहरुमा श्रमलाई नै सर्वाधिक महत्व दिने र उत्पादनलाई श्रमिक वर्गको एककौटे ज्यालामा गन्ने भएकोले साम्यवादी दर्शन

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्गतको शोषणविहीन समाजमा श्रमजिवी एउटा वर्गमात्र रहन्छ । साम्यवादले परिकल्पना गरेको शोषणविहीन समाजमा श्रमजिवी एउटा वर्गमात्र रहने तथा आपसमा हानथाप र संघर्ष गर्ने विभिन्न वर्गहरु नहुने भएकोले त्यो समाज वर्गविहीन हुन्छ । तर नेपालमा पञ्चायत प्रजातन्त्र अन्तर्गत सिर्जना हुने शोषण-विहीन समाज विभिन्न वर्गहरू सहितको शोषणविहीन समाज हो । किनभने पञ्चायत प्रजातन्त्रले उत्पादनका विभिन्न साधनहरु जग्गा श्रम, पूँजी, जमीन तथा संगठनको स्थानलाई स्वीकार गरेको छ । तसर्थ यी विभिन्न उत्पादनका साधनहरुलाई प्रतिनिधित्व गर्ने विभिन्न वर्गहरू स्वतः हुन्छन् । तिनीहरुको योगदान अनुसार राष्ट्रिय आम्दानीको हिस्सा तिनीहरुले पाए भने स्वतः शोषणको अन्त हुन जाने छ । अर्को शब्दमा जब एक साधनले आफनो योगदान अनुसार पूर्णतः फल पाउँछ र अर्को साधनले गरेको उत्पादनमा दावा गर्दैन तब शोषण स्वतः अन्त भएर जान्छ । अनि यी विभिन्न वर्गहरुको बीच संघर्षको सट्टामा समन्वयको भावना जागृत हुनेछ । किनभने आपसी सहयोग र समझदारी (समन्वय) भएन भने उत्पादनको एक साधनको अभावमा अर्को साधन त्यसै बेकम्वा हुन सक्छ । यही दृष्टिकोणबाट उत्पादनका विभिन्न साधनहरुको प्रतिनिधित्व गर्ने विभिन्न वर्गहरु सहित पनि शोषणविहीन समाजको सिर्जना गर्न सकदछ भन्ने पञ्चायत प्रजातन्त्रको दृढ विश्वास छ । यसरी देशका विभिन्न वर्गहरुको समन्वयात्मक सहयोगमा शोषणरहित

CC-0. In Public Domain. Digitization by eGangotri

र संघर्षरहित समाजको सिर्जना गर्ने पञ्चायत प्रजातन्त्रको उद्देश्य रहेको छ ।

शोषणविहीन समाजको प्राप्तिको लागि पंचायत प्रजातन्त्र अन्तर्गत केही खास आर्थिक उपायहरू अपनाइएका छन । तो उपायहरूमा निम्न प्रमुख छन् :

१. भूमि सुधार;
२. राज्य रजौटा उन्मूलन;
३. सामा सहकारिता आन्दोलन; र
४. प्रगतिशील कर प्रणाली ।

१. कुल जनसंख्याको ६३ प्रतिशत जनता कृषिमा आधारित रहेको नेपालको अर्थ व्यवस्थामा शोषणको मूल जरा नै कृषि वा भूमि व्यवस्थामा केन्द्रीत भएकोले विशेषतः कृषि क्षेत्रमा नै संस्थागत परिवर्तनको आवश्यकता छ । कृषि क्षेत्रमा शोषणको अन्त नगरी शोषणविहीन समाजको निर्माण गर्न सकिन्न । कृषि वा भूमि व्यवस्थाबाट शोषणको अन्त गर्न सकेमा नेपाली समाजबाट शोषणको अन्त गरेको बराबर हुनेछ । यसैलाई ध्यानमा राखी शोषणरहित समाजको निर्माण गर्ने पञ्चायत प्रजातन्त्रको पुनित उद्देश्य अनुरुप वास्तविक किसानहरूमाथि भइरहेको शोषणको अन्त गरी उनीहरूलाई समाजमा न्यायोचित स्थान दिन र भूमि व्यवस्थामा संस्थागत परिवर्तन गर्ने एक क्रान्तिकारी उपायको रूपमा भूमि सम्बन्धी ऐन २०२१ सालदेखि लागू भएको

CC-0. In Public Domain. Digitization by eGangotri

छ । भूमिको न्यायोचित वितरण गर्ने उद्देश्यले उक्त ऐनले मोहीले कमाउन पाउने र जग्गाधनीले राख्न पाउने जग्गाको सीमाङ्कन गरेको छ । मोहीको मोहीयानी हकलाई सुरक्षा गरी कृषि सम्बन्धी आवश्यक ज्ञान र साधन सुलभ गराई भूमिमा आश्रित वास्तविक किसानहरुको जीवनस्तरमा सुधार ल्याउन कानूनी व्यवस्था भएको छ । पुस्तौंदेखि ऋणमा नै जन्मी दुर्कंदै र मर्दै आएका किसानहरुलाई साहुको ऋणबाट छुटकारा दिन कृषि ऋण सहकारी बैंकद्वारा उपलब्ध गराइएको छ । तिनीहरुकै हितको लागि अनिवार्य बचत योजना पनि लागू भएको थियो तर बचतको हिसाब हिना-मिनाले गर्दा हाल यो स्थगित छ । भूमि सुधारले भूमि सम्बन्धी व्यवस्थामा क्रान्तिकारी परिवर्तन वर्ग समन्वयको आधारमा शान्तिपूर्ण तरीकाले ल्याएको छ । वर्ग समन्वयको आधारमा निर्माण हुने शोषणविहीन समाजको लागि भूमि सुधार निश्चय नै एक महत्वपूर्ण पाइला हो ।

२. विशेष सुविधा र सहुलियत प्राप्त वर्गहरुको साथमा शोषण-विहीन समाजको निर्माण गर्नु कठिन मात्र होइन असम्भव नै छ । नेपाली समाजमा खास सुविधा र सहुलियत प्राप्त गरी त्यही आधारमा शोषण गरि आएका रजौटाहरुको शोषणको आधारहरू निर्मूल गर्न राज्यरजौटाको नै उन्मूलन गर्नु पर्ने भएकोले पञ्चायत प्रजातन्त्र अन्तर्गत सो उन्मूलन गरिएको छ । सामाजिक न्यायको आधारमा शोषणविहीन

CC-0. In Public Domain. Digitization by eGangotri

समाजको निर्माण गर्दा समाजमा विशेष सुविधा र सहुलियतको रुपमा कब्जा गरिराखेको राष्ट्रका आर्थिक स्रोत र साधनहरुलाई समाजको पिछडिएका वर्गहरूको हितको लागि बाँडफाँड गर्नु पर्ने हुन्छ। यही उपायबाट नै सम्पन्न र गरीब वर्गको बीचको खाल्टोलाई पूर्ण सकिन्छ र अन्ततः शोषणविहीन समाजको निर्माण गर्न सकिन्छ।

३. सबैको कल्याण, सबैको सुख, सबैको समृद्धि र सबैको समन्वयात्मक विकासको आधारभूत आदर्श भएको साझा सहकारिता शोषणरहित समाजको सृजना गर्ने एक महत्वपूर्ण उपाय सिद्ध हुन सक्ने छ। देशका सबै वर्ग आपसमा सहयोग गरी संगसंगै उँभो लाग्ने उद्देश्यले प्रेरित साझा सहकारिताको आन्दोलनले देशको अर्थ व्यवस्थामा एक स्वस्थ मोड ल्याउनुको साथै आर्थिक विकासको गतिलाई पनि तीव्रता प्रदान गर्नेछ। देशका साझा साधन र स्रोतहरूलाई एकत्रित गरी बढी से बढी परिचालन गरी त्यसको फल सबैले साझा रुपमा उपभोग गर्ने अर्थ व्यवस्थाको निर्माणले शोषणरहित समाजको सृजनामा ठूलो सघाउ पुऱ्याउने छ। यसरी शोषणविहीन समाजको लागि उपयुक्त आर्थिक व्यवस्थाको रुपमा साझा सहकारिता भएकोले नै यसलाई गाउँको स्तर देखि राष्ट्रिय स्तरसम्म पुऱ्याउने अभियान सञ्चालित छ। हालसम्म कृषि पैदावर, दैनिक उपभोगका सामानहरुको बिक्री वितरण, यातायात, स्वास्थ्य, प्रकाशन आदि केही क्षेत्रहरुमा

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र साझा सहकारिता कायम रहेको पाइन्छ ।

४. समाजमा धनी र सम्पन्न व्यक्तिहरूको आय र सम्पत्तिमा लगाईने कर (Tax) लाई प्रगतिशील कर प्रणाली भनिन्छ । नेपालमा शोषणरहित समाज सृजना गर्ने उद्देश्य अनुरुप समाजमा कायम रहेको आर्थिक विषमतालाई हटाउन प्रगतिशील कर प्रणाल अपनाइएको छ । हुनत यो प्रणाली राष्ट्रिय आयको असन्तुलित वितरणमा नियन्त्रण गर्ने नकारात्मक उपाय (Negative Means) मात्र हो । सामाजिक न्यायको आधारमा राष्ट्रिय आयको वितरण भएको भए यसको आवश्यकता नै थिएन । तैपनि शोषणविहीन समाज सृजना गर्ने प्रयासको शुरु शुरुमा यस्ता कदमहरु पनि अवश्यै चाल्नु पर्ने हुन्छ । किनभने यसले केही मात्रामा भए पनि गरीब र धनी वर्गहरुको बीचको अन्तरलाई कम गर्न सक्ने छ ।

शोषणविहीन समाजको सिर्जना गर्ने सर्वप्रथम शोषणका मूल आधारहरूलाई नै निर्मूल गर्नु पर्दछ । यसको लागि आर्थिक रुपले मुख्यतः उत्पादनका साधन, वितरण र उपभोग यी तीन कुराहरु माथि ध्यान दिनु अत्यन्त जरुरी छ । राष्ट्रको आर्थिक उत्पादनका साधन र स्रोतहरूमाथि कुनै व्यक्ति वा वर्गको एकलौटे कब्जालाई अन्त गरी सर्वसाधारण जनतामा समानरुपले उपलब्ध गराइनु पर्दछ । उत्पादनका साधन र स्रोतहरूलाई शोषणबाट मुक्त गरी समानताको आधारमा वितरण गरि सके पछि तिनीहरूबाट उत्पादित हुने राष्ट्रिय आय र सम्पत्तिलाई

CC-0. In Public Domain. Digitization by eGangotri

पनि सामाजिक न्यायको आधारमा वैज्ञानिक तरीकाबाट सबैमा वितरण गर्नु पर्दछ । यो आयलाई कुनै व्यक्ति वा वर्गले बढी हडप्न कोशिश गऱ्यो भने समाजमा शोषणको क्रम जारी नै रहन्छ; अन्त हुन सक्दैन । वितरण भएको राष्ट्रिय आय र सम्पतिलाई उपभोग गर्ने खुला र स्वतन्त्र वातावरणको आवश्यकता पर्दछ । डर, धम्की र त्रास देखाई कसैको न्यायोचित हिस्सा उपभोग गर्न नदिने तत्वलाई कडाइसाथ दवाउन सक्नु पर्दछ । यसको लागि देशको आर्थिक व्यवस्थाको ढाँचामा नै संस्थागत (Structural) परिवर्तनको आवश्यकता पर्दछ । शोषणविहीन समाजको सिर्जनाको लागि चाल्नु पर्ने क्रमबद्ध आर्थिक पाइलाहरु यिनीहरु नै हुन् ।

Q. No. 29

Discuss the Role of Public and Private Sectors under the Panchayat Democracy.

पञ्चायत प्रजातन्त्र अन्तर्गत सरकारी र निजी क्षेत्रहरुको स्थान छलफल गर्नु होस् ।

उत्तर:—पञ्चायत प्रजातन्त्रको अर्थ व्यवस्था व्यवहारमा मिश्रित अर्थ व्यवस्था भएकोले सरकारी र निजी क्षेत्रहरुको स्थान त्यतिकै महत्वपूर्ण छ । मिश्रित अर्थ व्यवस्था बुझ्न संसारमा प्रचलित दुई प्रमुख आर्थिक व्यवस्थाहरुको जानकारी राख्नु आवश्यक हुन्छ । ती व्यवस्थाहरु हुन्-(१) पूँजीवादी अर्थ व्यवस्था र (२) समाजवादी अर्थ व्यवस्था । पूँजीवादी अर्थ व्यवस्था

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिगत स्वतन्त्रतामा आधारित पूर्ण व्यक्तिवादी अर्थ व्यवस्था भएकोले त्यहाँ निजी क्षेत्रको स्थान सर्वोपरी हुन्छ । राज्यको हस्तक्षेप बिना यो क्षेत्रले स्वतन्त्र रुपबाट काम गरिरहेको हुन्छ । किनभने पूँजीवादी अर्थ व्यवस्थामा विश्वास राख्नेहरू राज्यलाई एक अभिशापको रुपमा लिन्छन् र मानव समाजको सर्वोतम हित र कल्याणका लागि देशका आर्थिक गतिविधिहरूमा राज्य निष्क्रिय रहनु पर्दछ भन्दछन् । अर्को तिर यसको ठीक विपरीत समाजवादी अर्थ व्यवस्थामा बिश्वास राख्ने समाजवादीहरुले राज्यलाई एक ज्यादै उपयोगी र कल्याणकारी संस्थाको रुपमा लिन्छन् । तिनीहरुले मानव समाजको कल्याणको लागि देशका आर्थिक गतिविधिहरुमा जस्तो किसिमको राज्यको हस्तक्षेपलाई पनि न्यायसंगत र उचित मान्छन् । अझ अर्थ व्यवस्थाको पूर्ण संचालन नै राज्यले स्वयं गरेको हुन्छ । यसैले समाजवादी अर्थ व्यवस्थामा सरकारी क्षेत्रको स्थान सर्वोपरी हुन्छ र निजी क्षेत्रको स्थान महत्वहीन र नगन्य हुन्छ । हुनत आज कुनै पनि राजनीतिज्ञले देशका आर्थिक गतिविधिहरुको हस्तक्षेप र नियन्त्रण गर्ने राज्यको सर्वोच्च शक्तिलाई सीमित गर्न चाहँदैन किनभने जेम्स स्टुआर्ट मिल (James Stuart Mill) जस्ता अनियन्त्रित अर्थतन्त्र (Laissez-Faire Economy) को कट्टर समर्थकले पनि आखिरमा आएर कुनै न कुनै क्षेत्रहरुमा राज्यको हस्तक्षेपलाई आवश्यक मात्र होइन अनिवार्य पनि मानेको थियो । जनताको जीवन स्तर माथि उचाली देशको

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थतन्त्रको विकास द्रुत गतिले गर्न उत्सुक अनेकन नवोदित राष्ट्रहरुको साथमा नेपालले पनि यो दुवै अर्थ व्यवस्थाका अनुकरणीय गुणहरुलाई अपनाई मिश्रित अर्थ व्यवस्था (Mixed Economic System) अपनाएको छ। यस्तो मिश्रित अर्थ व्यवस्थामा केही आधारभूत क्षेत्रहरुको संचालन राज्यले स्वयं गरेको हुन्छ र केही निश्चित क्षेत्रहरुको संचालन गैर सरकारी क्षेत्रमा गर्ने पूर्ण सुविधा प्रदान गरेको हुन्छ।

आर्थिक विकास यस्तो महत्वपूर्ण विषय हो जुन बिना कुनै पनि राष्ट्रले आज आफ्नो स्वतन्त्र राजनैतिक अस्तित्व यथार्थमा कायम राख्न सक्दैन। आर्थिक विकासको गतिमा पिछडिएका संसारका अनेक देशहरुमध्ये नेपाल पनि एक हो। नेपालीको वार्षिक आय करिब रु. सात शय जति छ जबकि अमेरिकामा प्रति व्यक्ति आय रु. तीस हजार भन्दा बढी पुग्दछ। यसरी आकाश जमीनको फरकमा रहेको नेपालीहरुको जीवन स्तर माथि उचाल्न योजनाबद्धरुपले द्रुत आर्थिक विकास गर्नु नेपालको लागि जीवन मरनको सवाल भइरहेको छ। द्रुततर आर्थिक विकासको लागि जनशक्ति, प्राकृतिक साधनहरु, विदेशी सहायता लगायत व्यक्तिगत वा निजी पूँजी र श्रमको पनि अत्यधिक सदुपयोग गर्नु पर्ने एक राष्ट्रिय आवश्यकता हो। यही आवश्यकतालाई पुर्ति गर्न पञ्चायत प्रजातन्त्र अन्तर्गत सरकारी र निजी दुवै क्षेत्रहरुमा अटुट प्रयासहरु जारी छन्। पञ्चायत प्रजातन्त्र अन्तर्गत सरकारी र निजी क्षेत्रहरु एक अर्काको बीच

CC-0. In Public Domain. Digitization by eGangotri

अनावश्यक प्रतिस्पर्धामा नरही सहायक र पुरकको रुपमा रहनु अत्यावश्यक छ । खासगरी निजी क्षेत्रलाई प्रोत्साहित गरी देश-को आर्थिक विकासमा सक्रिय र क्रियाशील बनाउन विशेष सहुलियत र सुविधाहरू प्रदान गरिएका छन् । यी क्षेत्रहरूको संयुक्त प्रयासमा नै नेपालको सुनियोजित आर्थिक बिकास सम्भव छ । पञ्चायत प्रजातन्त्र अन्तर्गत सरकारी र निजी क्षेत्रहरूको महत्वपूर्ण स्थान निम्न रुपले झलफल गरिन्छ ।

१. सरकारी क्षेत्र:

पञ्चायत प्रजातन्त्र अन्तर्गत सरकारी र निजी क्षेत्रहरुको अतिरिक्त पञ्चायत क्षेत्र पनि स्थापित भएको छ । अरु देशमा झै नेपालमा सरकारी र निजी क्षेत्रहरूको स्पष्ट सीमाङ्कन भएको छैन । यसै प्रसंगमा चौथो योजना (२०२७-३२) मा उल्लेख भएको छ–"चौथो योजनामा उद्योगहरूको स्थापनाको निम्ति मुख्य रुपमा निजी क्षेत्रलाई नै प्रोत्साहित गरिने उद्देश्य राखिएको छ । पछि आवश्यकता देखिएमा मात्र कुनै एक वा दुई उद्योगहरू सरकारी क्षेत्रमा खोलिने हुनाले यसबारे अहिले कुनै उद्योगको नाम किटान गरिने छैन–" सैद्धान्तिक रुपले निश्चित नीतिको निर्धारण नभए तापनि प्रति-रक्षा सम्बन्धी उद्योग श्री ५ को सरकारले बाहेक अरु कसैले स्थापना वा सञ्चालन गर्न पाउने छैन । पञ्चायत प्रजातन्त्र अन्तर्गत सरकारी क्षेत्रमा धेरै प्रतिष्ठानहरू (उद्योगधन्दाहरू) स्थापित भएका छन् । सरकारी क्षेत्रमा स्थापित यी प्रतिष्ठानहरू मुख्यतः तीन किसिमका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

क. सरकारी क्षेत्रमा स्थापित विभिन्न तीन किसिमका प्रतिष्ठानहरूमा श्री ५ को सरकारका विभागहरूले सोझै सञ्चालित विविध सेवाहरूको महत्वपूर्ण स्थान छ। यी सेवाहरूले सरकारको सामान्य नीति र नियमभित्र रही आफ्नो कर्मचारी, बजेट र लेखा प्रणालीको व्यवस्था गर्दछन्। सर्वसाधारण जनताको हितको लागि विविध सेवा पुऱ्याउने उद्देश्यले स्थापित सेवाहरू हुन्-हुलाक सेवा, पिउने पानी वितरण, यातायात तथा सञ्चार, स्वास्थ सेवा, शिक्षा सेवा आदि।

ख. सरकारी निगमहरू (Corporations) जस्तो नेपाल औद्योगिक विकास निगम (NIDC), शाही नेपाल वायु सेवा निगम (RNAC), विद्युत निगम आदि सरकारी क्षेत्रमा कानूनद्वारा स्थापित महत्वपूर्ण संस्थाहरू हुन्। यी संस्थाहरूले तद् सम्बन्धी कानूनको अधीनमा रही कार्य गर्छन्। यी निगमहरु आर्थिक दृष्टिले आत्मनिर्भर भई जनताको सुख सुविधालाई ख्याल राख्दै देशको आर्थिक विकासको लागि ठूलो भूमिका निभाउँदछन्।

ग. सरकारी कम्पनीहरू जस्तो नेसनल ट्रेडिङ्ग कम्पनी, वाणिज्य बैंक लिमिटेड, बीरगंज चिनी कारखाना, जनकपुर चुरोट कारखाना, बासबारी छाला जुत्ता कारखाना आदि आ-आफ्नो क्षेत्रमा उचित नाफाको दृष्टिकोणले सञ्चालन हुने सरकारी संगठनहरू हुन्। राष्ट्रिय संकट वा विशेष

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा बाहेक सरकारी क्षेत्रमा सञ्चालित यी उद्योग र व्यापारका केन्द्रहरूलाई नोक्सानमा जान दिईदैन ।

आजको आधुनिक युगमा राज्यलाई एक लोक कल्याणकारी संस्थाको रूपमा लिइन्छ । यसैले जनताको अपार हित र कल्याणको लागि देशका अर्थतन्त्रका विविध पक्षहरूमा राज्यले प्रत्यक्ष हिस्सा लिएको पाइन्छ । यही पृष्ठभूमिमा नेपालमा पनि आम जनताको सुख, सुविधा र कल्याणका लागि आधारभूत क्षेत्रहरू जस्तै यातायात, संचार, जल विद्युत, पिउने पानी, स्वास्थ्य आदिमा सरकार नै सक्रिय भई अगाडि बढेको पाइन्छ। यसको अतिरिक्त देशको उद्योग वाणिज्यको विस्तार र विकासका लागि आधारभूत व्यवस्था तयार गरी निजी उद्योग र व्यापार विकासको लागि अनुकूल वातावरण सृजना गरी प्रोत्साहित गर्ने सरकारी क्षेत्रले आफ्नो महत्वपूर्ण दायित्व स्वीकारेको छ । यसैले पञ्चायत प्रजातन्त्र अन्तर्गत सरकारी क्षेत्रको स्थान ज्यादै महत्वपूर्ण छ भन्न सकिन्छ ।

२. निजी क्षेत्र

पञ्चायत प्रजातन्त्र अन्तर्गत गैर सरकारी वा निजी क्षेत्रले पनि देशको आर्थिक विकासको लागि महत्वपूर्ण भूमिका निभाइरहेको छ । यस क्षेत्रमा दैनिक उपभोगको लागि आयात हुने वस्तुहरू घटाउने उद्योगहरू र स्वदेशी कच्चा पदार्थहरू अधिकतम मात्रामा प्रयोग गर्ने र उत्पादित वस्तुहरूको नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिर निर्यात गर्ने उद्योगहरू जस्तै बिस्कुट, चिनी, चुरोट, सलाई, जुट कारखानाहरु र घरेलु उद्योग आदि छन्। त्यस्तै विदेशी मुद्रा आर्जन गर्ने पर्यटन उद्योगमा विभिन्न स्तरका होटेलहरु निजी क्षेत्रमा पर्दै छन्। परिवर्त्य विदेशी विनिमयबाट कच्चा पदार्थ आयात गरी सबै वा अधिकांश उत्पादित वस्तु नेपाल बाहिर निर्यात गर्ने उद्योगहरु जस्तै हुलास मिटल एण्ड क्राफ्ट कारखाना, अशोक टेक्स्टाइल मिल आदि छन्।

निजी क्षेत्रमा विभिन्न उद्योग-धन्दाहरु खोलाउन प्रोत्साहनस्वरुप श्री ५ को सरकारले विशेष आर्थिक सहयोग र प्राविधिक सल्लाह लगायत विभिन्न किसिमका सुविधा तथा सहुलियतहरु प्रदान गरेको छ। तथापि अनेकन कारणहरुले गर्दा आशातित रुपमा निजी क्षेत्रमा उद्योग धन्दाहरुको विकास हुन सकेको छैन। सरकारी र निजी क्षेत्रहरुका व्यवसायहरुको स्पष्ट सीमाङ्कन नहुँदा यी दुवै क्षेत्रहरुको बीच आपसी सहयोगको सट्टामा अनावश्यक प्रतिस्पर्धा हुने सम्भावना छ। किनभने सरकारी र निजी क्षेत्रहरु दुवैको आर्थिक दृष्टिकोणले सीमित साधनलाई बढी प्रभावकारी ढंगबाट प्रयोग गरी त्यसबाट अधिकतम लाभ उठाउने ध्येय हुन्छ। यसैले जुन व्यवसायमा अधिक लाभ हुन्छ त्यहाँ दुवै क्षेत्रहरु एक अर्कोसंग होडबाजी गरी अगाडि बढ्ने संभावना छ। जुन नेपाल जस्तो औद्योगिक विकासको दृष्टिले भर्खरै बामे सर्न लागेको देशको लागि घातक सिद्ध हुन सक्दछ। निजी

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रमा हालसम्म स्थापित र सञ्चालित विभिन्न उद्योगधन्दाहरूले नेपाललाई स्वावलम्बनको दिशातिर अग्रसर गर्नुको साथै आर्थिक विकासको गति अगाडि बढाउन अलिभए पनि मद्दत गरेको छ।

Q. No. 30

A. Discuss the Main Features of the Third Plan. (2022–27).

तेश्रो योजना (२०२२–२७) का मुख्य लक्षणहरू छलफल गर्नु होस्।

B. Write an Essay on the Third Plan (2022 27).

तेश्रो योजना (२०२२–२७) माथि एउटा निबन्ध लेख्नु होस्।

उत्तर:—नेपालको आर्थिक स्थिति अरु देशहरूको तुलनामा ज्यादै पिछडिएको छ। यसैले सर्वसाधारण जनताको जीवन स्तरलाई यथाशक्य चाँडो माथि उचाल्न आर्थिक विकासको गतिलाई तीव्र बनाउने एक ठूलो समस्या वा चुनौति देशको सामु छ। यही चुनौतीलाई योजनाबद्धरूपले सशक्त मुकाबिला गर्न दीर्घकालीन र अल्प-कालीन राष्ट्रिय योजनाहरूको ठूलो महत्व रहन्छ। योजना विना देशको साधन र शक्ति वैज्ञानिक ढंगले परिचालन गरी देशको सुनियोजित आर्थिक विकास गर्न सकिँदैन। नेपालमा योजनाबद्ध आर्थिक बिकास २०१३ सालमा अर्थात पहिलो पञ्चवर्षीय योजना (२०१३—१८) देखि शुरु भयो। त्यस पछि २०१८—१९ एक वर्षमा कुनै योजना सञ्चालन भएन। २०१९—२२ सम्म एक त्रिवर्षीय योजना सञ्चालन

CC-0. In Public Domain. Digitization by eGangotri

भयो जुन योजनाकालमा उल्लेखनीय प्रगति भएको थियो । त्यस पछि पञ्चवर्षीय योजनामा दोस्रो तर योजनामा तेस्रो पञ्चवर्षीय योजना (२०२२—२७) लागू भयो। यो योजना आगामी १५ वर्षमा राष्ट्रिय आय दोब्बर पार्ने तर जनसंख्याको वृद्धिले गर्दा प्रतिव्यक्ति औसत आय ६२ प्रतिशत वृद्धि गर्ने दीर्घकालीन लक्ष्यको आधारमा तयार गरिएको हो। यो लक्ष्य हासिल गर्न राष्ट्रिय उत्पादनमा प्रतिवर्ष ४.७ प्रतिशतको दरले वृद्धि गर्नु पर्ने देखिन्छ । यस योजना कालमा राष्ट्रिय आयमा अन्दाजी १६ प्रतिशत वृद्धि गर्ने लक्ष्य थियो । तर योजना-कालमा जनसंख्या वृद्धिको दर २ प्रतिशत हुने भएकोले यसबाट प्रति व्यक्ति औसत आयमा ६ प्रतिशत मात्र हुने थियो । देश-मा द्रुततर आर्थिक विकास हासिल गर्न यो योजनालाई पहिलेका योजनाहरू भन्दा बढी व्यापक र विस्तृत गरिएको थियो। कारण यसमा सरकारी र गैर-सरकारी क्षेत्रहरूका अतिरिक्त पञ्चायत क्षेत्रमा पनि व्यय हुने रकमहरु देखाइएको थियो। योजनाको कुल रु. २५० करोड खर्चमध्ये सरकारी क्षेत्रमा १७४ करोड, गैर सरकारी क्षेत्रमा ५२ करोड र स्थानीय पञ्चायतहरू मार्फत २४ करोड खर्च हुने अनुमान गरिएको थियो ।यो योजनामा लगानी हुने कुल रू. २५० करोडमा १२५ करोड (अर्थात् ५० प्रतिशत) वैदेशिक स्रोतबाट तथा १२५ करोड (अर्थात् बाँकी ५० प्रतिशत) देशभित्रकै साधनबाट बेहोर्ने थियो । वैदेशिक स्रोतबाट बेहोरिने रू. १२५ करोड मध्ये १०५ करोड विदेशी सहायता र २० करोड

CC-0. In Public Domain. Digitization by eGangotri

वैदेशिक ऋणबाट उपलब्ध गर्ने अनुमान थियो । देशभित्रैं साधनबाट जुटाइनु पर्ने रू. १२५ करोड मध्ये श्री ५ को सरकार को आव्यव्ययको बचतबाट ५५ करोड, आन्तरिक ऋण ५ करोड, पंचायतको स्रोतबाट उपलब्ध हुने ५० करोड, गैर सरकारी पूंजी लगानीबाट ३५ करोड गरी जम्मा ११५ करोडमात्र हुन्छ र नपुग १० करोड पनि यथाशक्य-आन्तरिक साधनबाटै जुटाइने लक्ष्य थियो । कुल लागत रु. २५० करोडको तेस्रो योजनाको आर्थिक स्रोतलाई बढी स्पष्ट गर्न निम्न तालिका प्रस्तुत गरिएको छ:-

[रु. करोडमा]

विदेशी सहायताबाट	१०५.-
विदेशी ऋणबाट	२०.-
आयव्ययको बचतबाट	५५.-
आन्तरिक ऋणबाट	५.-
स्थानीय पञ्चायतहरूबाट	२०.-
गैर सरकारी क्षेत्रबाट	३५.-
योजनामा घाटा (नपुग)	१०.-
जम्मा	रु. २५०.-

तेस्रो योजनाका उद्देश्यहरू:

तेस्रो योजनाका प्रमुख उद्देश्यहरू निम्न प्रकारका थिए:-

१. कृषिमा आश्रित अधिकांश जनताको भाग निर्माण गर्न कृषिमा व्यवस्थामूलक सुधार गर्ने;

२. कृषि पैदावार र खाद्यान्न उत्पादन वृद्धि गर्ने;

CC-0. In Public Domain. Digitization by eGangotri

३. यातायात, संचार, विद्युतशक्ति जस्ता आर्थिक विकासका आधारभूत क्षेत्रहरूको विकास गर्ने;

४. द्रुततर आर्थिक विकासको लागि उद्योगधन्दा-हरूको स्थापना गर्ने;

५. विदेशी व्यापारमा विविधता ल्याउने र परिमाणमा वृद्धि गर्ने; र

६. सामाजिक असमानतालाई निराकरण गर्ने।

तेस्रो योजनाको प्राथमिकता:

देशको सर्वाङ्गीण विकास गर्ने पञ्चायत प्रजातन्त्रको उद्देश्य रहेको छ। तथापि सबै क्षेत्रहरुमा समानरुपले साधन र क्षमता उपलब्ध नहुने भएकोले योजनामा प्राथमिकताको निर्धारण गरी त्यस अनुरुप प्रयास जारी राख्नु पर्ने हुन्छ। यसैले यो योजनाले पनि साधन र क्षमता अनुसार प्राथमिकताको निर्धारण गरी योजनाबद्धरुपले देशको आर्थिक विकास गर्न उद्यत रहेको थियो। योजनामा प्राथमिकता निर्धारण निम्न प्रकार गरिएको थियो।

क. कृषि तथा ग्रामिण विकास:

कृषि प्रधान देश नेपाल भएकोले तेस्रो योजनामा कृषि विकासले पहिलो प्राथमिकता पाएको थियो। बढ्दो जनसंख्या-लाई ख्याल्न, कृषिमा आधारित उद्योगधन्दाको लागि आवश्यक

CC-0. In Public Domain. Digitization by eGangotri

कच्चा पदार्थहरू जुटाउन, विदेशी मुद्रा बढी आर्जन गर्न, कृषि क्षेत्रमा काम गर्नेहरुको आम्दानी बढाई जीवन स्तर माथि उचाल्न र सरकारलाई समेत विकास कार्यको लागि बढी साधन उपलब्ध गराउन कृषि विकास आवश्यक छ। भूमिमाथि भएको बढी जनभारलाई घटाई कृषि क्षेत्रमा भएको शोषणको अन्त गरी देशका बहुसंख्यक जनता किसानको आर्थिक अवस्थामा सुधार ल्याउन देशव्यापीरुपमा भूमिसुधार संचालन गर्ने र सहकारिता आन्दोलन आदिद्वारा व्यवस्थित ढंगले ग्रामिण विकास गर्ने उद्देश्य रहेको थियो।

कृषकहरुलाई मल, जल, जन्नत बिज, औजार र ऋणको सुविधा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्ने विशेष प्रोत्साहन गरिने थियो। यस योजनाले खाद्यान्न उत्पादनमा १५ प्रतिशत र नगदेबाली उत्पादनमा ७३ प्रतिशत वृद्धि गर्ने लक्ष्य राखेको थियो। यसको साथै पौष्टिक भोजनको लागि कुखुरा, सुँगुर, माछा, भेडा, गाइ-बस्तु, फलफूल आदिको विकासको लागि योजनाले विशेष जोड दिएको थियो। सबभन्दा बढी रकम यातायात, संचार र विद्युतको लागि छुट्याइएको देखिए तापनि यस क्षेत्रलाई तेस्रो योजनाले उच्चतम प्राथमिकता दिएको थिएन। सर्वोच्च प्राथमिकताको क्षेत्र कृषि नै हो तर यातायातको विकास नभइकन कृषि विकास सम्भव नहुने भएकोले यो क्षेत्रको लगानी हुने रकममा कृषि सम्बन्धी आयोजनाहरू धेरै नै परेका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

ख. यातायात, संचार तथा विद्युत:-

यातायात, संचार तथा बिद्युत शक्ति जस्ता आधारभूत क्षेत्रहरूलाई यो योजनामा दोश्रो प्राथमिकता दिइएको थियो। देशको नसा र ढुकढुकी मानिने यातायात र संचार तथा उद्योगको लागि आधारभूत बिद्युतशक्तिको समुचित बिकास नभई देशको आर्थिक विकास सम्भव छैन। योजनाकालमा पक्की र कच्ची गरी जम्मा १३६५ किलोमिटर सडक, ५ हजार टेलिफोन लाईन, ३६ हजार ७ शय किलोवाट बिद्युतशक्ति उपलब्ध गर्ने लक्ष्य राखिएको थियो। यसको अतिरिक्त ११ वटा झोलुङ्गे पुलहरु निर्माण गर्ने, बिभिन्न विमानघाटहरु पक्की तथा विस्तार गर्ने र आकाशवाणी सेवालाई देशव्यापी गराउने तेश्रो योजनामा समावेश भएका थिए।

ग. उद्योग बिकास:-

उद्योगलाई यो योजनाले तेस्रो प्राथमिकता दिएको थियो। द्रुततर आर्थिक विकासको पथमा देशलाई लम्काउन औद्योगिकीकरण अनिवार्य छ। उद्योगधन्दाको बिकास विना देशको बिकास मात्र नहुने होइन देशको स्वतन्त्र अस्तित्वमा समेत नराम्रो आँच आउँदछ। यही तथ्यलाई ध्यानमा राखी सरकारी एवं गरसरकारी दुवै क्षेत्रमा यथासंभव उद्योगधन्दाको बिकास गर्दै लैजाने लक्ष्य यस योजनाले राखेको थियो। योजनाकालमा सिमेन्ट, कागज, अभ्रक, चुन, मलखाद्, सुती कपडाका कारखानाहरु

CC-0. In Public Domain. Digitization by eGangotri

खोली उत्पादन शुरु गर्ने र भइरहेका जूट, चिनी आदि उद्योग-हरुको उत्पादन क्षमता बढाउने लक्ष्य राखेको थियो। यस अतिरिक्त घरेलु तथा ग्रामीण उद्योग, सहकारी संस्थाहरु खोल्न प्रोत्साहन गर्ने, खानीको वैज्ञानिक सर्वेक्षण गर्ने र पर्यटन उद्योगको विकास गर्ने लक्ष्य पनि निर्धारण भएको थियो।

घ. सामाजिक सेवा:—

देशको तत्कालीन आर्थिक स्थितिमा सामाजिक सेवाका लागि उपलब्ध साधनहरु सीमित भएकोले यो योजनाले सामाजिक सेवालाई चौथो प्राथमिकता दिएको थियो। सामाजिक सेवाहरु देशव्यापी रुपमा जनतासाई उपलब्ध गराउन सकेमा आर्थिक स्तर माथि उकाल्न धेरै मद्दत हुने भएकोले यस योजनामा सामाजिक सेवाका लागि शिक्षा, स्वास्थ्य, पिउने पानी जस्ता सुविधाहरु सर्वसाधारण जनताको कल्याणको लागि व्यवस्थित रूपमा वृद्धि गर्ने लक्ष्य राखिएको थियो। योजनामा प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य गर्ने तर्फ विशेष जोड दिएको थियो। त्यस्तै प्रौढ, व्यवसायिक र प्राविधिक शिक्षा र तालीम; औलो, बिफर, क्षयरोग आदिको उन्मूलन; सरूवा रोगको रोकथाम; परिवार नियोजन आदि कार्यक्रमहरूमाथि विशेष जोड दिइएको थियो।

ङ. विविध:—

माथि उल्लिखित विषयहरू बाहेकका अरू विषयहरू

CC-0. In Public Domain. Digitization by eGangotri

विविध शीर्षकमा परेका थिए। तिनीहरू थिए—सर्भे, नापी, तथ्याङ्क आदि।

तेस्रो योजनामा विभिन्न विकास-क्षेत्रहरूमा हुने खर्चको विवरण निम्न प्रकारको थियो:-

खर्चको विवरण

[रू. करोडमा]

शीर्षक	सरकारी	पञ्चायत	गैर सरकारी	जम्मा	प्रतिशत
क. कृषि तथा ग्रामीण विकास	३७.७५	१२.००	१५.००	६४.७५	२५.९०
ख. यातायात, संचार र विद्युत	८७.५०	३.६०	२.००	९३.१०	३७.२०
ग. उद्योग विकास	१२.५०	१.२०	३०.००	४३.७०	१७.५०
घ. सामाजिक सेवा	२९.२५	७.२०	५.००	४१.४५	१६.६०
ङ. विविध	७.००	×	×	७.००	२.८०
	१७४.००	२४.००	५२.००	२५०.००	१००.००

तेस्रो योजनाकालमा केही क्षेत्रहरूमा उल्लेखनीय प्रगति भए तापनि सबै क्षेत्रमा विशेष गरी उद्योग र कृषि क्षेत्रमा निर्दिष्ट लक्ष्य पूर्णतः हासिल गर्न सकिएन। सरकारको तफवाट कुल खर्च गर्नु पर्ने रकममा रु. २ करोड चानचुन जति खर्च भएन। राष्ट्रिय उत्पादन प्रतिवर्ष २.२ को दरले मात्रवृद्धि भएको अनुमान गरिन्छ। जब कि त्यतिकै दरमा जनसंख्या वृद्धि भएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

योजनाबद्ध विकासको लागि यसलाई अनुभवको रुपमा लिई पछि योजना तर्जुमा र कार्यान्वयन गर्दा बढी व्यावहारिक र प्रभावशाली बनाउने तर्फ सबैले सोच्नु पर्दछ ।

Q. No. 31

Discuss the Main Features of the Fourth Plan (2027–32)

चौथो योजना (२०२७–३२) का मुख्य विशेषताहरू छलफल गर्नु होस् ।

उत्तरः—तेस्रो योजना २०२७ साल आषाढ मसान्तमा समाप्त भएकोले २०२७ साल श्रावण १ गतेदेखि अर्को पंच-वर्षीय योजना (२०२७-३२) लागू भएको छ । यो पञ्च-वर्षीय योजना नेपालको चौथो योजना हो । देशको गत: १४ वर्षको आर्थिक विकासको अनुभवको आधारमा योजना तर्जुमा र आर्यान्वयनको बीचको अन्तर कम गर्ने एवं योजनालाई बढी व्यावहारिक र प्रभावशाली बनाउने हेतुले चौथो योजनाको तर्जुमा गरिएको छ । राष्ट्रिय योजना आयोगले यो योजना तर्जुमा गर्दा विशेषगरी देशका अर्थशास्त्री उद्योगपति, व्यापारी तथा कृषकहरुका प्रतिनिधिहरुको सहयोग लिएको थियो ।

देश विकास निरन्तर जारी रहने एक प्रक्रिया (Process) हो । यो प्रक्रियालाई तीव्र गति प्रदान गर्न योजनाबद्ध आर्थिक प्रयासको ठूलो स्थान रहन्छ । योजनाबद्ध आर्थिक विकासको लागि राष्ट्रिय उत्पादनमा वृद्धि गरी त्यसलाई न्यायोचित

CC-0. In Public Domain. Digitization by eGangotri

वितरण गर्नु पर्दछ । अनिमात्र योजनाबद्ध आर्थिक विकासले जनताको हित र कल्याण गर्न सक्दछ । चौथो योजनाले राष्ट्रिय उत्पादनमा प्रतिवर्ष ४ प्रतिशतका दरले वृद्धि गर्ने लक्ष्य राखेको छ । तेस्रो योजनामा झैं यो योजनामा पनि सरकारी, गैर सरकारी क्षेत्रहरुका अतिरिक्त पञ्चायत क्षेत्रमा पनि लगानी हुने रकमहरु देखाइएको छ । योजनाको कुल रकम रु. ३५४ करोड खर्च मध्ये सरकारी क्षेत्रमा २५५ करोड, पञ्चायत क्षेत्रमा १२ करोड र गैर सरकारी क्षेत्रमा ८७ करोड खर्च हुने अनुमान गरिएको छ । विदेशी सहायतामाथिको निर्भरतालाई क्रमशः घटाउँदै लैजाने दीर्घकालीन उद्देश्य अनुरुप चौथो योजनामा विदेशी सहायताको अनुपात घटाइएको छ । जम्मा रु. ३५४ करोड लगानी हुने चौथो योजनाको आर्थिक साधन निम्न अनुसार जुटाइने छः—

(रु. करोडमा)

विदेशी सहायताबाट	१२९.
विदेशी ऋणबाट	२०.
आयव्ययकोबचतबाट	६३.
आन्तरिक ऋणबाट	१५.
घाटा अर्थ व्यवस्थाबाट	२०.
न्यून (सोधनान्तर रकम)बाट	१०.
पञ्चायतहरुबाट	१०. (सरकारबाट विकास अनुदानको रुपमा दिइने रु. २ करोड कटाइँदा)
गैर सरकारी क्षेत्रबाट	८७.
जम्मा रु.	३५४ करोड

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो योजनाहरूका उद्देश्यहरू:—

चौथा योजनाका केही मूलभूत उद्देश्यहरू निम्न प्रकारका छन्:—

१. उत्पादनमा अधिकतम वृद्धि गर्ने :

गरीबीले व्याप्त हाम्रो जस्तो देशमा शोषण र अनुचित आर्थिक दवाबलाई हटाउन सबभन्दा पहिले गरीबीको मूल जरालाई नै निर्मुल गर्नु पर्दछ। गरीबीको मूल कारण कम उत्पादन भएकोले शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्न सर्वप्रथम राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि गर्नु नितान्त आवश्यक छ। यही तथ्यलाई ध्यानमा राखी चौथो योजनाले राष्ट्रिय उत्पादनमा वार्षिक ४ प्रतिशतका दरले वृद्धि गर्ने उद्देश्य राखेको छ।

२. यातायात, सञ्चार, विद्युत जस्ता विकासका आधारहरु तयार गर्ने :

देश विकासको गतिमा तीव्रता ल्याउन र उत्पादित वस्तुहरुको उचित बिक्री वितरणको व्यवस्था गर्न यातायात, संचार, विद्युत जस्ता आधारहरू तयार गर्नु पर्ने हुन्छ। यसैले चौथो योजनाकालमा दीर्घकालीन विकासको लागि चाहिने यस्ता आधारहरु स्थापित गर्ने लक्ष्य रहेको छ।

३. अन्तर्राष्ट्रिय व्यापारको विस्तार र विविधीकरण गर्ने:

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्राष्ट्रिय व्यापारको विस्तार र विविधीकरण गर्ने उद्देश्य नेपाल जस्तो भू-परिवेष्ठित देशको आर्थिक विकासको लागि आवश्यक मात्र होइन अनिवार्य पनि छ। निर्यात व्यापारमा वृद्धि र विविधीकरण गर्न सकेमा आर्थिक विकासमा गतिशीलता आउने छ र विकास कार्यका लागि आवश्यक सरसामानहरु उपयुक्त देशबाट आयात गरी जुटाउन सुगम हुन जाने छ। नेपाल र भारतको बीचको निकटतम आर्थिक सम्बन्ध अटुट भए तापनि व्यापारको निमित्त भारतमा मात्र निर्भर रहनु आर्थिक दृष्टिकोणबाट उचित छैन। यसर्थ नेपालको वैदेशिक व्यापारमा अनेकता ल्याउनु ज्यादै जरुरी छ।

४. मूल्य वृद्धिमा नियन्त्रण गरी आर्थिक स्थिरताको वातावरण कायम गर्ने:

आर्थिक विकास आर्थिक स्थिरताको वातावरणमा मात्र सम्भव हुन्छ। यसैले चौथो योजनाकालमा उपयुक्त मौद्रिक र वित्तीय नीतिहरुको माध्यमबाट देशमा सामान्य आर्थिक स्थिरता कायम गर्ने मूल्य वृद्धिमा नियन्त्रण र अन्तर्राष्ट्रिय व्यापारमा समेत सुधार ल्याइने छ। आर्थिक नीतिहरु अनियमित र अस्थिर भई ज्यादै हेरफेर भइरहेमा योजनाबद्धरूपमा संचालित विकास प्रक्रियामा नराम्रो प्रभाव पर्ने छ। तसर्थ गतिशील विकासको लागि आर्थिक स्थिरताको वातावरण कायम गर्ने उद्देश्य रहेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

५. श्रमशक्तिको प्रभावकारी उपयोग र जनसंख्याको वृद्धिलाई नियन्त्रण गर्ने:

आर्थिक विकास हासिल गर्ने देशमा रहेको श्रमशक्तिको प्रभावकारी उपयोग गर्ने र जनसंख्या वृद्धिदरलाई पनि आवश्यक नियन्त्रण गर्ने उद्देश्य रहनु पर्दछ। नेपालको जनसंख्याको वृद्धि दर अरू देशको दाँजोमा कम छ तापनि जनसंख्याको तुलनामा उपलब्ध साधन सन्तोषप्रद छैन। परिवार नियोजन कार्यक्रमबाट यस स्थितिमा सुधार ल्याउने र प्रत्येक व्यक्तिको जीवन स्तर उठाउने लक्ष्य रहेको छ। श्रमशक्तिको प्रभावकारी उपयोग गर्ने उद्देश्य अनुरूप श्रम प्रधान कार्यविधिहरू अपनाउनुको साथै आर्थिक दृष्टिकोणबाट उपयुक्त देखिएसम्म स्थानीय सामग्रीहरूको उपभोगबाट रोजगारीमा वृद्धि हुन जाने छ। यसका साथै योजनाकालमा कृषिमा बढने उत्पादकत्व र उद्योग वाणिज्य तथा अन्य निर्माण कार्यमा सरकारी तथा गैरसरकारी लगानीको वृद्धिबाट अधिकतम जनशक्तिको प्रभावकारी उपयोग हुने छ।

६. शोषणरहित समाज सृजना गर्नमा सहायक हुने स्थिति तयार गर्ने :

कुनै व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमाथि अनुचित आर्थिक दबावबाट मुक्त शोषणरहित समाज सृजना गर्ने पञ्चायत प्रजातन्त्रको उद्देश्य प्राप्तिको लागि सहायक हुने आधारभूत स्थितिहरू तयार गर्ने चौथो योजनाको उद्देश्य

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको छ । हुनत पञ्चायत प्रजातन्त्रको दीर्घकालीन यो उद्देश्य चौथो योजनाको ५ वर्षको छोटो अवधिमा पूरा हुन सक्दैन । तथापि प्रत्येक विकास योजनाले यस निर्दिष्ट उद्देश्य प्राप्तिको लागि केही ठोस पाइलाहरु चालु पर्ने हुन्छ । यसै दृष्टिले विगत योजना कालहरूमा भूमिसुधार, मुलुकी ऐन लगायत देशको चौतर्फी विकासको लागि सडक, कृषि, उद्योग, शिक्षा, स्वास्थ्य आदि क्षेत्रहरूमा विकासका कार्यक्रमहरु देशव्यापीरुपमा सञ्चालन गरिएका थिए । चौथो योजनाकालमा पनि शोषणरहित समाज सृजना गर्नमा सहायक हुने स्थिति तयार पार्न चाहिने आवश्यक आधारहरूलाई अझ व्यापक र सुदृढ गरिने छ ।

चौथो योजनाको प्राथमिकता

चौथो योजनामा प्राथमिकताको निर्धारण निम्नानुसार गरिएको छः—

क) यातायात र संचार :

भविष्यमा आर्थिक विकासको गतिमा तीव्रता ल्याउन सकिने आधारभूत स्थिति तयार गर्न सहायक हुने गरी चौथो योजनामा यातायात र संचार जस्ता आधारभूत क्षेत्रको विकासलाई सर्वोच्च प्राथमिकता दिइएको छ । आर्थिक विकासको क्रममा गतिशीलता ल्याउनमा यातायातको अभाव एक प्रमुख अवरोधको रुपमा छ । यातायात र संचारको पर्याप्त सुविधा विना बृहत रुपमा कृषि र उद्योगको पनि विकास हुन सक्दैन । तसर्थ तेस्रो योजना-

CC-0. In Public Domain. Digitization by eGangotri

कालमा शुरु गरिएका तर पूरा भइनसकेका आयोजनाहरुका साथै प्रादेशिक विकासको लागि आवश्यक केही नयाँ आयोजनाहरु समेत यो योजना कालमा सञ्चालन हुने छन् । चौथो योजनामा सरकारी क्षेत्रमा हुने खर्चको अधिकांश भाग यातायात र संचार सुविधाको विकासको लागि छुट्याइएको छ ।

ख. कृषि विकास :

९० प्रतिशत भन्दा बढी जनता कृषिमा आश्रित रहेको नेपालको लागि कृषि विकास ज्यादै महत्वपूर्ण छ । कृषि उत्पादनमा वृद्धि भएमा मात्र बहुसंख्यक जनताको जीवनस्तरमाथि उठ्ने छ । विकासको गतिलाई अघि बढाउनुको साथै आइपर्ने अवरोधहरू हटाउन विशेषत: खाद्यान्नको उत्पादनमा वृद्धि गर्नु अनिवार्य छ । देशमा रहेका उद्योगहरूको निमित्त चाहिने कच्चा पदार्थहरू पनि कृषि पैदावार नै भएकोले कृषि विकास कार्यक्रमलाई चौथो योजनाले दोस्रो प्राथमिकता दिएको छ ।

ग. उद्योग विकास :

उद्योग विकासले चौथो योजनामा तेस्रो प्राथमिकता पाएको छ । हुनत उद्योगहरूको विकास गर्ने मुख्य अभिभारा निजी क्षेत्रलाई सुम्पेको छ । तर केही खास आधारभूत उद्योगहरूको विकास निजी क्षेत्रले गर्न नसकेमा त्यस्ता उद्योगहरूमा श्री ५ को सरकारले हात हाल्ने छ । यसको साथै सरकारी क्षेत्रमा स्थापित विभिन्न उद्योगहरूको सुदृढीकरण यस योजनामा गरिने छ ।

घ. सामाजिक सेवा:

यो योजनामा सामाजिक सेवा कार्यक्रमलाई चौथो

CC-0. In Public Domain. Digitization by eGangotri

प्राथमिकता दिएको छ । शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवाहरू व्यापक रुपमा विस्तार गर्नु आवश्यक भए तापनि बसवाट वर्षेनि पर्ने खर्चको बढ्दो बोझ देशले वहन गर्न सक्दैन। यसैले यस क्षेत्रमा विस्तारवादी नीति भन्दा उपलब्ध सुविधाहरूको सुधार र सुदृढीकरण गर्ने नीति चौथो योजनले अपनाएको छ ।

ङ. तथ्याङ्क :

देशको योजनावद्ध आर्थिक विकासको लागि तथ्याङ्कको आवश्यकता पर्ने भएकोले चौथो योजनाले तथ्याङ्क संकलनलाई अन्तिम प्राथमिकता दिएको छ ।

चौथो योजनामा लाग्ने जम्मा रु. ३५४ करोड मध्ये विभिन्न क्षेत्रमा हुने खर्चको बाँडफाँट तलको तालिकामा प्रस्तुत गरिएको छः-

चौथो योजनाको खर्चको बाँडफाँट

(रु. करोडमा)

विषय	सरकारी	पञ्चायत	गैरसरकारी	जम्मा	प्रतिशत
(क) यातायात र संचार	-१०५.०	-५.२०	- १५.०	-१२५.२०	- ३५.४
(ख) कृषि, भूमिसुधार, सिचाई, वन तथा वनस्पति	-६६.२८	-३.९०	- ४७.०	-११७.१८	- ३३.१
(ग) उद्योग, वाणिज्य, विद्युत र खानी	-४७.०	- ×	- २५.०	- ७२.०	- २०.३
(घ) पञ्चायत, शिक्षा, स्वास्थ्य र अन्य	-३५.२५	- २.९०	- ×	-३८.१५	- १०.८
(ङ) तथ्याङ्क	- १.४७	- ×	- ×	- १.४७	- .४
जम्मा	२५५.०	- १२.०	- ८७.०	-३५४.०	-१००.०

CC-0. In Public Domain. Digitization by eGangotri

1974

Q. No. 32

Discuss the Importance and Development of Co-operatives under the Panchayat Democracy.

पञ्चायत प्रजातन्त्र अन्तर्गत साझा (सहकारिता) को महत्व र विकास छलफल गर्नु होस् ।

उत्तर – साझा (सहकारिता) पञ्चायत प्रजातन्त्रको लागि उपयुक्त, आवश्यक र कल्याणप्रद अर्थ व्यवस्था हो । सबैको कल्याण, सुख, समृद्धि र समन्वयात्मक विकासको आधारभूत आदर्श भएको साझा अर्थ व्यवस्था शोषणरहित र संघर्षरहित समाजको सृजना गर्ने लक्ष्य भएको पञ्चायत प्रजातन्त्रको एक अभिन्न अङ्ग हो । साझा र पञ्चायत प्रजातन्त्र एक अर्काको सहायक र पूरकका रूपमा छन् । यसैले पञ्चायत प्रजातन्त्रको आर्थिक पक्षमा साझाको सर्वोपरी महत्व छ ।

परस्परको सहयोगद्वारा कुनै निश्चित सामूहिक लक्ष्य प्राप्तिको लागि हुने सबै प्रकारका नियमित संगठनात्मक कार्यलाई साझाको संज्ञा दिइन्छ । अर्को शब्दमा साझाको अर्थ दुई वा सो भन्दा बढी व्यक्तिले संयुक्तरूपमा मिली समान कल्याणको लागि आर्थिक संस्थाको माध्यमबाट आफ्नो आर्थिक स्थिति सपार्नु हो । खासगरी आर्थिक दृष्टिले पिछडिएको समुदायका सदस्यहरूले व्यक्तिगत प्रयासबाट आफ्ना समान आर्थिक लक्ष्य तथा सामान्य जीवनका अन्य खाँचोहरु पूर्ति गर्न नसक्ने हुन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसैले समुदायका सबै सदस्यहरुले समान अधिकार र दायित्वको आधारमा स्वेच्छाले परस्पर मिली आर्थिक विकासको लागि संगठनात्मक रुपमा गरिने सामूहिक प्रयासलाई साझा भनिन्छ। यसरी साझाको मूल आधार नै स्वेच्छा भन्न सकिन्छ। वर्ग समन्वयको आधारमा नेपालीहरू सबै संगसंगै उभो लाग्ने र शोषणरहित समाजको सृजना गर्ने आदर्श भएको साझा अर्थ व्यवस्थाले निश्चय नै नेपालको अर्थतन्त्र सुदृढ र स्वावलम्बी बनाई पञ्चायत प्रजातन्त्रलाई दिगो र दरिलो बनाउन ज्यादै ठूलो आधार प्रदान गर्नेछ। पञ्चायत प्रजातन्त्र अन्तर्गत साझाको महत्वमाथि निम्न प्रकारले छलफल गरिन्छः—

कृषकहरूको जीवन स्तर माथि उचालन: (१)

९२ प्रतिशत जनता कृषिमा आश्रित रहेको कृषि प्रधान देश नेपालमा शोषणको मूल जड नै कृषि भएको छ। शोषणको मूल जडलाई उखेलेर फ्याँकी शोषणरहित समाजको सृजना गर्न कृषि क्षेत्रबाटै साझाको शुरुआत गर्नु अत्यावश्यक छ। कृषिको लागि चाहिने मल, जल, हल, ऋण आदिको व्यवस्था साझा सहकारिताको माध्यमबाट गर्न सकेमा कृषकहरू कसैको शोषणको मारमा नपरी कृषि उत्पादन वृद्धि गर्न सक्षम हुने छन्। यसका अतिरिक्त नेपालमा मोहियानी हक अन्तर्गत धेरै जसो जमिनहरू ससाना रुपमा छन्। आर्थिक दृष्टिले शिथिल र कमजोर कृषकहरूले यी ससाना टुक्रिएका खेतहरूमा उन्नत खेतीको

CC-0. In Public Domain. Digitization by eGangotri

तरीका अपनाउन सकेका छैनन् । उन्नत अर्थात् वैज्ञानिक तरीका अपनाई कृषि उत्पादन बढाउन ती ससाना टुक्रिएका खेतहरुलाई एकत्रित गरी सहकारी खेती चलाउनु आवश्यक छ । सहकारी खेतीको प्रचलन भएमा ट्र्याक्टर, आधुनिक मल, जल आदिको सुविधा सजिलैसित उपलब्ध गर्न सकिने हुन्छ । जुन सुविधा ससाना खेतहरूमा पुऱ्याउन सम्भव देखिदैन । सरकारी खेती अपनाएर कम उत्पादक पौराणिक तरीकालाई छोडी आधुनिक खेतीको तरीका अपनाएर कृषि उत्पादनमा ठूलो वृद्धि ल्याउन सकिन्छ । यसबाट कृषकहरूको जीवन स्तर अवश्यै माथि उक्लिने छ । सारांशमा कृषकहरुको आपसी सहयोग र संयुक्त प्रयासबाट तिनीहरुको जीवन स्तर माथि उचाल्न कृषि क्षेत्रमा साझाको महत्वपूर्ण स्थान छ ।

२. ग्रामीण समाजमा आधारभूत सुधार ल्याउन:

गाउँ गाउँले भरिएको नेपालको उन्नतिको लागि ग्रामीण समाजमा आधारभूत सुधारको आवश्यकता छ । ग्रामीण समाजमा आधारभूत सुधार ल्याउनमा साझा सहकारिताको महत्वपूर्ण स्थान छ । कृषि ऋण उपलब्ध गराउने, कृषि पैदावारको लागि बजार सुविधा, बेचबिखन सुविधा, दैनिक उपभोगका वस्तुहरू सुपथ मोलमा बिक्री वितरण लगायत अन्य सुविधाहरू प्रदान गर्ने बहुमुखी सहकारी संस्थाहरूले ग्रामीण समाजको स्वरूपलाई नै बदल्न सक्ने छन् । यी बहुमुखी सहकारी संस्था-

CC-0. In Public Domain. Digitization by eGangotri

हरूले गाउँलेहरूलाई एकातिर शोषकहरूको शोषण र बीचका फवन्जाहरूको नाफा खोरी र काला बजारियाबाट जोगाउँछन् भने अर्कोतिर यिनीहरूले ग्रामीण समाजको आर्थिक र सामाजिक ढाँचामा नै आधारभूत सुधार ल्याई ग्रामीण समाजमा सहयोगात्मक र सगोलको वातावरण पैदा गर्ने छन्। यसरी ग्रामीण समाजमा आधारभूत सुधार ल्याउनमा बहुमुखी सहकारी संस्थाहरूले महत्वपूर्ण भूमिका खेल्न सक्दछन्।

३. घरेलु उद्योगको विकास गर्नः

ग्रामीण जीवनलाई चाहिने आवश्यक उपभोग्य वस्तुहरू ग्रामीण समाजले नै उत्पादन गर्न सक्ने भएमा ग्रामीण समाज स्वावलम्बी र आत्म निर्भर भई आर्थिक रूपबाट मजबूत हुन्छ। ग्रामीण जीवनलाई चाहिने दैनिक उपभोगका सरसामानहरू उत्पादन गर्ने सक्षाना घरेलु उद्योग व्यवसायहरूको सञ्चालन साझाको माध्यमबाट हुन सक्दछ। कृषि व्यवसाय १२ महीना नै व्यस्त रहनु पर्ने होइन र कृषकहरू ६ महीना जति अनुत्पादक स्थितिमा रहेको पाइन्छ। कृषकहरूको यस्तो अनुत्पादक समयको सदुपयोग गर्नुको साथै बढ्दो बेरोजगारी समस्याको समाधान पनि साझा सहकारिताको आधारमा सञ्चालित घरेलु उद्योग व्यवसायहरूले गर्नेछन्। यसले अन्ततः ग्रामीण जीवन स्तर उच्च पार्नेछ। यस प्रकार घरेलु उद्योग धन्दाको विकास गर्नमा साझाको महत्वपूर्ण स्थान रहेको पाइन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

४. स्थानीय साधनहरुको परिचालन गर्न :

देशको आर्थिक विकासको लागि स्थानीय साधनहरूको परिचालन (सदुपयोग) गर्नु ज्यादै आवश्यक छ। अलि अलि पूँजीको रूपमा छरिएर रहेका स्थानीय साधनहरूलाई एकै ठाउँमा एकत्रित गरी साझाको माध्यमबाट केही ठोस काम गर्न सकिन्छ। साझा व्यवस्था नभई दिएमा यस्ता सप्राना रकमहरू फजुल खर्चमा मासिन्छन् र खेर जान्छन्। साझा सहकारिताले बचत गर्ने र लगानी गर्ने बानीलाई प्रश्रय दिन्छ। यसरी स्थानीय साधनहरूको बढीसे बढी परिचालन गरी देशको आर्थिक विकास गर्नमा साझाको ज्यादै महत्वपूर्ण स्थान छ।

५. जनताको नैतिक स्तर माथि उचाल्न:

साझा सहकारिताले जनताको नैतिक स्तरलाई माथि उचाल्छ। किनभने साझाले जनतामा आपसी सहयोग र भलाईको भावना जगाउँछ। यसले नेपाली समाजमा विद्यमान आपसी रीस, राग, द्वेष, छल कपट, आर्थिक शोषण, व्यक्तिगत स्वार्थ आदि सामाजिक खराबीहरूलाई तिलाञ्जली दिन आह्वान गर्दछ। साझा सहकारिताले जनताका आपसी समस्याहरुको समाधान आपसी सहयोग र संयुक्त प्रयासद्वारा गर्न प्रोत्साहित गर्दछ। जनतामा यसले आत्मनिर्भरता र सामाजिक सेवाको भावना पनि प्रचूर मात्रामा फैलाउँछ। यसले अन्ततः नेपाली समाजमा एक उच्च नैतिकता कायम गर्ने छ। यो नैतिक

CC-0. In Public Domain. Digitization by eGangotri

उपलब्धि आर्थिक उपलब्धि भन्दा कम महत्वपूर्णको छैन ।

साझा सहकारिताको विकास :

साझा सहकारी संस्थाहरू नेपालमा परम्पराको रुपमा विभिन्न समुदायहरुमा चलि आइरहेको पाइन्छ । तर पनि २०१० मा सहकारी विभाग स्थापना भएपछि मात्र यसको विकास नियमित र सुव्यवस्थित रूपबाट भएको पाइन्छ । सहकारिता सम्बन्धी विस्तृत कानूनी व्यवस्थाको लागि सहकारी संस्था ऐन २०१६ सालमा लागू भयो । त्यस ऐनले सहकारी संस्थामा कमसे कम १० जना सदस्य रहनु पर्ने, संस्था रजिष्टर्ड हुनु पर्ने, प्रत्येक सदस्यले एक मात्र मत पाउने, नाफाको एक चौथाई जगेडा राख्नु पर्ने. तीन चौथाई सदस्यहरुले संस्था विघटन गर्न चाहेमा गर्न सक्ने, संस्था एक अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्था (Corporate Body) को रूपमा रहने, सरकारले चाहि संस्थाको शेयर किन्न सक्ने, संस्थालाई आयकर, टिकट दस्तुर र रजिष्ट्रेशन फी माफी गर्ने आदिको व्यवस्था गरेको थियो ।

प्रथम पञ्च वर्षीय योजना [२०१३-१८] ले कृषि क्षेत्रको विकासको लागि सहकारिताको विकासमा जोड दिएकोले योजनाकालमा सहकारी संस्थाहरूको विकासको लागि उपर्युक्त कानूनी व्यवस्था लगायत धेरै प्रयास भएको थियो तर लक्ष्य अनुरुप सफलता हासिल गर्न सकेन । किनभने योजनाकालमा ४५०० सहकारी संस्थाहरू खोल्ने लक्ष्य थियो, जसमध्ये ३७८ सहकारी

CC-0. In Public Domain. Digitization by eGangotri

संस्थाहरू मात्र स्थापित हुन सक्यो । ती संस्थाहरुको कुल पूँजीको ८५ प्रतिशत सरकारी अनुदान थियो । यसरी ती संस्थाहरु मुख्यतया सरकारी सहायतामा निर्भर थिए । सहकारिताको विकासमा प्रथम पञ्च वर्षीय योजनाकाल प्रारम्भिक काल मान्नु पर्दछ । प्रथम योजना समाप्त भएपछि एक वर्षको अवधि-भित्रमा [अर्थात् २०१८-१९] मा २०३ सहकारी संस्थाहरु स्थापना भए ।

खास गरेर २०१७ साल पछि साझालाई पञ्चायती व्यवस्थाको अभिन्न अङ्ग र पूरकको रुपमा स्वीकार गरियो । यसले नेपालको अर्थतन्त्रको मोडलाई एक स्वस्थ रुप दियो । ससाना छरिएका पूंजीहरुको संकलन गरी, सबैलाई समान अधिकारले सम्मिलित गराई, पारस्परिक सहयोगद्वारा सबै नेपाली संगसंगै धनी हौं भन्ने उद्देश्यले श्री ५ महाराजाधिराजको प्रधान संरक्षकत्वमा २०१८ सालमा साझा केन्द्रीय संगठन खडा भयो । यो संगठनबाट राष्ट्रिय स्तरमा साझा यातायात २०१८ सालदेखि र साझा स्वास्थ्य सेवा, साझा भण्डार एवं साझा प्रकाशन २०२१ सालदेखि आ-आफ्नो क्षेत्रमा काम गर्दैछन् । साझाले औद्योगिक दिशातर्फ हात हाल्न सकेको छैन र व्यवसायमा मात्र सीमित रहेको छ ।

त्रि-वर्षीय योजना (२०१९–२२) ले पनि कृषि क्षेत्रको विकासको लागि सहकारिताको विकासमा जोड दिएको थियो । यस योजना कालमा विभिन्न किसिमका सहकारी संस्थाहरु गरी

CC-0. In Public Domain. Digitization by eGangotri

जम्मा ५४१ स्थापित भए। ५१ प्रतिशत पूँजी श्री ५ को सरकारको र बाँकी ४९ प्रतिशत सहकारी संस्था र गैर सरकारी स्रोतबाट उपलब्ध गर्ने गरी रु. ५० लाख अधिकृत पूँजीको एक सहकारी बैंक [हाल कृषि विकास बैंक] को पनि यस अवधिमा स्थापना गरिएको थियो। बैंकको निगरानीमा कृषि उत्पादन, गोदामघर निर्माण, बेचविखन, उपभोक्ता भण्डार, साना उद्योग, पुनर्वास आदि विविध विषयहरुमा ५ देखि ८ प्रतिशतसम्मको ब्याजमा २२ लाख चानचुन दीर्घकालीन, मध्यकालीन र अल्पकालीन ऋण सहकारी संस्थाहरु लाई दिइएको थियो।

सहकारी संस्थाहरु ऋण उपलब्ध गर्ने कार्यमा मात्र सीमित रहेकोले सहकारिताबाट किसानले वास्तविक रुपमा धेरै फाइदा पाउन सकेन। यसैले यी संस्थाहरुको कार्यक्षेत्र उत्पादन, बिक्री व्यवस्था, उपभोग्य वस्तुहरुको पूर्ती आदिमा पनि विस्तार गर्नु पर्ने कुरामा तेस्रो योजना (२०२२-२७) ले जोड दिएको थियो। यस सन्दर्भमा तेस्रो योजना कालमा त्यस्ता बहुमुखी सहकारी संस्थाहरू जम्मा ३५० स्थापना गर्ने लक्ष्य राखिएको थियो। यी बहुमुखी सहकारी संस्थाहरूको कार्यक्षेत्र ऋण उपलब्ध गर्नेमा मात्र सीमित नभई उत्पादन, बिक्री, उपभोग्य वस्तुहरूको पूर्ति, घरेलु उद्योगको स्थापना, गोदामघरको निर्माण आदिमा पनि फैलिएको थियो। योजनाकालमा खेती तर्फ पनि प्रयोगात्मक रुपमा सहकारिताको विकास गर्न १० सहकारी खेती संस्थाहरूको गठन गर्ने लक्ष्य राखिएको थियो। त्यस्तै शहरी क्षेत्रमा १० उप-

CC-0. In Public Domain. Digitization by eGangotri

भोक्ता संस्था र ७५ औद्योगिक संस्थाहरूको पनि स्थापना गर्ने लक्ष्य राखिएको थियो। सहकारी संस्थाहरुको विकासको लागि योजनामा रु. ३५ करोड जति ऋण वितरण गर्ने व्यवस्था गरिएको थियो। यस अतिरिक्त सहकारिताको सम्पूर्ण व्यवस्था मिलाउन एक राष्ट्रिय सरकारी संस्था स्थापना गर्ने र सहकारिता सम्बन्धी तालीम प्रदान गर्ने लक्ष्य थियो। हाल कृषि ऋण जुटाउनको लागि सहकारी संस्थाहरुको साथै कृषि विकास बैंक, भूमिसुधार संस्थान, कृषि खरिद बिक्रि संस्थानको अतिरिक्त बाढे समितिहरु पनि सम्मिलित छन्।

सहकारी संस्थाहरुको संख्याको हिसाबले सहकारिताको विकास निकै नै भएको देखिन्छ। कारण हालसम्ममा सहकारी संस्थाहरु करीब १३०० पुगेका छन। वास्तवमा यी संस्थाहरुको विकास जनतामा आएको सहकारिताको भावना वा जनता आफैंले सहकारी सिद्धान्त र आदर्शलाई बुझी आपनै साधन र क्षमताको अधारमा भएको होइन। मुख्यतः सहकारी विभागको प्रयास र सरकारी अनुदानबाट छिटछिटै स्थापित भएका यी सहकारी संस्थाहरुको आपनै साधन, सदस्यहरुको कार्य सञ्चालन गर्ने ज्ञान र क्षमताको अभाव, आवश्यक निर्देशन र नियन्त्रणको अव्यवस्था आदि अनेक कारणहरुबाट यी संस्थाहरुले अपेक्षित-रुपमा विकास गर्न सकेका छैनन्।

हालसम्म स्थापित १३०० सहकारी संस्थाहरुमा कृषिसित सम्बन्धित ११०० संस्थाहरुमध्ये दुई तिहाई प्रायः निस्कृय र

CC-0. In Public Domain. Digitization by eGangotri

विघटन हुने अवस्थामा छन् । बाँको एक तिहाईले पनि सक्षम र सुव्यवस्थित ढंगबाट सञ्चालन गर्न कतिपय उपायहरु अपनाउनु पर्ने र कतिपयलाई एकीकरण गर्नु पर्ने देखिन्छ । तसर्थ आगामी चौथो योजनाकाल (२०२७ – ३२) मा सहकारी संस्थाहरुको संख्यालाई नबढाई भएका संस्थाहरुलाई नै पुनर्गठन गरी निर्देशित रुपमा सञ्चालन गर्ने उद्देश्य चौथो योजनाले राखेको छ ।

साझाको सैद्धान्तिक रुपबारे स्पष्ट हुन सकेको छैन । साझालाई कसैले स्वेच्छाको आधारमा सञ्चालन हुने देशको अर्थ व्यवस्थाको एक अङ्ग मात्र मान्दछन् भने कसैले यसलाई सामूहिक रुपमा सञ्चालन हुने देशको अर्थ व्यवस्थाको सर्वाङ्ग नै मान्दछन् । यसरी साझाको सम्बन्धमा परस्पर विरोधी विचारधाराहरू देखा परेका छन् । यसैले साझाको विषयमा सर्वप्रथम सैद्धान्तिक रुपबाट सरकारले स्पष्ट गर्नु नितान्त आवश्यक छ ।

Q. No. 33

A. Show your acquaintance with the Land Reform Scheme, 2021 B.S. of His Majesty's Government.

श्री ५ को सरकारको भूमि सुधार योजना, २०२१, सित तपाईको परिचय दर्शाउनु होस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

B. Discuss the Land Reform Programme of His Majesty's Government.

श्री ५ को सरकारको भूमि सुधार कार्यक्रम छलफल गर्नु होस् ।

उत्तरः- नेपाल एक कृषि प्रधान देश हो । यहाँका ६१ प्रतिशत जनताको जीविकाको आधार कृषि हो । राष्ट्रिय आयको ६५ प्रतिशत कृषिबाट नै हुन्छ । यसरी कृषि नै नेपालको अर्थ व्यवस्थाको मेरुदण्ड हो । तर सामन्ती व्यवस्थामा गुज्रिरहेको नेपाली समाजमा शोषणको मूल जड नै कृषि भएको छ । सामन्ती व्यवस्थामा देशका अधिकांश जमीनको मालिक जमीन जोत्ने कृषकहरू नभई केही मुठ्ठीभर भूमिपति सामन्तीहरू नै हुन्छन् । यी भूमिपति शोषकहरूको शोषण रुपी जन्जालमा परी जमीनमा रगत र पसीना बगाउने कृषकहरू साँझ बिहानको छाक टार्न नसकी छटपटिरहेका छन् । अर्को तिर त्यही भोला-भाला मेहनती जनताको रगत र पसीनाको मोल लुटी भूमिपति सामन्तीहरू वाल्लिष्टामा खेली भोग बिलासी जीवन बिताइरहेका छन् । सामन्ती भूमि व्यवस्थामा आधारित नेपाली समाजको यस्तो दुःखद र दर्दनाक दशा छ । यस्तो स्थितिमा कृषकहरूमा नैराश्य उत्पन्न भई पैदावार कम हुनु स्वाभाविक छ ।

यस्तो शोषणपूर्ण आर्थिक ढाँचामा राजनैतिक अधिकार निरर्थक र बेकम्बा हुन्छ । यसरी हजारौं वर्ष देखि नेपाली समाजमा हाक्नाबिक्ना फिजाएर रहेको शोषणरूपी सामन्ती जन्जाललाई तोड्न सर्वप्रथम भूमि व्यवस्थामा आमूल परि-

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तन गरी न्यायोचित तरीकाबाट भूमि बितरण हुनुपर्दछ । यही तथ्यलाई ध्यानमा राखी न्यायपूर्ण र शोषणविहीन समाजको रचना गर्ने उद्देश्य भएको पञ्चायत प्रजातन्त्रअन्तर्गत श्री ५ को सरकारले भूमि सुधारयोजना २०२१ साल देखि लागू गऱ्यो । यो योजना २०२१—२२ मा १६ जिल्लाहरूमा र २०२२—२३ मा २५ जिल्लाहरूमा र २०२३—२४ मा बाँकिरहेका ३४ जिल्ला हरूमा लागू भयो । हाल नेपाल अधिराज्यका सम्पूर्ण जिल्ला-हरूमा भूमि सुधार योजना लागू छ । भूमि सुधार योजनाको उद्देश्य (१) मुलुकको आर्थिक विकासमा द्रुततर गति ल्याउन भूमिबाट निस्क्रिय पूंजी र जनसंख्याको भार झिकी अर्थ व्यव-स्थाका अन्य क्षेत्रमा लगाउनु, (२) कृषियोग्य भूमिको न्यायो-चित वितरण र कृषि सम्बन्धी आवश्यक ज्ञान एवं साधन सुलभ गराई भूमिमा आश्रित वास्तविक किसानहरूको जीव-नस्तरमा सुधार ल्याउनु र (३) कृषि उत्पादनमा अधिकतम वृद्धि गर्न प्रोत्साहन प्रदान गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम गर्नु हो । यो उद्देश्यको घोषणा भूमि सम्बन्धी ऐन, २०२१ मा भएको छ, जुन ऐन नै भूमि सुधार कार्यक्रमको मुख्य आधार हो ।

हुनत भूमि सुधार योजना लागू गर्नु भन्दा पहिले पनि २०१३ सालदेखि समय समयमा भूमि सम्बन्धी कानूनहरू बनेर लागू नभएका होइनन् , तर पनि ती सबै छरिएका कानूनहरूलाई एकत्रित गरी एक योजनाको रूपमा नै सञ्चालन गर्न २०२१

CC-0. In Public Domain. Digitization by eGangotri

सालमा भूमि सम्बन्धी ऐन लागू भयो। २०१३ सालमा श्री ५ महाराजाधिराजबाट भूमि सम्बन्धी १३ सूत्रीय कदमहरूको घोषणा भयो। त्यस घोषणाले मोही र जग्गाधनीको लगत तयार गर्न लगाई जग्गा कमाउने मोहीहरूको मोहीयानी हक सुरक्षित गर्ने, जग्गाको उज्जनीको ५० प्रतिशत मात्र कूत तिरो बुझाउने, सलामी वा दस्तुर लिन नपाउने, बिर्ता जग्गाबाट हुने आम्दानी-को अनुपातमा कर लगाउने आदिको व्यवस्था गरेको थियो। त्यसपछि २०१६ सालमा बिर्ता उन्मूलन ऐनले बिर्ता प्रथालाई समाप्त गऱ्यो र बिर्ता जग्गा जग्मै रैकरमा परिणत गरी भूस्वा-मित्व श्री ५ को सरकारमा सारियो। त्यस ऐन अन्तर्गत ठेकि-एको मालपोत उठाएर खाने बिर्तालाई "क" श्रेणीमा र अरू सबै बिर्ताहरू "ख" श्रेणीमा वर्गीकरण गरी "क" बिर्ता श्री ५ को सरकारले आफ्नो अधिकारमा लिई बिर्तावालालाई बढीमा रु. बाह्रहजारसम्म क्षतिपूर्ति दिइने व्यवस्था गरिएको थियो। कृषि उत्पादनमा अधिकतम वृद्धि गर्ने र कृषकहरूको जीवन स्तरमा सुधार ल्याउने उद्देश्यले २०१६ सालमा कृषि सम्बन्धी [नयाँ व्यवस्था] ऐन २०१६ जारी भयो। त्यस ऐनले जमिन्दारी प्रथाको उन्मूलन उज्जनीको ५० प्रतिशत मात्र कूत निर्धारण गर्नुको साथै कूत बुझाइने गरी एक वर्ष वा सो भन्दा बढी अवधिसम्म जग्गा कमाएको किसानले स्वतः मोहियानी हक पाउने व्यवस्था गरेको थियो। उक्त ऐनमा तराईमा २५ बिघा, काठमाडौं उपत्यकामा ५० रोपनी र पहाडी क्षेत्रमा ८० रोपनी

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा बढी जग्गा कुनै एक व्यक्ति वा निजका परिवारले जग्गा धनीको हैसियतले राख्न नपाउने र बढी जति सरकारले लिई किसानहरूलाई बिक्री वितरण गर्ने व्यवस्था गरिएको थियो। २०२० सालमा सर्वप्रथम यो ऐन परीक्षणको रुपमा झापा जिल्लामा लागू गरियो। त्यस पछि तीन जिल्लाहरुमा यो ऐन लागू गरियो। यही परीक्षणको आधारमा बेला बेलामा बनेका भूमि सम्बन्धी ऐनहरूलाई एकत्रित गरी एक सुनियोजित र प्रभावशाली योजनाको रूपमा सञ्चालन गर्ने भूमि सम्बन्धी ऐन २०२१ बन्यो। यो योजना सञ्चालन गर्न जिल्लाहरुमा भूमि सुधार अधिकारीहरूको नियुक्ति भयो र तिनीहरूकै नियन्त्रणमा सर्वप्रथम १६ जिल्लाहरूमा यो ऐन २०२१ सालदेखि लागू भयो।

श्री ५ को सरकारले सञ्चालन गरेको भूमि सुधार योजनाका प्रमुख विशेषताहरु निम्न प्रकारका छन्:—

१. जमीनदारी प्रथाको उन्मूलन:

जमीनदारी सम्बन्धी सबै हक तथा रूल निखम समाप्त गरी सामन्ती व्यवस्थाको प्रमुख लक्षण जमीनदारी प्रथाको उन्मूलन गरिएको छ। अर्को व्यवस्था नभएसम्म स्थानीय पञ्चायतहरु वा श्री ५ को सरकारले तोकेको व्यक्ति मार्फत मालपोत असूल उपर गर्ने कुरा भूमि सम्बन्धी ऐनमा व्यवस्था गरिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. जग्गाको हदबन्दी:

जग्गाधनीले मनोमानी ढंगले हजारौं बिघा जमीन राखी किसानहरूलाई जोताई उत्पादन प्रायः सबै आफैले सोझैं प्रथा हटाउन र जमिनको न्यायोचित वितरण गर्न जग्गाको हदबन्दी गरिएको छ । यस अनुसार तराईमा २५ बिघा, काठमाडौं उपत्यकामा ५० रोपनी र पहाडमा ८० रोपनी भन्दा बढी जग्गाधनीको हैसियतले कुनै एक व्यक्ति वा निजका परिवारले राख्न पाइँदैन । मोहीहरूले पनि आफूले कमाउनै नसक्ने जग्गा राखी उत्पादन घटाउन नदिन मोहीले कमाई खानपाउने जग्गाको हदबन्दी गरिएको छ । यस अनुसार मोहीको हैसियतले तराईमा ४बिघा, काठमाण्डू उपत्यकामा १० रोपनी र पहाडमा २० रोपनी जग्गा मात्र कमाई खान पाउँछ । यस अतिरिक्त तराईमा ३ बिघा, काठमाण्डू उपत्यकामा ५ रोपनी र पहाडमा १० रोपनीसम्म जग्गा घरबारीको लागि राख्न पाइन्छ । व्यापारीक तथा औद्योगिक प्रयोजनका लागि छुट्याइएका जग्गा, धार्मिक, शैक्षिक तथा सहकारी जग्गामा यो हदबन्दी लागू हुँदैन ।

३. जग्गा प्राप्ती :

माथि उल्लिखित हदबन्दी भन्दा बढी निस्केका जग्गा श्री ५ को सरकारले प्राप्त गर्नेछ । यसरी प्राप्त भएका जग्गाको क्षतिपूर्ति (Compensation) दश प्रतिशत नगदमा र बाँकी ऋणपत्रहरु दिइने छ । ऋणपत्रहरूमा तीनदेखि पाँच प्रतिशतसम्म

CC-0. In Public Domain. Digitization by eGangotri

व्याज दिइने छ । श्री ५ को सरकारलाई बुझाउनु पर्ने डिपोजिट, जमानत वा तिर्नु पर्ने कुनै रकम ऋणपत्रहरूद्वारा तिर्न सकिने छ । यसरी श्री ५ को सरकारले लिएको जग्गा भूमिहीन किसान-हरूमा किस्तावन्दीमा बिक्री वितरण गरिन्छ ।

४. मोहीयानी हकको सुरक्षा:

भूमि सुधार योजनाले मोहीहरूको मोहीयानी हक सुरक्षा गरेको छ । भूमि सुधार योजना प्रारम्भ भएको मितिसम्म मोही-को हैसियतले जग्गा कमाई आउने वा मोहीको हैसियतले मुख्य वार्षिक उव्जनी कमाइसकेको व्यक्तिको मोहीयानी हक सुरक्षित गरिएको छ । जग्गावालाले कमाउन दिएको जग्गा आफैले नकमाई अरूलाई कमाउन दिएमा सो कमाउने व्यक्तिनै वास्तविक मोही ठहर्नेछ र उसलाई नै मोहीयानी हक प्राप्त हुन्छ । मोही-यानी हक सन्तान दरसन्तानसम्म भोग चलन गरी खान पाइन्छ तर बेचबिखन गर्न पाइँदैन । कूत समयमा नबुझाएमा वा खेतीपातीमा ध्यान नदिई जग्गाको मोल वा उव्जनी घटाउने काम गरेमा वा एक वर्षसम्म खेती नगरेमा मोहीलाई अदालत-द्वारा निस्कासन गर्न सक्ने व्यवस्था छ ।

५. कूत निर्धारण:

मुख्य वार्षिक उव्जनीको ५० प्रतिशत भन्दा बढी कूतको रुपमा जग्गा वालाले मोहीबाट असुल उपर गर्न पाइँदैन । तर

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचलित दर ५० प्रतिशतभन्दा कम भएमा सोही कम दर कायम हुनेछ। काठमाडौं उपत्यकामा चाहार पाखो जग्गामा प्रति रोपनि २ पाथी ७ माना देखि अवल खेतमा प्रति रोपनी २३ पाथी सम्मको कूत निर्धारण गरिएको छ। कूत बुझिसकेपछि जग्गा वालाले त्यसको रसीद सोहीलाई दिनुपर्छ। जग्गावालाहरूले सोहीबाट कूत बाहेक अरु रकम वा श्रम लिनु हुँदैन।

६. अनिवार्य बचत :

भूमि सुधार कार्यक्रम अन्तर्गत जग्गावाला र सोही दुवै बाट अनिवार्यरुपबाट उज्जनीको केही अंश प्राप्त गरी अनिवार्य बचतको व्यवस्था गरिएको छ। वार्षिक उत्पादनको निश्चित अंश प्रत्येक जग्गावाला र सोहीले अनिवार्य बचतको लागि वार्ड समितिमा बुझाउनु पर्दछ। बचत गरिएको रकममा वार्षिक ५ प्रतिशत व्याज दिने व्यवस्था गरिएको छ। बचत गरेको ५ वर्ष पछि व्याजसहित पूरै रकम एकमुष्ट नगदी वा जिन्सी वा दुवैमा फिर्ता गरिने छ। यो रकम पूरै वा कुनै अंश किसानहरूलाई ऋण दिने वा देश विकास गर्न स्थापित बैंक, कर्पोरेशन वा संगठित संस्थाको शेयर, स्टक वा डिवेञ्चर वा श्री ५ को सरकारले जारी गरेको ऋणपत्रको रुपमा पनि भुक्तान गर्न सक्ने छ। श्री ५ को सरकारका ऋणपत्रहरूद्वारा श्री ५ को सरकारमा बुझाउनु पर्ने कुनै प्रकारको डिपोजित वा जमानत वा तिर्न पर्ने अन्य कुनै रकम भुक्तान गर्न सक्ने छ।

CC-0. In Public Domain. Digitization by eGangotri

७. ऋण व्यवस्था:

भूमि सुधार योजना लागू भए पछि कुनै व्यक्तिको किसानसंग रहेको ऋणको सावाँ र ब्याज लिखित कागजको नकल नै पेश गर्नु पर्ने भयो । यसरी ऋणको फाँटवारी दाखिल हुन आयपछि साहुले सावाँको दोब्बर असुल उपर गरिसकेको भए ऋण मुक्त हुने, नगदी जिन्सीमा सयकडा दश भन्दा बढी ब्याज लिएको भए बढी लिएको ब्याज साँवामा कट्टीहुने, ब्याजको पनि ब्याज लिएको भए साँवामा कटने, जग्गावालाबट मोहीले लिएको बिउमा ब्याज लिएको भए सो ब्याजमा कट्टा गरिने आदि व्यवस्था गरियो । कृषि ऋणमा सयकडा दश भन्दा बढी ब्याज असुल उपर गर्न नपाइने व्यवस्था गरियो । ऋणमा जन्मी, ऋणमा हुर्की बढी, ऋणैमा मर्ने असंख्य किसानहरूलाई यसरी साहुको ऋणको अनन्त चक्रबाट मुक्ति प्रदान गरेको छ । किसानहरूलाई चाहिने ऋणको व्यवस्था कृषि बैंक, बचत संस्थान, विभिन्न सहकारी संस्थाहरूबाट उपलब्ध हुन सक्ने छ ।

८. उखडा उन्मूलन :

नवलपरासी, रुपन्देही र कपिलवस्तुमा प्रचलित उखडा प्रथाको अन्त ऐनद्वारा नै भइसकेको छ । उखड़ा जग्गा जोत्ने किसानहरूको मोहीयानी हक सुरक्षित गरिएको छ र तिनीहरूको नाममा जग्गा दर्ता गरिएको छ । सम्बन्धित उखडा जग्गाको मालपोतको दश दोब्बर बराबरको एक मुष्ट वा पटक पटक गरी

CC-0. In Public Domain. Digitization by eGangotri

उखडावालाहरूलाई मोहीहरूले क्षतिपूर्ति (Compensation) को रुपमा दिनु पर्ने छन् ।

६. किपट प्रथाको अन्त :

भूमि सम्बन्धी दोस्रो संशोधित ऐन, २०२५ अनुसार किपट जग्गा पनि भूमि सुधार कार्यक्रमको परिधिभित्र आएको छ । लिबुआन प्रदेशमा प्रचलित किपट प्रथा अन्तर्गत किपट जग्गाहरू किपटिया सम्प्रदायमा मात्र सीमित रही सरकारले मालपोत समेत उठाउन नपाउने थियो । उक्त ऐन अनुसार किपट जग्गा किपटिया सम्प्रदायका मात्र सीमित नरही बाहिरका व्यक्तिलाई पनि बिक्री बितरण गर्न सक्ने र किपट जग्गामा रैकर सरह सरकारले मालपोत समेत उठाउन पाउने भएको छ ।

भूमि सुधारको प्रगतिः

हालसम्म प्राप्त तथ्याङ्क अनुसार हदबन्दी भन्दा बढी ६१,४७७ बिघा देखिएको छ र ४०,४७१ बिघा सरकारले प्राप्त गरी २३,६४८ बिघा जग्गा बिक्री बितरण गरिएको छ । हालसम्म तयार भएको मोहीको लगत संख्या १८,२७,६०५ हो । यसमध्ये मोहीयानी हकको स्थायी र अस्थायी प्रमाण-पत्रहरू १४ लाख भन्दा बढी मोहीहरूलाई दिइसकेको छ । अहिलेसम्म ३ करोड ६४ लाख ५२ हजार ५७२ रुपैयाको ऋणबाट कृषकहरू मुक्त भएका छन् । अनिवार्य बचत संकलन तर्फ जिन्सीमा ४४,१६,१७० मन र नगदमा रु. १,२०,४६,८८५ संकलन भईसकेको छ । प्रति मनको रु. ३० को दरले जिन्सीको

CC-0. In Public Domain. Digitization by eGangotri

मूल्यांकन गर्ने हो भने करीब रु. १३ करोड चानचुन र नगद रु. १ करोड चानचुन गरी जम्मा रु. १४ करोड भन्दा बढी अनिवार्य बचत कोषमा जम्मा भइसकेको छ ।

भूमि सुधारको समीक्षा:

भूमिमा आधारित नेपालको अर्थ व्यवस्थामा भूमि सुधार योजना साँच्चिकै एक क्रान्तिकारी कदम हो । यसले निश्चय नै जनतामा मनोवैज्ञानिक परिवर्तन ल्याई देशमा एउटा नयाँ वातावरणको सिर्जना गरेको छ । तर यसका उद्देश्यहरू जति स्वागतयोग्य र सराहनीय छन्, त्यति नै यसका कार्यान्वयन र उपलब्धीहरू हुन सकेका छैनन् । भूमिमा रहेका निस्क्रिय पूँजी र जनसंख्याको भारलाई झिकी अर्थ व्यवस्थाका अन्य क्षेत्रमा (अर्थात् उद्योग वाणिज्यको क्षेत्रमा) लगाउने भूमि सुधार योजनाको जुन पहिलो उद्देश्य थियो सो पूरा हुन सकेको छैन । केही भूमिपतिहरू कृषि क्षेत्रबाट हटे तापनि सरकारको उद्योग सम्बन्धी दृढ एवं निश्चित नीति र अनुकूल वातावरणको कमीले गर्दा उद्योगको क्षेत्रमा आएको देखिदैन । यसको फलस्वरुप भूमिमाथिको ठूलो जनभार हटन सकेको छैन । भूमिको न्यायोचित वितरण गर्ने भूमि सुधार कार्यक्रमको दोस्रो उद्देश्य पनि पूर्णत: सफल भएको देखिदैन । कारण भूमिको न्यायोचित वितरण गर्ने सिलसिलामा लागू हुने जग्गाको हदबन्दी धेरै पहिले नै भूमिपतिहरूले थाहा पाइसकेका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

यसैले एघटै परिवारका १६ वर्ष माथिका सदस्यहरू बाहिरी रुप-बाट भिन्दा भई तिनीहरूको नाममा वा आफन्तहरूको नाममा जग्गा दर्ता पहिले नै भइसकेको थियो। यसैले हदबन्दी भन्दा बढी देखिएको जग्गा ज्यादै कम हुन पुगेको छ। तेस्रो उद्देश्य कृषि उत्पादनमा वृद्धि गर्ने पनि पूर्ति हुन सकेको छैन। उद्देश्य अनुरुप उपलब्धि हासिल नभएको तेस्रो योजनाको प्रगति विव-रणले नै बताउँछ। तेस्रो योजना (२०२२-२७) कालमा खाद्यान्न उत्पादनमा १५ प्रतिशत र नगदेवाली उत्पादनमा ७२ प्रतिशतले वृद्धि गर्ने लक्ष्य निर्धारित भएकोमा योजनाको ४ वर्षको प्रगति हेर्दा जम्मा १० प्रतिशत खाद्यान्नमा र नगदेवालीमा पनि लक्ष्य भन्दा धेरै कम उत्पादन भएको देखिन्छ। यसरी कृषि उत्पादन वृद्धि गर्ने उद्देश्य पूर्ण हुन सकेको छैन। यस अतिरिक्त अनिवार्य बचत अन्तर्गत उठाइएको करोडौं करोड रुपैयाँको हिसाब नियमित र ठीक तरीकाबाट राख्न नसकी हिनामिना भएको सर्वमा विदित नै छ। यही कारणले गर्दा हाल बचत संकलन स्थगित छ। यी सब त्रुटि र कमजोरीहरूलाई पूरा ध्यान दिई सरकारले भूमि सुधार कार्यक्रमका उद्देश्यहरूको प्राप्तिको लागि विशेष तत्परतापूर्वक र प्रभावकारी ढङ्गबाट पाइला चाल्नु परेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक पक्ष

Q. No. 34

Discuss the Nature and Structure of the Nepalese Society.

नेपाली समाजको स्वभाव र रचना (ढाँचा) छलफल गर्नु होस् ।

उत्तरः—धर्म र राजसंस्थामा अगाध आस्था र विश्वास भएको नेपाली समाज मुख्यतः कृषि व्यवसायमा आधारित छ । यसरी कृषिमा आधारित नेपाली समाज अरु समाजहरू जस्तै सामन्ती व्यवस्थाको जन्जालमा अलमलिरहेको पाइन्छ । हुनत सामन्ती व्यवस्थालाई अन्त गर्न अनेक प्रयासहरू जारी छन तथापि पूर्णतः यसको अन्त भइसकेको छैन । सामन्ती व्यवस्थालाई अन्त गरी आधुनिक बन्न जुरमुराई सकेको नेपाली समाज वस्तुतः संक्रमणकालीन अवस्थामा छ । यसैले नेपाली समाजका अनेकन सामाजिक मान्यताहरू बदलदै छन् ; नयाँ मान्यताहरूले पूरानो मान्यताहरूको स्थान लिन संघर्ष गर्दै छन् ।

समाजको विकासको अवस्थाको दृष्टिकोणमा समाज शास्त्रीहरूले समाजलाई मुख्यत ३ वर्गमा विभाजित गरेका छन्। ती हुन् (१) आदिम समाज (Primitive Society) (२)

CC-0. In Public Domain. Digitization by eGangotri

संक्रमणकालीन समाज (Transitional Society) र (३) आधुनिक समाज (Modern Society) । आदिम समाजका सदस्यहरूको बीचको सम्बन्ध ज्यादै निकटतम र आत्मिय हुन्छ। किनभने तिनीहरूको समाजको स्वरुप ज्यादै सानो, स्थानीय र रक्तसम्बन्धमा आधारित रहेको हुन्छ । यस्तो समाजमा धर्म, परम्परा र रीतिथितिले ज्यादै महत्वपूर्ण स्थान ओगटेको पाइन्छ। यस्तो समाजका खाँचोहरूको पूर्ति मुख्यतः कृषि उत्पादनबाट भइरहेको हुन्छ र समाजको उत्पादन, बितरण र उपभोगको क्षेत्र ज्यादै साँगुरो हुन्छ । स्थानीय साधन र क्षमताको परिचालन आफ्नै परम्परागत तरीकाबाट भएको हुन्छ । त्यो समाजमा बाहिरी संसारसंग सम्बन्ध कायम राख्ने साधन र सुबिधाको अभाव हुने भएकोले यसको क्षेत्र ज्यादै सीमित रहन्छ ।

परम्परागत र सीमित क्षेत्रको बन्धनबाट मुक्त हुन खोजी बाहिरी संसारसंग बढी सम्पर्कमा आई आधुनिक विज्ञान र प्राविधिक ज्ञान (Science and Technology)को चमत्कार-पूर्ण प्रगतिप्रति विशेष आकर्षित भई समाजको ढाँचामा नै आमूल परिबर्तन खोज्ने संक्रमणकालीन अवस्थाको समाजलाई संक्रमणकालीन समाज भनिन्छ । यो अवस्थाको समाजले विशेष गरी कृषि क्षेत्रको संस्थागत परिबर्तन गरी कृषि क्षेत्रमा ठूलो क्रान्ति ल्याई औद्योगिक विकासको बाटोतिर अग्रसर रहेको हुन्छ । आधुनिक बन्न चाहने समाजको संक्रमणकालीन अवस्था त्यो अवस्था हो, जुन अवस्थामा पूरानो संस्था र

CC-0. In Public Domain. Digitization by eGangotri

मान्यताहरू पूरा मात्रामा छोड्न सकेको हुँदैन भने नौलो संस्था र मान्यताहरू पनि पूर्णतः अङ्गाल्न सकेको हुँदैन । यस्तो अवस्थालाई अर्को शब्दमा भन्ने हो भने यो ठूलो मानसिक संघर्षको अवस्था हो । नेपाली समाज यही संक्रमणकालीन अवस्थामा गुज्रिरहेको छ ।

आधुनिक समाजको मुख्य आधार नै आधुनिक विज्ञान र प्राविधिक ज्ञान हो । यो समाज भौतिकरुपले ज्यादै सम्पन्न हुन्छ । भौगोलिक दूरतालाई खतम गरी सो समाज ज्यादै व्यापक र विस्तृत भए तापनि यसका सदस्यहरूको बीच पहिलेको जस्तो आत्मिय र निकटतम सम्बन्ध रहँदैन । धेरै जसो आर्थिक दृष्टिवाट तिनीहरूको सम्बन्ध निर्धारण भएको हुन्छ । तिनीहरुको बीच हर क्षेत्रमा तीव्र प्रतियोगिता हुन्छ । यसले व्यक्तिवादी प्रवृत्तिको विकास बढ्दो रुपमा गरेको हुन्छ । यस्तो समाजमा स्थानीय साधन र जन शक्तिको प्रयोग बढीसे बढी मात्रामा भई बृहत उत्पादन (Mass Production) हुन्छ । यसले समाजको सम्पूर्ण स्वरुपलाई नै जटिल (Complicated) बनाएको हुन्छ ।

यी त भए संसारमा प्रचलित समाजहरूको केही रुपरेखा । अब नेपाली समाजको स्वभाव कस्तो छ, त्यस सम्बन्धमा तल छलफल गरिन्छ । नेपाली समाजको प्रमुख स्वभाव निम्न प्रकारको छः-

१. अन्तरमुखी
२. धर्ममा लीन
३. कर्तव्यपरायण र शान्तिप्रिय
४. मेहनती र स्वतन्त्रता प्रेमी

CC-0. In Public Domain. Digitization by eGangotri

१. नेपाली समाज पूर्वीय संस्कृति र सभ्यतामा आधारित भएकोले पूर्वीय संस्कृति र सभ्यता जस्तै नेपाली समाज पनि अन्तरमुखी (Introvert) स्वभावको छ । अन्तरमुखी स्वभावको अर्थ बाहिरी संसारको प्रभाववाट ज्यादै कम प्रभावित भई आफ्नै रहन सहन, बोली भाषा, रीतिथिति, परम्परा आदिमा आश्रित रही आफैमा व्यस्त रहने स्वभाव हो । यसको विपरित पश्चिमी समाज प्रायः बाह्यमुखी (Extrovert) स्वभावको छ । यसैले पश्चिमी समाजले जति बाहिरी संसारसंग सजिलैसित मिल्न र अनुकरण गर्न सक्दछ त्यति सजिलैसित नेपाली समाजको अन्तरमुखी स्वभावले गर्न दिंदैन । हुनत आजभोलि नेपाली समाजमा पनि शिक्षाको विकास र पश्चिमी समाजको सम्पर्क र प्रभावले केही मात्रामा बाह्य मुखी लक्षणहरू देखिन थाले का छन् तथापि नेपाली समाजको स्वभाव मुख्यतः अन्तर-मुखी नै भन्नु पर्दछ ।

२ धर्मभिरु नेपाली जनता भएकोले समाजको स्वभाव धर्ममा लीन भएको पाइन्छ । नेपाली समाजको रचना गर्नमा र मानिसको आत्म सन्तुष्टि गर्नमा धर्मले ठूलो भूमिका निभाएकोले नेपालीहरू प्रायः धर्मावलम्वी देखिन्छन् । जन्म देखि मृत्यु पर्यन्तका अनेक कृयाकलापहरू जस्तै चाडपर्व, विवाहव्रारी, शुद्धिकर्म आदिको मूल जडको रुपमा धर्म नै रहेको पाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. कर्तव्य परायणता, आफू भन्दा ठूलाबडाको मान मर्यादा, आतिथ्य सत्कार र शान्तिप्रियता नेपाली समाजको अर्को प्रमुख स्वभाव हो । आफूलाई सुम्पेको काम पूरा गर्ने, आफ्नो कर्तव्य पालन गर्ने, आफू भन्दा ठूलाबडाको आदेश लाई शिरोपर गर्ने, घरमा आएको अतिथिको स्वागत सत्कार गर्ने र सबैसित शान्तिपूर्वक मैत्रीपूर्ण ढंगले मिलेर बस्ने नेपालीहरूको स्वभाव हो ।

४. मेहनती र स्वतन्त्रता प्रेमी स्वभाव नेपाली समाजको अर्को प्रमुख स्वभाव हो । नेपालीहरू आफ्नो काममा शारीरिक र मानसिक दुबै किसिमले निरन्तर मेहनत र परिश्रम गर्नमा खुशी मान्दछन् । एकातिर नेपाली समाज मेहनती स्वभावको छ भने अर्कोतिर आफ्नो स्वतन्त्र अस्तित्व जोगाउन प्राण समेत बलिदान गर्न सदा तत्पर रहने वीर नेपालीहरूको यो समाज हो । यसैले नेपाली समाज कसैको अधीनमा रहेको छैन ।

नेपाली समाजको ढाँचा:

नेपाल र नेपालीको इतिहास ज्यादै लामो छ तथापि विभिन्न सम्प्रदायहरूमा सीमित रहेका सबाना समाजहरूलाई बडा महाराज पृथ्वीनारायण शाहको अथक प्रयासको फलस्वरूप राजनैतिक रुपले एक विशाल नेपाली समाजको सृजना भयो । नेपाली समाजको रचना (ढाँचा) निम्न प्रकारले छलफल गरिन्छ :—

CC-0. In Public Domain. Digitization by eGangotri

१. अनेकतामा एकता
२. धर्म
३. राजसंस्था
४. समन्वयात्मक संस्कृति र सभ्यता

१) अनेकतामा एकता:

जातिको व्यापक दृष्टिकोणले नेपाली समाजको रचना आर्य र मङ्गोलियन जातिको मिश्रणबाट भएको पाइन्छ । मुख्यतया दुइ जात भए पनि फरक भौगोलिक अवस्थाहरूमा रहन पुगेका यी जातिहरूमा भिन्न बोलि भाषा, रहनसहन, धर्म, संस्कृति आदिको क्रमशः विकास भयो । यसरी भौगोलिक र अन्य कारणहरूको फलस्वरुप विभिन्न सम्प्रदायहरूमा सीमित रहेका सबाना छरिएका समाजहरूलाई एकताको सूत्रमा आवद्ध गरी एक विशाल नेपाली समाजको सिर्जना भएको छ । यसैले नेपाली समाजको रचनाको मूल आधार नै अनेकतामा एकता हो । यही तथ्यलाई ध्यानमा राखेर नै नेपाली समाजलाई विभिन्न जातिको फूलबारीको रुपमा लिइन्छ ।

२) धर्म:

प्राचीन काल देखि देवभूमि र तपोभूमि मानिएको नेपालको समाजको सृजना मनुऋषीबाट भएको मान्नेहरू आज पनि नभएका होइनन् । वैदिक धर्ममा आधारित वर्ण व्यवस्था अर्थात् चारवर्ण ब्राहमण, क्षत्री, वैश्य र शुद्रमा नेपाली समाज विभाजित भएको पाइन्छ । व्यवसायको आधारमा मात्र खडा

CC-0. In Public Domain. Digitization by eGangotri

भएको वर्ण व्यवस्था भए तापनि कालान्तरमा धार्मिक अन्ध विश्वास र ढढीवादले गर्दा सामाजिक ढाँचामा नै ठूलो विकृति आयो । यही विकृति अन्त गरी एक आदर्शमय अर्को धर्मको प्रतिपादनको लागि गौतम बुद्ध जस्ता शान्तिका अग्रदूतले अभियान चलायो । फलस्वरुप नेपाली समाज मुख्यतः हिन्दू र बौद्ध धर्ममा विभाजित भयो । यसरी धर्मको जरामा पलाएको नेपाली समाजका क्रियाकलापहरूको मूल स्रोत नै धर्म भएको छ । यसैले नेपालीहरूमा धार्मिक प्रवृत्ति देखा पर्छ । मानव मात्रको हित र कल्याण नै संसारका सबै धर्मको सार मान्ने नेपाली समाजको धर्मप्रतिको अगाध आस्था र विश्वासले धार्मिक सहिष्णुतालाई विकास गरेको छ । वास्तवमा यही धार्मिक सहिष्णुता नै नेपाली समाजको एक अनुपम विशेषता हो ।

3. राज संस्था:

आपसमा हानथाप र झै झगडा गरी टुक्रिएर कमजोर र शिथिल भएका अनेकन सम्प्रदायहरूमा सीमित रहेका सबाना समाजहरूलाई एकै सूत्रमा आवद्ध गरी विशाल नेपाली समाजको सिर्जना राज संस्थाबाट नै भएको छ । यसैले नेपाली समाजको एकताको मुख्य आधार राज संस्था हो । राज संस्था प्रति नेपाली मात्रले अगाध आस्था र विश्वास राख्दछन् । नेपाली समाजको सम्पूर्ण शक्तिको मूल स्रोत राज संस्थाले नै नेपाली समाजको निर्माण, हेरचाह र संरक्षण गरेकोले राजालाई एक मात्र सर्वोच्च र सर्वमान्य नेताको रुपमा नेपालीहरूले

CC-0. In Public Domain. Digitization by eGangotri

मान्दछन् । यसैले राजाको आव्हानले नेपाली समाजलाई प्रेरित गर्दछ र त्यसको निम्ति जस्तो सुकै त्याग, तपस्या र बलिदान गर्नमा पनि नेपालीहरू सदा तत्पर रहन्छन् ।

समन्वयात्मक संस्कृति र सभ्यता:

चीन र भारतको बीच कडी (Link) जस्तो भएर प्राचीन कालदेखि संस्कृति र सभ्यताको मुहानको रुपमा नेपाल रहेको छ । मंगोल तथा आर्य संस्कृति र सभ्यताको सम्मिश्रणले नेपालमा एउटा अनुपम समन्वयात्मक संस्कृति र सभ्यताको सिर्जना भएको छ । यसले वर्ग र जात जस्ता विभाजनका रेखा हरूलाई नाघेर एकताको बिशाल अंगालोमा नेपाली मात्रलाई अंगालेको छ । जसरी अरु मुलुकहरूमा धर्मको नाममा भयङ्कर काटमार चल्यो, त्यस्तो संघर्षको कुनै स्थान नेपाली समाजमा नरहनु हाम्रो संस्कृतिको एक ठूलो विशेषता हो । त्यस्तै नेपाली समाजको परम्परा, भाषा, रहनसहन आदि पनि समन्वयात्मक रुपमा रहेको पाइन्छ । यसरी समन्वयात्मक संस्कृति र सभ्यता नेपाली समाजको एक महत्वपूर्ण आधार भएको छ ।

Q. No. 35.

A. "Mulki Ain (Civil Code) aims at modernising the Nepalese Society." Discuss.

"मुलुकी ऐनले नेपाली समाज आधुनिकीकरण गर्ने लक्ष्य राखेको छ ।" छलफल गर्नु होस् ।

C. Discuss the Role of the Civil Code in elimi-

CC-0. In Public Domain. Digitization by eGangotri

nating social evils of the Nepalese Society.

नेपाली समाजका सामाजिक खराबीहरू निर्मूल गर्नमा मुलुकी ऐनको स्थान छलफल गर्नु होस् ।

उत्तर:—जातपातको संकुचित घेरामा रही अन्धविश्वास र रुढीवादमा आधारित धर्मको मायामोहमा अलमलिई अनेकन सामाजिक कुरीतिहरूको जाँतोमा पिँधिई निस्प्राण भईसकेको नेपाली समाजलाई आधुनिक युगानुकूल बनाउन नयाँ मुलुकी ऐनले एक नौलो दिशा प्रदान गरेको छ । परिवर्तनशील संसारमा सबै कुराको परिवर्तन भइरहन्छ । यही परिवर्तनको अनन्त चक्रमा कुनै पनि समाज देश, काल र परिस्थिति अनुसार परिवर्तनको प्रवाहमा बग्दै जाने गर्छ । यसैले हो हिजोको सति सत्य आज असत्य भई फयाकिनु पुगेका छन् । परिवर्तनशीलतालाई स्वीकार गरी गतिशील बन्न सक्ने समाज नै वास्तवमा सभ्य र आधुनिक समाज हुन सक्दछ । समय र परिस्थिति विपरित पुरानै विचार, रीतिथिति र परम्परालाई च्यापि रहे-सम्म समाज गतिशील र आधुनिक हुन सक्दैन । यस्तो समाजले युगको चुनौतिलाई सामना गरी देशलाई अगाडि बढाउन सक्दैन । यही तथ्यलाई हृदयङ्गम गरी वर्तमान राजनैतिक,आर्थिक र सामाजिक व्यवस्था अनुरुप नेपाली समाजलाई आधुनिकीकरण गर्न जङ्गबहादुर राणाको पाला देखि (अर्थात् १९१० साल देखि) चलि आएको मुलुकी ऐनलाई संशोधन गरी नेपाल अधिराज्यमा चिर कालसम्म शान्ति र सुव्यवस्था कायम

CC-0. In Public Domain. Digitization by eGangotri

राख्न र विभिन्न वर्ग, जात, जाति र क्षेत्रका जनताको बीच सुसम्बन्ध बनाई राख्ने उद्देश्यले २०२० साल भाद्र १ गते देखि नयाँ मुलुकी ऐन लागू भएको छ ।

सामाजिक खराबीहरूलाई निर्मूल गरी नेपाली समाजलाई आधुनिकीकरण गर्ने प्रयासमा नयाँ मुलुकी ऐन अवश्यै एक क्रान्तिकारी कदम हो । यसले नेपाली समाजमा व्याप्त केके सामाजिक खराबीहरूलाई निर्मूल गरी कस्तो आधुनिक समाजको निर्माण गर्न खोजेको छ त्यस विषयमा निम्न लिखित शीर्षकहरू अन्तर्गत छलफल गरिन्छः-

१. कानूनी समानता:

जात, जाति, धर्म, लिङ्ग आदिको आधारमा एकै कसूरमा पनि फरक फरक सजाय दिने कानूनी व्यवस्थालाई नयाँ मुलुकी ऐनले अन्त गरेको छ र कानूनी समानताको सिद्धान्त अङ्गालेको छ । आधुनिक युगमा कानूनले जात, जाति, धर्म लिङ्ग आदिको फरक मान्दैन । कानूनको अघिल्तिर सबै मानिस एक समान र बराबर मानिन्छ । मानिसहरू जात, जाति, धर्म, लिङ्ग आदिमा बिभक्त रहे तापनि कानूनको समक्ष कोही पनि ठूलो वा सानो हुन सक्दैन; सब बराबर र समान हुन्छन् । ठूलो जातको मान्छेले कसूर गरेमा सजाय नहुने, स्वास्नी मानिसले गरेको कसूरमा आधामात्र सजाय दिने आदि भेदभावपूर्ण सजाय दिने कानूनी व्यवस्था रुढीवाद र धार्मिक अन्धविश्वासको उपज मात्र हो, जुन आधुनिक समाजले मान्यता दिंदैन । कानूनको प्रयोगमा र

CC-0. In Public Domain. Digitization by eGangotri

सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि व्यक्तिमाथि धर्म, वर्ग, लिङ्ग, जात, जातिको आधारमा भेदभाव र पक्षपात नगरिने संविधानद्वारा प्रदत्त कानूनी समानताको हकलाई नयाँ मुलुकी ऐनले मूल आधार बनाई छोटा बडा सबैलाई कसूर अनुसार एकै सजाय हुने कानूनी समानताको सिद्धान्त अपनाएको छ। यसले कानूनी राज स्थापित गरी नेपाली समाजलाई आधुनिक बनाउन ठूलो मदत दिने छ।

२. छुवाछूत (जातपात) को अन्तः

नेपाली समाजमा कुरीति र कुप्रथाको रूपमा ठूलो र सानो, पानी चल्ने र नचल्ने, छुन हुने र नहुने आदि अनेक जातहरू छन्। हुनत कार्य विभाजन गरी सबै आ-आफ्नो कार्यमा निपूण होउ भन्ने हेतुले जयस्थिति सल्लले नेपाली समाजलाई विभिन्न जात जातिमा विभाजित गरेको थियो। तर कालान्तरमा यही कार्य विभाजनको रूपमा रहेको जात जाति नेपाली समाजमा ठूलो र सानो, छुन हुने र नहुने, पानी चल्ने र नचल्ने आदि अभिशापको रूपमा देखा पऱ्यो। यही छुवाछूत वा जातपातको आधारमा मुलुकी ऐनमा समेत न्यायनिसाफ गर्ने व्यवस्था थियो। नेपाली समाजमा यसरी अभिशापको रूपमा रहेको छुवाछूत (जातपात) को अन्त नयाँ मुलुकी ऐनले गरेको छ। आधुनिक युगले मानिस मात्रको जात एकै मान्दछ। यसैले जातपात वा छुवाछूतको कुनै महत्व छैन। धर्म शास्त्र अनुसार पनि ईश्वरका एकै सन्तान मानिस कसरी सानो र ठूलो जातका

CC-0. In Public Domain. Digitization by eGangotri

हुन सक्दछ । नेपाल आमाका सन्तान हामी सबै नेपाली एकै जातका हौं । यसैले नयाँ मुलुकी ऐन अनुसार जुनसुकै जातको केटाले अर्को जातकी केटीसंग दुवैको इच्छा भएमा विवाह गर्न सक्दछ । जातपात वा छुवाछूत मानी हिंडनेलाई दण्ड सजायको व्यवस्था नयाँ मुलुकी ऐनले गरेको छ ।

३. विवाह प्रथामा सुधार:

समाजलाई स्थायीत्व प्रदान गर्ने विवाह प्रथा पनि कुरीति, रुढीवादी परम्परा र धार्मिक अन्धविश्वासले ग्रस्त थियो । पुरुष प्रधान नेपाली समाजमा नारीमाथि अनेक प्रकारका शोषण हुन्थ्यो । नेपाली समाजमा कुरीतिको रुपमा रहेको विवाह प्रथामा बाल, बहु र अनमेल विवाहहरु हुन् । विवाहको वास्तविक अर्थ नै थाहा न पाउने उमेरमा ठूलो पूण्य कमाउने मृगतृष्णा राख्ने बाबु आमाको इच्छानुसार बालबालीकाहरूको विवाह हुन्थ्यो । पुत्र बिना पिण्ड नपाउने, घरगृहस्थीको आवश्यकता जस्ता निहु थापी आफ्नो वासना तृप्तिको लागि मन लागेको संख्यामा पुरुषले बहुविवाह गर्न सक्थ्यो । यसरी पुरुषको खेलौनाको रुपमा नारी रहनु पर्थ्यो । त्यस्तै ७७ वर्षको बुढोले पनि पनातीनी भन्न सुहाउने ७ वर्षकी कन्यासित विवाह गर्ने गर्थ्यो । यस्तो अनमेल विवाहले विधवाहरुको संख्या बढायो र यौवनावस्थादेखि नै विधवा भई जीवन बर्बाद गरिरहेका घेरै दिदी बहिनीहरू अहिले पनि छन् । सामाजिक व्यवस्थाका यस्ता खराबीहरू थाहा पाइपाइकन पनि विवश भएर नारीहरुले आफ्नो जीवन सामाजिक कुरीतिहरुमा

CC-0. In Public Domain. Digitization by eGangotri

बलि चढाउनु पर्थ्यो । यसले गर्दा विवाहको वास्तविक अर्थ नै गुम भईसकेको थियो । यस किसिमको सामाजिक कुरीति रहेसम्म नेपाली समाज आधुनिक र उन्नतिशील हुन नसक्ने कुरा स्वतः सिद्ध छ । यसैले यी कुरीतिहरूको रूपमा रहेका बाल विवाह, बहु विवाह र अनमेल विवाहलाई नयाँ मुलुकी ऐनले अन्त गरेको छ । यस किसिमका विवाह गर्नेलाई मुलुकी ऐनले सौर कानूनी घोषणा गरी दण्ड सजायको व्यवस्था गरेको छ । बाल विवाहलाई अन्त गर्न नयाँ मुलुकी ऐनले वरको उमेर १८ वर्ष र वधुको उमेर १४ वर्ष नपुगिकन विवाह गर्न नपाउने र गराउन खोज्नेलाई कानूनी उपमा दण्ड सजायको व्यवस्था गरेको छ । त्यस्तै बहु विवाहलाई रोक्न पहिलो पत्नीबाट १० वर्षसम्ममा कुनै सन्तान नभएमा वा पत्नीलाई कुनै किसिमको डरलाग्दो सडवा रोग लागेमा बाहेक दोस्रो विवाह गर्न बन्देज राखेको छ । जथाभावी पहिले जस्तो बहु विवाह गरेर हिंड्ने वर वधु दुवैलाई दण्ड सजायको व्यवस्था गरेको छ । त्यस्तै दुलाहा-दुलहीको उमेरमा आकाश जमीनको फरक परेमा पनि हुने अनमेल विवाहलाई रोक्न वर र वधुको उमेरमा बढीमा २० वर्ष भन्दा फरक हुन नहुने बोकेको छ ।

आधुनिक विचारधारा अनुसार उपयुक्त उमेरका वर र वधुको राजी खुशी भएमा कानूनी विवाह (Civil Marriage) र विधवा विवाह गर्न सक्ने व्यवस्था पनि नयाँ मुलुकी ऐनले गरेको छ । लोग्ने र स्वास्नी दुवैको खुशी राजी भएमा विवाह

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध विच्छेद (Divorce) गर्न सक्ने व्यवस्था छ । यस अतिरिक्त छुवाछूत वा जातपातको अन्त भइसकेकोले अन्तरजातिय र अन्तर-धार्मिक विवाह पनि हुन सक्छ । विवाह प्रथामा यी सुधारहरूले गर्दा नेपाली समाज गतिशील र आधुनिक बनाउनमा ठूलो महत गर्ने छ ।

४. दण्ड सजाय व्यवस्थामा परिवर्तन :

मुडन, जनै झिकी दिने, पतिया लिनुपर्ने, टाँगमुनि छिराउने, अभक्ष (सुँगुरको मासु) खुवाउने आदि धार्मिक आधारमा रहेको अनौठो किसिमका दण्ड सजाय व्यवस्थाको अन्त नयाँ मुलुकी ऐनले गरेको छ । किनभने धार्मिक विश्वास र सामाजिक दृष्टिकोणमा आएको परिवर्तनको सन्दर्भमा अव त्यस्तो सजाय व्यवस्थाको कुनै उपयोगिता छैन । यसबाट अपराधीलाई यथोचित्त सजाय नहुने भई सजायको उद्देश्य नै विफल हुने देखिन्छ । आजको युगमा सुँगुरको मासु खाँदैमा वा कसैको टाँगमुनिबाट छिर्दैमा छुटकारा पाउने हो भने शायद जारीको जस्तो अनैतिक अपराध गर्ने कुनै पनि अपराधी हिचकिचाउँदैन होला । यसैले त्यस्ता सजायहरूको सट्टामा अपराधको प्रकृति र अवस्थाको विश्लेषण गरी त्यसको आधारमा दण्ड सजायको व्यवस्था गर्नु पर्ने भएकोले नयाँ मुलुकी ऐनमा अव कैद र जरिवानाको रुपमा मात्र दण्ड सजायको व्यवस्था गरिएको छ । यसरी दण्ड सजायको व्यवस्थामा पनि आधुनिकीकरण गरिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

५. धार्मिक अन्धविश्वासको अन्त:

ब्राम्हणले धर्मको ठेकेदार भई आफ्नो स्वार्थ सिद्धिको लागि अनेकन व्यवधानको रुपमा धार्मिक अन्धविश्वास खड़ा गरी नेपाली समाजको धार्मिक जीवन नै उच्छृङ्खल र अपवित्र बनाई सकेकोले यस किसिमको धार्मिक अन्धविश्वासलाई नयाँ मुलुकी ऐनले अन्त गरेको छ। धर्म भनेको मानिसको व्यक्तिगत विश्वास हो। यसको लक्ष्य मानव मात्रको कल्याण हुनु पर्दछ। स्वर्गको आशा र नरकको डर त्रास देखाई भोलाभाला जनतालाई ठगिरहेको धर्म वास्तवमा धर्म होइन; त्यो त ठूलो कुकर्म हो। धार्मिक विश्वासको आधारमा कायम रहेको अनेकन सामाजिक कुरीतिहरु जस्तै छुवाछूत, पुरानो विवाह प्रथा र दण्ड सजायको व्यवस्था आदि समाजका गलत मान्यताहरु नै मुलुकी ऐनले कानूनी रुपबाट अन्त गरिसकेकोले यी मान्यताहरुको साथमा धार्मिक अन्धविश्वास पनि स्वत: लोप भएर जानेछ।

६. सामाजिक एकता:

समाजमा व्याप्त अनेकन कुरीति, कुप्रथा र अमानवीय रीतिरिवाजहरुलाई अन्त गरी नयाँ मुलुकी ऐनले नेपाली समाजका प्रत्येक सदस्य धर्म, लिङ्ग, जात, जातिको फरक बिना त्यतिकै सम्मानपूर्ण र जिम्मेदारीपूर्ण सदस्य बनाएको छ। यसरी नेपाली सबलाई मुलुकी ऐनले समान रुपमा समाजको अधिल्तिर उभ्याई नेपाली समाजमा एकता र अपासी मेलमिलापको भावना जागृत पारेको छ। किनभने शस्त्र-अस्त्र उठाई त्यागको

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था भए सहयोगको ठाउँमा कलह, कै झगडा हुने सम्भावना थियो। तर शान्तिपूर्ण ढंगले ल्याइएको सामाजिक सुधार (नयाँ मुलुकी ऐन) ले निश्चय नै नेपाली समाजमा एकता र भाइचाराको भावना जगाउने छ। यस्तो भावना आधुनिक समाजको लागि नभई नहुने एक महत्वपूर्ण विशेषता हो।

नयाँ मुलुकी ऐनले नेपाली समाजमा रहेका माथि उल्लिखित खराबीहरूलाई निर्मूल गर्न कानूनी रुपमा व्यवस्था गरे तापनि यो पूर्णरुपमा सफल हुन सकेको छैन। नेपाली समाजमा व्याप्त अशिक्षा, अन्धविश्वास र युगानुकूल चेतनाको अभावले गर्दा ऐनको विपरित पनि लुकी छिपी कार्यहरु भइरहेको पाइन्छ। यसको निमित्त सबै शिक्षित र जागृत नेपालीले नबुझने र नसम्झनेलाई बुझाउनु र सम्झाउनु परेको छ।

Q. No. 36

What are the Social Objectives of Panchayat Democracy as incorporated in the Constitution of Nepal ? What Measures have been taken to achieve them ?

नेपालको संविधानमा उल्लिखित पञ्चायत प्रजातन्त्रका सामाजिक लक्ष्यहरू के के हुन् ? तिनीहरूलाई प्राप्त गर्न के के उपायहरू अपनाइएका छन् ?

उत्तरः- कुनै पनि देशको राजनैतिक व्यवस्था त्यस देशको सामाजिक ढाँचा र अवस्थामा निर्भर गर्दछ। राजनैतिक

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था विगो र दरिलो बनाउन त्यस व्यवस्थाका आदर्श र उद्देश्यहरुलाई अङ्गाल्न र मजबूत गर्न सक्ने सामाजिक जीवन-को आवश्यकता पर्दछ । यसैले पञ्चायत प्रजातन्त्रको आदर्श र उद्देश्य अनुरुपको समाजको सिर्जना गर्न नेपाली समाजमा बाधा-को रुपमा रहेका अनेकन कुरीति र अन्ध विश्वासलाई हटाई सामञ्जस्यपूर्ण र नैतिकतामा आधारित एक स्वस्थ सामाजिक जीवनको आधारशीला कायम गर्ने सामाजिक लक्ष्य रहेको छ ।

नेपालको संविधानको भाग ४ को धारा १६ उपधारा १ मा "व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषण-रहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य हुने छ ।" भनी घोषणा गरिएको छ । यो पुनित उद्देश्य प्राप्तिको लागि पञ्चायत प्रणालीका राजनैतिक, आर्थिक र सामाजिक लक्ष्यहरूको निर्धारण संविधानद्वारा नै भएको छ । संविधानको धारा १६ उपधारा ४ अनुसार "माथि उल्लिखित उद्देश्य अनुरुपको समाजको सृजना गर्ने काममा साधारण जनतालाई क्रियाशील तुल्याउने मार्गमा रहेका बाधाहरू हटाई सामञ्जस्यपूर्ण र नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु पञ्चायत प्रणा-लीको सामाजिक लक्ष्य हुने छ ।"

नेपालको संविधानको उपर्युक्त घोषणा अनुसार नेपालमा पञ्चायत प्रजातन्त्र अन्तर्गत सृजना हुने नेपाली समाजको स्वरुप निम्न प्रकारको हुनेछः—

१. प्रजातान्त्रिक;
२. न्यायपूर्ण;
३. गतिशील; र
४. शोषणरहित;

CC-0. In Public Domain. Digitization by eGangotri

१. प्रजातान्त्रिक समाज:

प्रजातन्त्र केवल शासन पद्धति मात्र होइन यो सामाजिक जीवनको एक पद्धति पनि हो। प्रजातन्त्र शासन व्यवस्थालाई दिगो र दरिलो बनाउने हो भने समाजलाई सर्वप्रथम प्रजातान्त्रिक बनाउनु आवश्यक छ। अर्थात् प्रजातन्त्रका आधारभूत सिद्धान्तहरू जस्तै समानता, स्वतन्त्रता र भ्रातृत्व आदिलाई सामाजिक जीवनको मूल आधार बनाउनु पर्दछ। प्रजातन्त्रलाई तल जगदेखि नै मजबूत गर्दै लैजाने उद्देश्य रहेको पञ्चायत प्रजातन्त्रले प्रजातन्त्रका यी मूलभूत लक्षणहरूले भरिएको प्रजातान्त्रिक समाजको सिर्जना गर्ने उद्देश्य राखेको छ।

२. न्यायपूर्ण समाज:

समाजका सबै सदस्यहरूको न्यायोचित हकको संरक्षण र सम्मान गरी सर्वाङ्गीण विकासको लागि समान अवसर र सुविधा उपलब्ध गर्ने समाज नै वास्तवमा न्यायपूर्ण समाज हुन सक्दछ। समाजमा सबैले कमसेकम खाने, लाउने र बस्ने प्राथमिक आवश्यता पूर्ति गर्न सक्नु पर्दछ र आफ्नो चौतर्फी विकासको लागि कुनै किसिमको सामाजिक बन्धन र बन्देज हुनु हुँदैन। कसैको थिचोमिचो, अन्याय, अत्याचार र दवाब हुनु हुँदैन। राजनैतिक, आर्थिक, सामाजिक लगायत सबै क्षेत्रहरूमा उचित हिस्सा र सहुलियत सबैले पाउनु पर्दछ। समाजको कुनै वर्ग वा सदस्यलाई पनि कुनै किसिमको अन्याय नभएको न्यायपूर्ण समाजको सिर्जना गर्ने पञ्चायत प्रजातन्त्रको उद्देश्य रहेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. गतिशील समाज:

मानिस जसरी गतिशील र परिवर्तनशील छ त्यस्तै समाज पनि गतिशील र परिवर्तनशील हुंन नसकेमा मानिसको विकासको लागि समाज एक ठूलो अवरोध हुन जान्छ; जसको विरुद्ध संघर्ष गर्नु पर्ने हुन्छ। यसैले बदलिंदो समय र परिस्थितिसित मिल्न सक्ने गतिशील र आधुनिक समाजको सिर्जना गर्ने पञ्चायत प्रजातन्त्रको उद्देश्य रहेको छ। गतिशील समाजले नै मानिसका आवश्यकता, इच्छा र आकांक्षाहरूलाई पूरा गर्न सक्दछ। उन्नतिको शिखरमा मानिसलाई यस्तै समाजले मात्र पुऱ्याउन सक्दछ।

४. शोषणरहित समाज :

पञ्चायत प्रजातन्त्रको उद्देश्य अनुरूपको शोषणरहित समाज यस्तो समाज हो, जुन समाजमा कुनै व्यक्ति वा वर्गले अर्को कुनै व्यक्ति वा वर्गमाथि कुनै पनि प्रकारको शोषण गर्ने पाउँदैन। सबै सदस्यहरू आपसमा मिली खुसी, शान्तिमय र समृद्धिशाली जीवन बिताउँदछन्। कुनै प्रकारको शोषण भएमा आपसी सहयोग र समन्वयको आधारमा शान्तिपूर्ण तरीकाले अन्त गर्ने उद्देश्य रहेको छ। यसैले यो शोषणविहीन समाज वर्ग समन्वयमा आधारित समाज हो। यसरी सबैको समन्वयात्मक एकता र मेलमिलापमा जोड दिने समाजले आपसमा फुट ल्याउने राजनैतिक दलबन्दी प्रवृत्तिलाई अन्तर्गर्न खोजेको छ। यसैले यो समाजको स्वरूप निर्दलीय पनि छ।

उपर्युक्त किसिमको समाज निर्माण गर्ने क्रममा अनेकन

CC-0. In Public Domain. Digitization by eGangotri

बाधाहरूले गर्दा साधारण जनता क्रियाशील भई अगाडि आउन सकेका छैनन् । शोषणरूपी जन्जालमा अलमलिई अन्धविश्वास र रूढीवादको मारमा परीरहेका साधारण नेपाली जनताको अघिल्तिर धेरै बाधाहरू छन् । ती सब बाधाहरू हटाउनु आवश्यक छ । यस अतिरिक्त नेपाली समाजका सबै सदस्यहरूमा "हामी सबै एक हौं", "सबैको भलाईमा नै हरेकको भलाई छ" भन्ने सामञ्जस्यपूर्ण भावना हुनु पर्दछ । बुझ्दारी, लगनशील र कर्तव्यनिष्ठ भई समाजको उन्नतिको लागि सदा समर्पित रहने उच्च नैतिकताले भरिएको सामाजिक जीवनको आधारशीला कायम गर्नु पर्दछ । यसैले थी नै पञ्चायत प्रजातन्त्रको सामाजिक लक्ष्य रहेको संविधानले घोषणा गरेको छ ।

पञ्चायत प्रजातन्त्रका सामाजिक लक्ष्यहरू प्राप्त गर्न विभिन्न उपायहरू अपनाइएका छन् । ती उपायहरूमा निम्न प्रमुख र महत्वपूर्ण छन् :

१. मुलुकी ऐन;
२. गाउँ फर्क राष्ट्रिय अभियान;
३. शिक्षाको प्रचार र प्रसार;
४. विकेन्द्रीकरण योजना; र
५. आर्थिक विकासका प्रयासहरू ।

(१) नेपाली समाजको स्वरूपलाई बदल्ने एक क्रान्तिकारी कदम मुलुकी ऐन हो जुन २०२० साल भाद्र १ गते देखि लागू छ । पञ्चायत प्रजातन्त्र अन्तर्गत परिकल्पना गरिएको आदर्श समाजको सृजना गर्नमा बाधाको रूपमा रहेका जातिपाति,

CC-0. In Public Domain. Digitization by eGangotri

छुवाछूत, लिङ्गभेद, कुरीतिपूर्ण बाल, बहु र अनमेल विवाहहरू आदिलाई कानूनीरूपबाट अन्त गरी एक न्यायपूर्ण र गतिशील समाजको निर्माण गर्नमा यो ऐनले ठूलो मदत पुऱ्याएको छ।

(२) २०२४ साल पौष १ गतेदेखि सञ्चालित गाउँ फर्क राष्ट्रिय अभियानले पंचायत प्रजातन्त्र अन्तर्गत परिकल्पित आदर्श समाज सिर्जना गर्नमा ठूलो मदत पुऱ्याएकोछ। किनभने यस अभियानले देशको सम्पूर्ण शक्ति लगाई ग्रामीण समाजमा व्याप्त उदासीनता, अशिक्षा, भोक, रोग र गरीबीलाई निर्मूल गर्नमा; समाजमा व्याप्त भ्रष्टाचार, अन्याय, अत्याचार र अनावश्यक ढीलासुस्ती समाप्त गर्नमा; एवं देशका असंख्य ग्रामीण जनतालाई घच्घच्याएर बिउँझाई उनीहरूमा सक्रियता ल्याउनमा विशेष जोड दिन्छ।

(३) जबसम्म नेपालीहरू शिक्षित र जागृत हुँदैनन् तबसम्म पंचायत प्रजातन्त्रको उद्देश्य अनुरूपको समाजको सिर्जना गर्न सकिँदैन। यसैले शिक्षाको व्यापक प्रचार र प्रसार गरी जनतालाई शिक्षित र जागृत बनाई उक्त उद्देश्य हासिल गर्न अनेक प्रयासहरू भइरहेका छन्। यस सन्दर्भमा देशका विभिन्न भागहरूमा संचालन भइरहेका निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा र प्रौढ शिक्षा कार्यक्रमहरू विशेष उल्लेखनीय छन्। यस अतिरिक्त राष्ट्रिय शिक्षा योजना लागू भइरहेको छ।

(४) आफ्नो शासन आफैंले गर्न सक्षम बनाउन र प्रत्येक वहको शासनमा जनप्रतिनिधिहरुलाई बढीसेबढी मात्रामा सम्मि-

CC-0. In Public Domain. Digitization by eGangotri

लित गराई प्रजातान्त्रिक शासन व्यवस्थालाई चिरस्थायी बनाउनुको साथै प्रजातान्त्रिक समाजको सृजना गर्ने उद्देश्यले २०२२ साल देखि प्रशासन विकेन्द्रीकरण योजना लागू भएको छ।

(५) भूमिमा आधारित शोषणको मूल जडलाई उखेलेर न्याकी एउटा न्यायपूर्ण, शोषणविहीन र समन्वयवादी समाजको सिर्जना गर्न २०२१ सालदेखि भूमि सुधार कार्यक्रम लागू छ। यस अतिरिक्त आर्थिक विषमतालाई हटाई देशको आर्थिक विकासका लागि अनेक योजनाबद्ध पाइलाहरू चालिएका छन्। यस प्रसंगमा नेपाली जनताको जीवनस्तर माथि उचाल्न मनाइएको "आर्थिक समुन्नतिको दशक (२०२७–२०३७)" सफल पार्न सञ्चालित विभिन्न कार्यक्रमहरू उल्लेखनीय छन्।

Q. No. 37.

Discuss the Role of Religion in the Nepalese Social life.

नेपाली सामाजिक जीवनमा धर्मको स्थान छलफल गर्नु होस्।

उत्तरः– अनादि कालदेखि देवभूमि र तपोभूमि मानिएको नेपालमा धर्मको आधिपत्य रहेर आएको छ। साँच्चै भन्ने हो भने नेपाली सामाजिक जीवनको मूलभूत आधार नै धर्म हो। नेपाली सामाजिक जीवन पद्धति नै धार्मिक ढाँचामा खडा भएको छ। नेपाली समाजका प्रायः सबै क्रियाकलापहरू जस्तै जन्म, शुद्धि कर्मकाण्ड, बिहावारी, गुठी मृत्युदाह संस्कार–आदिमा धर्मको नै छाप रहेको पाइन्छ। धार्मिक पर्वहरू नेपालमा राष्ट्रिय चाडको

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा मनाउँछन् जस्तै वडादशैं, तिहार आदि। नेपालीहरूको दैनिक जीवनमा धर्म नङ्ग मासु झैं छ। यसरी जन्मदेखि मृत्यु पर्यन्तका प्रायः सम्पूर्ण सामाजिक क्रियाकलापहरूको मूल स्रोत धर्म नै भएको छ। धर्मलाई अलग्याउने हो भने नेपाली सामाजिक जीवन निस्प्राण र जड समान हुनेछ। यसैले नेपाली सामाजिक जीवनमा धर्मको ठूलो स्थान रहेको छ भन्न सकिन्छ।

हुन त धर्म यो हो भनेर परिभाषा दिनु ज्यादै गाह्रो छ। तथापि विभिन्न विचारकहरूले धर्मको परिभाषा दिएका छन्। तिनीहरूको परिभाषाको निचोड निकाल्ने हो भने धर्म वास्तवमा मानव मात्रको हित र कल्याण गर्ने उद्देश्यले एक अदृश्य परलौकिकशक्तिको आस्था र विश्वासमा समर्पित रहने अनन्त भावना हो। अर्को शब्दमा भन्ने हो आत्मादेखि परमात्मा सम्मको तत्वज्ञानको खोजी गरी विश्वलाई नै हित र कल्याणगर्ने उदात्तभावना नै धर्म हो। धर्म मानिसको श्रद्धा र विश्वासको उपज हो। यसैले यसको अस्तित्व पनि मानिसको श्रद्धा र विश्वास रहेसम्म मात्र रहन्छ। संसारमा सुख, शान्ति, मानव मात्रमा भातृभाव, समानता. असीम उदारता जस्ता महान विचारहरूको सिर्जना धर्मले नगरेको होइन तथापि यसमा विकसित भएको अन्ध-विश्वास, रुढीवाद, कट्टरपना आदिले मानवको घेरै नोक्सान पनि गरेको पाइन्छ। यति चाहि स्पष्ट छ, देश, काल, परिस्थिति संगसंगै धर्मको रुप पनि बदल्दै जानु पर्छ नत्र यसले ठूलो हानी गर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली समाजमा धर्मको ज्यादै महत्वपूर्ण स्थान रहेकोले र बहुसंख्यक नेपालीहरू हिन्दू धर्मावलम्बी हुनु भएकोले नेपाललाई एक हिन्दू राज्य हो भनी नेपालको संविधानले घोषणा गरेको छ। नेपालको राजगद्दीमा आर्य संस्कृतिको अनुयायी हिन्दू धर्मावलम्बी राजा मात्र आसीन हुन पाउँछ। नेपाल विश्वमा एक मात्र हिन्दू राज्य हो तथापि यहाँ विभिन्न धर्म मान्ने धर्मावलम्बीहरू पनि छन्। नेपाल राज्यले आफ्नो धर्म हिन्दूधर्म माने तापनि सनातन-देखि चलि आएको अरू धर्महरूको हस्तक्षेप र अन्त गर्ने प्रवृत्ति नेपाली समाजमा पाइँदैन। प्रत्येक व्यक्तिले आफ्नो परम्परागत सनातन धर्मको अवलम्बन र अभ्यास गर्न पाउने मौलिक हक नेपालको संविधानद्वारा पाएको छ। कसैले पनि जबर्जस्ती कसैको धर्म खलबल र परिवर्तन गर्न सकिँदैन। सबै आ-आफ्नो धर्ममा लागि रहन स्वतन्त्र छन्। यसरी नेपाल विश्वको सामु एक मात्र हिन्दू राज्यको रूपमा रहे तापनि नेपाली समाजमा धार्मिक स्वत-न्त्रता छ। यसैले हो नेपाली समाजमा सबै धर्महरू एक अर्काको सहयोगीको रूपमा संगसंगै विकसित हुँदै गइरहेको पाइन्छ।

जसरी अरू मुलुकहरूमा समय समयमा विभिन्न धर्मका अनुयायीहरूले राज्य गर्दै जनतालाई आफू सरह हुन बाध्य गराउँथ्ये र धर्मको नाममा भयङ्कर काटमार चलेको थियो त्यस प्रकारको घृणित नरहत्या नेपालमा कहिले पनि भएन यद्यपि नेपाल एउटा हिन्दू राज्यको रूपमा कायम थियो। यसले स्पष्ट गर्छ हिन्दूधर्म सही अर्थमा एक विशाल र व्यापक धर्म हो।

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिरी आवरणमा भन्दा भित्री सारतत्वमा जोडदिने हिन्दू धर्मले सबै धर्मको सार एकै भएको मानी सबै धर्मावलम्बीहरूको बीच आपसमा समझदारी र समन्वय कायम गर्ने खोज्छ। यी तथ्यहरूले नेपाल पहिले देखि नै धार्मिक सहिष्णुताको उद्गम स्थल रहेर आएको प्रमाणित गर्दछ। यसैले हो हिन्दु राज्य भएर पनि नेपालले बुद्ध जस्तो विभुति संसारलाई दिन सक्यो। नेपाली समाजमा विशेष गरी हिन्दू र बौद्ध धर्म मान्नेहरू मिलिजुली एउटै धर्म मान्ने धर्मावलम्बीहरू झैं सौहार्दपूर्ण र मैत्रीपूर्ण जीवन बिताइरहेको पाईन्छ। हिन्दू र बौद्ध धर्मावलम्बीहरू पशुपतिनाथ र स्वयम्भूनाथमा समान आदर र भक्तिभाव बिना भेदभाव जान्छन्। शिवलिङ्ग माथि पनि बुद्धको मूर्ति पाउनु दुवै धर्मको सामिप्यको अर्को एक ज्वलन्त उदाहरण हो। यही धार्मिक सहिष्णुता नै नेपाली समाजको एक अनुपम साँस्कृतिक विशेषता र देन हो।

नेपाली समाजलाई एकताको सूत्रमा आवद्ध गर्नमा धर्मले ठूली भूमिका निभाएको छ। आपसमा जे जस्तो व्यक्तिगत मतभेद रहेता पनि धर्मको नाममा हामी सब एक हौं भन्ने एकता र मेलमिलापको भावना नेपाली समाजमा धर्मले जगाएको छ।

धर्मले मानिसको मन शुद्ध र पवित्र बनाई सत्यवादी, चरित्रवान, विवेकी र त्यागी बन्नमा मानिसलाई प्रोत्साहित गर्दछ। यसमाथि पुनर्जन्ममा विश्वास राख्ने हिन्दू धर्मले त यो जन्ममा सत्कार्य गरे मात्र अर्को जन्म सुध्रने विश्वासमा आफ्नो

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्य पालन गर्नमा प्रोत्साहित गर्दछ । किनभने धर्मशास्त्रानुसार सत्कार्य बिना मोक्ष प्राप्त गर्न सकिंदैन । धर्मले यसरी सात्कार्य गर्ने प्रवृत्तिलाई बढावा दिन्छ र अपराध गर्ने प्रवृत्ति जस्तै हत्या, चोरी, डकैती आदिलाई अन्त गर्दछ । धर्मले मानिसको नैतिक स्तरलाई उच्च पारी सामाजिक जीवनलाई अनुशासित र कल्याणप्रद बनाउँछ । यसैले हो महात्मा गान्धी जस्ता बिचारकहरूले भन्छन्—"धर्म बिनाको सामाजिक जीवन उछृङ्खल र कटुतापूर्ण हुन्छ ।"

विश्वशान्ति, मानवता र भातृत्वको भावना जगाउन र चिरस्थायी बनाउन धर्मले निश्चय नै ठूलो भूमिका निभाउन सक्दछ । शक्ति राष्ट्रहरूको आपसी मतभेदको पृष्ठ भूमिमा बढ्दो आणविक शस्त्रास्त्रको भण्डारले आजको युद्धजनीत शंका र त्रासको वातावरणमा मानवमात्रको हित र कल्याणमा समर्पित रहने धर्मले मात्र विश्वशान्ति कायम गरी मानवतालाई जोगाउन सक्दछ ।

यसरी धर्मको असल पक्ष रहे तापनि नेपाली समाजमा धर्मले घेरै खराबीहरू पनि ल्याएको छ । ती खराबीहरूमा निम्न प्रमुख छन् :-

नेपाली समाजमा धर्मबाट ल्याएको सबभन्दा ठूलो खराबी जातिपातिको व्यवस्था हो । धर्मको आडमा नेपाली समाजमा रहेको जातिपातिको व्यवस्थाले नेपाली समाजलाई ठूलो हानी पुऱ्याएको छ । जातिपातिको आधारमा खडा भएको ठूलो जात,

CC-0. In Public Domain. Digitization by eGangotri

सानो जात, छुवाछूत आदिले नेपाली समाजलाई नराम्ररी टुक्र्याएको छ र आपसमा कलह र संघर्ष जन्माएको छ।

धर्मको नाममा पुरोहित र ठूला बडाहरूले गरीब र दुर्बलहरूको अनेक प्रकारको शोषण गरेको पाइन्छ। भोलाभाला जनताको पसीनामा तिनीहरूले मोजमज्जा गरिरहेका छन्। यस अतिरिक्त धर्मको आडमा नेपाली समाजमा धार्मिक बडप्पन, अहंवाद जस्ता अनेकन थोत्रा आदर्श, अन्धविश्वास र कुरीतिहरू जन्मेका छन्। सती प्रथा; बाल, बहु र अनमेल विवाह प्रथाहरू धर्मको आधारमा नै जन्मे। आफू बाँचिरहेको वास्तविक संसारलाई भूलेर परलोकको काल्पनिक कुरामा बढी समय र ध्यान दिएकोले भौतिक उन्नति र प्रगतिमा नेपाली समाज ज्यादै पछि परेको छ। धर्मको नाममा पूजा, पाठ, जप आदि परम्परा थाम्ने कुरामा नै अलमलिई नेपाली समाजको अमूल्य समय, शक्ति र साधनहरू खेर गइरहेको पाइन्छ। यही कारणले हो धर्मप्रति मानिस विचलित र उदासीन भएको छ। धर्ममा नेपाली समाजको आस्था डगमगाएको छ। हुनत धर्मले ल्याएका खराबीहरूलाई हटाउन मुलुकी ऐनले कानूनी बन्धमा भए पनि जातिपाति, छुवाछूत, लिङ्ग भेद, बाल, बहु र अनमेल विवाहहरू अन्त गरी सकेको छ। तथापि आधुनिक समयको गति र माग अनुसार एक स्वस्थ र आदर्शमय सामाजिक-जीवनको ढाँचा तयार पार्न धर्मलाई आज नयाँ रूप दिनु पर्ने आवश्यकता छ।

CC-0. In Public Domain. Digitization by eGangotri

Q. No 38.

A. Discuss the forms of Exploitation in the Nepali Society. What Measures have been taken to removc them ?

नेपाली समाजमा शोषणका प्रकारहरू छलफल गर्नु होस् । तिनीहरूलाई हटाउन के के उपायहरू अपनाइएका छन् ?

B. What are the different Evils in the Nepali Society ? What Measures have been taken to remove them ?

नेपाली समाजमा कति प्रकारका खराबीहरू छन् ? तिनीहरूलाई हटाउन के के उपायहरू अपनाइएका छन् ?

उत्तर:-स्वभावले नै मानिस स्वार्थी भएकोले मानव समाजमा शोषण वा खराबीको जन्म भएको पाइन्छ । हुनत शोषण के हो चित्तबुझदो सर्वमान्य परिभाषा दिनु ज्यादै गाह्रो छ । तथापि आफ्नो स्वार्थ सिद्ध गर्न अरुबाट अनुचित फाइदा उठाउनुलाई शोषण भन्न सकिन्छ । उचित र अनुचित छुट्याउनु पनि त्यतिकै गाह्रो छ । किनभने उचित र अनुचितको निर्धारण आदर्श, विचार, देश, काल र परिस्थिति अनुकूल भान्न हुन्छ । यसैले कुनै समाजको शोषण अर्को समाजको लागि शोषण नहुन सक्दछ । तथापि मानिसको सर्वाङ्गीण विकासको लागि तगारोको रुपमा उपस्थित रहने कसैको दबाव, नियन्त्रण, बन्देज आदिलाई शोषणको रुपमा लिइन्छ । यो मानव समाजको लागि ठूलो घातक सिद्ध भएको छ । यसले समाजका मूलभूत आधारहरुमा

CC-0. In Public Domain. Digitization by eGangotri

खलबलाई समाजलाई नै पङ्गु बनाइ दिन्छ। अरु समाजहरूमा झैं नेपाली समाजमा पनि अनेक प्रकारका शोषण वा खराबी-हरू छन्। तिनीहरूमा मुख्यतः निम्न प्रकारका शोषणहरू (खराबीहरू) उल्लेखनीय छन्।

१. आर्थिक शोषण; ३. राजनैतिक शोषण; र
२. सामाजिक शोषण; ४. बौद्धिक शोषण;

(१) भूमिमा आधारित सामन्ती व्यवस्थाको जञ्जालमा परिरहेको नेपाली समाजमा शोषणको मूल जड कृषि नै हो। आर्थिक शोषणको स्वरुप कृषि क्षेत्रमा व्यापक रुपमा पाइन्छ। सामन्ती भूमि व्यवस्था भएको हाम्रो जस्तो समाजमा अहिले पनि अधिकांश जमिन भूमिपति सामन्तीहरूको हातमा छ। जमिन जोत्ने अधिकांश कृषकहरू भोका, नाङ्गा र गरीब छन्। तिनीहरूको रगत र पसीनाको फल मुट्ठीभर सामन्ती भूमिपति-हरूले लुटिरहेका छन्। यसैले नेपाली समाजमा धनी र गरीबको रुपमा प्रमुख दुइ वर्गहरु देखा परेको छन्। एकातिर धनी वर्गले मोजमज्जा लुटी ऐश आरामी जीवन बिताइरहेको पाईन्छ भने अर्कोतिर गरीब वर्गले साँझ बिहानको छाक टार्न नसकी दीन, हीन र दरिद्र जीवन बिताइरहेको छ। यसरी आर्थिक असमानताको कारण नेपाली समाजमा आर्थिक शोषण महरहेको छ। यसको अतिरिक्त देशमा उद्योगधन्दाको विकास नभएको र रोजगार सीमित भएकोले सर्वसाधारण जनताले काम पाउन सकेका छैनन्। सरकारी जागीर पनि प्रायः त्यही धनी र संपन्न

CC-0. In Public Domain. Digitization by eGangotri

वर्गका छोराछोरीहरू, जो शिक्षित र योग्य हुनु स्वभाविक छ, ले उपभोग गरिरहेको पाइन्छ । यसरी आर्थिक स्रोत र उत्पादन-माथि आधिपत्य जमाई धनी वर्गले गरीब वर्गमाथि नेपाली समाजमा शोषण गरिरहेको पाइन्छ ।

(२) जातिप्रथाको प्रधानता भएको नेपाली समाजको ठूलो जातले सानो जातलाई शोषण गरीरहेको पाइन्छ । जातपातको आधारमा नै उचनीच, छुवाछूत जस्ता सामाजिक शोषणको आधार खडा भयो । नेपाली समाजमा धर्मको नाममा पनि भोलाभाला जनतामाथि धर्मका ठेकदार भनाउँदा पुरोहितहरुले शोषण गरिरहेको पाइन्छ । त्यस्तै लिङ्गको आधारमा पुरुष वर्गले नारी वर्गमाथि अनेक प्रकारका शोषण गरिरहेको पाइन्छ । बाल, बहु र अनमेल विवाहहरू, नारीलाई शिक्षा नदिई घरको चार दिवारमा नै सीमित राखी छोडने प्रवृत्ति यसैको फलस्वरुप विकसित भएका कुरीतिहरू हुन् । यसमाथि जातिपाति, लिङ्ग-भेद, धर्मभेद वर्णभेद भान्ने कानून प्रचलनमा रही सकेको नेपाली समाजमा सामाजिक शोषणको अस्तुप रहनु स्वभाविक नै छ । हुनत यिनीहरूको अन्त गर्न मुलुकी ऐन (२०२०) लागू भइसकेको छ तथापि नेपाली समाजको परम्परागत स्वभाव र जन-चेतनाको अभावमा यी खराबीहरू अझै समाजमा रहेको पाइन्छ । यसरी सामाजिक शोषणको बोलबाला भएकोले सामाजिक समानता नेपाली समाजमा छैन ।

(३) नेपाली समाजमा राजनैतिक शोषण पनि छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने धनी र प्रभावशाली वर्गको शासनमा बढी हात रहेकोले तिनीहरूको मनोमानी चलिरहेको छ । शिक्षा र राजनैतिक चेतनाको कमीले गर्दा अधिकांश जनता शासनमा सक्रियरूपले सरीक हुन सकेका छैनन् । यसमाथि दलगत राजनैतिक व्यवस्थाको मारमा परिसकेको नेपाली समाजले राजनैतिक दलबन्दीको अवशेष पूर्णतः निर्मूल गर्न सकेको छैन । भ्रष्टाचार, अन्याय, अत्याचार, अनावश्यक ढीलासुस्ती जस्ता राजनैतिक शोषणबाट नेपाली समाज मुक्त हुन सकेको छैन् ।

(४) ११.८ प्रतिशत साक्षर भएको नेपाली समाजमा केही जान्ने सुन्ने शिक्षित व्यक्तिहरूबाट भोलाभाला र अशिक्षित जनतामाथि शोषण भइरहेको पाइन्छ । धनी र सम्पन्न परिवारका सदस्यहरूले एकातिर उच्च शिक्षा पाउने बढी सुविधा र अनुकूल मिलिरहेका छन् भने आर्कोतिर गरीब र सर्वसाधारण जनताका छोराछोरीहरूले चाहेर पनि शिक्षा हासिल गर्न पाएका छैनन् । कसैको प्रतिभा र खूबीको अरूले नाजायज फाइदा उठाउनु नेपाली समाजमा विद्यमान अर्को चर्को बौद्धिक शोषण हो । बौद्धिक वर्गमा पनि आफ्नो वर्ग र स्तरबाट आएका व्यक्तिहरूको एक समुदाय जस्तै खडा भएको पाइन्छ जसले आफ्नो समुदायका मान्छेलाई मात्र अगाडि बढाउन अवसर र सुविधा प्रदान गर्दछ । यसरी नेपाली समाजको बौद्धिक क्षेत्रमा पनि शोषण रहेको पाइन्छ ।

माथि उल्लिखित शोषणहरूलाई निर्मूल गरी नेपाली

CC-0. In Public Domain. Digitization by eGangotri

समाजलाई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषण रहित समाज बनाउने पुनित उद्देश्य भएको पञ्चायत प्रजातन्त्र अन्तर्गत विभिन्न उपायहरू अपनाइएका छन् । ती उपायहरूमा निम्न प्रमुख छन् ।

१. भूमि सुधार :

भूमिमा आधारित सामन्ती व्यवस्थालाई अन्त गरी नेपाली समाजमा व्याप्त आर्थिक शोषणलाई समाप्त गर्न भूमि सुधार कार्यक्रम २०२१ साल देखि नेपालमा लागू भएको छ । भूमिमा रहेको निस्क्रिय पूँजी र जनभार झिकी उद्योग वाणिज्य तर्फ लगाउने, जमीनको न्यायोचित वितरण गर्ने र कृषकहरूमाथि भइरहेको शोषणलाई अन्त गरी उनीहरूको जीवन स्तर माथि उचाल्ने उद्देश्य भएको भूमि सुधार कार्यक्रमले वर्ग समन्वयको आधारमा शोषणरहित समाजको सृजना गर्ने पञ्चायत प्रजातन्त्रको आदर्श पूर्ति गर्नमा ठूलो सहायता पुऱ्याएको छ । भूमि सुधार कार्यक्रम अन्तर्गत भूमि हदबन्दी गरिएको छ । जस अनुसार तराइमा २५ बिघा, काठमाण्डू उपत्यकामा ५० रोपनी र पहाडमा ८० रोपनी मात्र कुनै व्यक्ति वा परिवारले जग्गा धनीको हैसियतले राख्न पाउँदछ । त्यसभन्दा बढी भएको जग्गा जम्मै सरकारले लिई भूमिहीन किसानहरूलाई वितरण गर्ने लक्ष्य राखिएको छ । भूमि सुधारले मोहियानी हकको सुरक्षा; मुख्य वार्षिक बालीको ५० प्रतिशत मात्र कूतको निर्धारण, पुरानो ऋण व्यवस्थाको अन्त गरी सहकारी संस्थाहरुबाट ऋण

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था, अनिवार्य बचत व्यवस्था आदि कायम गरेको छ ।

२. औद्योगिकीकरणका प्रयासहरू:

देशको आर्थिक विकासको लागि विभिन्न उद्योग धन्दाहरू स्थापना गरी जनतालाई रोजगारको अवसर प्रदान गर्न श्री ५ को सरकार तत्पर रहेको छ । यसै क्रममा सरकारी र गैर सरकारी क्षेत्रहरूमा केही उद्योगहरू स्थापना भई रोजगारको केही सुविधा भए पनि उपलब्ध भएको छ । आर्थिक उन्नतिको दशक अन्तर्गत २०३० साल भित्रमा नै ६३ करोड ४६ लाख चानचुन रुपैया लगानी गरी वार्षिक ६५ करोड ३ लाख चानचून रुपैयाको वस्तु उत्पादन हुने ९६ वटा विभिन्न उद्योगहरू स्थापना गर्ने श्री ५ को सरकारको उद्योग, पर्यटन र वाणिज्य विकास कार्यक्रम २०२८ साल पौष १ गते प्रकाशित भएको थियो । यस कार्यक्रम अन्तर्गत १८ हजार ८ सय तीन जनालाई काम पाउने आशा गरिएको छ । यस अतिरिक्त निजी क्षेत्रमा औद्योगिक विकास गराउन नेपाल औद्योगिक विकास निगम (NIDC) ले अनेक उद्योगहरूलाई आर्थिक सहायता र प्राविधिक सल्लाह दिई आइरहेको छ ।

३. मुलुकी ऐन:

नेपाली समाजमा व्याप्त सामाजिक शोषणलाई हटाई सामाजिक न्याय र समानता स्थापना गर्न २०२० साल भाद्र १ गतेदेखि मुलुकी ऐन लागू भएको छ । यसले जातिपाति, धर्म, लिङ्ग, वर्ण आदिको भेदभावलाई कानूनी रुपमा अन्त

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको छ। यसै क्रममा मुलुकी ऐनले बाल, बहु र अनमेल विवाहहरुलाई गैर कानूनी करार दिएको छ। यस अनुसार वरको उमेर १८ वर्ष र वधुको उमेर १४ वर्ष नपुगी विवाह गर्न नपाउने, उचित कारण विना दोस्रो विवाह गर्न नपाउने तथा वर वधुको उमेरमा २० भन्दा बढी फरक हुन नहुने भएको छ। छोटा बडा सबैलाई कसूर अनुसार एकै सजायको व्यवस्था मुलुकी ऐनले गरेको छ।

४. विकेन्द्रीकरण योजना :

देशको शासन व्यवस्थामा कुनै खास वर्ग र व्यक्तिहरुको मात्र हात रही नेपाली समाजमा रहेको राजनैतिक शोषणलाई अन्त गर्न पंचायत प्रजातन्त्रले विकेन्द्रीकरणको सिद्धान्त अंगालेको छ। देशवासी सबैले हरेक तहको शासनमा बढी से बढी हिस्सा लिन सकोस् भन्ने विकेन्द्रीकरणको सिद्धान्त अनुरुप प्रशासन विकेन्द्रीकरण योजना २०२२ सालदेखि लागू छ।

५. 'गाउँ फर्क' राष्ट्रिय अभियान:

नेपाली समाजमा जन जागृति र चेतना ल्याउने; भूमि सुधार, मुलुकी ऐन जस्ता समाज सुधारको सफल कार्यान्वयनमा बल पुऱ्याउने; भ्रष्टाचार, अन्याय, अत्याचार र अनावश्यक ढीला सुस्ती समाप्त गर्ने जस्ता आधार भएको 'गाउँ फर्क' राष्ट्रिय अभियान राष्ट्रव्यापि रुपमा २०२४ साल पौष १ गते देखि संचालन भइरहेको छ। यसले नेपाली समाजमा व्याप्त अनेक खराबीहरुलाई निर्मूल गरी पंचायत प्रजातन्त्रको उद्देश्य अनुरु

CC-0. In Public Domain. Digitization by eGangotri

पको समाजको सिर्जना गर्नमा नेपाली जनतामा चेतना र सक्रियताको अपूर्व लहर ल्याएको छ ।

६. शिक्षा

कुनै पनि समाजमा रहेका शोषण वा खराबीहरूलाई निर्मूल गर्ने एक सशक्त उपाय नै शिक्षा हो । शिक्षा त्यो अनन्त शक्ति र ज्योति हो जसले समाजको खराबीलाई मात्र निर्मूल गर्न सक्ने होइन समाजलाई नै चाहे ज्ञानुसार ढाल्न पनि सक्दछ । यसैले पञ्चायत प्रजातन्त्र अन्तर्गत बौद्धिक लगायत अनेकन शोषणहरूको जडलाई नै अन्त गर्न शिक्षाको व्यापक प्रचार र प्रसारमा विशेष जोड दिइएको छ । यस प्रसंगमा देशका केही जिल्लाहरूमा सञ्चालन भइरहेको अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा योजना उल्लेखनीय छ । यस अतिरिक्त राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ सालदेखि लागू भइरहेको छ ।

Q. No 39 1974

Discuss the Role of the "Go to Village", National Campaign in rural upliftment.

ग्रामीण उत्थानमा "गाउँ फर्क" राष्ट्रिय अभियानको स्थान छलफल गर्नु होस् ।

उत्तर: नेपाल गाउँ गाउँले भरिएको देश हो । नेपालको कुल जनसंख्याको करिब ९७ प्रतिशत जनता गाउँमा रहन्छन् । यसैले नेपालको कर्मभूमि नै वास्तवमा गाउँ हो । तर ग्रामीण

CC-0. In Public Domain. Digitization by eGangotri

समाजमा अशिक्षा, शोक, रोग, गरीबी जस्ता मानिसको पहिलो शत्रुको दबदबा छ । असंख्य गाउँलेहरू अज्ञान, अपठित, गरीब, निस्क्रिय र उदासीन छन् । उनीहरूमा चेतनाको लहर आएको छैन । यसमा पनि गाउँका शिक्षित, योग्य र नेतृत्व दिन सक्ने व्यक्तिहरू शहरतिर झरिरहेकाले ग्रामिण समाज संधैं नै अन्धकारमा डुबिरहेको छ; सधैंभाट तिरस्कृत र घृणित रुपमा रहेको छ । ग्रामीण समाजलाई यस्तो दयनीय र विकट स्थितिमा राखी छोडेसम्म देशको नव-निर्माणको आश गर्नु व्यर्थ छ । किनभने गाउँहरूमा जागरण नआई देशको नव-निर्माण सम्भव हुँदैन । यसैले गाउँलेहरूमा व्याप्त हीनता र उदासीनताको भावना हटाई उनीहरूमा चेतना र सक्रियता ल्याई ग्रामीण समाजलाई पञ्चायत प्रजातन्त्रको उद्देश्य अनुरुपको समाज बनाउन नेपाली मात्रको ध्यान र प्रयास गाउँतिर नै केन्द्रीत गराउन स्व. श्री ५ महेन्द्रले गाउँ फर्क राष्ट्रिय अभियान चलेको थियो ।

देशको सम्पूर्ण शक्तिलाई एकत्रित गरी ग्रामीण समाजको उत्थानको लागि परिचालित हुने यो सशक्त राष्ट्रव्यापी अभियानको प्रारम्भ २०२४ साल पौष १ गते देखि भयो । राष्ट्रोत्थानको लागि देशको शक्तिको मूल फुटाई अनुशासित, निर्देशित र नियन्त्रित ढङ्गले सरकारी कर्मचारीहरू, पञ्चहरू, वर्गीय संगठनका सदस्यहरू लगायत सम्पूर्ण नेपालीलाई शरीक गराई संयुक्त रुपमा चलाइने यो अभियान हो । 'गाउँ फर्क' राष्ट्रिय अभियानको मूल उद्देश्य निम्न प्रकार स्व० श्री ५ महेन्द्रले उल्लेख गरिबक्सेको थियो–

CC-0. In Public Domain. Digitization by eGangotri

"देशका असंख्य ग्रामीण जनतालाई पच्चच्चाएर बिउँकाउनु, उनीहरूलाई सक्रिय गराई राष्ट्रव्यापी राष्ट्रिय नव-जागरण ल्याउनु नै यस अभियानको मूल उद्देश्य हो।" यो राष्ट्रिय अभियान ५, १० वर्षसम्म मात्र जारी रहने अभियान होइन। यो त निरन्तर जारी रहने एक अटुट क्रम हो। यो निरन्तर अटुट रुपबाट चलिरहने राष्ट्रव्यापी अभियान भएकोले ग्रामीण समाजको उत्थानमा यसको सर्वोपरी स्थान रहेको छ।

ग्रामीण उत्थानमा गाउँ फर्क राष्ट्रिय अभियानको कस्तो महत्वपूर्ण स्थान रहेको छ सो छलफल गर्नु अघि यस अभियानका मुख्य आधारहरू उल्लेख गर्नु आवश्यक छ। अभियानका मुख्य दश आधारहरू (सूत्रहरू) निम्न प्रकारका छन्:-

१ राष्ट्रियता र राष्ट्रिय एकताको भावना सुदृढ र व्यापक बनाउने।

२ दलविहीन पञ्चायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराउने र निर्दलीय भावनालाई विकसित र सुदृढ पार्ने।

३ असंलग्न परराष्ट्रनीतिको अनुकूल आचरण गर्ने।

४ भ्रष्टाचार, अन्याय, अत्याचार, अनावश्यक ढीला सुस्ती समाप्त गर्ने अभियान चलाउने।

५ ग्रामीण समाजमा चेतना र सक्रियता ल्याउने।

६ चालू भूमि सुधार, मुलुकी ऐन, समाज सुधार र देश व्यापी निर्माण कार्यक्रमको सफल कार्यान्वयनमा बल पुऱ्याउने।

७ साझा (सहकारी) भावना र कार्यक्रमको प्रचार र विस्तार गर्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

८ जन-जीवनमा वृक्षारोपण, वन र वन-जन्तुको रक्षा सम्बन्धी महत्व बोध गराउने ।

९ कृषि उत्पादनको वृद्धिमा जोड दिने ।

१० ठाउँ सुहाउँदो घरेलु उद्योगलाई प्रोत्साहन र विस्तार गर्ने भावना देश व्यापी रूपमा जागृत गराउने ।

माथि उल्लिखित आधारहरूलाई व्यापक दृष्टिमा लिने हो भने यो अभियानलाई सैद्धान्तिक र व्यावहारिक दुइ पक्ष-हरूमा विभाजित गर्न सकिन्छ । राजमुकुट, राष्ट्रियता, निर्द-लीयता, वर्ग समन्वय, असंलग्नता जस्ता पञ्चायत प्रजातन्त्रका मौलिक सिद्धान्तहरूलाई जन-जीवनको भित्री तहसम्म भिजाई त्यस अनुकूल राष्ट्रिय चरित्रको निर्माण गर्नु गाउँ फर्क राष्ट्रिय अभियानको सैद्धान्तिक पक्ष हो । यी सिद्धान्तहरूको अनुकूल ग्रामीण समाजमा व्याप्त भोग, रोग, गरीबी, अन्याय, अत्या-चार आदिलाई निर्मूल गरेर ग्रामीण जनतालाई देशको भौतिक उन्नतिको लागि अग्रसर र क्रियाशील बनाउनु यसको व्यावहा-रिक पक्ष हो । यसरी पञ्चायत प्रजातन्त्रको सैद्धान्तिक र व्यावहारिक दुवै पक्षलाई सन्तुलित रूपमा बिकास गर्दै सुपुत्र अवस्थामा रहेको असीम जनबललाई जागृत पारेर देशमा नव-जागरणको अपूर्व लहर ल्याउनमा यस अभियानको महत्व-पूर्ण स्थान रहेको छ ।

ग्रामिण समाजको उत्थानमा गाउँ फर्क राष्ट्रिय अभियानको कस्तो स्थान रहेको छ त्यस विषयमा अरु केही छलफल तल

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ । ग्रामीण समाजको उत्थानको लागि यो अभियानले मुख्यतः तीन क्षेत्रहरूमा महत्वपूर्ण योगदान गरेको छ । ती हुन्—राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रहरू ।

राजनैतिक क्षेत्रः

राजमुकुट, राष्ट्रियता, निर्दलीयता, वर्ग समन्वय जस्ता पञ्चायत प्रजातन्त्रका मूलभूत सिद्धान्तहरूप्रति आस्था र विश्वास जगाई ग्रामीण समाजमा राजनैतिक जागरण यस अभियानले ल्याएको छ । राजनैतिक रुपले उदासीन र निष्क्रिय रहेको ग्रामीण समाजलाई घचघच्याएर जागृत गरी सक्रिय रुपमा देशको राजनैतिक रङ्गमञ्चमा अगाडि आउन यसले अपूर्व अवसर प्रदान गरेको छ ।

आर्थिक क्षेत्रः

भ्रष्टाचार, अन्याय, अत्याचार जस्ता आर्थिक शोषणलाई निर्मूल गरी ग्रामीण समाजको आर्थिक स्तर उचाल्न भूमिसुधार-लाई प्रभावशाली रुपमा अघि अगाडि बढाउन अभियानले जोड दिएको छ । यसले विभिन्न किसिमका स्थानीय विकास कार्यहरू जनश्रमद्वारा सञ्चालन गर्न आव्हान गरेको छ । यस अतिरिक्त कृषि उत्पादनमा वृद्धि, घरेलु उद्योग, सस्ता अर्थ व्यवस्था, वन संरक्षणद्वारा आर्थिक विकास गरी ग्रामीण समाजको आर्थिक स्तर उच्च पार्नमा यस अभियानको महत्वपूर्ण स्थान रहेकोछ ।

सामाजिक क्षेत्रः

अन्धविश्वास, रुढीवाद, जाली, फटाई, ठूलो र सानो-

CC-0. In Public Domain. Digitization by eGangotri

जातको भेदभाव आदि ग्रामीण समाजका खराबी र कुरीतिहरू लाई निर्मूल गरी सामाजिक आडम्बरलाई त्यागी सादा, स्वच्छ र स्वस्थ सामाजिक जीवनको स्थापनाको लागि यो अभियान प्रयत्नशील रहेको छ। आवश्यकतानुसार अन्यायी र अत्याचारीलाई सामाजिक वहिस्कार पनि गर्ने उत्साहित गर्ने यस अभियानले ग्रामीण समाजको सामाजिक उत्थानको लागि ठूलो वल प्रदान गरेको छ।

अभियान अन्तर्गत विभिन्न तहका पञ्चायतका सदस्यहरू, सबै वर्गीय संगठनका सदस्यहरू, प्रधानमन्त्री देखि अधिकृत-सम्मका सबैले वर्षमा एकचोटि अनिवार्यतः गाउँमा गई आफूले सकेको योगदान गर्नु पर्दछ। यसले राष्ट्रको उत्थानको लागि निश्चय नै नव जागरको अभूतपूर्व लहर ल्याएको छ। तर अफसोच के छ भने जुन उद्देश्य लिएर गाउँमा योगदानको निमित्त जान्छन् त्यहाँ कुनै ठोस योजनाको अभावले गर्दा समय, परिश्रम र धन त्यसै खेर गएको गुनासो प्रायः सबैबाट सुन्नु परिरहेको छ। अभियानको सम्बन्धमा व्यावहारिक, जनपयोगी र ठोस योजना हरेक गाउँ पञ्चायतले बनाई त्यस अनुसार चल्नु नितान्त आवश्यक भइसकेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

Q. No. 4o

SHORT NOTES

संक्षिप्त टिप्पणीहरू

Panch—Sheel

क. पञ्चशील:

यो सताब्दीको २५ वर्ष भित्रमा नै दुइवटा संहारकारी भीषण विश्वयुद्धको विभीषिका मानव जातिले सहनु परेको थियो। दोस्रो विश्व युद्ध समाप्त भएको केही वर्ष पछि नै अमेरिका र रुसको बीचको सम्बन्ध तनावपूर्ण रहयो। यसै बीच यी दुई शक्ति राष्ट्रहरुले विज्ञानको सहारा लिएर यस्तो आणविक शस्त्र अस्त्रको भण्डार भरिरहेका छन् जसको प्रयोग भएमा संसार नै केही मिनेटमा खरानी हुन सक्दछ; मानव जातिको अस्तित्व नै मेटिन सक्दछ। यस्तो युद्धजनीत भय र त्रासले गुम्सिएको अन्तरराष्ट्रिय वातावरणमा विश्वमा शान्ति र प्रगति चाहने मानव जातिले शान्तिका अग्रदूत गौतम बुद्धका उपदेशलाई सन्झनु स्वाभाविक छ। पहिले धर्ममा मात्र सीमित रहेका बुद्धका उपदेशहरुलाई अन्तरराष्ट्रिय सम्बन्धको आधार बनाइयो। यसरी गौतम बुद्धका उपदेशहरुलाई पालन गरेर विश्वशान्ति, प्रगति, समानता जस्ता उदात्त विचारहरुद्वारा

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तरराष्ट्रिय सम्बन्ध कायम गर्ने उद्देश्यले "पञ्चशील" अर्थात पाँच सिद्धान्तहरूको उदय भयो। यही पञ्चशीलको आधारमा सर्वप्रथम सन् १९५४ मा तिब्बतमाथि भारत र गणतन्त्र चीनको बीच सम्झौता सम्पन्न भयो। आज पञ्चशीलको आधारमा दौत्य सम्बन्ध कायम गरिरहेका राष्ट्रहरू धेरै छन्। नेपालले यही सिद्धान्तहरू अनुरूप विभिन्न मित्र राष्ट्रहरूसंग दौत्य सम्बन्ध कायम गरिरहेको छ।

पञ्चशीलका पाँच सिद्धान्तहरू निम्न हुन्:—

१. क्षेत्रिय अखण्डता र सार्वभौमिकताको कदर गर्ने;
२. एकले दोस्रोमाथि आक्रमण नगर्ने;
३. अरुको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने;
४. समानता र पारस्परिक हित गर्ने; र
५. शान्तिपूर्ण सह—अस्तित्व मान्ने।

(१) पञ्चशीलको पहिलो सिद्धान्त अनुसार प्रत्येक राष्ट्रले अरु राष्ट्रको भौगोलिक सीमानालाई कदर गर्नु पर्दछ। राष्ट्रको आफ्नो सीमाना भित्र त्यस राष्ट्रको सार्वभौमिकता रहेको अर्थात् सर्वोपरि शक्ति रहेको मान्नु पर्दछ। यसरी सबै राष्ट्रले सबै राष्ट्रको भौगोलिक अखण्डता र सार्वभौमिकताको कदर र सम्मान गर्नु पर्दछ। यसलाई कुनै पनि राष्ट्रले अवहेलना गर्नु हुँदैन।

(२) पञ्चशीलको दोश्रो सिद्धान्त अनुसार एक राष्ट्रले दोश्रो राष्ट्रमाथि आक्रमण गर्नु हुँदैन। यसरी राष्ट्रहरूको बीच कुनै राष्ट्रले पनि पहिले आक्रमण वा हमला नगरेमा युद्ध भन्ने

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा स्वतः लोप भएर जान्छ । यसबाट विश्वमा स्थायी शान्ति-को सुनाचरण कायम हुन जानेछ ।

३) पञ्चशीललाई मान्ने राष्ट्रहरूले आफ्नो राष्ट्रको आन्तरिक मामिला जस्तै शान्त सुरक्षा, राजनैतिक, आर्थिक र सामाजिक व्यवस्थाहरूमा कुनै किसिमको हस्तक्षेप गर्नु हुँदैन । कसैको डर भर नमानी निस्फिक्रिसंग आफैले आफ्नो आन्तरिक व्यवस्था कायम गर्न पाउने सिद्धान्तलाई सबै राष्ट्रले पालन गर्नु पर्छ ।

४) पञ्चशीलको चौथो सिद्धान्त अनुसार सानो र ठूलो सबै राष्ट्रले पूर्ण समानताको आधारमा पारस्परिक हित हुने कार्यहरूमा संलग्न रहनु पर्दछ । यसले विश्वमा प्रगति र उन्नति-को बाटोलाई फराकिलो पार्नेछ ।

५) राष्ट्रहरूको बीच आ-आफ्नो आन्तरिक मामिलामा मौलिक अन्तर रहे तापनि मानव मात्र सबै संगसंगै शान्तिपूर्ण तरीकाले जीवनु पर्दछ भन्ने शान्तिपूर्ण सह-अस्तित्वको मुख्य तात्पर्य हो । पञ्चशीलको यो अन्तिम सिद्धान्तले मानवको अमूल्य संस्कृति र सभ्यतालाई अगाडि बढाउनमा मात्र होइन मानवतालाई नै रक्षा गर्नमा ठूलो बल प्रदान गरेको छ ।

पञ्चशीलले संसारमा शान्ति, प्रगति र भाइचाराको भावना निश्चय नै जगाएको छ । तथापि यसलाई प्रभावशाली रूपमा कार्यान्वयन गर्ने एक सबल संगठन (Machinery)

CC-0. In Public Domain. Digitization by eGangotri

नभएकोले यो केवल राष्ट्रहरूको नैतिकता र विवेकमा मात्र निर्भर रहेको छ । यही कमजोरीलाई औल्याउँदै पञ्चशीललाई ज्यादै आदर्शवादी र अव्यावहारिक भनेर आलोचना गर्ने मानिसहरू पनि छन् ।

Zonal Commissoner

ग. अञ्चलाधीशः

नेपालको प्रत्येक अञ्चलमा एउटा अञ्चलाधीश रहनेछन् । अञ्चलाधीशको नियुक्ति श्री ५ बाट गरिबक्सनेछ । अञ्चलाधीशको पद संविधानमा उल्लेख भएकोले यो संवैधानिक पद हो । प्रत्येक अञ्चलाधीश अञ्चलको लागि राजप्रतिनिधि र मुख्य प्रशासक हो । राजप्रतिनिधि र अञ्चलको मुख्य प्रशासक भई काम गर्ने अञ्चलाधीशलाई सल्लाह दिन हरेक अञ्चलमा एउटा अञ्चल समितिको व्यवस्था छ । अञ्चलाधीश यस समितिका पदेन सभापति हुन्छ र अञ्चल सभाका सभापति पदेन उपसभापति हुन्छ । अञ्चलाधीशको गहन कार्यको सम्पादनमा सहयोग गर्न श्री ५ को सरकारले आवश्यकतानुसार सहायक अञ्चलाधीशको नियुक्ति गर्नेछ । सहायक अञ्चलाधीशको अतिरिक्त अन्य आवश्यक सरकारी कर्मचारीहरू पनि उनको मातहतमा रहनेछन् ।

अञ्चलाधीशको मुख्य काम तीनवटा छन् । ती हुन्— (१) अञ्चलमित्र शान्ति, सुरक्षा कायम गर्नु, (२) अञ्चलको

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वाङ्गीण विकासको लागि सक्रिय भई योगदान गर्नु; र (३) अञ्चल भित्रका विभिन्न तहका पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूको कार्यको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिनु।

अञ्चलभित्रको शान्ति सुरक्षा कायम गर्ने दायित्व बोकेको अञ्चलाधीशको साथमा पुलिसहरू रहन्छन्। शाही सेना र अदालतमाथि भने अञ्चलाधीशको कुनै अधिकार रहँदैन। अञ्चलको शान्ति सुरक्षामा खलबलाउने कुनै पनि व्यक्तिलाई सुरक्षा कानून अन्तर्गत थुनामा राख्न अञ्चलाधीशले सक्नेछ। अञ्चलको शान्ति सुरक्षाको लागि अञ्चलाधीशले वर्षको कमसे कम २ पटक आफ्नो अञ्चलको भ्रमण गरी वास्तविक परिस्थितिसित सदैव अवगत रहनु अञ्चलाधीशको महत्वपूर्ण कर्तव्य हो।

अञ्चलको विकास र प्रगति अञ्चलाधीशको योग्यता, सक्रियता र कार्य कुशलतामा निर्भर गर्दछ। किनभने अञ्चलाधीश नै अञ्चलको सर्वाङ्गीण विकासको लागि सक्रिय भई योगदान गर्ने सर्वोच्च पदाधिकारी हो। श्री ५ को सरकारको विभिन्न मन्त्रालयहरूका अञ्चलस्तरीय कार्यालयहरूको काममा रेखदेख र नियन्त्रण गरी सामञ्जस्य एवं समन्वय ल्याई अञ्चलको विकास द्रुततर गतिले गर्ने अञ्चलाधीशको गहन जिम्मेवारी छ। यस अर्थमा अञ्चलाधीश अञ्चलका सम्पूर्ण निवासीहरूको इच्छा र आकांक्षा जीउँदो प्रतिमूर्ति हो। उनैको माध्यमबाट श्री ५ र श्री ५ को सरकारले अञ्चलको वास्तविक

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरुप निरुपण गर्दछन् । यस सन्दर्भमा अञ्चलाधीशले श्री ५ र श्री ५ को सरकार तथा जनताको बीच अटुट सुमधुर सम्बन्ध कायम राख्ने कडि (संयोजक) को रुपमा भूमिका निभाउँ छन् ।

अञ्चलाधीशले आफ्नो अञ्चलभित्रका विभिन्न तहका पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूको कार्यको अध्ययन, र निरीक्षण गरी आवश्यकतानुसार निर्देशन दिन्छ । पञ्चायती व्यवस्थाको मूलभूत आधार नै शक्ति बिकेन्द्रीकरण द्वारा देशको नव-निर्माण गर्ने भएकोले देशलाई १४ अञ्चलमा बिभाजित गरी अञ्चलाधीशलाई अञ्चलस्तरीय सबै प्रशासकीय अधिकार प्रत्यायोजन गरिएको हो । आफ्नो गहन जिम्मेवारी वहन गर्दा आवश्यकतानुसार अञ्चलाधीशले आफ्ना मातहतमा रहेका सहायक अञ्चलाधीश लगायत कुनै कर्मचारीलाई आफ्नो अधिकार प्रत्यायोजन (Delegation) गर्न सक्छ । पञ्चायती व्यवस्थामा संवैधानिक पद अंचलाधीश साँच्चिकै निकै महत्व-पूर्ण र गहन उत्तरदायित्व पूर्ण छ ।

Marriage System in Nepal,

क. नेपालमा बिवाह प्रथा:

संसारमा मानव जातिको बिकासको क्रम निरन्तर जारी राख्ने एक महत्वपूर्ण संस्था बिवाह हो । यसले मानव जातिको सञ्चित अमूल्य संस्कृति र सभ्यतालाई अगाडि बढाई समाज-लाई नै स्थायीत्व प्रदान गर्दछ । आपसी अभावलाई पूर्ति गर्न आफ्नो वंश परम्परालाई अक्षुण्ण कायम राख्न, सुखी, सम्पन्न

CC-0. In Public Domain. Digitization by eGangotri

एवं आनन्दमय जीवन यापन गर्ने नर र नारी बिवाहको बन्धनमा बाँधिन्छन् । आधुनिक बिचारधारा अनुसार उपयुक्त उमेरका बर र बधुको पारस्परिक राजीखुशीबाट हुने सामाजिक बन्धन (सम्झौता) बिवाह हो । यो बन्धनको डोरीले बाँधिएका दुइ आत्मालाई लोग्ने र स्वानी भनिन्छ ।

धर्म प्राण नेपाली समाजमा बिवाह प्रथामा पनि धर्मको अमिट छाप रहेको छ । नेपाली समाजले बिवाहलाई शारीरिक तृष्णा तृप्त गर्ने र बंश परम्परालाई अगाडि बढाउने साधनको रुपमा मात्र नलिएर धर्मको एक अभिन्न अंगको रुपमा नै लिएको छ । यसैले नेपालमा बिवाह उत्सव प्रायः धार्मिक कृया कर्महरूका साथ सम्पन्न हुन्छ । प्रेम बिवाह जस्तो बिवाह पनि कुनै देवीदेवताको सामु आपसमा माल्यार्पण गरी सम्पन्न भएको देखिन्छ । धर्म शास्त्र अनुसार बिवाह प्रथा धेरै प्रकारका भएतापनि नेपालमा पाइने बिवाह मुख्यतः निम्न प्रकारका छन्:-

१. अभिभावकको निर्णयबाट हुने बिवाहः

अभिभावकको निर्णयबाट हुने बिवाह नेपालमा धेरै प्रचलित रहेको पाइन्छ । यस्तो बिवाह प्रायः बाबु आमाको अनोट निर्णयमा आफ्ना छोरा छोरीको केही मात्रमा स्वीकृति लिई हुन्छ । छोरा छोरीको स्वीकृति भन्दा बाबु आमाको निर्णयमा यस्तो बिवाह धेरै निर्भर गर्दछ । बाबु आमाले सामाजिक स्तर, जात, सम्पति आदिको बिचार गरी सम्बन्ध जोडने निर्णय गरेमा छोरा छोरी बिवाह गर्दछन् । यस्तो बिवाह सम्बन्ध

CC-0. In Public Domain. Digitization by eGangotri

जोड्ने काम प्रायः बीचका मान्छे जमीवाट भएको पाइन्छ । यस्तो विवाहमा दुलाहातिरबाट जन्त जाने, साइतमा स्वयम्वर, पुरोहितबाट धार्मिक विधि विधानको साथमा कन्यादान आदि चलन छ । बाबु आमाको निर्णयको शिकार भइ पहिले पहिले छोरा छोरालै नचाहेर पनि विवाह गर्नु पर्दथ्यो तर आज सोलि छोरा छोरीको स्वीकृतिको मात्रा बढदै आइरहेको पाइन्छ ।

२. प्रेम विवाह

युवक र युवती एक अर्का प्रति आकर्षित भई प्रेममा फसे पछि आपसको निर्णय अनुसार बाबु आमाको स्वीकृति विना नै गर्ने विवाह प्रेम विवाह (Love marriage) हो । नेपालमा हिजो आज यस्तो प्रेम विवाह बढ्दै आइरहेको पाइन्छ। प्रेम विवाह प्रायः सामाजिक स्तर, जात, घराना अ दिमा फरक भएकाहरूका बीच भएको पाइन्छ । यस्तो विवाह वर र वधुका अत्यन्त नजिकका साथीहरूको उपस्थितिमा गोप्य रुपमा कुनै देवी देवताको मन्दीरमा भएको पाइन्छ । प्रेम विवाहलाई कानूनी रूपमा मान्यता दिन २०२८ साल पौष १ गते देखि विवाह दर्ता ऐन, लागू भएको छ । यस अनुसार जात, धर्म, घराना आदिमा फरक भए तापनि पुरुषको उमेर २२ वर्ष र स्त्रीको उमेर १८ वर्ष पूरा भएकोले चाहेमा विवाह अधिकारी समक्ष कानूनी विवाह गर्न सक्दछन् । बाबु आमाले यस्तो विवाहलाई साधारणतः मान्न तयार हुँदैनन् । जवानीको जोशमा मात्र प्रेम विवाह हुन गएमा पछि विछोड हुने धेरै सम्भावना रहन्छ ।

३. विधवा विवाहः

बढदो मात्रामा अनमेल विवाह प्रचलित रहेको नेपालमा बाल्यावस्था वा यौवनास्थामा नै विधवा भएका धेरै स्त्रीलीमानिसहरू छन् । धर्म शास्त्रानुसार ती विधवाहरुले आफ्ना मृतक

CC-0. In Public Domain. Digitization by eGangotri

पतिलाई सम्झेर आफ्नो सम्पूर्ण जीवन त्यसै बिताउनु पर्दछ । यिनीहरूको विवाहलाई परंपरागत नेपाली समाजले हेय र अधर्मी ठान्दछ । मुलुकी ऐन (२०२०) ले यस्तो विवाहलाई गैर कानूनी नठहराएकोले कानूनी रुपमा यस्तो विवाह गर्ने कुनै बाधा अडचन छैन । हुनत यस्तो विवाहको प्रचलन ज्यादै कम मात्र पाइन्छ । तथापि यस्तो विवाह पनि नेपालमा प्रचलित छ ।

४. अन्तर जातिय, धार्मिक र राष्ट्रिय विवाहहरू:

एक जातको केटाले अर्को जातकी केटीसंगको अन्तर जातीय विवाह, एक धर्मको केटाले अर्को धर्मकी केटीसंगको अन्तर धार्मिक विवाह, अझ एक देशको केटाले अर्को देशकी केटीसंगको अन्तरराष्ट्रिय विवाहको प्रचलन पनि नेपालमा देखा परेको छ । किनभने मुलुकी ऐनले जात, जाति वा छुवाछूत र धार्मिक भेदभावको अन्त कानूनी रुपले गरिसकेको छः

५ बाल, बहु र अनमेल विवाहहरु

बाल विवाह, बहु विवाह र अनमेल विवाहलाई कानूनी रुपले मुलुकी ऐनले प्रतिबन्ध लगाएकोले यी विवाहहरूको प्रचलन धेरै कम भएको छ । तथापि गाउँ घरमा धार्मिक अन्धविश्वास र रुढीवादमा फसी लुकी छिपी पनि यस्ता विवाहहरू भइरहेको पाइन्छ । यस्ता विवाहहरूलाई रोक्न कानून बनाएर मात्र सकिंदैन । यसको साथसाथै जनचेतना पनि जागृत गर्नु आवश्यक छ । मुलुकी ऐन अनुसार दुवै लोग्ने स्वास्नीले विवाह सम्बन्ध विच्छेद गर्न चाहेमा पारपाचुके (Divorce) गर्न सक्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धि-पत्र

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
५	११	'पंचायत राज्य'	'पंचायत राज'
१६	६	दाँचोमा	दाँजोमा
१७	१	हरेक	हरेक
"	४	कर्तव्यनिष्टि	कर्तव्यनिष्ठ
"	१०	जम्मै	जन्मे
"	२१	बन-निर्माण	नव-निर्माण
२२	७	दिएकोछ	दिइएको छ ।
"	१६	नेपालको	नेपालमा
२३	५	कार्ल मार्क्स	कार्ल मार्क्सको
२४	१२	मवत्व	महत्व
२८	११	जातपातमा	जगाउनमा
२९	५	अन्नत	अनन्त
"	२०	गरिबकने	गरिबक्सने
३०	१	नेपाली	नेपालको
"	८	नेपाजी	नेपाली
३२	१७	उल्लेणनीय	उल्लेखनीय
३५	२०	कर्यव्यको	कर्तव्यको
४०	१४	कसूर गरे भने	कसूर गरेको छ भने
४२	१२	वेचपिखन	बेचबिखन
"	२०	वास्तवया	वास्तवमा
४४	७	वन्नेजहरू	बन्देजहरू
४७	२०	नेताहमा	नेपालमा
५०	६	भसैकोछे	भएकोले
५४	७	सरकारको	सरकारले
५४	१२	खर्छ	खर्च

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
५७	१	व्यक्तिगत	व्यक्तिगत
६१	६	भएको	भएकोले
६३	१	सहर	सरह
६६	१५	भ	भए
७३	१८	वर्गको	वर्ग
६७	१३	विकेन्द्रीकरण	केन्द्रीकरण
१०६	५	लगनशील	लगनशील
१११	१	१६७०	१६७०
११५	६	श्वशान्ति	विश्वशान्ति
१२६	७	आर्थिक विकासमा	आर्थिक विकासमा
१३२	२०	वटाठा पल्टी	वा टाट पल्टी
१३६	४	वढाउन	बनाउन
१४३	६	सदस्यहरूध्ये	सदस्यहरूमध्ये
१४६	२	समेऽ	समेत
१६५	३	निर्णन	निर्णय
१७५	११	यो संविधान	नेपालको संविधान
१६६	१६-१७	श्री ५ ले अध्यादेश आवश्यक ठहराइ-वक्सेमा जहिले पनि	श्री ५ ले आवश्यक ठहराइवक्सेमा जहिले पनि अध्यादेश
२०४	१२	आर्थिक विकासमा	आर्थिक विकासका
२०७	२	विवरण	वितरण
२१०	२	कृषि ऋणको	कृषि ऋण
२३६	१	चौथो योजनाहरूका	चौथो योजनाका
२६२	८	७२ प्रतिशतले	७३ प्रतिशत
२८१	२१	अन्तर्गर्न	अन्त गर्न
२८८	३	सात्कार्य	सत्कार्य
३०६	१७–१८	छनोट निर्णयमा	छनोट र निर्णयमा

CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri

राजहंसको दृष्टिमा यो पुस्तक

"स्नातक स्तरका विद्यार्थीको हित ध्यानमा राखी तयार गरिएको प्रस्तुत पुस्तकमा पञ्चायती प्रजातन्त्रका राजनैतिक, आर्थिक र सामाजिक पक्षहरूलाई खण्ड खण्डमा विभाजन गरी सरलता-पूर्वक विवेचना गरिएको छ ।

विवेचना गरिएका विषयहरूमा राष्ट्रनायकवाट बक्सेका महानवाणीहरू र अधिकारिक क्षेत्रमा रहनु भएका विशिष्ठ व्यक्ति-हरूको भनाईलाई पनि उद्धरण गरेर विषयहरूको महत्व र प्रामा-णिकता सिद्ध गर्ने प्रयास राम्रो छ ।

प्रस्तुत पुस्तक पञ्चायती प्रजातन्त्र अन्तर्गतका सवभन्दा पछिल्ला विकासहरूलाई समेत स्थान दिनमा समर्थ भएको छ ।

सम्बन्धित विषयकै एक अनुभवी प्राध्यापकवाट भएको प्रयासबाट धेरै ले फाइदा उठाउन सक्लान् ।"

गोरखापत्र
१५ जेष्ठ २०२८

पाइने ठेगाना :

विजय बूक स्टल,

भोटाहिटी, काठमाडौं ।

मुद्रक:- प्रोग्रेसिभ प्रिन्टिङ्ग प्रेस ठहिटी ।